# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

निबन्धकार भैरव अर्याल (१९९३-२०३३) आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धका एक सशक्त प्रतिभा हुन् । २०१३ सालमा 'हालखबर' दैनिक पत्रिकामा 'खोलापारिका पुरेत बाजे' शीर्षकको हास्यव्यङ्ग्य निबन्ध प्रकाशित भएपछि नै उनको औपचारिक निबन्धयात्रा आरम्भ भएको हो । उनका काउकुती (२०१९), जयभुँडी (२०२२), गलबन्दी (२०२६), इतिश्री (२०२८) र दश औतार (२०३३) हास्यव्यङ्ग्य निबन्ध संग्रह प्रकाशित छन् । उनलाई नेपाली हास्यव्यङ्ग्य निबन्ध फाँटका केन्द्रीय प्रतिभा मानिन्छ । यिनै भैरव अर्यालका निबन्धकृतिभित्रको वर्णविन्यासगत सौन्दर्यको अध्ययन गर्ने कार्य यस शोधप्रबन्धमा गरिएको छ ।

वर्णविन्यास भनेको हिज्जे पनि हो र वर्णहरूको औचित्यपूर्ण विन्यास पनि हो तर यस अध्ययनका सन्दर्भमा वर्णविन्यास भनेको हिज्जे होइन वर्णहरूको औचित्यपूर्ण विन्यासबाट सिर्जित हुने सौन्दर्य हो र शाब्दिक क्रीडा पनि हो । नेपाली भाषाका प्राथमिक तहदेखि विश्वविद्यालय तह सम्मका पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा हिज्जे शब्दको पर्यायवाची शब्दका रूपमा वर्णविन्यास शब्दको प्रयोग गर्ने गरिएको छ । लेख्य भाषामा वर्ण, मात्रा, चिह्न आदिलाई लेख्य विन्यास अनुरूप लेख्ने कार्य नै वर्णविन्यास हो । यसरी भाषा शुद्ध लेख्न सिकाउने वर्णविन्यास र यहाँ विश्लेषण गर्न लागिएको वर्णविन्यास नितान्त फरक कुरा हुन् । यहाँ वर्णविन्यास भनेको हिज्जेको अर्थमा नभई वर्णप्रयोगगत सौन्दर्य वा चमत्कार हो । वर्णविन्यासको यही सौन्दर्य, चमत्कार वा शाब्दिक क्रीडालाई नै यहाँ वर्णविन्यास वक्रता भनिएको हो । यसरी वर्णविन्यास वक्रता भनेको वर्णप्रयोगगत चमत्कार वा सौन्दर्य नै हो । सोही वर्णविन्यास सौन्दर्यका अर्थमा पूर्वीय साहित्य सिद्धान्तको वक्रोक्तिवादले कृतिविश्लेषणका लागि प्रदान गरेको जुन सैद्धान्तिक आधार अर्थात् वर्णविन्यास वक्रता छ त्यसैका आधारमा यहाँ भैरव अर्यालका निबन्धभित्रको वर्णविन्यास वक्रताको अध्ययन गरिएको छ ।

वक्रोक्ति सिद्धान्त साहित्यिक कृतिको विश्लेषणका लागि वस्तुगत आधार प्रदान गर्ने पूर्वीय साहित्यशास्त्रमा प्रचलित विभिन्न वाद र सिद्धान्तमध्येको एक साहित्य सिद्धान्त हो । यस सिद्धान्तका प्रतिपादक दसौं शताब्दीका आचार्य कुन्तक हुन् । वक्रोक्ति सिद्धान्त अन्तर्गत वर्गीकृत गरिएका विभिन्न छवटा उपभेदहरू छन् र ती भेदमध्येको पहिलो भेद वर्णविन्यास वक्रता हो । वर्णविन्यास वक्रता भनेको वर्णहरूको विन्यासबाट सिर्जित हुने साहित्यिक कृतिभित्रको चारुता वा सौन्दर्य हो । यसै वर्णविन्यास वक्रताका आधारमा भैरव अर्यालका निबन्धहरूको अध्ययन गर्नु एक महत्त्वपूर्ण र प्राज्ञिक कार्य पनि हो, त्यसैले यस शोधकार्यमा भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता भन्ने विषयलाई शोधशीर्षकका रूपमा लिई अर्यालका निबन्धको अध्ययन एवम् विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

संस्कृत साहित्यशास्त्रमा प्रचलित अलङ्कार, रस, रीति, ध्वनि, वक्रोक्ति र औचित्य सिद्धान्तहरू छन् र ती कुनै पनि सिद्धान्तका आधारमा नेपालीका साहित्य-कृतिको विश्लेषण गर्न सकिन्छ । हालसम्म नेपाली साहित्यिक-कृतिको अलङ्कार, रस, रीति, ध्वनि र वक्रोक्तिका आधारमा फाटफुट अध्ययन भएको पाइन्छ र ती अध्ययन पनि काव्य वा पद्यकृतिमा मात्र सीमित रहेको देखिन्छ । पूर्वीय परम्पराका ती विभिन्न सिद्धान्तमध्ये वक्रोक्ति सिद्धान्त साहित्यिक कृतिको वस्तुगत अध्ययनको सबल आधार प्रदान गर्ने एक सिद्धान्त हो । यसले कृतिका वर्णदेखि लिएर सिङ्गै प्रबन्धको तहसम्मका साहित्यिक एकाइ वा अङ्गको सौन्दर्यको अध्ययन र निरूपण समेत गर्ने सामर्थ्य राख्तछ । त्यसैले यस सिद्धान्तको प्रयोग गरी साहित्यकृतिको अध्ययन गर्दा सम्बद्ध क्षेत्रको ज्ञानको विस्तार हुने नै देखिन्छ । एकातिर यी सिद्धान्तको उपयोग गरेर साहित्यिक कृतिको यथेष्ट अध्ययन हुनै बाँकी छ भने अर्कातिर गद्यात्मक कृतिको अध्ययन हुनै सकेको छैन । त्यसैले यस शोधप्रबन्धमा सोही वक्रोक्ति सिद्धान्त अन्तर्गत वर्णका तहमा रहने सौन्दर्य वा वक्रता वा वर्णविन्यास वक्रताका आधारमा भैरव अर्यालका निबन्धहरूको अध्ययन गरिएको छ । यसका लागि भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको के कस्तो प्रयोग पाइन्छ भन्ने जिज्ञासालाई अध्ययनको मूल समस्याका रूपमा लिइएको छ । यस मूल जिज्ञासासँग सम्बद्ध शोध्य प्रश्नहरू निम्नानुसार रहेका छन् :

क) भैरव अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रताको के कस्तो प्रयोग पाइन्छ ?

ख) भैरव अर्यालका निबन्धमा द्विवर्णविन्यास वक्रताको के कस्तो प्रयोग पाइन्छ ?

(ग) भैरव अर्यालका निबन्धमा बहुवर्णविन्यास वक्रताको के कस्तो प्रयोग पाइन्छ ?

(घ) भैरव अर्यालका निबन्धमा संयुक्तवर्णविन्यास वक्रताको के कस्तो प्रयोग पाइन्छ ?

(ङ) भैरव अर्यालका निबन्धमा यमकाभास वक्रताको के कस्तो प्रयोग पाइन्छ ?

(च) भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रतागत, शैली शिल्पगत, मार्गगत र गुणगत सौन्दर्य के कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्य

भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता शीर्षकको प्रस्तुत शोध कार्यको शोध्य वा प्राज्ञिक समस्याको उपयुक्त समाधान निकाल्नु प्रस्तुत शोध कार्यको प्रमुख उद्देश्य हो । यस मूल उद्देश्यसँग सम्बन्धित अन्य उद्देश्यहरू यसप्रकार प्रस्तुत गरिएको छ :

(क) भैरव अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रताको प्रयोगको अध्ययन गर्नु

(ख) भैरव अर्यालका निबन्धमा द्विवर्णविन्यास वक्रताको प्रयोगको अध्ययन गर्नु

(ग) भैरव अर्यालका निबन्धमा बहुवर्णविन्यास वक्रताको प्रयोगको अध्ययन गर्नु

(घ) भैरव अर्यालका निबन्धमा संयुक्तवर्णविन्यास वक्रताको प्रयोगको अध्ययन गर्नु

(ङ) भैरव अर्यालका निबन्धमा यमकाभास वक्रताको प्रयोगको अध्ययन गर्नु

(च) भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रतागत, शैली शिल्पगत, मार्गगत र गुणगत सौन्दर्य निरुपण गर्नु

## १.४. पूर्वकार्यको समीक्षा

नेपालीमा वक्रोक्तिको सैद्धान्तिक अध्ययनको आरम्भ सोमनाथ शर्मा सिग्द्यालको **साहित्य प्रदीप** (२०१५) बाट भएको हो । त्यसपछि पनि साहित्यिक सिद्धान्तका रूपमा यसको अध्ययन विभिन्न विद्वान्हरूबाट हुँदै आएको पाइन्छ तापनि यस साहित्यिक सिद्धान्तका आधारमा कृतिविश्लेषणको कार्य भने निकै पछि मात्र सुरु भएको देखिन्छ । भैरव अर्यालका निबन्धकृतिहरूको पनि स्नातकोत्तर स्तरीय शोधकार्यहरू भएका छन् । ती सबै अध्ययन अर्यालका निबन्धको वर्णप्रयोगगत सौन्दर्यका कोणबाट भएको भने पाइँदैन । यहाँ नेपाली साहित्यबारे आंशिक एवम् समग्र रूपमा भएका वक्रोक्तिपरक अध्ययनलाई मात्र पूर्वकार्यको रूपमा लिइएको छ । साथै वर्णप्रयोगजन्य सौन्दर्यको मात्र अध्ययन गर्ने गरी भएका शैलीवैज्ञानिक अध्ययनलाई पनि यहाँ पूर्वकार्यका रूपमा लिई तिनको पनि समीक्षा गरिएको छ ।

तारानाथ शर्माले **गलबन्दी** (२०२६) को भूमिकामा गलबन्दी निबन्ध संग्रहभित्रका निबन्धहरूको संक्षिप्त चर्चा प्रस्तुत गर्दै भैरव अर्यालका निबन्धमा प्रवृत्ति औंल्याएका छन् र उनले अनुप्रासबाट अर्यालका निबन्धमा हाँसो पैदा गरिएको हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । यस भनाइले वर्ण प्रयोगबाट हास्योदेकमा महत्वपूर्ण भूमिका खेल्ने कुराले वर्णविन्यास वक्रतासँग हास्यव्यंग्यको सम्बन्ध रहेको कुरो बुझ्न मद्दत पुगेको छ ।

वासुदेव त्रिपाठीले **इतिश्री** (२०२८) को भूमिकामा नेपाली हास्य व्यङ्ग्य परम्परामा भैरव अर्यालका निबन्धहरूको स्थान निर्धारण गर्दै उनका निबन्धभित्र निहित सबलता र दुर्बलतालाई औंल्याएर महत्त्वपूर्ण कार्य गरेको पाइन्छ तर यस भूमिकामा पनि अर्यालका निबन्धमा निहित भाषिक चमत्कारको चर्चा गरिएको र अर्यालका निबन्धभित्रको पुनारवृत्तिगत दुर्बलताको उल्लेख गरिएको छ । यस अध्ययनबाट उनका निबन्धमा निहित वर्णविन्यास वक्रतागत दुर्बलता पहिल्याउन मद्दत पुग्ने देखिन्छ ।

ज्योति पाण्डेको **साहित्यकार भैरव अर्यालको जीवनी र व्यक्तित्वको अध्ययन**, स्नातकोत्तर शोधपत्र (२०३६) मा अर्यालको जीवनी, व्यक्तित्व र उनका कृतित्वहरूको प्रारम्भिक एवम् परिचयात्मक अध्ययन मात्र गरिएको पाइन्छ ।

वासुदेव त्रिपाठीले **रचना** (१६/२, २०३९) मा *भैरव अर्यालको साहित्यिक व्यक्तित्वको अन्तर्विकास र अन्तर्विघटनको प्रक्रिया* शीर्षकको लेखमा अर्यालको साहित्यिक व्यक्तित्वको विकास र त्यसको चर्चा गर्नुका साथै उनको निबन्धकारितालाई समेत समेटिएको भए पनि उनका निबन्धकृतिको विवेचना गरिएको छैन ।

राजेन्द्र सुवेदीले **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि** (२०४३) मा भैरव अर्यालको सामान्य चर्चा गर्दै उनका सबै निबन्ध संग्रहभित्रका केही निबन्धको संक्षिप्त परिचय मात्र दिइएको छ । यस अध्ययनमा अर्यालका निबन्धको भाषिक पक्षबारे विस्तारमा चर्चा भएको भने पाइँदैन ।

पञ्चप्रसाद शर्माले "भैरव अर्यालका निबन्धमा हास्यव्यङ्ग्य" स्नातकोत्तर शोधपत्र (२०४४) मा हास्य व्यङ्ग्यको सैद्धान्तिक चर्चा गर्दै भैरव अर्यालका निबन्धभित्र विद्यमान हास्यव्यङ्ग्य तत्त्वको खोजी गर्ने क्रममा उनका निबन्धमा रहेको भाषिक चमत्कारबारे सामान्य चर्चा समेत गरिएको छ । यसमा उपमा, अनुप्रास जस्ता अलङ्कार, प्राक्सन्दर्भ, प्रतीक, उखान, टुक्का, थेगो, सूक्ष्म निरीक्षण इत्यादिले उनका निबन्धको गुणस्तर उच्च हुन

पुगेको छ भनी भाषिक र वर्णगत सौन्दर्यका आधारमा सङ्क्षिप्त मूल्याङ्कन गरिदिएको (शर्मा, २०४४ : ९९) भए पनि वर्णविन्यास वक्रताका आधारमा भने अध्ययन गरिएको पाइँदैन ।

महादेव अवस्थीले *वर्णविन्यासवक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग* गरिमा १६/१२ (२०५३ मङ्सिर) यो लेख सम्भवतः वक्रोक्ति सिद्धान्तका आधारमा नेपाली काव्यको अध्ययन गरिएको पहिलो प्रकाशित र महत्त्वपूर्ण सामग्री हो । यस लेखमा वक्रोक्ति सिद्धान्तको परिचयका साथै वर्णविन्यास वक्रता र यसका विविध भेदबारे सैद्धान्तिक छलफल गर्दै मुनामदन खण्डकाव्यमा पाइने वर्णविन्यास वक्रताको अध्ययन र विश्लेषण गरिएको छ । यसरी अवस्थीले वर्णविन्यास वक्रताका प्रकारहरूको सापेक्षतामा मुनामदनभित्रको भाषिक चमत्कार वा शब्दसौन्दर्यको खोजी गरी महत्त्वपूर्ण योगदान दिएका छन् साथै यस अध्ययनबाट प्रस्तावित अध्ययनका लागि समेत सैद्धान्तिक ढाँचा निर्माण गर्न विशेष सहयोग पुग्ने देखिन्छ ।

सागरमणि सुवेदीले "इतिश्री हास्यव्यङ्ग्य निबन्ध संग्रहको कृतिपरक अध्ययन" शीर्षकको स्नातकोत्तर शोधपत्र (२०५७) मा शब्दक्रीडा भन्ने शीर्षक अन्तर्गत शब्द र अर्थको अविच्छेद्य सम्बन्ध हुन्छ र कुशल सर्जक अभीष्ट अर्थ प्रतिपादनका लागि उपयुक्त शब्द चयन गर्न सिपालु हुन्छ भन्दै भैरव अर्याल पनि आफ्ना निबन्धमा हास्यव्यङ्ग्य सिर्जनाका लागि सार्थक शब्द चयन गर्न सिद्धहस्त छन् भन्ने उल्लेख गर्दै अर्यालको पदविन्यास कला भाषिक सौन्दर्यका लागि अलङ्कार उपस्थापनाका लागि, लाक्षणिक व्यञ्जनात्मक अर्थ प्रतिपादनका लागि सजिएको टिप्पणी गरेका छन् र यस टिप्पणीयुक्त अध्ययनबाट यस अध्ययनका लागि केही सहयोग पुग्ने देखिन्छ ।

"नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन" शीर्षकको स्नातकोत्तर शोधपत्र (२०५८) मा दुर्गाप्रसाद दाहालले समानान्तरता शीर्षकमा बाह्य समानान्तरता भाषिक अभिव्यक्तिका क्रममा देखिने नियमित पुनरावृत्तिलाई मानेका छन् । औपन्यासिक कृतिमा वर्णहरूको पुनरावृत्तिजन्य सौन्दर्यको अध्ययन भएको यस शोधपत्रबाट वर्णविन्यास वक्रताको वर्णपुनरावृत्तिसँग र समानान्तरतासँगको सम्बन्ध बुझ्न सहयोग पुग्ने देखिन्छ ।

केशव पोखरेलले *ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रताको प्रयोग* प्रज्ञा, पूर्णाङ्क ९५, (२०५८) मा वर्णविन्यास वक्रताबारे सैद्धान्तिक परिचयका साथै ऋतुविचार

खण्डकाव्यका पद्यांशहरूमा वर्णविन्यास वक्रताका विभिन्न प्रकारहरूको खोजी र विश्लेषण गरेका छन् । यस अध्ययनबाट पनि प्रस्तावित शोध कार्यमा केही सहयोग पुग्ने देखिन्छ ।

त्रिलोचन भट्टराईले "जयभुँडी निबन्ध संग्रहको कृतिपरक अध्ययन" स्नातकोत्तर शोधपत्र (२०६०) मा भैरव अर्यालको साहित्यिक रचनाधर्मिताको परिचय दिंदै जयभुँडी निबन्ध संग्रहका निबन्धको कृतिपरक विश्लेषण गरेका छन् । यस क्रममा विषयवस्तु, वैचारिक चिन्तन, कथनपद्धति, संरचना र बनोट, भाषा शैली र हास्यव्यङ्ग्य जस्ता तत्त्वहरूका आधारमा मात्र निबन्धहरूको विश्लेषण गरिएको छ । यस क्रममा उनले जयभुँडी निबन्ध संग्रहमा वाग्वैदग्ध्य र वक्रोक्तिजनक हास्यको प्रयोग भएको कुरा औंल्याएका छन् र वक्रोक्तिलाई बाङ्गो उक्तिजनक अलङ्कारका रूपमा मात्र प्रस्तुत गरेको पाइन्छ ।

हरिप्रसाद पराजुलीले "काउकुती निबन्ध संग्रहको अध्ययन" शीर्षक स्नातकोत्तर शोधपत्र (२०६१) मा व्यङ्ग्य सिद्धान्तको चर्चाका क्रममा वक्रोक्ति सिद्धान्तसँग व्यङ्ग्यलाई जोड्दै व्यङ्ग्यले विकृति र विसङ्गतिमाथि प्रहार गर्दा वक्र वा घुमाउरो किसिमको भनाइलाई आत्मसात् गर्ने भएकाले र वक्रोक्तिवादले अभिव्यक्तिगत वक्रतामा जोड दिने भएकाले वक्रोक्ति र व्यङ्ग्य दुवैमा निकटता देखिन्छ भनी टिप्पणी गरेका छन् र वक्रोक्ति सिद्धान्तसँग अर्यालका निबन्धलाई जोड्नेसम्मको काम गरे पनि वर्णविन्यास वक्रताका दृष्टिले भने अध्ययन गरेका छैनन् । यस अध्ययनमा केवल काउकुती निबन्ध संग्रहमा प्रस्तुत व्यङ्ग्यको मात्र विश्लेषण गरिएको छ ।

केशव पोखरेलले *राष्ट्रनिर्माता खण्डकाव्यमा वर्णविन्यासवक्रताको प्रयोग* सम्प्रेषण (२०६२) मा वक्रोक्ति सिद्धान्त अन्तर्गत वक्रोक्तिका विविध भेदमध्ये वर्णविन्यास वक्रताको सैद्धान्तिक परिचय दिंदै त्यसकै आधारमा माधवप्रसाद घिमिरेको 'राष्ट्रनिर्माता' खण्डकाव्यमा वर्णविन्यास वक्रताका विविध भेदोपभेदको विश्लेषण गरेका छन् । यस क्रममा विषयानुकूल वर्णयोजना, कठोर तथा उद्धत रचनाको न्यूनता र श्रुतिपेशल माधुर्य गुणव्यञ्जक वर्णको प्रचुरता पाइने हुनाले वर्णविन्यास वक्रताका दृष्टिले 'राष्ट्रनिर्माता' खण्डकाव्य उच्च स्तरको रहेको भनी मूल्याङ्कन गरेका छन् ।

देवीप्रसाद गौतमले *ध्वनिपद्धति र लयविधान* KMC Journal, vol 2 (सन् २०११) मा पनि वक्रोक्तिबारे केही उल्लेख पाइन्छ । यस लेखमा ध्वनिपद्धति र लयविधानबारे चर्चा गर्ने क्रममा वक्रोक्ति सिद्धान्त अन्तर्गतको वर्णविन्यासवक्रताका विविध प्रकारबाट सृजना हुने

लयविधानगत सौन्दर्यबारे चर्चा गरिएको छ । यसबाट पनि प्रस्तावित अध्ययनमा केही सहयोग मिल्ने देखिन्छ ।

श्यामप्रसाद खनालको “मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना” (२०६८) शीर्षकको नेपाल संस्कृत विश्वविद्यालयमा प्रस्तुत विद्यावारिधि शोधग्रन्थ कवि भानुभक्त पोखरेलरचित मृत्युञ्जय महाकाव्यमा वक्रोक्तिको खोजीमा केन्द्रित छ । यस ग्रन्थमा वक्रोक्तिवादको सैद्धान्तिक विवेचना प्रस्तुत गर्दै वक्रोक्तिका छ वटै भेदका आधारमा मृत्युञ्जय महाकाव्यको वक्रोक्ति सौन्दर्यको विश्लेषण गरिएको छ । यस ग्रन्थमा वक्रोक्तिसँग रसवाद, अलङ्कारवाद, रीतिवाद, ध्वनिवाद र औचित्यवाद जस्ता संस्कृत काव्यसिद्धान्तका साथै पाश्चात्य अभिव्यञ्जनावाद समेतको तुलना गर्नुका साथै विभिन्न काव्यशास्त्रीहरूका वक्रोक्तिबारेका दृष्टिकोणहरू प्रस्तुत गरी श्लेष अलङ्कार र वक्रोक्ति अलङ्कारको भिन्नता पनि देखाइएको छ । यस ग्रन्थबाट प्रस्तावित अध्ययनका लागि सहयोग पुग्ने देखिन्छ ।

यी पूर्वाध्ययनहरूमध्ये वक्रोक्तिवादी दृष्टिबाट पनि अर्यालका विविध काव्यकृतिहरूको विश्लेषण गरिएको छ । यी अध्ययनहरूमध्ये महादेव अवस्थीको ‘वर्णविन्यासवक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग’, केशव पोखरेलको ‘ऋतुविचार खण्डकाव्यमा वर्णविन्यास वक्रताको प्रयोग तथा राष्ट्रनिर्माता खण्डकाव्यमा वर्णविन्यासवक्रताको प्रयोग’ शीर्षकका दुई लेख, श्यामप्रसाद खनालको *मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना* शोधग्रन्थ र देवीप्रसाद गौतमको ‘ध्वनिपद्धति र लयविधान’ शीर्षकको लेख मात्र प्रस्तावित अध्ययनका लागि आधार सामग्री बन्न सक्ने देखिन्छ । तर भैरव अर्यालका निबन्धमा भने यस प्रकारबाट वक्रोक्तिपरक अध्ययन अहिलेसम्म भएको पाइँदैन । यसर्थ प्रस्तावित अध्ययन यस क्षेत्रका लागि नयाँ अध्ययन भए पनि यहाँ प्रस्तुत पूर्वाध्ययनहरूबाट प्रस्तावित अध्ययनको सैद्धान्तिक पर्याधार र कृतिविश्लेषणको ढाँचा निर्माणमा भने आवश्यक सहयोग पुग्ने नै देखिन्छ ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत शोधकार्य संस्कृत काव्यशास्त्रको महत्त्वपूर्ण साहित्य सिद्धान्त वक्रोक्ति सिद्धान्तको वर्णविन्यास वक्रताका आधारमा भैरव अर्यालका निबन्धहरूको अध्ययन र विश्लेषण गर्ने कार्यसँग सम्बन्धित छ । साहित्यिक कृतिको वर्णदेखि प्रबन्ध तहसम्म रहेको भाषिक कृतिगत सौन्दर्यको खोजी गर्न सबल एवम् वस्तुगत आधार प्रदान गर्ने यस

सिद्धान्तलाई आधार बनाएर अर्यालका निबन्धको वर्णका आधारमा विश्लेषण गर्ने यस कार्यले वर्णविन्यास वक्रताका दृष्टिले गद्य कृतिको अध्ययन गर्ने एउटा आधार समेत तयार हुने भएकाले यो शोध कार्य औचित्यपूर्ण रहेको देखिन्छ । यस अध्ययनले वक्रोक्ति सिद्धान्तको वर्णविन्यास वक्रता र अन्य साहित्यिक अभिव्यक्तिका शैली शिल्प जस्ता तत्त्वहरूसँगको सम्बन्धलाई समेत सङ्केत गरेको हुनाले वर्णविन्यास वक्रताको साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँग नितान्त नजिकको सम्बन्ध रहेको तथ्य समेत प्रस्तुत गरेकाले यो अध्ययन वर्णसौन्दर्यका माध्यमबाट कृतिगत सौन्दर्य खुट्टयाउने एक महत्त्वपूर्ण खुड्किलो हुने देखिन्छ । कुनै पनि साहित्यिक कृतिको कथ्यलाई प्रस्तुत गर्ने भाषाको न्यूनतम घटक वर्ण भएको र साहित्यिक कृतिको सौन्दर्यका लागि वर्णप्रयोगगत सौन्दर्य पनि अपरिहार्य हुन्छ भन्ने वास्तविकता सहित भैरव अर्यालका निबन्धहरूमा वर्णविन्यासले उत्पन्न गरेको सौन्दर्य निरूपण समेत गरिएको हुँदा निबन्धका पाठक, समालोचकका लागि प्रस्तुत अध्ययन उपयोगी हुने भएकाले पनि यो शोध कार्य औचित्यपूर्ण छ ।

### १.६. अध्ययनको सीमा

निबन्धकार भैरव अर्यालका पाँचवटा हास्यव्यङ्ग्य निबन्ध संग्रहहरूमध्ये प्रस्तावित अध्ययनमा काउकुती, जयभुँडी, गलबन्दी र इतिश्री निबन्ध संग्रहबाट एक-एक वटा निबन्धको छनोट गरी अध्ययन गरिएको छ । यस क्रममा काउकुती निबन्ध संग्रहबाट 'कन्या केटी खोज्दा', जयभुँडी निबन्ध संग्रहबाट 'पख्नोस्', गलबन्दी निबन्ध संग्रहबाट 'उडाउनुसित एकछिन उड्दा', इतिश्री निबन्ध संग्रहबाट 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' यी चार निबन्धको मात्र वर्णविन्यास वक्रतापरक अध्ययन गर्ने र यसै अध्ययनका आधारमा अर्यालका निबन्धभित्रको वर्णविन्यासगत सौन्दर्यको विश्लेषण गरी विषयलाई सीमाबद्ध पारिएको छ ।

### १.७. अध्ययन विधि

#### १.७.१. सामग्री सङ्कलन

पूर्वीय साहित्यशास्त्रका विविध वाद र सिद्धान्तमध्येको वक्रोक्ति सिद्धान्तमा आधारित भएर गरिने प्रस्तावित शोधकार्यका निमित्त चाहिने अध्ययन सामग्री पुस्तकालयमै उपलब्ध हुने भएकाले पुस्तकालयीय अध्ययन नै यसको सामग्री सङ्कलनको मुख्य स्रोत हो । प्रस्तावित अध्ययनका लागि आवश्यक पर्ने सामग्री भैरव अर्यालका हास्यव्यङ्ग्व्य निबन्ध संग्रहहरू काउकुती निबन्धसङ्ग्रहबाट कन्याकेटी खोज्दा, जय भुँडी निबन्धसङ्ग्रहबाट पख्नोस्,

गलबन्दी निबन्धसङ्ग्रहबाट 'उडाउनुसित एकछिन उड्दा' र इतिश्री निबन्धसङ्ग्रहबाट 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' गरी चारओटा निबन्ध यादृच्छिक छनोट पद्धतिका आधारमा छनोट गरी अध्ययन गरिएको छ । यसका साथै कुन्तकको 'वक्रोक्ति जीवितम्' मूल कृति, त्यसका बारेमा लेखिएका अन्य सैद्धान्तिक अध्ययनहरू र वक्रोक्तिपरक अध्ययन गरिएका कृतिहरू नै प्रस्तावित शोध कार्यका सैद्धान्तिक आधारका लागि अध्ययनीय सामग्रीहरू हुन् । यी सामग्रीहरू पुस्तकालयमै प्राप्त हुने भएकाले पुस्तकालय कार्यबाटै यसमा सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२. अध्ययनको सैद्धान्तिक आधार र पद्धति

प्रस्तुत शोध कार्यको सैद्धान्तिक पर्याधारका रूपमा वक्रोक्ति सिद्धान्त अन्तर्गतको वर्णविन्यास वक्रतालाई लिइएको छ । यसको विश्लेषण विधि वा पद्धति भैरव अर्यालका निबन्धहरूबाट प्राप्त वर्णविन्यास वक्रतासम्बन्धी तथ्यहरूको सङ्कलन, सङ्कलित तथ्यहरूको मनन र विश्लेषण गर्दै त्यही विश्लेषण र सामान्यीकरणको शोधकृति वा प्रबन्धलेखनका रूपमा प्रस्तुतीकरण गर्नु हो । तसर्थ प्रस्तुत शोध कार्यको सैद्धान्तिक पर्याधारको रूपमा रहेको वक्रोक्ति सिद्धान्त अन्तर्गतको वर्णविन्यास वक्रताका आधारमा भैरव अर्यालका निबन्धहरूको विश्लेषण गरिएको छ । यो विश्लेषण वर्णहरूको प्रयोगबाट सृजित हुने साहित्यिक सौन्दर्यसँग सम्बन्धित छ ।

वास्तवमा कुनै पनि साहित्य भाषाका माध्यमबाट व्यक्त हुन्छ र त्यो वर्णका आवरणमा प्रकट हुन्छ । साहित्यिक कृतिमा व्यक्त हुने भाव वा विचार वर्णकै आवरणमा प्रकट हुने हुँदा जुन किसिमको भाव वा विचार कृतिमा व्यक्त भएको हुन्छ तदनुकूलको वर्णयोजना हुनु वाञ्छनीय ठानिन्छ । सुन्दर विचार र भावलाई व्यक्त गर्ने भाषिक रूप पनि सुन्दर हुनुपर्ने हुँदा कृतिमा निहित वर्णयोजनागत सौन्दर्यको अध्ययनका लागि वर्णविन्यास वक्रतालाई सैद्धान्तिक पर्याधारका रूपमा लिइएको हो र भैरव अर्यालका निबन्धमा पाइने वर्णप्रयोगगत चमत्कारको खोजी गर्न वर्णविन्यास वक्रताका एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, संयुक्त वर्णविन्यास वक्रता र यमकाभास गरी पाँच प्रकारहरूका अलग अलग परिच्छेद बनाई ती सम्बद्ध परिच्छेदमा वर्णविन्यासको व्यवधानयुक्त वक्रता र अव्यवधानयुक्त वक्रताको स्थितिको खोजी र विश्लेषण गरिएको छ र त्यो वर्णविन्यास सौन्दर्यको पूर्व र पश्चिमका साहित्यिक अभिव्यक्तिका विभिन्न

शैलीशिल्पसँगको सम्बन्धको आधारमा समेत पुष्टि गरिएको छ । कुन्तकले चर्चा गरेका वर्णविन्यास वक्रताका विभिन्न प्रकारमा नियत स्थानमा आवृत्ति हुने यमक वक्रताबारे पनि चर्चा गरिएको छ तर भैरव अर्यालका निबन्धमध्येबाट अध्ययनका लागि छनोट गरिएका प्रस्तुत चारवटा निबन्धमा यस प्रकारको वक्रताको उपस्थिति नदेखिएकाले त्यस आधारमा भने विश्लेषण गरिएको छैन । वर्णविन्यास सौन्दर्यका आधारमा भैरव अर्यालको निबन्धकारिताको मार्गनिर्धारणका लागि कुन्तकले कवि स्वभावका आधारमा प्रस्तुत गरेका वक्रोक्तिका मार्ग र गुणको स्थितिको समेत यस शोधप्रबन्धमा अध्ययन गरिएको छ । साथै यसका लागि वर्णविन्यास वक्रतागत, शैलीशिल्पगत, मार्गगत र गुणगत स्थितिलाई समेत आधार बनाई भैरव अर्यालको निबन्धकारिताको सौन्दर्य निरूपण समेत गरिएको छ ।

### १.८. शोधप्रबन्धको रूपरेखा

पहिलो परिच्छेद : शोध प्रबन्धको परिचय

दोस्रो परिच्छेद : वक्रोक्तिवादको परिचय र वर्णविन्यास वक्रताको सैद्धान्तिक पक्ष

तेस्रो परिच्छेद : भैरव अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रता

चौथो परिच्छेद : भैरव अर्यालका निबन्धमा द्विवर्णविन्यास वक्रता

पाँचौं परिच्छेद : भैरव अर्यालका निबन्धमा बहुवर्णविन्यास वक्रता

छैटौं परिच्छेद : भैरव अर्यालका निबन्धमा  संयुक्त वर्णविन्यास वक्रता

सातौं परिच्छेद : भैरव अर्यालका निबन्धमा यमकाभास वर्णविन्यास वक्रता

आठौ. परिच्छेद : भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रतागत, शैलीशिल्पगत, मार्गगत र गुणगत सौन्दर्य निरुपणका

नवौं परिच्छेद : सारांश, निष्कर्ष र भावी शोधकर्ताका निम्ति सुझाव

परिशिष्ट एक : भैरव अर्यालका विश्लेषित निबन्धको मूल पाठ

परिशिष्ट दुई : वक्रोक्तिजीवितम् ग्रन्थका वर्णविन्यास वक्रतासँग सम्बद्ध पाठ र त्यसको अनुवाद

सन्दर्भ ग्रन्थसूची

# दोस्रो परिच्छेद

# वक्रोक्तिवादको परिचय र वर्णविन्यास वक्रताको सैद्धान्तिक पक्ष

## २.१ वक्रोक्तिवादको परिचय

### २.१.१ वक्रोक्तिवादको अर्थ

वक्रोक्तिको अर्थ वक्रतायुक्त उक्ति हो । वक्रताको शाब्दिक अर्थ कुटिल, झुकेको, टेढो, घुमाउरो आदि हो र उक्तिको अर्थ भाषण, अभिव्यक्ति, वक्तव्य आदि हो (आप्टे, १९८९ : ८८९) । शब्दकोशहरूका आधारमा वक्रोक्तिको शाब्दिक अर्थ कुटिल वा घुमाउरो भनाइ, व्यङ्ग्यात्मक अभिव्यक्ति, चमत्कारपूर्ण कथन हो भन्ने कुरा बुझिन्छ । वक्रोक्तिवादका प्रवर्तक आचार्य कुन्तकले वक्रताको अर्थ प्रसिद्ध कथनभन्दा भिन्न अर्थात् असामान्य या विचित्रलाई नै मानेका छन् । वक्रोक्तिवादका अनुसार काव्यको सौन्दर्य उक्तिको विशिष्टता वा विचित्रतामा हुन्छ र यस्तो उक्ति नै काव्यको आत्मा हो । वक्रोक्तिवादको अर्थ उक्तिको विशिष्टता वा विचित्रतालाई नै काव्यको आत्मा वा सर्वस्व मान्ने सिद्धान्त हो भन्ने बुझिन्छ ।

### २.१.२ वक्रोक्तिवादको चिन्तन परम्परा

संस्कृत काव्यशास्त्र परम्परामा प्रयुक्त वक्रोक्ति शब्दको अर्थ शाब्दिक वा कोशीय अर्थभन्दा बृहत् छ जस अनुसार वाणभट्टले वाक्छल, क्रीडालाप, परिहास-जल्पित आदि अर्थमा वक्रोक्तिको प्रयोग गरेका छन् (बाणभट्ट, पूर्वभाग : ८७) । यसका साथै उनले चमत्कारपूर्ण शैली, वचनविदग्धता आदि अर्थहरूमा पनि वक्रोक्तिको प्रयोग गरेका छन् (बाणभट्ट, पूर्वभाग : ८७) । भामहले लोकातिक्रान्तगोचररूप अतिशयोक्तिको अर्थमा वक्रोक्तिको प्रयोग गरेका छन् (मिश्र, सन् २००५) । दण्डीले वक्रोक्तिलाई व्यापक अर्थमा ग्रहण गर्दै यसलाई वस्तुको लोकोत्तर वर्णनको इच्छाको परिणाम भनेका छन् (भामह, २ : २१४) । वामनले काव्यालङ्कार सूत्रभित्र वक्रोक्तिलाई विशिष्ट अर्थालङ्कार मानेका छन् र भनेका छन् सादृश्यनिबन्धना लक्षणा नै वक्रोक्ति हो (वामन, ४ : ३८) । रुद्रटले चाहिँ केही कदम पछि हट्दै वक्रोक्तिको अर्थलाई सङ्कुचित तुल्याउँदै यसलाई वाक्छलमा आश्रित अलङ्कार मात्र भनेका छन् ।

आनन्दवर्द्धनले चाहिँ वक्रोक्तिको बेग्लै चर्चा नगरी विशिष्ट अलङ्कारका रूपमा मात्र यसको महत्ता स्वीकार गरेका छन् (आनन्दवर्धन, २ : २१) । यसरी कुन्तकपूर्वका आचार्यहरूमध्ये भामहले काव्यसौन्दर्यको पर्यायका रूपमा, दण्डीले स्वभावकथनभन्दा पृथक् प्रकारको अभिव्यक्तिका रूपमा, वामनले सादृश्यलक्षणमा आश्रित एक अर्थालङ्कारका रूपमा र रुद्रटले वाक्छलमा आश्रित शब्दालङ्कारका रूपमा मात्र वक्रोक्तिलाई स्वीकार गरेको देखिन्छ । शास्त्र तथा लोक व्यवहारमा शब्द र अर्थको प्रसिद्ध कथनप्रकारभन्दा विलक्षण, अपूर्व चमत्कारोत्पादक पद्धतिद्वारा गरिने प्रतिपादन प्रकारलाई वक्रोक्ति भनिन्छ (मिश्र, २००५ : २२७) । वक्रोक्तिवादका प्रवर्तक आचार्य कुन्तकले वक्रताको अर्थ प्रसिद्ध कथनभन्दा भिन्न अर्थात् असामान्य एवम् विचित्र कथनका रूपमा गरेका छन् । आचार्य कुन्तकको वक्रोक्तिसम्बन्धी दृष्टिकोण यस्तो छ : प्रसिद्ध कथनभन्दा विशिष्ट विचित्र अभिधा (कथन) नै वक्रोक्ति हो । कस्तो वक्रोक्ति ? चातुर्यपूर्ण भङ्गिमाद्वारा कथन । वैदग्ध्य विदग्ध वा चतुरको भाव अर्थात् कविकर्मकौशल उसको भङ्गी अर्थात् शोभा जसद्वारा विचित्र प्रकारको भणिति वा कथन गरिन्छ त्यसलाई नै वक्रोक्ति भनिन्छ (कुन्तक, १ : १० वृत्ति) । यसरी कविप्रतिभाद्वारा संस्कारित कविकर्मकौशलजन्य वाणीविलासको सौन्दर्यातिशयको नाम नै वक्रोक्ति हो भन्ने बुझिन्छ । उक्तिको विशिष्टता वा विचित्रता अर्थात् भङ्गीभणिति वैदग्ध्य नै काव्यको सौन्दर्य हो र यही सौन्दर्य नै काव्यको आत्मा हो भन्ने वाद नै वक्रोक्तिवाद हो । वर्णदेखि प्रबन्धसम्मको काव्यको सर्वाङ्ग सौन्दर्यको विश्लेषणको वस्तुगत आधार प्रदान गर्ने गरी आचार्य कुन्तकद्वारा प्रतिपादित साहित्यशास्त्रीय वाद नै वक्रोक्तिवाद हो ।

### २.१.३ वक्रोक्तिवादको स्थापना

आचार्य कुन्तकले 'वक्रोक्तिजीवितम्' नामक लक्षण ग्रन्थको रचना गरी वक्रोक्तिवादलाई साहित्यसिद्धान्तका रूपमा स्थापित गरेका हुन् । अलङ्कारको रूपमा मात्र सीमित रहेको वक्रोक्तिलाई साहित्यशास्त्रीय सिद्धान्तकै रूपमा काव्यको आत्मतत्त्व मानी वक्रोक्तिवादको स्थापना गर्ने काम कुन्तकबाट भएको हो । आचार्य कुन्तक विरचित 'वक्रोक्तिजीवितम्' चार उन्मेषमा विभक्त छ । यसका कारिका, वृत्ति र उदाहरण गरी तिन खण्ड छन् । कारिका र वृत्ति कुन्तकद्वारा रचित हुन् भने उदाहरण विभिन्न ग्रन्थ/कृतिहरूबाट लिइएको पाइन्छ । यसको प्रथम उन्मेषमा उनले वक्रोक्तिको स्थापना, काव्यको प्रयोजन, काव्यको लक्षण, साहित्यको अर्थ, वक्रताका प्रकार, काव्यका विभिन्न मार्ग

र गुण जस्ता कुरा उल्लेख गरेका छन् । दोस्रो, तेस्रो र चौथो उन्मेषमा भने वक्रताका छ प्रकारहरूको सविस्तार उल्लेख गरेका छन् । 'वक्रोक्तिजीवितम्' मा वक्रोक्तिलाई काव्यको आत्मतत्त्वका रूपमा अङ्गीकार गरिएको छ । वक्रोक्तिवादका माध्यमबाट काव्यका वर्णदेखि प्रबन्धसम्मका कलापक्षको वैचित्र्य वा चमत्कार वा विच्छित्तिको सर्वाङ्ग विश्लेषण गर्न सकिने आधार प्रदान गरिएको छ र यसैका लागि वक्रोक्तिवादको स्थापना गरिएको देखिन्छ ।

### २.१.४ वक्रोक्तिका भेद/प्रकार

आचार्य कुन्तकले प्रतिपादन गरेको वक्रोक्ति सिद्धान्तले कुनै पनि कृतिका वर्ण वा ध्वनिका तहदेखि प्रबन्धका तहसम्मको समग्र विश्लेषण गर्ने सबल एवम् वस्तुगत आधार प्रदान गर्दछ । कुन्तकले 'वक्रोक्तिजीवितम्' को प्रथम उन्मेषमा वक्रोक्तिका प्रकारहरूको सामान्य लक्षण दिई चर्चा गरेका छन् । उनले द्वितीय उन्मेषदेखि चतुर्थ उन्मेषसम्म चाहिँ वक्रोक्तिका प्रकारहरू र तिनका भेदोपभेदको चर्चा गर्दै उदाहरणसमेत दिएका छन् । उनले प्रथम उन्मेषमा वक्रोक्तिका सामान्य लक्षणहरू दिई यसका जुन प्रकारहरूको उल्लेख गरेका छन् तिनै प्रकारलाई यहाँ प्रस्तुत गरिएको छ । उनले भनेका छन् : कविव्यापार वक्रताका ६ प्रकार छन्, ती प्रत्येकका धेरै भेदहरू छन् र तिनमा प्रत्येकका धेरैजसो उपभेदले वैचित्र्य र सौन्दर्य उत्पन्न गर्ने खालका हुन्छन् (कुन्तक १ : १८) । कुन्तकका दृष्टिमा वक्रता कविव्यापार वा कविकर्म हो र कविव्यापार वा कविकर्म भन्नु नै काव्यरचना गर्नु हो भने कविद्वारा काव्यरचनाको व्यापार वा कर्मका क्रममा वक्रता उत्पन्न हुन्छ । यसरी कविद्वारा काव्यरचनारूप कर्म/व्यापारमा पैदा हुने वक्रत्व, सौन्दर्य वा वक्रभावलाई उनले वक्रोक्ति भनेका छन् । वक्रोक्तिका प्रकारहरूबारे उनले प्रथम उन्मेषको कारिका १८, १९ र २० तथा तिनका वृत्तिमा चर्चा गरेका छन् जस अनुसार रहने वक्रताका छ प्रकार यी हुन् :

(क) वर्णविन्यास वक्रता

(ख) पदपूर्वार्द्ध वक्रता

(ग) प्रत्ययाश्रित वक्रता

(घ) वाक्य वक्रता

(ङ) प्रकरण वक्रता

(च) प्रबन्ध वक्रता

### (क) वर्णविन्यास वक्रता

वक्रोक्तिका प्रकारहरूमध्येको प्रथम प्रकार नै वर्णविन्यास वक्रता हो जसको उल्लेख कुन्तकले कारिका १ : १९ मा गरेका छन् । यो वर्णहरूको विन्यास हो, विशिष्ट किसिमले राखिएको, विशिष्ट किसिमले सजाइएका अक्षरहरूको चमत्कार नै वर्णविन्यास वक्रता हो । त्यस्तो वक्रता शास्त्रादिमा प्रयुक्त हुने प्रसिद्ध प्रस्थानभन्दा पृथक् हुन्छ र काव्यकृतिभित्र वैचित्र्य वा चमत्कारद्वारा शोभित हुन्छ त्यसरी अत्यन्तै शोभायुक्त शब्दहरूले सजाइएको त्यस्तो वक्रता काव्यमर्मज्ञहरूका लागि आह्लादकारी हुन्छ (कुन्तक १ : १८) । यसरी काव्यमा विशिष्ट ढङ्गले विषयानुकूल चिरिच्याट्ट पारेर सजाइएका वर्णहरू र ती सजिएका वर्णको प्रयोग भएको काव्यको विशिष्ट अर्थ दुवै मिलेर काव्यमर्मज्ञलाई आह्लाद प्रदान गर्दछन् । प्राचीन आचार्यहरूमा यो अनुप्रास नामले प्रसिद्ध छ (कुन्तक १ : १८ वृत्ति) भनेर कुन्तकले प्राचीन आचार्यहरूको उल्लेख गरेका अनुप्रासरूप अलङ्कारलाई वर्णविन्यास वक्रताकै मूल प्रवाहभित्र समाहित गरेका छन् । यहाँ भैरव अर्यालका हास्यव्यङ्ग्य निबन्धको वर्णविन्यास वक्रताका आधारमा विश्लेषण गर्न लागिएको हुँदा यसलाई छुट्टै उपशीर्षक २.२ मा राखेर वर्णविन्यास वक्रताको सैद्धान्तिक पक्षका रूपमा सविस्तार चर्चा गरिएको छ ।

### (ख) पदपूर्वार्द्ध वक्रता

आचार्य कुन्तकले कारिका १ : १९ मै वक्रताको अर्को प्रकारका रूपमा पदपूर्वार्द्ध वक्रताको चर्चा गरेका छन् । उनले सुवन्त/प्रातिपदिक र तिङन्त/धातुको विशेष ढङ्गको प्रयोगबाट उत्पन्न हुने काव्यिक सौन्दर्यलाई पदपूर्वार्द्ध वक्रताको नाम दिएको देखिन्छ (कुन्तक, १ : १९ वृत्ति) । उनले द्वितीय उन्मेषको ८ देखि २५ औं कारिकासम्म पदपूर्वार्द्ध वक्रताको निरूपण गरेका छन् । उनले 'वक्रोक्तिजीवितम्' को प्रथमोन्मेषमा यस वक्रताका रूढि, पर्याय, उपचार, विशेषण, संवृत्ति र वृत्तिवैचित्र्य गरी जम्मा छ भेद उल्लेख गरेका छन् तर द्वितीय उन्मेषमा यस वक्रताका अवान्तर भेद समेत गरी जम्मा एघार भेद पुऱ्याएका छन् जस अनुसार पदपूर्वार्द्ध वक्रताका कृदादि वक्रता, आगम वक्रता, भाव वक्रता, लिङ्गवैचित्र्य वक्रता र क्रियावैचित्र्य वक्रता थप गरेर एघार भेद पुऱ्याएका हुन् । उनले यी एघारै प्रकारका वक्रताको

विशेष लक्षण र तिनका उदाहरण समेत सविस्तार उल्लेख गरेका छन् जसलाई द्वितीयोन्मेषको कारिका ८ देखि २५ सम्मका वृत्ति र उदाहरणहरूभित्र समेटिएको छ ।

### (ग) प्रत्ययाश्रित वक्रता

वक्रताको जुन प्रकार प्रत्ययमा आश्रित हुन्छ त्यसलाई उनले प्रत्ययाश्रित वक्रता भनेका छन् र उनले प्रथमोन्मेषको कारिका १९ र द्वितीयोन्मेषको २६ देखि ३४ कारिकासम्मका वृत्ति र उदाहरणमा यस वक्रताको सविस्तार चर्चा गरेका छन् । प्रत्ययाश्रित वक्रतालाई पदपरार्द्ध वक्रता र प्रत्यय वक्रता पनि भनेको पाइन्छ । यस प्रत्ययाश्रित वक्रताका अवान्तर भेद तथा नाम कालवक्रता, कारकवक्रता, सङ्ख्या/वचनवक्रता, पुरुषवक्रता, उपग्रहवक्रता, प्रत्ययमाला वक्रता रहेका छन् । प्रत्ययाश्रित वक्रताको चर्चापश्चात् पदवक्रताभित्रै पर्ने उपसर्गवक्रता र निपातवक्रताको पनि उल्लेख गरिएको छ । उपसर्ग प्रयोगजन्य चमत्कारलाई उपसर्गवक्रता र निपात प्रयोगबाट हुने विशेष प्रकारको विच्छित्तिलाई निपातवक्रता भनिएको छ । यी अनेक प्रकारका वक्रताहरूको मिश्रण/सङ्कर हुँदा सङ्कर वक्रता हुने कुरो (कुन्तक २ : ३४) उल्लेख गर्दै द्वितीयोन्मेष समापन गरिएको छ ।

### (घ) वाक्य वक्रता

वाक्यमा आश्रित वैचित्र्ययुक्त उक्ति र वाक्यद्वारा प्रकट हुने सौन्दर्यपूर्ण अर्थलाई वाक्य वक्रता भनिन्छ । आचार्य कुन्तकले यसलाई वक्रताको चौथो भेदका रूपमा प्रथमोन्मेषको कारिका २० र त्यसको वृत्तिमा संक्षिप्त चर्चा गरेका छन् । वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता र प्रत्ययाश्रित वक्रतामा वाच्य वा अर्थको वक्रता भन्दा पनि वाचक वा वर्ण, शब्द र प्रत्ययगत वक्रताको चर्चा गरिएको थियो भने वाक्य वक्रतामा अर्थको पनि चर्चा गरिएको छ । कुन्तकले 'वक्रोक्तिजीवितम्' को सिङ्गो तृतीयोन्मेषमा वाक्य वक्रताको विशेष लक्षण र प्रकारको सोदाहरण र सविस्तार चर्चा गरेका छन् । वाक्य वक्रतामा वस्तु वा प्रतिपाद्यको अर्थ सौन्दर्य पनि रहने हुँदा उनले उक्त वस्तु वा प्रतिपाद्य अर्थको वक्रताको विचार प्रथम दुई कारिकामा गरेका छन् ।

उनले वाक्यमा वर्णित हुने प्रतिपाद्य विषय वा वस्तुलाई सहज र आहार्य गरी दुई प्रकारमा बाँडेका छन् । जुन वाक्यमा वस्तुको सुन्दर स्वभावको वर्णन हुन्छ त्यो एक प्रकारको वस्तु वक्रता हो भने जुन वाक्यमा कविको सहज वा आभ्यासिक कौशलद्वारा वस्तुको चामत्कारिक वर्णन हुन्छ त्यसलाई अर्को प्रकारको वस्तुवक्रता भनिएको छ ।

कुन्तकले काव्यमा वर्णनीय वस्तु, प्रतिपाद्य वस्तु वा अर्थको क्षेत्र/विभाग र त्यसको काव्यमा उपयोगिताका बारेमा पनि प्रतिपादन गरेका छन् (विश्वेश्वर, २०१२ : आमुख) । काव्यमा वर्णनीय वस्तु दुई प्रकारका हुन्छन् चेतन र अचेतन । चेतन पनि प्रधान र गौण दुई प्रकारका हुन्छन्, मानिस र उत्कृष्ट श्रेणीका देवता पर्ने प्रधान चेतन वस्तु हुन् भने जुन चेतनमा मनुष्यभन्दा निम्न पशु पन्छी आदिको वर्णन हुन्छ ती गौण चेतन हुन् । यसरी उनले मुख्य चेतनलाई काव्यको मुख्य विषयवस्तु वा आलम्वन बनाउनु पर्ने र गौण चेतनलाई मुख्य विषयवस्तुको रसपरिपाकको सहायकका रूपमा प्रस्तुत गर्नुपर्ने कुरो बताएका छन् । त्यस्तै अचेतन पदार्थको प्रयोग पनि काव्यमा रसोद्दीपनका लागि प्रयोग गर्नुपर्छ भन्ने उनको मान्यता छ । यसरी वाक्यवक्रतामा अर्थ वक्रताका लागि वस्तुविभाग निर्देश गरी वाक्यवक्रताभित्र अलङ्कार र रसको समेत चर्चा गरेका छन् ।

कुन्तकले पूर्वाचार्यले स्वीकृत गरेका सबै अलङ्कारमध्ये बिस अलङ्कार मात्र अङ्गीकार गरेका छन् र ती सबै अलङ्कारलाई आ-आफ्नै ढङ्गले प्रस्तुत गरेका छन् । उनले ती अलङ्कारलाई आफ्नै प्रकारका नयाँ लक्षण दिएका छन् । उनले आफूभन्दा पहिलेका आचार्यहरूद्वारा प्रस्तुत १९ अलङ्कारको खण्डन गरेका छन् । यिनै बिसवटा अलङ्कारको आफ्नै प्रकारले स्थापना र १९ अलङ्कारको खण्डनका क्रममा तृतीय उन्मेष समापन गरेका छन् । यसै वाक्य वक्रतामा सम्पूर्ण अलङ्कार वर्गको अन्तर्भाव हुन्छ (कुन्तक, १ : २०) भन्दै कुन्तकले पदहरूको समुदायभूत वाक्यको वक्रतालाई पदादिवक्रताभन्दा भिन्न हजारौं प्रकारको हुन्छ भनेका छन् । वाक्य वक्रताका भेदका सम्बन्धमा उनले अन्य वक्रता जस्तो भेदोपभेद देखाएका छैनन् तर उनले यस सम्बन्धमा चर्चा गरेका कविकौशल (सहज, आहार्य) र विषयवस्तु (चेतन अचेतन) का आधारमा वाक्य वक्रताका प्रकारहरूलाई वर्गीकृत गर्न सकिने स्थिति देखिन्छ ।

### (ङ) प्रकरण वक्रता

वक्रताको पाँचौं प्रकारका रूपमा कुन्तकद्वारा प्रस्तुत प्रकरण वक्रताको सामान्य लक्षण प्रथम उन्मेषको २१ औं कारिकामा दिइएको छ । त्यसपछि चतुर्थ उन्मेषका १ देखि १५ कारिकासम्म प्रकरण वक्रताकै विशेष लक्षण र उदाहरण प्रस्तुत गरिएको छ । प्रबन्धको कुनै एकदेशरूप प्रकरणमा जुन वक्रता सहज र आहार्यद्वारा उत्पन्न गरिन्छ तथा रमणीयताद्वारा मनोहर र हृदयहारी गराइएको हुन्छ त्यसलाई प्रकरण वक्रता भनिन्छ (कुन्तक, ४ : ५) । चतुर्थ उन्मेषमा वर्णित प्रकरण वक्रताका पात्रप्रवृत्ति वक्रता, उत्पाद्य कथा वक्रता, उपकार्योपकारक भाव वक्रता, आवृत्ति वक्रता, प्रकरण रसवक्रता, अवान्तर वस्तु कथा वक्रता, नाटकान्तर्गत नाटक वक्रता र मुखसन्ध्यादि विनिवेश वक्रता गरी नौ भेद देखाइएको छ । यसरी समग्र कथा विधानको एउटा अङ्ग, खण्ड वा प्रसङ्गविशेष प्रकरण हो भने सो प्रकरणमा कविद्वारा गरिने स्वाभाविक वा अभ्यासगत वक्रता प्रकरण वक्रता हो भन्ने बुझिन्छ ।

### (च) प्रबन्ध वक्रता

आचार्य कुन्तकद्वारा वर्गीकृत वक्रोक्तिको अन्तिम प्रकार प्रबन्ध वक्रता हो । प्रबन्धमा वक्रभाव भएपछि प्रबन्ध वक्रता हुन्छ । प्रबन्ध वक्रताका आधारमा समग्र प्रबन्ध काव्यहरूको विश्लेषण गर्न सकिन्छ । कुन्तकले चतुर्थ उन्मेषको १६ देखि २५ कारिकासम्म यस वक्रताका प्रकार र सोदाहरण लक्षण प्रस्तुत गरेका छन् । जस अनुसार प्रबन्ध वक्रताका प्रबन्ध रस परिवर्तन वक्रता, समापन वक्रता, कथाविच्छेद वक्रता, आनुषङ्गिक फल वक्रता, नामकरण वक्रता र कथासाम्य वक्रता गरी यसका छ उपभेदहरू बताएका छन् र तिनको सोदाहरण चर्चा गरेका छन् ।

## २.२ वर्णविन्यास वक्रताको सैद्धान्तिक परिचय

वर्णविन्यास वक्रता भनेको वर्णहरूको विशिष्ट विन्यासबाट सिर्जित, प्रस्तुत वा वर्ण्य विषयको भावलाई झङ्कृत तुल्याउने विचित्रताद्वारा उपनिबद्ध चमत्कारजनक लयात्मक त्यस्तो चारुता वा विच्छित्ति हो जसभित्र प्राचीन आचार्यहरूले उल्लेख गरेका केही शब्दालङ्कारका साथै अन्य पूर्वीय साहित्यशास्त्रीहरूले निर्देश गरेका गुण एवम् वृत्तिहरू समेत अन्तर्भूत हुन आउँछन् । यति मात्र होइन पाश्चात्य साहित्यशास्त्रमा प्रयुक्त शैलीविज्ञानको अग्रभूमि निर्माणको मुख्य तत्त्व समानान्तरता जस्तो महत्त्वपूर्ण पक्ष समेत समेटिन आउँछ ।

आचार्य कुन्तकले 'वक्रोक्तिजीवितम्' ग्रन्थको प्रथमोन्मेषको उन्नाइसौं कारिका र त्यसको वृत्तिमा वर्णविन्यास वक्रताको सामान्य लक्षण दिएका छन् भने द्वितीय उन्मेषको कारिका १ देखि ७ सम्म र त्यसका वृत्ति एवम् उदाहरणहरूमा विशेष लक्षण प्रस्तुत गरेका छन् । यसरी आचार्य कुन्तकले वक्रोक्तिजीवितम् ग्रन्थमा वर्णविन्यास वक्रतासँग सम्बद्ध जुन सिद्धान्त प्रस्तुत गरेका छन् त्यसैलाई मुख्य आधार बनाई यहाँ वर्णविन्यास वक्रताको सैद्धान्तिक रूपरेखाको निर्क्योल गरिएको छ ।

### २.२.१ व्यञ्जनविन्यास वक्रता

वर्णविन्यास वक्रता व्यञ्जन वर्णहरूको विशिष्ट विन्यासबाट सिर्जित हुन्छ र यसले प्रस्तुत वा वर्ण्य विषयको औचित्य वा भावलाई झङ्कृत तुल्याउने गरी चमत्कार उत्पन्न गर्छ । वर्ण शब्द व्यञ्जन वर्णको पर्यायको रूपमा प्रयुक्त भएकाले वर्णविन्यास वक्रतालाई व्यञ्जनविन्यास विच्छित्ति भनिएको छ (कुन्तक २ : १ वृत्ति) । यस क्रममा अक्षरहरूलाई विशिष्ट ढङ्गले रचना गर्नुपर्छ र त्यस्तो रचनाबाट सिर्जित वक्रभाव वा सौन्दर्य वैचित्र्ययुक्त कथनद्वारा उपनिबद्ध भएको हुनुपर्छ (कुन्तक १ : १९ वृत्ति) । वर्णहरूको विन्यास विच्छित्ति दुई किसिमबाट सुशोभित हुन्छ, एक वा अनेक वर्णहरूको नियत/अनियतस्थानमा पुनः पुनः आवृत्तिजन्य विच्छित्ति र अर्को संयुक्ताक्षरजन्य विच्छित्ति । जुन ढङ्गबाट विच्छित्ति वा चारुता पैदा भए पनि त्यस्तो चारुता प्रस्तुत वा वर्ण्य विषयको भावलाई झङ्कृत तुल्याउने खालको हुनुपर्छ । वर्णविन्यास वक्रताको समस्त सौन्दर्य काव्यास्वादको उपकारक अथवा भनौं वर्ण्य वस्तुको चमत्कारक भएर आउनु पर्छ शब्दक्रीडाका लागि मात्र होइन यो नै कुन्तकको तात्पर्य हो (गुप्त, सन् १९७२ : १८६) ।

### २.२.२ प्रस्तुतौचित्यता

वर्णविन्यासमा प्रयुक्त वर्णहरू प्रस्तुत अर्थात् वर्ण्यमान वस्तुको औचित्यले शोभित भएको हुनुपर्छ (कुन्तक, २ : २ वृत्ति) । वर्णहरूको समानता अर्थात् अनुप्रासको प्रयोगको रोग झैं भई उपनिबद्ध वा विन्यस्त भएका वर्णहरूले प्रस्तुत वा वर्ण्यमान वस्तुलाई मलिन तुल्याउँछन् (कुन्तक, २ : २ वृत्ति) । त्यसैले वर्णहरूको जबर्जस्ती आवृत्ति गरी बोझिलो शाब्दिक क्रीडाबाट वक्रता वा चारुता उत्पन्न हुन सक्तैन भन्ने कुन्तकको मत छ । तर उनी त्यस्तो जबर्जस्ती विन्यस्त भएको जुन आवृत्ति वा अनुप्रासजन्य स्थिति छ त्यो केही केही कठोर रसका प्रसङ्गहरूमा प्रस्तुतको वा वर्ण्य विषयको औचित्यद्वारा शोभित पनि हुन

जाने हुँदा त्यस्ता वर्णहरूको पनि प्रयोगको अनुमति दिन सकिन्छ भन्दछन् (कुन्तक, २ : २ वृत्ति) । यसबाट कुन्तक कोमल रसका लागि चारुताका बाधक जुन वर्णहरूको आवृत्ति छ त्यो कठोर रसका सन्दर्भमा भने चारुताबोधक हुन्छ भन्ने मान्यता राख्तछन् भन्ने स्पष्ट हुन्छ । यसरी कुन्तकले वर्णविन्यास वक्रता वर्ण्य विषयको अनुकूल हुनै पर्ने र त्यसले वर्ण्य विषयको भावलाई उद्‌बुद्ध तुल्याउने खालको र वर्ण प्रयोगजन्य चमत्कार उत्पन्न गरेको हुनुपर्ने विचार व्यक्त गरेका छन् ।

### २.२.३ श्रुतिपेशलता, लयात्मकता र साङ्गीतिकता

आचार्य कुन्तकले वर्णविन्यास वक्रता श्रुतिपेशल, लयात्मक एवम् साङ्गीतिक माधुर्यले निष्पन्दित हुनुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । उनले वर्ण र अक्षरहरूको छाया अर्थात् कान्ति अथवा श्रव्यता आदि गुणहरूको सम्पत्तिद्वारा जो वर्ण वस्तुका साथमा अनुप्रवेश गर्दछ (कुन्तक, २ : ५ वृत्ति) भनेर वर्णविन्यास वक्रतामा वर्ण र अक्षरहरूको छाया वा कान्ति श्रुतिपेशलतापूर्वक गुणहरूका साथमा प्रस्तुत वा वर्ण्य विषयका साथमा प्रविष्ट हुने कुरो व्यक्त गरेका छन् । आचार्य कुन्तकले पञ्चम वर्ण नासिक्य ध्वनिसँग आउने क वर्गदेखि पवर्गसम्मका वर्णहरूको विन्यासलाई (ङ्क, ञ्च, ण्ट, न्त, म्प आदि) वर्गान्तयोगी वर्णविन्यास वक्रताको नाम दिएका छन् । यस्ता वर्णहरूको आवृत्तिबाट ध्वनिमा श्रुति रमणीयता हुन गई लयको सिर्जना हुन्छ (गौतम, ई २०११ : १०) भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । वर्णविन्यास वक्रता कुनै साहित्यिक कृतिका भाषिक रमणीयता, भाषिक श्रुतिपेशलता र लयमाधुर्यसँग सम्बन्धित रहन्छ भन्ने कुरो हेक्का राख्नुपर्छ (अवस्थी, २०५५ : ५२) । काव्यमा लय भनेको साधारणतया भाषिक ध्वनिबाट उत्पन्न हुने सांगीतिकताभित्र निहित मूर्च्छना हो (नेपाल, ई २०११ : १२७) । आचार्य कुन्तकले यमक नामक वक्रताका लागि विशेष गरी भिन्न अर्थ भएका समान वर्ण, प्रसाद गुणयुक्त, श्रुतिमधुर एवम् औचित्ययुक्त (कुन्तक, २ : ६) हुनुपर्ने मान्यता पनि प्रस्तुत गरेका छन् । जस अनुसार वर्णविन्यास वक्रतामा श्रुतिपेशलता, लयात्मकता र साङ्गीतिक माधुर्य निनादित हुनुपर्छ र जो प्रस्तुत वा वर्ण्य वस्तुको औचित्य अनुरूप विन्यस्त हुनुपर्छ भन्ने आशय पनि यहाँ प्रकट भएको छ । वस्तुतः पुनरावृत्तिद्वारा गद्यमा लय सिर्जित हुने हुनाले पुनरावृत्तिको ढाँचा सबैभन्दा महत्त्वपूर्ण हुन आउँछ (नेपाल, सन् २०११ : १३१) । यसरी ध्वन्यात्मक पुनरावृत्तिबाट पञ्चम वर्णको संयोगबाट र यमक अलङ्कारका प्रसाद गुणयुक्त र श्रुतिमधुर

वर्णहरूको विन्यासबाट हुने जुन लयात्मक साङ्गीतिक माधुर्य र श्रवणसौन्दर्य छ त्यो नै वर्णविन्यास चारुताको शोभातिशय हो भन्ने सैद्धान्तिक मान्यता यहाँ प्रस्तुत भएको छ ।

### २.२.४ चमत्कारोत्पादकता

वर्णविन्यास वक्रतामा वर्ण प्रयोग वैचित्र्ययुक्त एवम् चमत्कारोत्पादक हुनुपर्छ भन्ने मान्यता राखिएको छ । वर्णविन्यास वक्रताको मुख्य विशेषता वैचित्र्ययुक्तता हो । सामान्य र प्रसिद्ध कथनभन्दा भिन्न वैचित्र्ययुक्त कथन नै वक्रोक्तिको मुख्य वैशिष्ट्य हो । कुन्तक वक्रोक्तिको परिभाषाका सन्दर्भमा भन्दछन् कविकर्मकौशलको भङ्गिमा वा चारुताद्वारा कथन गरिएको विचित्र अभिधा नै वक्रोक्ति हो (कुन्तक, १ : १०, वृत्ति) । विचित्र अभिधामा वैचित्र्ययुक्त कथनका लागि विन्यस्त हुने वर्णहरू पनि वैचित्र्ययुक्त नै हुने गर्दछन् । वर्णविन्यासका क्रममा रहने यो विचित्रता प्राचीन आचार्यहरूद्वारा पनि प्रयोग नगरिएको होइन । वर्णविन्यास वक्रताले जुन विचित्र कथन वा वैचित्र्ययुक्त वर्णविन्यासको मान्यता प्रस्तुत गरेको छ, प्राचीन आचार्यहरूले त्यसलाई उपनागरिका वृत्तिको वैचित्र्यद्वारा युक्त भनेका छन् (कुन्तक, २ : ५, वृत्ति) र त्यसलाई प्राचीन आचार्यहरूले वृत्तिवैचित्र्ययुक्त नै भनेका छन् (कुन्तक., २ : ५) । वर्णविन्यासमा चारुता वा चमत्कार हुनुपर्छ यही चमत्कारका अर्थमा कुन्तकले वक्रता शब्दको प्रयोग गरेका छन् । यो वक्रता, चमत्कार वा चारुता भन्नु नै वैचित्र्यद्वारा उपनिबद्ध वर्णहरूका कारण सिर्जित हुने गर्दछ । वर्णविन्यासको वक्रत्व प्रसिद्ध शैलीमा भन्दा भिन्न ढङ्गले रचित हुन्छ वा यस्तो सन्निवेश विशेषद्वारा रचिएको सहृदयाह्लादकारीका लागि अतिशय शोभा प्रदान गर्ने शब्दलाई नै वर्णविन्यास वक्रता भनिन्छ (कुन्तक, २ : १, वृत्ति) । यसरी प्रसिद्ध कथनभन्दा भिन्न वैचित्र्ययुक्त कथनद्वारा सिर्जित हुने जुन वर्णविन्यासगत चमत्कार छ त्यो नै वर्णविन्यास वक्रताको मुख्य मान्यता हो भन्ने बुझ्नुपर्दछ ।

### २.२.५ गुण-वृत्ति अन्तर्भाव

पूर्वीय साहित्यशास्त्रीहरूले जुन कुरालाई वृत्तिवैचित्र्ययुक्त भनेका छ त्यसैलाई कुन्तकले वर्णविन्यास वक्रतामा अन्तर्भाव गरेका छन् । यसबाट वर्णविन्यास वक्रता र पूर्वाचार्यप्रस्तुत वृत्ति र गुणका बीचको अन्तर्सम्बन्ध पनि बुझ्न सकिन्छ । पूर्वाचार्यहरूमा मुख्य रूपमा दशगुणवादी मान्यता र माधुर्य, ओज र प्रसाद गरी त्रिगुणवादी दृष्टिकोण प्रचलित छ । त्यस्तै कुन्तक स्वयम्ले कति रचना स्वभावरूप सुकुमारादि जुन मार्ग छन्

त्यसमा गुण आश्रित हुन्छ भन्दै उनले गुणलाई सामान्य र विशिष्ट गरी दुई वर्गमा वर्गीकरण गरेका छन् र विशिष्ट गुण अन्तर्गत प्रसाद, माधुर्य, लावण्य र अभिजात्य चार गुण र सामान्य गुण अन्तर्गत सौभाग्य र औचित्यलाई राखेका छन् तर प्राचीन आचार्यहरूले प्रस्तुत गरेका गुणको संख्या फरक फरक छ । मोटामोटी रूपमा निश्चित वर्णहरूद्वारा व्यञ्जित हुने रसका आन्तरिक धर्मलाई गुण भनिन्छ, यी गण मुख्यतया तिन प्रकारका छन् : माधुर्य, ओज र प्रसाद (उपाध्याय, २०६७ : १४८) । माधुर्य गुणव्यञ्जक वर्णहरू क ख ग घ ङ च छ ज झ ञ त थ द ध न प फ ब भ म ण तथा यिनैमध्येका निरनुनासिक एवम् अनुनासिक वर्णहरूको योग हुन् भने ओज गुणव्यञ्जक वर्णहरूमा क ग च छ ड त द प य को ख ध छ ठ थ फ भ को संयोग, रेफको ऊर्ध्व र अधः संयोग ट ठ ड ढ को रेफसँग संयोग अनि णकार विनाको क ष (उपाध्याय, २०६७ : १५०) हुन् । तर प्रसाद गुण चाहिँ वर्णाश्रित नभएर सुन्नासाथ वा पढ्नासाथ अर्थबोध हुन सक्ने सरल पदयोजनाद्वारा व्यक्त हुन्छ (उपाध्याय, २०६० : १५०) । वास्तवमा वृत्ति वर्णयोजना हो (उपाध्याय, २०६७ : १५४) माधुर्य, ओज र प्रसाद गुणका जुन जुन व्यञ्जन वर्ण छन् ती उपनागरिका, परुषा र कोमला वृत्तिमा पनि प्रयुक्त हुन्छन् । यी वर्णहरूको आवृत्तिबाट र विच्छित्तियुक्त विन्यासबाट वर्णविन्यासमा वक्रता उत्पन्न हुने हुँदा नै प्राचीन साहित्यशास्त्रीहरूले यसलाई वृत्तिवैचित्र्ययुक्त भनेका छन् । यसरी वृत्ति पनि वर्णयोजना हुनु, गुण पनि वर्णयोजना हुनु र वर्णविन्यास वक्रता पनि वर्णयोजनाजन्य चारुता हुनुले वर्णविन्यास वक्रताभित्र नै कुन्तकले चिन्तनहरूद्वारा प्रस्तुत गुण र वृत्तिलाई अन्तर्भाव गरेका हुन् भन्न सकिन्छ ।

### २.२.६ समानान्तरता अन्तर्भाव

वर्णविन्यास वक्रता र पाश्चात्य शैली विज्ञानको बाह्य समानान्तरता र पुनरुक्तिका बीच पनि वर्णहरूको आवृत्तियुक्त प्रयोगका आधारमा समानता पाइन्छ । वर्णविन्यास वक्रतामा वर्णहरूको विशिष्ट विन्यासबाट एक प्रकारको चमत्कार वा वक्रता पैदा गरिन्छ । समानान्तरतामा सामान्य वा प्रचलितको पुनः पुनः आवृत्ति वा प्रयोगगत अतिशयताको माध्यमबाट चमत्कारको सिर्जना गरिएको हुन्छ (नेपाल, २०६७ : १४७) । एक वा एकभन्दा बढी स्वनिम, शब्द, पदसमूह, वाक्य आदिको पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ ( शर्मा, २०५५ : ५६३) । बाह्य समानान्तरताको ध्वनि वा वर्णका तहको पुनरावृत्ति र वर्णविन्यास वक्रता मिल्दोजुल्दो देखिन्छ । यसबाट पाश्चात्य शैली विज्ञानका विद्वानहरूले

जसलाई समानान्तरता नामले व्यक्त गर्दछन् त्यसलाई भारतीय काव्याचार्यहरूले वर्णविन्यास वक्रता अर्थात् अनुप्रास चक्रमा आत्मसात् मानेको देखिन्छ । साहित्यिक कृतिको समानान्तरता कुनै भाषिक लक्षण वा पुनरावृत्तिको नियमितताका रूपमा देखापर्छ (शर्मा, २०५९ : २२) । वर्णविन्यास वक्रता चाहिँ कुनै भाषिक लक्षण वा पुनरावृत्तिको नियमितता वा अनियमितता दुवै अवस्थामा देखापर्छ । यसैलाई कुन्तकले भनेका छन् - वर्णविन्यास वक्रता स्थान नियमविना सम्पूर्ण वाक्यमा विषयका रूपमा प्रतिपादन गरिन्छ भने त्यो नै फेरि स्थान निश्चित गरेर पनि प्रकारान्तरले विशिष्ट भई केही अन्य प्रकारको सौन्दर्यलाई उत्पन्न गर्दछ (कुन्तक, २ : ५ वृत्ति) । यसबाट नियमित वा अनियमित दुवै खालको आवृत्तिबाट वर्णविन्यासमा वक्रता उत्पन्न हुन्छ भन्ने बुझ्न सकिन्छ । चौधरी (१९८३) ले समानान्तरताका लागि लीचले प्रस्तुत गरेको उदाहरण “द फरो फलोड फ्री” (The furrow followed free) लाई प्रस्तुत गर्दै यहाँ फ् वर्णको आवृत्तिका कारण समानान्तरता रहेको औंल्याएका छन् । शर्माले (२०५९ : २२) मा बाह्य समानान्तरताका लागि एक वा एकभन्दा बढी ध्वनि शब्द, रूप, पदावली, वाक्य आदिको आवृत्ति आवश्यक हुने बताएका छन् । उनले : चुत्थो चोरले चार पैसा चोर्छ भन्ने उदाहरण दिँदै च वर्णको यो चार पटकको आवृत्तिलाई समानान्तरताको रुपमा प्रस्तुत गर्दै यसलाई स्पष्ट पारेका छन् । बाह्य समानान्तरताको यो उदाहरण र वर्णविन्यास वक्रताको एक वर्णको व्यवधानयुक्त आवृत्तिजन्य वक्रता दुरुस्त मिल्दछ । यसरी वर्णविन्यास वक्रताभित्रै पाश्चात्य शैली विज्ञानको वर्णस्तरको समानान्तरता र पुनरुक्तिलाई समेत अन्तर्भाव गर्न मिल्ने देखिन्छ ।

### २.२.७ अनुप्रासको अन्तर्भाव

वर्णविन्यास वक्रताका रूपमा कुन्तकले वर्णविन्यासगत सौन्दर्यको धारणा प्रस्तुत गरेका छन् त्यसैलाई कुन्तक भन्दा पहिलेका आचार्यहरूले शब्दालङ्कारका अनुप्रास र यमकजन्य सौन्दर्यका रूपमा वर्णित गरेको पाइन्छ । समध्वनि वर्णहरूको आवृत्ति अनुप्रास अलङ्कार हुन्छ, असमानार्थी पदहरूको आवृत्ति यमक अलङ्कारमा हुन्छ (उपाध्याय, २०६७ : ११२) । ‘वक्रोक्तिजीवितका हिन्दी व्याख्याकार आचार्य विश्वेश्वरले त कुन्तकद्वारा वर्गीकृत वर्णविन्यास वक्रताका प्रकारलाई अनुप्रासरूप र (कुन्तक, २ : १ व्याख्या) र यमकरूप ( कुन्तक, २ : ५ व्याख्या) गरी वर्गीकृत गरेका छन् । कुन्तक स्वयम् पनि भन्दछन् यही वर्णविन्यास वक्रता चिरन्तनहरूमा (अर्थात् प्राचीन आचार्यहरूमा) अनुप्रास नामले प्रसिद्ध छ

(कुन्तक १ : १९ वृत्ति) । यमक नामको अर्को प्रकारको वक्रताको लक्षण बताउँदै उनी भन्छन् : समान वर्ण भएका तर भिन्नार्थक, प्रसादगुणयुक्त, श्रुतिमधुर, औचित्ययुक्त प्रारम्भादि स्थानहरूमा शोभित हुनेखालको जुन अर्को प्रकार छ त्यो यमक हो (कुन्तक, २ : ६७) । विश्वेश्वरका अनुसार अनुप्रासरूप यस वर्णविन्यास वक्रताको दोस्रो विशेष रूप नै यमकालङ्कार हुन्छ (विश्वेश्वर २ : ५ व्याख्या) । यमक अलङ्कारको लक्षणका रूपमा आचार्य विश्वनाथ भन्छन् : अर्थ हुँदा पनि भिन्न अर्थ भएका स्वर र व्यञ्जन समुदायको क्रमपूर्वक आवृत्तिलाई यमक भन्दछन् (विश्वनाथ, १० : ८) । यहाँ कुन्तक पूर्वका आचार्यहरुले वर्णन गरेको जुन यमकको साधारण लक्षण छ त्यसभन्दा अझै विशिष्ट सौन्दर्ययुक्त थप अर्थमा कुन्तकले यमकको प्रयोग गरेको देखिन्छ । त्यसैले अलङ्कारवादीहरूले प्रस्तुत गरेको अनुप्रास र यमक अलङ्कारमा थप चारुता र विच्छित्तियुक्त विषयानुकूल वर्णविन्यास योजनालाई कुन्तकले वर्णविन्यास वक्रतामा प्रस्तुत गरेको देखिन्छ ।

## २.३ वर्णविन्यास वक्रताका प्रकार

'वक्रोक्तिजीवितम्' ग्रन्थको कारिका दुई, तिन र चार तथा तिनको वृत्तिमा आचार्य कुन्तकले वर्णविन्यास वक्रताका प्रकारहरूलाई तिन, तिन, तिन र एक गरी एकातिर भिन्न भिन्न ढङ्गले प्रस्तुत गरेका छन् भने कारिका चारमा ती सम्पूर्ण वक्रताका विशेषताहरूबारे उल्लेख गरेका छन् । उनले भनेका छन् यिनै नाना प्रकारका वक्रताको विशेषता भन्दछु र त्यसलाई यस प्रकारका विशेषणहरूले युक्त हुनुपर्छ (कुन्तक, : ३ वृत्ति) । कारिका पाँचमा कुन्तकले वर्णहरूको सौन्दर्य अनुसार गुण र मार्गहरूलाई अनुसरण गर्ने त्यही वर्णविन्यास वक्रतालाई प्राचीन आचार्यहरूले वृत्तिहरूद्वारा वैचित्र्ययुक्त भनेका छन् भनी उल्लेख गरेका छन् । गुणहरूको अनुसरण गर्ने हुँदा र प्रत्येक कविका प्रस्थानहेतु वा काव्य मार्ग फरक फरक हुने हुँदा र ती मार्गहरू पराधीन पनि हुने हुँदा वर्णविन्यास वक्रताका प्रकारलाई संख्यामा सीमित गर्न सकिँदैन र यसका अपरिमित भेद छन् भनी बताएका छन् (कुन्तक, २ : २ वृत्ति) । सुरुमा वर्णविन्यास वक्रताका प्रकारहरू बताउने र पछि गएर यसका अपरिमित भेद छन् र यो मार्गाश्रित छ भन्नाले उनले वर्णविन्यास वक्रताका प्रकारहरूलाई हरेक साहित्यकारका कृतिमा आ-आफ्नै प्रकारले सन्धान गर्न सकिन्छ भन्ने खुल्ला दृष्टिकोण प्रस्तुत गरेका छन् । वर्णविन्यास वक्रताका अपरिमित भेद हुन्छन् भनेपछि पनि फेरि उनले

कारिका ६ र ७ मा यमक नामक अलङ्कारलाई पनि वर्णविन्यास वक्रताभित्र समेट्दै वक्रताको अर्को प्रकार प्रस्तुत गरेका छन् (कुन्तक, २ : ६, ७) ।

आचार्य कुन्तकले प्रस्तुत गरेका वर्णविन्यास वक्रताका प्रकारहरूमध्ये पहिलो प्रकार चाहिँ एक वर्णको आवृत्ति, दुई वर्णको आवृत्ति र अनेक वर्णको आवृत्ति गरी तिन प्रकारको हुने तर त्यो आवृत्ति स्वल्पान्तरमा अर्थात् स्वल्प व्यवधानमा हुनुपर्ने उनको मान्यता रहेको छ (कुन्तक २ : १) । त्यस्तै उनले वर्णविन्यास वक्रताको अर्को प्रकारका पनि तिन प्रकार उल्लेख गर्दै भनेका छन्, पहिलो वर्गान्तयुक्त स्पर्शी, दोस्रो तलनादि द्वित्व र तेस्रो शिष्ट वर्णहरूसँग रेफसंयुक्त (कुन्तक २ : २) हुनुपर्छ । स्वल्पान्तरमा वर्णावृत्ति हुनुपर्छ भन्ने पहिलो प्रकारभन्दा वैचित्र्ययुक्त एवम् फरक ढङ्गले वक्रताको अर्को प्रकार  प्रस्तुत गर्दै भनेका छन् : कहीँ अव्यवधानयुक्त रूपमा एक वर्ण, दुई वर्ण र धेरै वर्णको आवृत्ति हुँदा वक्रता थप तिन प्रकारको हुने र धेरै वर्णहरूको आवृत्तिमा यमकको आभास भए पनि त्यो वास्तवमा यमक नहुने कुरो उल्लेख गरेका छन् (कुन्तक, २ : २ वृत्ति) । उनका भनाइमा यमक हुनका लागि वर्णहरूको विन्यास हुने स्थान वाक्यको कुनै एक ठाउँमा निश्चित हुन्छ र त्यहाँ स्वरवैषम्य हुँदैन तर यमकको आभास दिने वक्रता वाक्यको जुनसुकै स्थानमा पनि आवृत्ति हुन सक्ने र स्वरवैषम्यद्वारा चमत्कृत पनि हुने देखिन्छ । यसरी यमकाभास वक्रताका रूपमा वक्रताको अर्को प्रकार प्रस्तुत गरेका छन् ।

वर्णविन्यास वक्रताका पहिलेका तिन, दोस्रो तिन, तेस्रो तिन र एक गरी दश प्रकार र यमक समेत समाविष्ट गरी एघार प्रकारमा सीमित गरिसकेपछि उनले वर्णविन्यास वक्रताका प्रकारहरूलाई असीमित, अपरिमित र पराधीन भनी असङ्ख्य भेद हुन सक्ने सङ्केत गरेका छन् । यसको मुख्य कारण वर्णविन्यास वक्रता कविहरूको स्वभाव वा मार्गको अधीन हुन्छ र यो विभिन्न गुणहरूको अनुसरण गर्ने खालको हुन्छ । त्यसैले कुन्तकले वक्रताका प्रकार उल्लेख गर्दा गर्दै यसका प्रकारलाई यति नै संख्या हुन्छन् र यसभन्दा बढी हुँदैनन् भनी परिसीमित गर्नु उपयुक्त नहुने तर्क प्रस्तुत गरेका छन् । उनले यमक अलङ्कारको प्रसादगुणयुक्त सौन्दर्यलाई पनि यसभित्रै समेट्दै वर्णविन्यास वक्रताका प्रकारलाई एघार संख्या पुर्‍याएका छन् ।

कुन्तकद्वारा प्रस्तुत वर्णविन्यास वक्रताका प्रकारलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ : वर्णविन्यास वक्रता १ . अनियत स्थान आवृत्ति (अनुप्रासरूप)सीमित

(क) व्यवधान युक्त

(अ) एक वर्ण आवृत्ति (१)

(आ) द्वि वर्ण आवृत्ति (२)

(इ) बहु वर्ण आवृत्ति (३)

(ख) संयुक्त वर्ण

(अ) वर्गान्तयोगी स्पर्श वर्ण आवृत्ति (४)

(आ) तलनादि द्वित्व (५)

(इ) शिष्टवर्ण रेफयुक्तता (६)

(ग) व्यवधानरहित

(अ) एक वर्ण आवृत्ति (७)

(आ) दुई वर्ण आवृत्ति (८)

(इ) बहु वर्ण आवृत्ति -९)

(घ) यमकाभास (१०)

२. नियतस्थान आवृत्ति : यमक वक्रता (११)

आचार्य कुन्तकद्वारा वर्गीकृत वर्णविन्यास वक्रताका मुख्य प्रकारहरू यिनै हुन् । भावानुकूल वर्णविन्यास वक्रताका रूपमा वक्रताको अर्को प्रकार भनी (खनाल, २०६८) उल्लेख गरिएको भए पनि त्यो भाव अनुकूलको वक्रता पृथक् प्रकार नभई सम्पूर्ण वर्णविन्यास वक्रताकै विशेषताका रूपमा कुन्तकद्वारा उल्लेख (कुन्तक २ : ४ वृत्ति) भएकाले यहाँ त्यसलाई अलग्गै प्रकारका रूपमा उल्लेख गरिएको छैन । रसभाव समाहित वक्रताको छुट्टै प्रकारको वर्णविन्यास वक्रताको प्रकार हुन्छ (वर्मा, सन् १९८५ : ७६५) भनिए पनि वर्णविन्यास वक्रताका सबै प्रकारमा वर्ण्य विषयको भाव अनुकूल वर्णविन्यास हुनै पर्ने समष्टि विशेषताका कारण त्यो अलग प्रकारको वक्रता भनेर मान्नु उपयुक्त देखिँदैन । उपर्युक्त तालिका बमोजिम वर्णविन्यास वक्रताका प्रकारहरू कुन्तकद्वारा प्रतिपादित छन् । कृति विश्लेषणमा सहज रूप दिनका लागि उनीद्वारा वर्गीकृत गरिएका उपर्युक्त भेदहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

वर्णविन्यास वक्रता : (१) अनियत स्थान आवृत्ति वक्रता (अनुप्रासरूप)

(क) एकवर्णविन्यास वक्रता

(अ) व्यवधान (१)

(आ) अव्यवधान (२)

(ख) द्विवर्णविन्यास वक्रता

(अ) व्यवधान (३)

(आ) अव्यवधान (४)

(ग) बहुवर्णविन्यास वक्रता

(अ) व्यवधान (५)

(आ) अव्यवधान (६)

(घ) संयुक्त वर्णविन्यास वक्रता

(अ) तलनादि द्वित्व (७)

(आ) वर्गान्तयोगी स्पर्श (८)

(इ) रेफादियुक्त शिष्ट वर्ण (९)

(ङ) यमकाभास (१०)

(२) नियतस्थान आवृत्ति (यमक रूप) यमक वक्रता (११)

### २.३.१ अनियत स्थान आवृत्ति वक्रता (अनुप्रासरूप वक्रता)

अनियत स्थान आवृत्ति वक्रता भनेको वाक्यको जुनसुकै स्थानमा देखिने वक्रता हो । यस्तो वक्रताका लागि वाक्यमा कुनै निश्चित स्थान निर्धारित भएको हुँदैन । जुनसुकै ठाउँमा आवृत्त भए पनि आवृत्त वर्णहरूले वक्रता वा सौन्दर्य उत्पन्न गरेको हुनुपर्दछ । कुन्तकले भनेका छन् : यो वर्णविन्यास वक्रता शब्दालङ्कार हो र यो स्थान नियमविना नै सम्पूर्ण वाक्यको विषयरूप मानेर प्रतिपादन गरिएको हुन्छ (कुन्तक १ : ५ वृत्ति) । यस्ता वर्णविन्यास वक्रतालाई व्याख्याकार विश्वेश्वरले अनुप्रासरूप वक्रता भनेका छन् । यस्ता वक्रताका प्रकारहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

#### (क) एकवर्णविन्यास वक्रता

वाक्यको जुनसुकै ठाउँमा आवृत्त भएर आउने व्यञ्जन वर्णको विन्यास भएको वक्रता एक वर्णविन्यास वक्रता हो । यस्तो वक्रतामा वर्णहरू दुई प्रकारले आवृत्त

हुन्छन्, व्यवधानयुक्त र अव्यवधानयुक्त । थोरै अन्तर वा व्यवधानपश्चात् उही वर्णको आवृत्ति पुनः पुनः हुँदा व्यवधानयुक्त एकवर्णविन्यास वक्रता हुन्छ भने निर्बाध वा कुनै व्यवधानविना उही वर्ण पुनः पुनः दोहोरिन्छ भने त्यो अव्यवधानयुक्त एकवर्णविन्यास वक्रता हुन्छ । कुन्तकले एकवर्ण व्यवधानयुक्त आवृत्तिको रूपमा 'विनिवेशित' भन्ने पदमा वकार र 'सौन्दर्यधूर्य' भन्ने पदमा यकारको उदाहरण दिएका छन् भने एकवर्णको अव्यवधानयुक्त रूपमा 'कज्जल' शब्दमा 'ज्ज' लाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । उनले व्यञ्जन वर्ण आवृत्त हुँदा स्वर वर्णको वैषम्य भए पनि वक्रता हुने कुरो उल्लेख गरेका छन् ।

**(ख) द्विवर्णविन्यास वक्रता**

वाक्यको जुनसुकै ठाउँमा पनि आवृत्त भएर आउने दुई वर्णहरूको विन्यासजन्य वक्रता द्विवर्णविन्यास वक्रता हो । यस्तो वक्रतामा वर्ण दुई प्रकारले आवृत्त हुन्छन् : व्यवधानयुक्त र अव्यवधानयुक्त । थोरै अन्तरको व्यवधानपश्चात् पुनः पुनः उनै दुई वर्ण आवृत्त हुँदा द्विवर्णविन्यासको व्यवधानयुक्त आवृत्तिजन्य वक्रता हुन्छ भने विना कुनै व्यवधान दुई वर्ण पटक पटक आवृत्त हुँदा दुई वर्णको अव्यवधानयुक्त आवृत्तिजन्य वक्रता हुन्छ । कुन्तकले द्विवर्णको व्यवधानयुक्त आवृत्तिका रूपमा 'तालताली' मा त् ल् को उदाहरण दिएका छन् भने द्विवर्णको अव्यवधानयुक्त आवृत्तिका रूपमा 'कदलदल' मा द् ल् द् ल् तथा 'केलिकलित' मा क् ल् को दुई पटक आवृत्तिलाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । उनले द्विवर्णको आवृत्ति हुँदा पनि व्यञ्जन वर्णमा स्वर वर्णको विषमता भए पनि फरक नपर्ने कुरो बताएका छन् ।

**(ग) बहुवर्णविन्यास वक्रता**

वाक्यको जुनसुकै ठाउँमा आवृत्त भएर आउने बहुवर्णको विन्यासजन्य वक्रता बहुवर्णविन्यास वक्रता हो । यस्तो वक्रता दुई प्रकारको हुन्छ : व्यवधानयुक्त र अव्यवधानयुक्त । व्यवधान वा थोरै अन्तरपश्चात् पुनः पुनः व्यञ्जन वर्णसमूह आवृत्त भएर आउँदा हुने बहुवर्णविन्यास वक्रता व्यवधानयुक्त हुन्छ । विना अन्तर वा अव्यवधान वञ्जन वर्णसमूहहरू आवृत्त भएर आउँदा अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रता हुन्छ । आचार्य कुन्तकले व्यवधानयुक्त बहुवर्णविन्यास वक्रताको उदाहरणका

रूपमा 'सरलतरलतालासिका' पदावलीलाई उदाहरणका रूपमा लिएका छन् भने अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रताको लागि पनि 'सरलतरलतालासिका' लाई उदाहरणका रूपमा लिएका छन् । उनले 'चकितचातकमेचकितवियति वर्षात्यये' श्लोकांशमा 'चकित-चकित' मा आउने च् क् त् जस्ता बहुवर्णको दुई पटक आवृत्तिलाई बहुवर्णविन्यास व्यवधानयुक्तताको उदाहरण दिएका छन् ।

### (घ) संयुक्तवर्णविन्यास वक्रता

वाक्यको जुनसुकै ठाउँमा प्रयुक्त भएर आउने पञ्चम वर्णसँग आ-आफ्नो वर्गका वर्णहरूको संयुक्त प्रयोग (१), तलन वर्ण द्वित्व भएर आउने संयुक्त प्रयोग (२) र यीदेखि बाहेक (य व श स ह क्ष त्र ज्ञ) वर्णहरूसँग रेफको संयोगबाट हुने संयुक्त प्रयोगबाट जुन चारुता वा वक्रता सृजना हुन्छ त्यस्तो वर्णविन्यास वक्रता (३) लाई संयुक्त वर्णविन्यास वक्रता भनिन्छ । यसलाई अवस्थी (२०५३), पोखरेल (२०५८) र खनाल (२०६८) ले ध्वनितात्त्विक वर्णविन्यास वक्रता भनेका छन् । वर्गान्त, तलन र रकारादि संयुक्त शेषवर्ण सबै वर्ण कुनै न कुनै रूपमा संयुक्त वर्णको संरचनामा प्रयुक्त हुने भएकाले यहाँ तिनलाई संयुक्त वर्णविन्यास वक्रता भनिएको हो । संयुक्त वर्णविन्यास वक्रतामा तलनादयः (कुन्तक २ : २) .भनेर आदि शब्दको प्रयोग गरेको हुँदा जुनसुकै द्वित्व वर्णहरूलाई समेट्न सकिने सङ्केत पाइन्छ, तापनि यहाँ अन्य वर्णको द्वित्व प्रयोगलाई विश्लेषणको विषय बनाइएको छैन ।

कुन्तकले 'वर्गान्तस्पर्शी' वक्रताको उदाहरणका रूपमा दिएको श्लोकका उन्निद्र पिशङ्गिताङ्गा, गुञ्जन्ति, मञ्जु, बन्धु, चुम्बि, विम्बम् आदि शब्द उल्लेख गरेका छन् । त्यस्तै तलनादि द्वित्वको उदाहरणका रूपमा 'प्रथममरुणच्छायः' को च्छ लाई दिएका छन् भने रकारादि संयुक्त शिष्ट वर्णको उदाहरणमा प्र, ध्व, क्ष, जस्ता संयुक्त व्यञ्जन वर्णहरू र 'सौन्दर्यधूर्य' को र्य वर्णलाई प्रस्तुत गरेका छन् । साथै 'कल्हार' शब्दको साहचर्यमा संयुक्त 'ह्लार' शब्द पनि यस्तो वक्रताको उदाहरणका रूपमा उनले प्रस्तुत गरेका छन् । यसबाट रेफसँग मात्र संयुक्त हुने नभई 'रआदि' अर्थात् अन्य य व र श ष स ह क्ष त्र ज्ञ वर्णहरू पनि एक आपसमा संयुक्त भई सिर्जना हुने वक्रिम सौन्दर्यलाई समेत यसै वक्रताभित्र समेटेका छन् ।

**(ङ) यमकाभास वर्णविन्यास वक्रता**

आचार्य कुन्तकले व्यवधानयुक्त र अव्यवधानयुक्त रूपमा स्वरवैषम्य/स्वरको सारुप्यविना पनि व्यञ्जन वर्णको आवृत्त भएको र बेग्लै प्रकारको चमत्कार सिर्जना भएको स्थितिमा यमकाभास वक्रताको सौन्दर्य उद्दीप्त हुने कुरा बताएका छन् । यमकाभासको सम्बन्ध यस्तो वर्ण चमत्कारसँग छ जसमा भिन्नार्थक वर्णयोजना सर्वथा समान नभएर थोरै फरक हुन्छ (कुन्तक भूमिका : ५६) । त्यो थोरै फरक भनेकै स्वरको असारुप्यता वा वैषम्य हो । कुन्तकले भनेका छन् : यो (वक्रता) अकारादि स्वरहरूको असारुप्य अर्थात् असमान हुँदा पनि कहीँ कहीँ अथवा कुनै आवृत्त हुनेवाला समुदायको कुनै एक भागमा अर्कै खालको वक्रता पोषण गर्दछ (कुन्तक, ३ वृत्ति) । यसो भनेर उनले उदाहरणका रूपमा 'राजीवजीवितेश्वरे' को जीव, जीवि 'धूसरसरिति' मा सर र सरि 'स्वस्था सन्तु वसन्त' मा सन्तु र सन्त तथा 'तालतालि' मा ताल र तालि जस्ता व्यवधान र अव्यवधानयुक्त दुवै खाले उदाहरण दिएका छन् । यी दुवै खाले भेदहरूले युक्त वर्णविन्यास वक्रताद्वारा विशिष्ट वाक्यविन्यास यमकका समान वा यमकाभास हो (कुन्तक २ : ३ वृत्ति) । यसमा पदहरू विशेष प्रकारले त्यसरी विन्यास गरिएका हुन्छन् जसरी मोतीका हारका बीचमा मणि उनिएको हुन्छ (कुन्तक, २ : ३ वृत्ति) जसले सहृदयहरूको हृदयलाई हरण गर्दछ ।

यसरी यमकाभास वक्रतालाई आचार्य कुन्तकले मोतीको हारका बीचको मणि उनिँदा जति सुन्दर हुन्छ त्यति नै अलङ्कारहरूका बीचमा अलङ्कार गाँसिदा हुने सुन्दरताको नमुनाका रूपमा प्रस्तुत गरेको पाइन्छ । यसर्थ यमकाभास वक्रता भनेको दुई र बहुवर्णविन्यास वक्रता नै हो तर त्यो वक्रता स्वरवैषम्ययुक्त भए पनि अलङ्कारै अलङ्कारले विभूषित हुन्छ भन्ने मान्यता उनले राखेका छन् ।

### २.३.२ नियतस्थान आवृत्ति वक्रता

नियत स्थान आवृत्ति वक्रता भनेको वाक्यको आदि, मध्य वा अन्त्यमध्ये कुनै निश्चित स्थानमा आवृत्त हुने वर्णसमुदायको आवृत्तिजन्य वक्रता हो । यसै वक्रतामा वाक्यको कुनै स्थान विशेष निश्चित गरिएकाले र त्यसैबाट सौन्दर्य सिर्जना हुने हुँदा यसका लागि उनले अलग दुई कारिकामा विशेष लक्षण दिएका छन् । त्यस वक्रतालाई कुन्तक

स्वयम्ले यमक वक्रता भनेका छन् । यस वक्रतालाई आचार्य विश्वेश्वरले यमकरूप वक्रता भनेका छन् ।

### २.३.३ यमक वक्रता

समान वर्ण तर भिन्न अर्थ भएका, प्रसाद गुणले युक्त, श्रुतिमधुर, औचित्ययुक्त प्रारम्भ आदि स्थानमा शोभित हुनेवाला जुन प्रकार छ त्यसलाई यमक वक्रता भनिन्छ (कुन्तक, २ : ६) । यो वर्णविन्यास वक्रतामा पनि अनुप्रासरूप वर्णविन्यास वक्रताका सम्पूर्ण विशेषताहरू रहन्छन् भन्ने कुन्तकको मान्यता छ । उनले यस वक्रतामा वर्णविन्यास वैचित्र्यका अतिरिक्त अर्को विशेष विशेषता देखिँदैन भनेका छन् र यसको उदाहरण उनले 'रघुवंश' महाकाव्यको नवम सर्गको वसन्त वर्णनमा छ भनेका छन् (वजी, २ : ७ वृत्ति) ।

वर्णविन्यास वक्रताका यी सबै प्रकारहरूमा हुनुपर्ने विशिष्ट विशेषताका रूपमा कुन्तकले केही निश्चित मापदण्ड वा सीमा निर्धारण गरिदिएका छन् । उनले भनेका छन् (१) यो वर्णविन्यास वक्रता वक्रता सिर्जना गर्ने आग्रहले रचित हुनुहुँदैन (२) अपेशल वा असुन्दर वर्णहरूद्वारा सजाइनु हुँदैन (३) एउटै वर्णको लामो समयसम्म आवृत्ति हुनुहुँदैन र (४) पहिले आवृत्त भएका वर्णहरूलाई छोड्दै नयाँ नयाँ वर्णहरूको आवृत्ति गरी मनोहर र सुन्दर बनाउनुपर्छ । यी विशेषता उनले वर्णन गरेका सबै खाले वक्रतामा रहनुपर्ने उनको धारणा छ । यस्तो वक्रता वर्णहरूको सौन्दर्य अनुसार, गुण र मार्गहरूको अनुसरण गर्ने खालको हुन्छ भन्दै उनले यसै वक्रतालाई पूर्वाचार्यहरूले वृत्ति वैचित्र्यले युक्त भनेका छन् (कुन्तक, २ : ५) भनी उल्लेख गरेका छन् र कुन्तकले यसै वर्णविन्यास वक्रताभित्र सम्पूर्ण गुण, वृत्ति, शब्दालङ्कार सबै समाहित हुन्छन् भन्ने चुरो कुरो बताएको समेत बुझिन्छ । यसबाट वर्ण प्रयोगजन्य चमत्कारको अध्ययन गर्ने वर्णविन्यास वक्रता भित्रै शब्दालङ्कार, गुण, वृत्ति, रीति आदि समेत समाहित हुने कुरो प्रस्ट हुन्छ ।

## २.४ वक्रोक्तिका मार्ग र मार्गमा आश्रित रहने गुण

### २.४.१ वक्रोक्तिका मार्ग

पूर्वाचार्यहरूले जेलाई रीति भनेका छन्, त्यसलाई आचार्य कुन्तकले मार्ग भनेका छन् भने रीतिको नामकरणका सम्बन्धमा पूर्वाचार्यहरूले स्थान, प्रदेश (विदर्भ आदि) विशेषलाई आधार माने भने कुन्तकले स्थान र प्रदेशविशेषका आधारमा होइन कविको काव्यरचना स्वभाव (सुकुमारादि) का आधारमा मार्गको नाम राख्न उपयुक्त हुने माने ।

उनले काव्य रचना देश विशेषको धर्म नभई कविमा रहने शक्ति, व्युत्पत्ति र अभ्यासमा आधारित हुने हुनाले रीतिलाई उत्तम, मध्यम र अधम मान्नु अनुपयुक्त हो भनेका छन् (अधिकारी, २०६९ : ११) । यसरी वैदर्भी रीतिलाई उत्तम रीति मानेर काव्यका श्रेणी मान्दा वैदर्भी बाहेक अन्य रीतिका काव्य रचना नै व्यर्थ हुन्छ, किन भने उत्तमलाई छाडेर मध्यम, अधम काव्य किन रचना गर्ने ? (कुन्तक, १ : ४ वृत्ति) । यसरी वक्रोक्ति सिद्धान्तमा उनले पूर्वाचार्यहरूद्वारा नामकरण गरिएका वैदर्भी आदि रीतिको खण्डन गर्दै सुकुमारादि मार्गको नाम दिए भने काव्यवृत्तिलाई उच्च र तुच्छ ढङ्गले श्रेणीमापन र वर्गीकरण गर्ने परम्पराप्रति पनि आपत्ति जनाई सुकुमार काव्य, विचित्र काव्य र मध्यम काव्य जस्ता सन्तुलित नामकरणको अवधारणा पेस गरेको देखिन्छ । हरेक कविको स्वभाव फरक फरक हुने हुँदा मार्ग पनि प्रत्येक कवि अनुसार फरक फरक र असङ्ख्य हुन्छन् भन्दै उनले ती सबैलाई तिन मार्गमा समेट्न सकिने तर्क प्रस्तुत गरे । उनका दृष्टिमा वक्रोक्तिका त्यस्ता मार्ग तिन छन् :

(क) सुकुमार मार्ग

(ख) विचित्र मार्ग

(ग) उपयात्मक/मध्यम मार्ग

**(क) सुकुमार मार्ग**

यो सुकुमार मार्ग दोषरहित हुनाका साथै अपूर्व शक्तिद्वारा समुल्लसित हुन्छ । सहृदयलाई आह्लादित गराउन समर्थ शब्द र अर्थको सन्तुलित प्रयोगको कारण यो सुकुमार मार्ग अत्यन्त रमणीय हुन्छ । यसमा हृदयाह्लादक अलङ्कारहरू हुन्छन् र रमणीय वाक्यविन्यासमा पदार्थको रमणीय स्वभाव सौन्दर्यको वर्णन हुन्छ । कविप्रतिभा मापन गर्नै नसकिने खालको हुन्छ अर्थात् त्यो कवि प्रतिभा विधाताको कौशलबाट निर्मित सृष्टिको उत्कर्ष बराबर हुन्छ । कवि प्रतिभाजन्य अलङ्कार वैचित्र्यले सुसज्जित हुनु सुकुमार मार्गको वैशिष्ट्य हो । संस्कृत साहित्यका कालिदास र भवभूति यस मार्गअन्तर्गत पर्दछन् । नेपाली साहित्यका लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, भूपी शेरचन जस्ता साहित्यकारहरूलाई यस वर्गमा राख्न सकिन्छ । स्वाभावोक्ति यसको प्राण हो । सुकुमार मार्गका लक्षण र विशेषता वक्रोक्तिजीवितम्' को प्रथम उन्मेषका २५ देखि २९ कारिकासम्ममा उल्लेख गरिएको

छ । त्यहाँ उल्लेख गरिएका लक्षणका आधारमा समालोचक नगेन्द्र (१९९५ : १७५) ले सुकुमार मार्गका लक्षणलाई निम्नलिखित बुँदामा समेटेका छन् :

(१) सहज प्रतिभाको स्फुरण

(२) स्वाभाविक सौन्दर्य

(३) आहार्य कौशलको अभाव

(४) रसज्ञहरूको मनको अनुरूप सरसता

(५) अलौकिक तथा अविचारित वैदग्ध्य

(६) शब्द र अर्थको सहज प्रतिभाजनित चमत्कार

(७) अनायास रचित परिमित अलङ्कारहरूको स्थिति

यसरी जुन कविको स्वभाव उपर्युल्लिखित बुँदाका विशेषतायुक्त काव्य-कृतिको रचना गर्ने खालको हुन्छ त्यस कविलाई सुकुमार मार्गी कवि, त्यस्तो कविले रचना गरेको काव्यलाई सुकुमार काव्य भन्नु समीचीन देखिन्छ ।

**(ख) विचित्र मार्ग**

यो विचित्र मार्गमा साहित्यकारले कुनै परिश्रमविना नै शब्द र अथभित्र वक्रता पैदा गर्दछन् । यसमा एकपछि अर्को अलङ्कार गाँसिँदै जान्छन् । अलङ्कार्य अलङ्कारद्वारा आच्छादित हुन्छ । पदार्थ वा वास्तुको नवीन वर्णन नभए पनि उक्तिवैचित्र्यका कारण सो वर्णन अलौकिक र विशिष्ट बन्दछ । कविले आफ्नो प्रतिभाको सतत प्रयासबाट आफ्नो रुचिअनुरूप सामान्य पदार्थलाई त्यस पदार्थको वास्तविक रूपभन्दा पनि अझै चमत्कारयुक्त बनाएर वर्णन गर्दछ । अतिशयोक्ति यसको प्राण हो । विचित्र मार्गको लक्षण र विशेषता 'वक्रोक्तिजीवितम्' को प्रथम उन्मेषको ३४ देखि ४३ कारिका र त्यसका वृत्तिमा उल्लेख गरिएको छ । तिनै लक्षणलाई आधार बनाएर नगेन्द्र (१९९५ : १७७) ले विचित्र मार्गका विशेषता र लक्षणलाई निम्नलिखित बुँदामा समेटेका छन् :

(१) शब्द र अर्थको प्रतिभाजन्य चमत्कार

(२) अलङ्कारहरूको जगमगाहट

(३) उक्तिवैचित्र्य

(४) प्रतीयमान अर्थको चमत्कार

(५) वक्रोक्तिको अतिरञ्जना

यसरी जुन कविको स्वभाव वा रचना उपर्युल्लिखित वैशिष्ट्यले युक्त हुन्छ त्यस्तो कृतिलाई विचित्र मार्गी काव्य  र त्यस्तो कृति रचना गर्ने कविलाई विचित्र मार्गी कवि भन्नु समीचीन देखिन्छ ।

**(ग) मध्यम मार्ग**

यसमा सुकुमार मार्ग र विचित्र मार्गका विशेषताहरू समन्वित रूपमा विद्यमान रहन्छन् । मध्यम मार्गका लक्षण र विशेषता 'वक्रोक्तिजीवितम्' को प्रथम उन्मेषको ४९ देखि ५३ कारिकासम्म उल्लेख गरिएको छ । त्यहाँ उल्लेख गरिएका लक्षणका आधारमा नगेन्द्र (१९९५ : १७७) ले मध्यम मार्गका विशेषतालाई निम्नलिखित बुँदामा प्रस्तुत गरेका छन् :

(१) सहज तथा आहार्य शोभाको उत्कृष्ट रूपको समन्वय

(२) मध्यम वृत्तिको अवलम्बन

## २.४.२ मार्गमा आश्रित रहने गुण

आचार्य कुन्तकले गुणको स्वतन्त्र सत्ता स्वीकार नगरी गुणलाई मार्गका अधीन राखेका छन् । त्यसैले उनका दृष्टिमा जति मार्ग छन् ती सबैका गुणका पपनि पृथक् पृथक् विशेषता छन् । त्यसैले उनले गुणलाई मार्गाश्रित भनेका छन् । उनले गुणलाई सामान्य र विशिष्ट गरी दुई वर्गमा बाँडेका छन् । सामान्य अन्तर्गत सौभाग्य गुण र औचित्य गुण पर्दछन् । यी सबै मार्गमा पदहरूदेखि लिएर प्रबन्धसम्म विद्यमान रहन्छन् । विशिष्ट गुण अन्तर्गत माधुर्य, प्रसाद, लावण्य र अभिजात्य गुण पर्दछन् जुन गुणहरू सकुमार मार्ग, विचित्र मार्ग र मध्यम मार्ग सबैमा आ-आफ्नै विशेषताका साथ विद्यमान रहन्छन् । विभिन्न मार्गमा आश्रित रहने गुणका विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**(क) विशिष्ट गुण**

**(अ) माधुर्य गुण**

(१) सुकुमार मार्गमा आश्रित रहने माधुर्य गुणमा असमस्त शब्द हुन्छन्, श्रुतिरमणीयता र अर्थ रमणीयताले गर्दा सहृदयको हृदयलाई आह्लादित तुल्याउने पदहरूको विशेष विन्यास हुन्छ ।  असमस्त एवम् श्रुतिरमणीयता तथा अर्थ

रमणीयताका कारण सहृदयहरूलाई आनन्दित गर्ने खालका पदहरूको विशेष विन्यास हुन्छ (वजी, १ : ३० वृत्ति)

(२) विचित्र मार्गमा रहने माधुर्य गुण पदहरूको वैचित्र्यको समर्थक हुन्छ । त्यसमा शिथिलताको अभाव सन्निवेश सौन्दर्यको कारण बन्दछ (वजी, १ : ४४)

(३) मध्यम मार्गमा रहने माधुर्य गुण केही सुकुमार मार्ग र केही विचित्र मार्गका विशेषताहरूद्वारा विभूषित हुन्छ ।

**(आ) प्रसाद गुण**

(१) सुकुमार मार्गको प्रसाद गुण सरलतापूर्वक अभिप्राय व्यक्त गर्ने सबभन्दा पहिले विवक्षित अर्थ बुझिने हुन्छ । यसमा सबै शृङ्गारादि रस तथा सबै अलङ्कार त्यसका विषय हुन्छन् । असमस्त पदहरूको प्रयोग र प्रसिद्ध शब्दहरूको प्रयोग हुन्छ ।

(२) विचित्र मार्गको प्रसाद गुण केही फरक हुन्छ । यसमा केही समस्त प्रयोगको न्यास हुन्छ, केही ओजस्‌को स्पर्श हुन्छ । अरू सबै सुकुमार मार्गकै प्रसादका लक्षण विद्यमान हुन्छन् । एउटै वाक्यमा त्यस वाक्यार्थलाई प्रस्तुत गर्न जहाँ अनेक वाक्य पदहरू जस्तै विन्यस्त हुन्छन्, त्यहा पनि विचित्र मार्गको प्रसाद गुण रहन्छ ।

(३) मध्यम मार्गको प्रसाद गुणमा सुकुमार मार्ग र विचित्र मार्गका प्रसाद गुणकै विशेषताहरू उभयात्मक वा मिश्रित रूपमा विद्यमान रहन्छन् ।

**(इ) लावण्य गुण**

(१) सुकुमार मार्गको लावण्य गुण वर्णहरूको विना कुनै व्यसन वैचित्र्यपूर्ण विन्यासद्वारा उद्‌भासित हुन्छ ।

(२) विचित्र मार्गको लावण्य गुण त्यसभन्दा केही व्यतिरेक प्राप्त गर्दछ । पदहरूको अन्त्यमा विसर्ग प्रयोग र संयुक्त वर्णको ज्यादा प्रयोग यसका विशेषता हुन् ।

(३) मध्यम मार्गको लावण्य गुणमा सुकुमार मार्गको लावण्य गुण र विचित्र मार्गको लावण्य गुणका विशेषताहरू मिश्रित रूपमा रहन्छन् भन्ने कुन्तकको मान्यता छ ।

**(ई) अभिजात्य गुण**

(१) सुकुमार मार्गमा रहने अभिजात्य गुण श्रुतिरमणीयताबाट सुशोभित एवम् हृदयलाई छुन्छ र सहज रमणीय कान्ति प्रदीप्त पार्दछ ।

(२) विचित्र मार्गमा रहने अभिजात्य गुण न त कोमल हुन्छ न त कठोर नै । यो कविको निपुणताद्वारा रचित हुनाको कारण रमणीय बन्दछ ।

(३) मध्यम मार्गमा रहने अभिजात्य गुणमा सुकुमार मार्गको अभिजात्य गुणका र विचित्र मार्गको आभिजात्य गुणका विशेषताहरू विद्यमान रहन्छन् ।

**(ख) सामान्य गुण**

**(अ) सौभाग्य गुण**

काव्यका उपादेय तत्त्वहरू शब्दहरूका माध्यमबाट जुन तत्त्व प्राप्त गर्न कविले आफ्नो शक्ति बडो सावधानीपूर्वक प्रयोग गर्दछ त्यहाँ सौभाग्य गुण हुन्छ । कवि प्रतिभा र काव्यका सम्पूर्ण उपादेय सामग्रीद्वारा यो प्रकट हुन्छ । यो सहृदयहरूका हृदयमा अलौकिक चमत्कार सृष्टि गर्ने खालको हुन्छ ।

**(आ) औचित्य गुण**

पदार्थको उत्कर्ष स्पष्ट ढङ्गले परिपुष्ट हुने उचित कथनयुक्त उक्तिप्रकार नै औचित्य गुण हो । यसमा औचित्यका अनुरूप अलङ्कारको विन्यास सौन्दर्य ल्याउन सक्षम हुन्छ ।

## २.५ वर्णविन्यास वक्रता र साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्प

### २.५.१ वर्णविन्यास वक्रता र अलङ्कार

अलम्+कृ+घञ् मिलेर बनेको तत्सम शब्द अलङ्कारको सोझो अर्थ पूर्ण पार्नु, सुसज्जित पार्नु, गहनाद्वारा सजाउनु भन्ने हो । जसले शोभा दिन्छ (अलम् करोति) त्यो अलङ्कार हो । जसले अलङ्कृत गर्छ (अलङ्क्रियते अनेन) त्यो अलङ्कार हो । साहित्यमा सौन्दर्यको खोजीका क्रममा आएका विभिन्न सिद्धान्तमध्ये अलङ्कार पनि एक हो । साहित्यमा अलङ्कारको अर्थ वाणीको सजावट हो र भावको सौन्दर्यमय अभिव्यक्ति भन्ने अर्थ पनि यसबाट बुझ्न सकिन्छ । शब्द वा अर्थमा रहेको जुन विशेष वैचित्र्यले काव्य सुशोभित भई श्रोता/बोद्धाहरूको हृदयमा भित्री आनन्दोल्लासरूप चमत्कार पैदा गर्दछ त्यही वैचित्र्यको साधन अलङ्कार पदार्थ हो (सिग्द्याल, २०५८ : २१२) । शब्द र अर्थमा रहेको विशेष वैचित्र्यलाई अलङ्कार मान्दै सिग्द्याल शब्दवैचित्र्यका बारेमा भन्छन् :

"शब्दमा वैचित्र्य गराउने उस्तै किसिमका वर्ण वा वर्णसमुदायको बारम्बार विन्यास हो र त्यसबाट एक किसिमका ध्वनितरङ्गका झङ्कारले कान गुञ्जित हुँदा श्रोताहरूलाई विशेष आनन्द  मिल्ने हुन्छ" (सिग्द्याल, २०५८ : २१३) । वर्णविन्यास वक्रतामा पनि वर्णविन्यासगत सौन्दर्यकै चर्चा हुने र शब्दालङ्कारको अनुप्रास अलङ्कारमा पनि शब्द र शब्दमा प्रयुक्त वर्णहरूको आवृत्तिद्वारा उत्पन्न हुने श्रुतिसौन्दर्यकै चर्चा गरिने हुँदा यी दुईका बीचको सम्बन्ध स्वतः स्पष्ट हुन्छ ।

वर्णविन्यास वक्रताको विशेष सम्बन्ध शब्दालङ्कार र त्यसभित्रका अनुप्रास र यमकसँग रहेको कुरो आचार्य कुन्तकले पनि उल्लेख गरेका छन् । यही वर्णविन्यास वक्रता चिरन्तनहरूमा अनुप्रासको नामले प्रसिद्ध छ (कुन्तक, १ : १९ वृत्ति) । यमक नामको कुनै यसको भेद पनि देखिन्छ (कुन्तक, २ : ७) । यसरी आचार्य कुन्तकले वर्णविन्यास वक्रताद्वारा उत्पन्न हुने जुन शोभातिशय चारुता वा वक्रता छ त्यसलाई चिरन्तनहरूले अनुप्रास र यमक नामबाट उल्लेख गरेका छन् भनी अनुप्रास र यमक जस्ता शब्दालङ्कारलाई वर्णविन्यास वक्रतासँग सम्बन्धित तुल्याएका छन् । आचार्य कुन्तकले आफू भन्दा पनि पूर्ववर्ती आचार्यहरूले उल्लेख गरेका अनुप्रासका उदाहरणलाई नै वर्णविन्यास वक्रताका उदाहरणका रूपमा अघि सारेका छन् । अर्थात् जसरी कुन्तक केवल व्यञ्जन विन्यासलाई मात्र महत्त्व दिन्छन् स्वरसाम्यलाई होइन, त्यसै प्रकार अनुप्रास अलङ्कार मान्नेहरू पनि अनुप्रासमा स्वरको वैषम्य भए पनि केवल व्यञ्जनहरूको साम्यलाई मात्र महत्त्व दिन्छन् (विश्वेश्वर, २०१२ : १७२) । अनेक व्यञ्जनहरूको त्यसै स्वरूप र त्यसै क्रममा एक पटकको आवृत्तिलाई छेकानुप्रास भनिन्छ जस्तै यसै उदाहरणमा 'तालतालि' 'अवतरतरताभ्यास' आदिमा अनेक व्यञ्जनको एक पटक आवृत्ति भएकाले छेकानुप्रास छ (विश्वेश्वर, २०१२ : १७२) । यो उदाहरण कुन्तकले अनेक बहुवर्णविन्यासको अव्यवधानयुक्त आवृत्तिको उदाहरणका रूपमा दिएका छन् । यसरी वर्णविन्यास वक्रताका उदाहरणहरु र अनुप्रासका उदाहरणहरु समान हुने हुँदा यी दुईका बीच अभिन्न सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

### २.५.२ वर्णविन्यास वक्रता र रीति

रीतिको काव्यशास्त्रीय सन्दर्भ अर्थ अभिव्यञ्जनाको शैली हो । वर्णविन्यास वक्रता भनेको पनि कृतिभित्र हुने वर्णहरूको विन्यासजन्य विच्छित्ति हो । रीतिवादका प्रवर्तक वामनले विशिष्ट प्रकारको पदसङघटनालाई रीति माने र रीतिको नामकरण (वैदर्भी आदि)

प्रदेशका आधारमा गरे ।  पूर्वीय काव्यशास्त्री वामनले प्रयोग गरेको रीतिका लागि कुन्तकले मार्ग शब्द प्रयोग गरेका छन् र उनले मार्गलाई कविस्वान्तः स्वभावका आधारमा (सुकुमार, विचित्र र मध्यम) वर्गीकरण गरे । कुन्तकका विचारमा काव्यकृतिको वर्गीकरण गर्ने आधार प्रदेश होइन कवि स्वभाव हो, प्रदेशका आधारमा विभाजन गर्द देशैपिच्छे फरक फरक नाम दिनुपर्ने हुन सक्छ । यसरी रीतिवादमा रीति जेलाई भनियो वक्रोक्तिवादमा त्यसलाई नै मार्ग भनियो । रीतिवादमा रीतिको वर्गीकरण प्रदेश (विदर्भ, गौड आदि) का आधारमा गरियो भने वक्रोक्तिवादमा मार्गको नाम कविहरूको काव्यरचना स्वभावका आधारमा गरियो । वक्रोक्तिवादी कुन्तकले त्यस काव्यका मार्ग वा पन्थ तिन सम्भव छन् (कुन्तक, १ : २४ वृत्ति) भनेका छन् यसरी वक्रोक्तिवादको मार्ग भन्नु नै रीति हो भन्ने बुझिन्छ जसको चर्चा यसै अध्ययनको २.४.१ मा गरिएको छ ।

रीति भनेको विशिष्ट पदसङ्घटना हो (वामन, १ : २) । वर्णविन्यास वक्रता भनेको पनि वर्णहरूको विशिष्ट प्रकारको विन्यासजन्य वक्रता हो । यसरी पदसङ्घटनाभित्र वर्णहरूको संयोजनबाट निर्मित पदहरू नै रहन्छन् । ती पदहरूको विशिष्ट प्रकारको सङ्घटना हुनाका लागि विशिष्ट प्रकारको शब्दयोजना र वर्णगुम्फन हुनु आवश्यक छ । वामनले रीतिलाई काव्यको आत्मा, विशिष्ट पदसङ्घटना र विशिष्टको अर्थ गुणलाई स्वीकारे (वामन, १ : २) । शब्द र अर्थको प्रयोग सौन्दर्यका आधारमा उनले गुणका शब्दगुण र अर्थगुण नामक दुई भेद माने । शब्दगुण भनेका वर्णयोजना पदबन्ध वा शब्दगुम्फनका चित्त चमत्कारी विशेषता हुन् (नेपाल, २००९ : ९८) । यसरी रीतिवादी आचार्य वामनले काव्यको आत्मा रीति भन्नु, शब्द र अर्थगुणयुक्त पदसङ्घटनालाई नै रीति भन्नु र विशेष प्रकारको वर्णयोजनाका चित्तचमत्कारी विशेषतालाई शब्दगुण मान्नाले रीतिवादमा वर्णयोजनागत चमत्कारलाई प्रमुख स्थान दिई त्यसैलाई रीतिको एउटा प्रकार मानिएको पाइन्छ । जुन कुराले वक्रोक्तिवादको वर्णविन्यास वक्रतासँग सामीप्य राख्दछ ।

### २.५.३ वर्णविन्यास वक्रता र वृत्ति

वृत्ति शब्दको साधारण अर्थ सत्ता, भाव, दशा, व्यवहार, आचरण, जीविका, पारिश्रमिक, घुमाइ, गोलाइ आदि हुन आउँछ (वर्मा, १९८५ : ७९७) तर साहित्यशास्त्रमा भने यसको विशिष्ट अर्थ छ । वृत्तिका दुई रूप मानिएका छन्, पहिलो नाट्यवृत्ति र दोस्रो

काव्यवृत्ति । नाट्यवृत्ति चार बताइएका छन् : भारती, कौशिकी, आरभटी र सात्वती (विश्वनाथ, ६ : १२२) ।

काव्यवृत्ति चाहिँ तिन देखिएका छन् : उपनागरिका, परुषा र कोमला । ट् वर्गविहिन, माधुर्य गुणव्यञ्जक तथा सानुनासिक एवम् अनुस्वारयुक्त वर्णयोजनालाई उपनागरिका वृत्ति भन्दछन् । यसको प्रयोग विशेष रूपले शृङ्गार, हास्य र करुण रसहरूमा हुन्छ (वर्मा, १९८५, ७९९) । ओज गुणव्यञ्जक द्वित्ववर्णबहुल तथा संयुक्त वर्णप्रधान रचनालाई परुषा वृत्ति भन्दछन् । यसमा ट् वर्गहरूको प्राचुर्य हुन्छ र यसको प्रयोग वीर, रौद्र र भयानक रसहरूमा हुन्छ (वर्मा, १९८५ : ८००) । जहाँ माधुर्य र ओज गुणव्यञ्जक वर्णहरूभन्दा भिन्न प्रसाद गुणविशिष्ट वर्णरचना हुन्छ त्यहाँ कोमला वृत्ति हुन्छ । यसको प्रयोग शान्त, शृङ्गार र अद्भुत रसहरूमा हुन्छ (वर्मा, १९८५ : ८००) ।

आनन्दवर्धनले काव्यवृत्तिलाई शब्दवृत्ति वा वर्णवृत्ति भनेका छन् । मम्मटले वृत्तिको चर्चा अनुप्रास अलङ्कार अन्तर्गत गरेका छन् र त्यसलाई वर्णविन्यासका रूपमा लिएका छन् । वास्तवमा वर्णविन्यास वा वर्णयोजना नै वृत्तिको प्रमुख आधार देखापर्छ । वास्तवमा वृत्ति भन्नु वर्णयोजना नै हो र रीति पदयोजना (उपाध्याय, २०६९ : १२४) । पदयोजनाभित्र वर्णयोजना समेत समाहित हुने भएकाले वृत्तिलाई रीतिभित्रै अन्तर्भूत गर्ने प्रयास गरिएको पाइन्छ । सङ्घटना र वर्णयोजनाको योगबाट रीतिको निर्माण हुन्छ अतः वृत्ति रीति होइन तर रीतिको एउटा अङ्ग चाहिँ हो (उपाध्याय, २०६९ : १५४) । यसरी रीतिभित्रै वृत्तिलाई समेटिए पनि वा रीति वा वृत्तिलाई एउटै मानिए पनि अथवा रीति र वृत्तिको पृथक् पृथक सत्ता स्वीकार गरिए पनि  वृत्ति भनेको वर्णव्यवहार, वर्णयोजना वा वर्णगुम्फन हो भन्नेमा सबैको एक मत रहेको पाइन्छ । वृत्तिलाई वर्णव्यवहार वा वर्णयोजनाका रूपमा मम्मटादि पूर्वाचार्यहरूले प्रस्तुत गरेका र वर्णविन्यास वक्रताभित्र पनि वर्णहरूको विन्यासगत वक्रता वा चारुताको वर्णन गरिने भएकाले वर्णविन्यास वक्रता र वृत्तिका बीच गहिरो सम्बन्ध देखा पर्छ । आचार्य कुन्तक स्वयम्ले भनेका छन् : त्यस (वर्णविन्यास वक्रता) लाई चिरन्तन (प्राचीन उद्भट आदि) आचार्यहरूले वृत्तिहरू (उपनागरिका आदि) को विचित्रभावद्वारा उल्लेख गरेका छन् (कुन्तक, २ : ५) । यसरी प्राचीन उद्भट, मम्मट, आनन्दवर्धन आदि आचार्यहरूले परुषा, उपनागरिका, कोमला आदि वृत्तिको चर्चा गरेर ती वृत्तिभित्रको वर्णयोजनाका माध्यमबाट जुन कुरा उल्लेख गरेका छन् त्यही कुरालाई आचार्य कुन्तकले

वर्णविन्यास वक्रताका माध्यमबाट व्यवस्थित गर्ने प्रयास गरेका हुन् । यस अर्थमा वर्णविन्यास वक्रता र वृत्ति दुवै वर्णयोजना वा वर्णविन्याससँग सम्बन्धित रहेका देखिन्छन् ।

### २.५.४ वर्णविन्यास वक्रता र गुण

निश्चित वर्णहरूद्वारा व्यञ्जित हुने रसका आन्तरिक धर्मलाई गुण भनिन्छ (उपाध्याय, २०६७ : १४९) । यस भनाइले निश्चित गुणका लागि निश्चित वर्णहरूको प्रयोग हुनुपर्छ र ती निश्चित वर्णहरूद्वारा मात्र गुण व्यञ्जित हुन्छ भन्ने बुझिन्छ । कुन गुणमा कुन वर्ण उपयुक्त हुन्छ भनेर मापन गर्ने आधार भनेको रस हो । रसानुकूल/भावानुकूल निश्चित वर्णहरूको योजनाबाट मात्रै गुण अभिव्यक्त हुन्छ । गुणको सङ्ख्याका बारेमा विभिन्न मत मतान्तर देखिए पनि अन्ततोगत्वा भामहको त्रिगुणवादी मान्यताले विजय पाएको देखापर्छ (उपाध्याय, २०६७ : १४९) । भामहका साथै मम्मट, विश्वनाथ र जगन्नाथ जस्ता विद्वान् पनि त्रिगुणकै मान्यतामा अडिग देखिन्छन् । गुण सिद्धान्तमा त्रिगुण भन्नाले माधुर्य, ओज र प्रसाद गुण भन्ने बुझिन्छ । चित्तलाई पगाल्ने माधुर्य गुण शृङ्गार, करुण र शान्त रसमा उपयुक्त हुने हुँदा यस्ता रसको अभिव्यञ्जनाका लागि ती-ती रसानुकूल निश्चित वर्णहरू निर्धारण गरिएका छन् । चित्तलाई उत्साहद्वारा विस्तारित पार्ने किसिमको ओज गुण वीर, वीभत्स र रौद्र रसका निमित्त उत्तरोत्तर उपयुक्त हुने हुँदा यस्ता रसको अभिव्यञ्जनाका लागि पनि केही निश्चित वर्णहरू निर्धारण गरिएका छन् । प्रसाद गुण चाहिँ सबै रसका निमित्त उपयोगी हुने हुँदा यो गुण वर्णमा आश्रित नभएर सुन्नासाथ वा पढ्नासाथ अर्थबोध हुन सक्ने भएकाले पदयोजनामा आश्रित हुन्छ । त्यसैले यसका लागि जुनसुकै वर्णहरूको प्रयोग गर्न सकिन्छ भन्दै निश्चित वर्णनिर्धारण गरिएको पाइँदैन ।

गुण सिद्धान्तमा त्रिगुणका बारेमा चर्चा भएको छ भने वक्रोक्तिवादमा पनि गुणको चर्चा भएको छ । वक्रोक्तिवादमा विशिष्ट गुण र सामान्य गुण गरी गुणका दुई प्रकार निर्धारण गरी विशिष्ट गुणअन्तर्गत माधुर्य, प्रसाद, लावण्य र अभिजात्य चार गुणको उल्लेख गरिएको छ । वक्रोक्तिवादका प्रणेता कुन्तकले सामान्य गुण अन्तर्गत औचित्य र सौभाग्य गुणको चर्चा गरेका छन् । कुन्तकले गुणलाई मार्ग अन्तर्गत राखी प्रत्येक मार्गका अलग अलग गुण बताएका छन् , जसअनुसार गुणका तिन मार्ग हुन् : सुकुमार, विचित्र र मध्यम मार्ग । यी तिनवटै मार्गमा माधुर्य, प्रसाद, लावण्य र अभिजात्य गुणको स्थिति रहने कुरो

उनले 'वक्रोक्तिजीवितम्' को प्रथम उन्मेषमा सविस्तार उल्लेख गरेका छन् । यसै अध्ययनको परिच्छेद २.४ मा वक्रोक्तिका मार्ग र गुणको चर्चा समेत गरिएको छ ।

वर्णविन्यास वक्रतामा वर्णहरूको विन्यासबाट उत्पन्न काव्यिक साहित्यिक सौन्दर्यको विश्लेषण हुने र गुण सिद्धान्त अन्तर्गतका त्रिगुणहरूमा पनि निश्चित वर्णहरू निर्धारण गरी वर्ण्य विषयलाई रसानुकूल बनाउने कार्यले यी दुवैको विश्लेषणको विषय वर्ण हो भन्ने बुझ्न सकिन्छ । गुणमा जुन जुन वर्णहरूले जुन जुन गुण व्यञ्जित गर्दछन् भनिएको छ वर्णविन्यास वक्रतामा पनि ती ती वर्णहरूको समान एवम् असमान आवृत्तिको विश्लेषण गरिने हुँदा यी दुईका बीच गहिरो सम्बन्ध रहेको र वर्णविन्यास वक्रताको विश्लेषणका क्रममा गुणको पनि विश्लेषण गर्न सकिने हुन्छ ।

### २.५.५ वर्णविन्यास वक्रता र शैली

शैली तत्सम स्रोतको शब्द हो । साहित्यमा यो अङ्ग्रेजी 'स्टाइल' को पर्याय हो (वर्मा, सन् २९८५ : ८३६) । अङ्ग्रेजीमा स्टाइल शब्दले जे अर्थ दिन्छ त्यस अर्थमा नेपालीमा शैली शब्दको प्रयोग भएको पाइन्छ । शैली शब्द स्वयम्मा व्यापक अर्थ एवम् अनेक सन्दर्भमा प्रयुक्त हुनाको कारण अनेकार्थी बनेको छ तर सङ्कुचित अर्थमा शैली भन्नाले भाषिक अभिव्यक्तिको विधि भन्ने बुझिन्छ ।

शैलीको आधुनिक सन्दर्भ प्राचीन सन्दर्भभन्दा भिन्न छ (पाण्डेय, सन् १९९६ : ३५३) । शैलीको यो नवीन सन्दर्भ न त युनानी शैलीशास्त्रको सन्दर्भ हो र न भारतीय काव्यशास्त्रको (पाण्डेय, सन् १९९६ : ३५३) । शैली काव्यभाषिक प्रकार्यहरूमा सौन्दर्यात्मक काव्यात्मक प्रकार्यसँग जोडिन्छ (पाण्डेय, सन् १९९६ : ३५३) । संस्कृत काव्यशास्त्रमा अभिव्यक्ति पद्धतिका लागि शैली शब्दको प्रयोग नभएर रीति वा मार्ग शब्दको प्रयोग भएको छ (उपाध्याय, २०६७ : १५४) । त्यसैले त्यहाँ रीतिलाई शैलीको पर्यायवाची शब्द मान्ने चलन छ तर साहित्यमा प्रयुक्त हुने शैली शब्द र संस्कृत काव्यशास्त्रमा प्रयुक्त भएको रीति शब्दका बीच समानता देखिए पनि शैली शब्दले जेलाई बुझाउँछ रीतिले त्यस कुरालाई सम्पूर्ण रूपमा समेट्न सक्तैन ।

शैली भन्नाले यहाँ साहित्यिक कृतिको ध्वनि वा वर्णयोजनाका आधारमा विश्लेषण गर्ने शैली वैज्ञानिक पद्धति र वर्णविन्यास वक्रता भन्नाले साहित्यिक कृतिभित्र विशिष्ट रूपमा विन्यस्त वर्णयोजनाबाट उत्पन्न चमत्कारको विश्लेषण गर्ने वक्रोक्तिवादी अध्ययन

पद्धति भन्ने बुझ्नुपर्ने हुन्छ । शैली विज्ञान समीक्षाको त्यो नवीन आयाम हो जसले साहित्यको अध्ययन भाषा विज्ञानका सिद्धान्त र प्रविधिका आधारमा गर्दछ । शैली विज्ञानका विभिन्न शाखाहरूमध्ये ध्वनि शैलीविज्ञान, ध्वनि चयन, ध्वनि समानान्तरता, लय छन्दव्यवस्था आदिको अध्ययन गरिन्छ (पाण्डेय, सन् २००६ : ५३३) । ध्वनिस्तरीय तथा शब्द शब्दांश स्तरीय समस्तरता पूर्वीय काव्यशास्त्र अनुसार अनुप्रास अथवा यमक अलङ्कार ...का रूपमा चर्चित छ (चौधरी, सन् १९८३ : २९०) । समानान्तरतामा सामान्यको प्रचलितको पुनः पुनः आवृत्ति वा प्रयोगगत अतिशयताको माध्यमबाट चमत्कारको सिर्जना गरिएको हुन्छ (नेपाल, २०६७ : १४७) । ध्वनिस्तरीय पुनरावृत्ति वा पुनरुक्तिलाई अनुप्रास अलङ्कारका रूपमा काव्यशास्त्रले चर्चा गरेको छ (नेपाल, २०६७ : १४९) । समानान्तरतामा शब्दविन्यासक्रममा आवृत्तिमा नियमितता हुन्छ । पुनरावृत्तिमा कुनै विशेष क्रम आवश्यक हुँदैन (नेपाल, २०६७ : १४९) ।

भामहले काव्यभाषाको अस्तित्व शब्द र अर्थको वक्र प्रयोग वा अतिशयोक्तियुक्त प्रयोगमा निहित हुने कुरा बताए । वक्रोक्तिको यो अवधारणा आधुनिक शैली विज्ञान अन्तर्गत मानकबाट विचलनको अवधारणासित निकै मिल्दोजुल्दो देखिन्छ (नेपाल, सन् २००९ : १०१) । वक्रता वा विचलन भाषा प्रयोगका क्रममा विभिन्न स्तरमा विघटित हुन सक्छ त्यसैका आधारमा कुन्तकले वक्रोक्तिका वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता आदि भेद निरूपण गरेका छन् । आधुनिक शैली विज्ञानमा साहित्यको भाषापरक अध्ययन गर्ने क्रममा ध्वनि वा वर्णका तहलाई आधार बनाई गरिने कृतिविश्लेषण र वर्णविन्यास वक्रतामा वर्णहरूका समान तर व्यवधानयुक्त वा मुक्त रूपमा हुने आवृत्तिलाई आधार बनाएर गरिने कृतिविश्लेषणका बीच नजिकको सम्बन्ध देखापर्छ ।

> ...वक्रोक्ति पद्धतिमा साहित्यिक कृतिको लघुतम भाषिक एकाइ वर्णदेखि सबभन्दा ठुलो एकाइ सङ्कथनसम्म विश्लेषण गर्ने प्रारूप रहेको ...तथ्यले संस्कृत समीक्षा पद्धतिको वक्रोक्ति पद्धति शैलीवैज्ञानिक अध्ययनका निम्ति समर्थ र उपयोगी प्रारूप हो भन्ने ठहऱ्याउँछ (शर्मा, २०५९ : १९९) ।

यसरी शैली विज्ञानको ध्वनि वा वर्णहरूको विश्लेषणबाट कृति विश्लेषण गर्ने पद्धति र वक्रोक्ति सिद्धान्तको वर्णविन्यासजन्य विच्छित्तिका आधारमा कृतिको विश्लेषण गर्ने पद्धतिका बीच अभिन्न सम्बन्ध रहेको ठहर हुन्छ ।

### २.५.६ वर्णविन्यास वक्रता र लय

लय संस्कृत शब्द हो । ली धातुमा अच् प्रत्यय लागेर बनेको लय शब्दले टाँसिनु, मिलाप, लगाव, लुकेको, पग्लनु, घोल, विनाश आदि अर्थलाई बुझाउँछ (आप्टे, सन् १९८९ : ८७२) । भाषिक कृतिका सन्दर्भमा लय ध्वनिको विन्यासबाट सिर्जित हुन्छ । वर्णविन्यास वक्रताको मूल मर्म कुनै पनि कथनमा देखिने भाषिक वर्ण प्रयोगगत वक्रता वा सौन्दर्यपूर्ण चमत्कार हो (अवस्थी, २०५५ : ५२) । वर्णविन्यास  वक्रता कुनै पनि साहित्यिक कृतिका भाषिक रमणीयता, भाषिक श्रुतिपेशलता, लयमाधुर्यसँग सम्बन्धित रहन्छ भन्ने कुरो हेक्का राख्नुपर्छ (अवस्थी, २०५५ : ५२) । यी प्रसङ्गहरूबाट वर्णविन्यास वक्रतासँग लयको सम्बन्ध हुन्छ भन्ने कुरा बुझ्न सकिन्छ । कुन्तकले वर्णविन्यास वक्रतालाई लयात्मकताको सिर्जना गर्ने खालको विशिष्ट किसिमको वर्णसंरचना वा वर्णविन्यासका रूपमा हेरेका छन् (गौतम, सन् २०११ : ८) । यसरी वर्णविन्यास वक्रता अर्थात् वर्णविन्यासबाट उत्पन्न गरिने सौन्दर्य र सौन्दर्यको अर्को सहयोगी तत्त्वका रूपमा रहेको लयका बीच सम्बन्ध रहेको देखिन्छ ।

वर्णविन्यास वक्रतामा वर्णहरूको आवृत्तियुक्त पदपदावली र वाक्यहरू हुन्छन् जसले लयात्मक सौन्दर्य सिर्जनामा अहम् भूमिका खेलेका हुन्छन् । काव्यरचनामा आएका एक, दुई वा बहु वर्णहरूको आवृत्तिलाई वर्णविन्यास वक्रता नाम दिइएको छ । यस प्रकारको वर्णसंयोजनबाट एक प्रकारको लयात्मकताको सृजना हुन्छ जसलाई वर्णविन्यासमा आधारित वक्रता वा विशिष्टता भनिन्छ (गौतम, सन् २०११ : ९) गद्यमा लय भनेको साधारणतः भाषिक ध्वनिबाट उत्पन्न  हुने साङ्गीतिकताभित्र निहित मूर्च्छना हो (नेपाल, सन् २०११ : १२७) । गद्यमा लयको सिर्जना गर्ने विभिन्न तत्त्वहरू हुन्छन् । अनुच्छेद, वाक्ययोजना, संयोजना, वर्णप्रकार, शब्दस्वभाव, घटना विरामचिह्न आदि प्रत्येक तत्त्वले गद्यको लयान्वितिमा योग दिएका हुन्छन् (नेपाल, सन् २०११ : १२७) । यसरी वर्णप्रकार र शब्दस्वभावका आधारमा पनि लय सिर्जना हुन्छ भन्ने कुरा बुझ्न सकिन्छ । वर्णप्रकारका आधारमा लय सिर्जना हुन्छ भन्ने यस भनाइले पनि विभिन्न प्रकारका वर्णहरूको विन्यासबाट लयात्मकता सिर्जना हुन्छ भन्ने कुरो प्रस्ट पार्दछ ।

### २.५.७  वर्णविन्यास वक्रता र रस

काव्य पढ्दा, सुन्दा या अभिनय देख्दा विभावादिको संयोगबाट निष्पन्न हुनेवाला आनन्दात्मक चित्तवृत्ति नै रस हो (वर्मा, १९८५ : ५१८) । त्यस्तो आनन्दात्मक चित्तवृत्ति

निष्पन्न गर्नका लागि प्रयोग गरिने साधन भाषा हो । भाषाका न्यूनतम घटक वर्ण हुन् । वर्ण भावहरूका वाहक हुन् तिनले मनमा विशेष अनुभूतिहरू र भावनालाई सम्प्रेषित गर्दछन् (सिंह, १९७१ : २७७) । रेफको संयोगद्वारा युक्त श् ष् र ढकारको बहुल प्रयोग रसच्यूत हुनाले शृङ्गार रसमा विरोधी हुन्छन् । जब तिनै वर्ण वीभत्सादि रसमा प्रयुक्त गरिन्छन् तब तिनले त्यस रसलाई दीप्त पार्दछन् (आनन्दवर्धन ३ : ३४) । यसरी उचित वर्णप्रयोगबाट रस दीप्त हुने र प्रकट हुने कुरा बुझिन्छ । वर्णविन्यास वक्रता भनेको भावका वाहकका रूपमा रहेको भाषाका वर्णहरूको विन्यासगत चारुता वा विच्छित्ति हो । वर्णविन्यासबाट उत्पन्न हुने वक्रता वा चमत्कारले साहित्यिक अभिव्यक्तिमा एकातिर श्रुतिपेशलता र नाद सौन्दर्यको सिर्जना गर्दछ भने अर्कातिर त्यस्तो श्रुतिपेशल एवम् नादसौन्दर्ययुक्त वर्णहरूको विन्यासबाट निर्मित गद्य/पद्यांशमा हुने अर्थले पाठक/दर्शकका हृदयमा आह्लाद सिर्जना गर्दछ । नादसौन्दर्य र पद्यार्थ दुवैको समन्वित रूप पाठकका लागि आह्लादक सिद्ध हुन्छ (चौधरी, १९८३ : १७६) । वाक्यमा वर्ण आवृत्तियुक्त पदहरूको पटक पटक प्रयोग अर्थात् वर्णसौन्दर्ययुक्त पदहरूको आवृत्ति नै सौन्दर्यको कारण हो । पाठक यही प्रयोगका कारण यसलाई बारम्बार पढ्न चाहन्छ र अर्थबोध भएपछि उक्त नादसौन्दर्य र कविवर्णित विषय दुवै मिलेर पाठकलाई आह्लादित गर्दछन् (चौधरी, १९८३ : १५७) । यसरी वर्णविन्यास वक्रता र पाठकका हृदयमा उत्पन्न हुने आह्लाद, आनन्दात्मक चित्तवृत्तिरूप रसका बीच सम्बन्ध देखा पर्छ ।

वर्णविन्यास वक्रतामा प्रयुक्त हुने वर्णचमत्कारले रसको उद्रेकको उपकारक वा साधनको भूमिका निर्वाह गर्दछ । आचार्य कुन्तकले वर्णविन्यास वक्रतामा प्रयुक्त हुने वर्णहरू कस्ता हुनुपर्छ भन्ने प्रश्न गर्दै भनेका छन् : प्रस्तुत अर्थात् विषयको औचित्यले शोभित हुनुपर्छ (कुन्तक, २ : वृत्ति) । प्रस्तुत अर्थात् रसादिका अनुरूप औचित्यले युक्त र मनोहर हुनुपर्छ (विश्वेश्वर, २ : २ व्याख्या) । यसबाट विचित्र कथनका रूपमा आउने काव्य पढ्दा सुन्दा जुन अर्थ प्रकट हुन्छ वा जुन वर्ण्य विषय हुन्छ त्यही अर्थ वा वर्ण्य विषय र अर्थबोध पश्चात् निष्पन्न हुनेवाला आनन्दात्मक चित्तवृत्ति नै रस हो र त्यस्तो आनन्दात्मक चित्तवृत्ति रुप रस उद्दीप्त गर्ने विभावादिका चेष्टाहरूलाई व्यक्त गर्ने साधन वर्णहरू नै हुने भएकाले वर्णविन्यास वक्रता र रसका बीचको सम्बन्ध साधन र साध्यका रूपमा रहेको कुरो प्रस्टै हुन्छ ।

रसका उद्दीपक नभएर रसका उद्दीपक तत्त्वका रूपमा रहेका चेष्टा आदिलाई व्यक्त गर्ने साधनका रूपमा वर्णहरू रहने भएकाले नै वर्णप्रयोग पनि रसानुकूल/भावानुकूल हुनुपर्छ भन्ने कुन्तकको मान्यता छ । उनले वर्णविन्यास वक्रतामा वर्णहरूको आवृत्ति व्यसनका लागि होइन प्रस्तुत विषयलाई मलिन पार्ने खालको पनि हुनुहुँदैन भनेका छन् । साथै उनले कठोर रसका प्रसङ्गमा कहीँ कहीँ त्यस्ता वर्णहरू पनि प्रयोगका लागि अनुमति दिन सकिन्छ भनेका छन् (कुन्तक, २ : वृत्ति) । यसबाट आचार्य कुन्तकले वर्णविन्यास वक्रतामा प्रयुक्त हुने वर्णहरू कस्ता हुनुपर्छ भन्ने बारेमा जुन कुरा उल्लेख गरे त्यसले वर्णविन्यास वक्रता र रसका बीचको सम्बन्धलाई बुझ्न मद्दत गर्दछ ।

### २.५.८ वर्णविन्यास वक्रता र हास्यव्यङ्ग्य

हास्यव्यङ्ग्य भनेको हास्य र व्यङ्ग्य दुवै भएको रचना वा त्यस्तो साहित्यिक विधा वा सामाजिक विकृति र विसङ्गतिलाई लिएर मानिसलाई हँसाउँदै व्यङ्ग्य समेत गर्ने एक शैली हो (अधिकारी, २०६० : १०६५) । हास्यव्यङ्ग्यमा सामाजिक विकृति र विसङ्गतिलाई विषयवस्तु बनाएर मानिसलाई हँसाउँदै व्यङ्ग्य गरिन्छ । हास्यव्यङ्ग्य साहित्यका सबै विधामा हुन्छ किनभने यो  अलग विधा नभएर हरेक विधालाई अभिव्यक्त गर्ने माध्यम वा शैली हो । हास्य रसका कृतिमध्ये जुन कृतिमा एक मात्र उद्देश्य पाठकलाई मनोरञ्जन दिने राखिएको हुन्छ ती विशुद्ध हास्यप्रधान कृति हुन् भने जुन कृतिमा व्यक्तिगत, सामाजिक एवम् राजनीतिक विद्रूपताहरूमाथि व्यङ्ग्य गर्दै तिनको भर्त्सना एवम् तिनमा सुधारको अपेक्षा समेत राखिन्छ ती व्यङ्ग्यप्रधान कृति हुन् । हास्यव्यङ्ग्यात्मक कृतिमा हास्यको उद्रेक गर्दै व्यङ्ग्यको उद्घाटन गरिन्छ ।

हास्यव्यङ्ग्यात्मक कृतिमा हास्यको उद्रेक गर्ने विभिन्न तत्त्वहरू हुन्छन्, ती तत्त्वहरूमध्ये भाषिक प्रयोग पनि एउटा मुख्य साधन वा कारक हो । वाणी (शब्दावली/भाषा) चेष्टा तथा आकार आदिका विकृतिबाट हास्यरसको अविर्भाव हुन्छ (विश्वनाथ, ३ : २१४) । उक्तिचमत्कार वा वाग्वैदग्ध्य हास्यको एक बौद्धिक स्रोत हो (चतुर्वेदी, सन् १९६३ : ४०) । वाग्वैदग्ध्यको मुख्य क्षेत्र शब्दावली तथा वाणी हो (चतुर्वेदी, सन् १९६३ : ५४) । वाग्वैदग्ध्यका दुई प्रकार छन् : चमत्कार वैदग्ध्य र रसात्मक वैदग्ध्य । यीमध्ये चमत्कार वैदग्ध्यमा वाक्य वा शब्दको अप्रत्याशित प्रयोगपटुता वा विचारहरूको आरेख हुन्छ (चतुर्वेदी, सन् १९६३ : ४२) । 'गलबन्दी' निबन्धसंग्रहको भूमिकामा तारानाथ

शर्मा भन्छन् : "अर्यालका लेखहरूमा भने अनुप्रासबाट उत्पन्न हाँसो समेत स्वाभाविक प्रवृत्तिका रूपमा प्रकट हुन्छ ।" त्यसै गरी 'इतिश्री' निबन्धसंग्रहको भूमिका 'अर्यालको इतिश्री सम्बन्धमा' मा वासुदेव त्रिपाठी भन्दछन् : "अनुप्रास वा शब्दवैचित्र्यको मिठास भर्नमा अर्याल खप्पिस छन् ।" यी भनाइहरूले हास्यव्यङ्ग्य साहित्यमा र विशेष गरी निबन्धमा हास्य सिर्जना गर्ने कारक तत्त्वमध्ये एउटा कुरा अनुप्रास वा वर्णविन्यास जस्तो उक्तिवैचित्र्यपूर्ण भाषिक प्रयोग हो भन्ने सहजै पुष्टि हुन्छ । वर्णविन्यास वक्रता पनि साहित्यिक भाषा (विचित्रकथन) का वाक्यमा निहित वर्णहरूको पुनरावृत्तिजन्य वक्रता वा चारुताको अध्ययन गरी कृतिको विश्लेषण गर्ने एउटा सिद्धान्त हो । वर्णविन्यास वक्रताले वर्णविन्यासबाट उत्पन्न हुने सौन्दर्यको विश्लेषण गर्ने हुँदा हास्योद्रेक र व्यङ्ग्योद्घाटनमा त्यस्तो वर्णविन्यास वक्रताको भूमिकाको खोजी अध्ययनीय विषय भएकाले वर्णविन्यास वक्रता र हास्यव्यङ्ग्यका बीच नजिकको सम्बन्ध रहेको हुन्छ भन्न सकिन्छ ।

व्यङ्ग्य शब्द अङ्ग्रेजीको सटायरको पर्यायवाची अर्थमा नेपालीमा प्रयुक्त हुन्छ । अर्थात् अङ्ग्रेजी भाषामा जेलाई सटायर भनिन्छ नेपालीमा त्यही अर्थमा व्यङ्ग्य प्रयोग हुन्छ । वास्तवमा जब हास्य विशद आनन्द या रञ्जनलाई छोडेर प्रयोजननिष्ठ हुनजान्छ । त्यसले व्यङ्ग्यको मार्ग पक्रन्छ । आलम्वनका प्रति तिरस्कार, उपेक्षा या भर्त्सना या भावनालाई लिएर बढ्ने हास्य व्यङ्ग्य कहलाउँछ (चतुर्वेदी, सन् १९६३ : ४६) । सामाजिक कुरीतिहरू, व्यवहारहरू या रूढियुक्त परम्पराहरूलाई हेय रूपमा तथा हास्यास्पद रूपमा राख्दा व्यङ्ग्य हुन पुग्छ (चतुर्वेदी, सन् १९६३ : ४६) । यसरी गरिने जुन व्यङ्ग्य हुन्छ त्यसको शब्द सौन्दर्यको माध्यम वर्णयोजना र वर्णविन्यासगत चारुता पनि हुन सक्ने भएकाले व्यङ्ग्य र वर्णविन्यास वक्रताका बीच पनि उपकार्य उपकारकको सम्बन्ध रहेको कुरा मान्न सकिन्छ ।

## २.६ वर्णविन्यास वक्रता र निबन्ध विश्लेषणको आधार

गद्य र पद्य दुवै भाषाका कृतिको अध्ययन वर्णविन्यास वक्रताका आधारमा गर्न सकिन्छ । गद्यभित्र कथा, उपन्यास, निबन्ध जस्ता विधा पर्दछन् । त्यसैले निबन्ध विश्लेषणका लागि पनि वर्णविन्यास वक्रता सैद्धान्तिक आधार बन्न सक्छ । नेपाली भाषामा वर्णविन्यास वक्रताका आधारमा निबन्ध कृतिको विश्लेषण नभएको हुँदा त्यसका लागि आधार तयार पार्नु आवश्यक देखिन्छ । पूर्वीय साहित्यशास्त्रमा जे जति साहित्यसिद्धान्तहरू

प्रवर्तन भए ती सबै अत्यधिक जसो पद्य वा काव्यलाई आधार मानेरै रचना भए अनि तिनका नाम नै काव्यालङ्कार, काव्यादर्श, काव्यप्रकाश आदि दिए । यद्यपि भरतको 'नाट्यशास्त्र' र विश्वनाथको 'साहित्यदर्पण' जस्ता एकाध कृतिबाहेक अधिकांश लक्षण ग्रन्थहरूको नाममा काव्य शब्द नै प्रयोग गरियो । साहित्यको सैद्धान्तिक अध्ययन गर्ने शास्त्रलाई साहित्यशास्त्र नभनेर काव्यशास्त्र भनियो (नेपाल, २०६७ : १२०) । पूर्वीय साहित्यशास्त्रमा विशेष आचार्य भरतमुनिको 'नाट्यशास्त्र' ले नाटकको विश्लेषणका लागि आधार तयार गरेको पाइन्छ तर त्यस बेला नाटकहरू पनि पद्यमा नै रचिन्थे । भरतको रसवाद, भामहको अलङ्कारवाद, वामनको रीतिवाद, आनन्दवर्धनको ध्वनिवाद र कुन्तकको वक्रोक्तिवाद मात्र होइन क्षेमेन्द्रको औचित्यवाद जस्ता सिद्धान्तहरूमा जे जति उदाहरणहरू दिइएका छन् ती मध्ये अत्याधिक पद्यबाट नै दिइएका छन् । त्यसैले पनि वर्णविन्यास वक्रताका आधारमा निबन्ध विश्लेषणका लागि आधारहरू निर्माण गर्नुपर्ने देखिन्छ ।

वर्णविन्यास वक्रता काव्य वा साहित्यभित्र कविद्वारा सिर्जित कविको त्यस्तो कर्म हो जहाँ विचित्र कथनका लागि कविले विच्छित्तियुक्त वर्णविन्यासको प्रयोग गरेको हुन्छ । वर्णविन्यास वक्रताका बारेमा आचार्य कुन्तकले 'वक्रोक्तिजीवितम्' मा दिएका लक्षणहरूमा कारिका पद्यमा रचिएका छन् भने वृत्ति गद्यमा छन् । वक्रताको प्रकारका सन्दर्भमा कुन्तकले कविव्यापार/कविको काव्यरचनाव्यापारको वक्रताका छ प्रकार भनेर कवि शब्दको प्रयोग गरेका छन् । यहाँ कवि शब्दले काव्य, कविता वा पद्य रचनाकारलाई सङ्केत गरे पनि पूर्वीय साहित्यशास्त्रमा कवि शब्द साहित्यकारकै पर्यायवाची शब्दका रूपमा प्रयोग हुने भएकाले कविको काव्यव्यापार भन्नासाथ कथाकार, निबन्धकार, उपन्यासकार आदि विविध विधाका साहित्यिक व्यापार समेत त्यसभित्रै अन्तर्भूत हुन आउँछन् ।

वर्णविन्यास वक्रताले गद्य साहित्य (कथा, उपन्यास, निबन्ध आदि) को वर्णविन्यासगत सौन्दर्यको विश्लेषण गर्न सबल आधार प्रदान गर्दछ । संस्कृतका अधिकांश समीक्षा प्रणालीमा साहित्यिक कृतिका भाषा प्रयोगको विश्लेषणात्मक अध्ययन गर्ने पद्धति र परम्परा पाइन्छ । यस दृष्टिकोणबाट हेर्दा सर्वाधिक प्रयोगयोग्य समीक्षा प्रणाली चाहिँ वक्रोक्ति पद्धति र औचित्य पद्धति नै देखापर्दछ (शर्मा, २०५९ : १९९) । वक्रोक्ति पद्धतिको वर्णविन्यास वक्रताले साहित्यिक कृतिका भाषा प्रयोगको सौन्दर्यपरक विश्लेषणात्मक अध्ययन गर्दछ भने साहित्यिक कृति भन्नाले गद्य र पद्य दुवै खाले कृति बुझ्न सकिन्छ ।

वर्णविन्यास वक्रताका दृष्टिले वाक्यको विश्लेषण गर्न सकिने कुरो कुन्तक स्वयम्‌ले उल्लेख गरेका छन् । यो वर्णविन्यास वक्रता अलङ्‌कृतिवाचक स्थाननियमका विना सम्पूर्ण वाक्यमा विषयरूपद्वारा प्रतिपादन गरिएको छ । त्यही नियत स्थान गरेर प्रकारान्तरले विशिष्ट भएर केही अन्य नै प्रकारको सौन्दर्य उत्पन्न गर्दछ (कुन्तक, ५ वृत्ति) । यसरी वर्णविन्यास वक्रता वाक्य (गद्य र पद्य दुवै) को जुन सुकै स्थानमा आउन सक्ने तर निश्चित स्थानमा सजिएर सौन्दर्य वर्धन गर्ने अर्को प्रकारको वक्रता हुने कुरो उल्लेख गरेर कुन्तकले पाठभित्र वाक्यमा रहेको वर्णविन्यास वक्रताको विश्लेषण गर्न सकिने आधार प्रस्तुत गरेका छन् । यसैलाई आधार मानी कुनै पनि गद्यकृति (कथा निबन्ध आदि) को विश्लेषण वर्णविन्यास वक्रताका आधारमा गर्न सकिन्छ ।

निबन्ध विश्लेषणका सन्दर्भमा वाक्यको जुनसुकै ठाउँमा आवृत्त भएर आएको भए पनि यदि त्यस वर्णविन्यास योजनाले चारुता पैदा गरेको छ भने त्यसलाई वर्णविन्यास वक्रताको उदाहरण मान्न सकिन्छ र त्यसै आधारमा निबन्धकृतिको वर्णविन्यास सौन्दर्यको सन्धान गर्न सकिन्छ ।

## २.७ भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको विश्लेषणको ढाँचा

आचार्य कुन्तकले वक्रोक्तिका छ भेदहरूमध्ये प्रथम भेदका रूपमा उल्लेख गरेको वर्णविन्यास वक्रताका आधारमा यहाँ भैरव अर्यालका निबन्धहरूको विश्लेषण ढाँचा प्रस्तुत गर्न लागिएको छ । वक्रोक्तिकारले वर्णविन्यास वक्रताका प्रकारलाई गरेको विभाजनको रूपरेखा यसै परिच्छेदको वर्णविन्यास वक्रताका प्रकार २.३ शीर्षकमा उल्लेख गरिएकै छ । साथै वक्रोक्तिकारले प्रस्तुत गरेको सो विभाजनलाई अझै व्यवस्थित पार्दै निबन्ध विश्लेषणका लागि उपयोगी बनाउने दृष्टिले सोही शीर्षक २.३.१ का उपशीर्षकहरुमा वर्णविन्यास वक्रताका प्रकारहरू पनि निर्धारण गरी वर्णन समेत गरिएको छ । निबन्ध विश्लेषणका लागि निर्धारण गरिएका वर्णविन्यास वक्रताका तिनै प्रकारहरूका आधारमा भैरव अर्यालका निबन्धहरूको विश्लेषण गर्ने कार्य यहाँ गरिएको छ जसलाई भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको विश्लेषणको ढाँचाका रूपमा प्रस्तुत गरिएको छ । यसबाट अर्यालका निबन्धको वर्णविन्यास वक्रतागत समग्र सौन्दर्य उद्‌घाटन हुने ठहर गरिएको छ । भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको विश्लेषणको ढाँचा निम्नानुसार रहेको छ :

(१) एकवर्णविन्यास वक्रता

(क) व्यवधानयुक्त एकवर्णविन्यास वक्रता

(ख) अव्यवधानयुक्त एकवर्णविन्यास वक्रता

(ग) साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

(घ) निष्कर्ष

(२) द्विवर्णविन्यास वक्रता

(क) व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

(ख) अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

(ग) साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

(घ) निष्कर्ष

(३) बहुवर्णविन्यास वक्रता

(क) व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

(ख) अव्यवधानयुक्त बहुवर्णविन्यास वत्रता

(ग) साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

(४) संयुक्त वर्णविन्यास वक्रता

(क) साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

(५) यमकाभास वर्णविन्यास वक्रता

(क) साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

(६) भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रतागत, शैलीशिल्पगत एवम् मार्गगत र गुणगतका सौन्दर्य

(क) भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको समग्र प्रयोगको स्थिति

(ख) भैरव अर्यालका निबन्धमा साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पको समग्र प्रयोगको स्थिति

(ग) वक्रोक्तिका मार्गका अनुरूप वर्णविन्यास प्रयोगका स्थितिका आधारमा मार्ग

(घ) वर्णविन्यासको प्रयोगको स्थितिका आधारमा गुण

(ङ) भैरव अर्यालका निबन्धहरूको सौन्दर्य

(७) सारांश, निष्कर्ष र भावी शोधका निम्ति सुझाव

# तेस्रो परिच्छेद

# भैरव अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रता

एकवर्णविन्यास वक्रता भनेको एक एक वर्णहरूको व्यवधान वा अव्यवधान आवृत्तिबाट वर्ण्यविषयको औचित्य अनुकूलको भाव जगाई सृजना गर्ने वर्णविन्यास सौन्दर्य हो । भैरव अर्यालका निबन्धहरूमा प्रयुक्त सोही एकवर्णविन्यास वक्रतालाई यहाँ प्रस्तुत गरिएको छ । यसका लागि भैरव अर्यालका निबन्धहरूमा प्रयुक्त वाक्यहरू छनोट गरी तिनका लागि प्रत्येक पाठमा अलग अलग तालिका दिई तिनै तालिकाहरूको माध्यमबाट क्रमशः विश्लेषण गर्दै वर्णविन्यासजन्य सौन्दर्यको सन्धान गरिएको छ । यस सौन्दर्यका माध्यमबाट प्रकट हुने वक्रोक्तिका मार्ग र गुणका स्थितिको पनि चर्चा यहाँ गरिएकै छ । वर्णविन्यास वक्रताजन्य सौन्दर्यसँग मिल्दा जुल्दा वा आचार्य कुन्तकद्वारा वर्णविन्यास वक्रताभित्रै अन्तर्भाव गरिएका र गर्न सकिने अन्य साहित्यिक अभिव्यक्तिका शैलीशिल्पगत सौन्दर्यसँगको सम्बन्धको समेत प्रत्येक तालिकाका वाक्यहरूका अन्त्यमा प्रस्तुत गरिएको छ ।

### ३.१ कन्याकेटी खोज्दा निबन्धमा एकवर्णविन्यास वक्रता

'कन्याकेटी खोज्दा' शीर्षकको निबन्धबाट एक वर्णविन्यास विश्लेषणका लागि लिइएका निम्नानुसारका दसवटा वाक्यलाई तालिका संख्या १ मा प्रस्तुत गरिएको छ । त्यसपछि यी वाक्यहरूमा प्रयुक्त एक वर्णविन्यास वक्रताको विश्लेषण दिइएको छ ।

**तालिका संख्या १**

**एक वर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १.२.१ | म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको र कान्तिपुरमा बसेको, अब मलाई पाखे, काँठे, मदिसे वा सहरिया जे भन्नुपर्छ तपाईं नै जान्नोस् । | क् - ८, म् - ८, र् - ८, प् - ८, न् - ८ | (भन्नोस्) न् न्<br>(जान्नोस्) न् न्<br>(हुर्केको) क् क् |

| | | | |
|---|---|---|---|
| **१.८.२** | ऊ रहेछ सातपतरीको झर्रो कार्की छेत्री, म थिएँ अधिकारी जैसी खडकिनीपट्टिको नातिको बिवाहिता मगर्नीपट्टिको भानिज । | र् - ६, क् - ७, त् - २, त् - २ | (झर्रो) र् र्<br>(पट्टि २) ट् ट् - २<br>(विवाहिता) व् व् |
| **१.९.१३** | आधुनिक केटीहरू कुकुरका छाउरा खेलाउन खोज्छन् भनेर ब्याउने गाई बेचेर एउटा बेलायती कुकुर किनिदिएँ । | क् - ४, ख् - २, र् - ६, व् - ३, क् - ३ | (आधुनिक केटी) क् क्<br>(कुकुर) क् क्<br>(कुकुर) क् क् |
| **१.१०.५** | के भो कसो भो भन्दा भन्दै कन्याले त जग्गेमै अर्की कन्या जन्माइन बा ! | क - ३, भ् - ४, ज् - २,<br>क् - २ | (अर्की कन्या) क् क्, (जग्गे) ग् ग् |
| **१.१२.१** | नैकापको नेउपानेकी छोरीको कुरो चल्यो । | न् - ३, क् - ४ | (छोरीको कुरा) क् क् |
| **१.१२.९** | केटीले भनेको बूढा बा शब्द मेरो मगजमा फनफनाइरहन थाल्यो । | क् - २, ब् - २, म् - २, फ् - २, न् - २ | |
| **१.१४.५** | हत्त न पत्त घुम्टो खोलेर माहुरको हात लागेको त दुलही खितितित्त हाँस्यो । | | (हत्त) त्त<br>(पत्त) त्त<br>(खितितित्त) त -४ |
| **१.१६.२** | हुरुक्क हुने बेलासम्म एउटी कन्या केटीको लगनगाँठो समात्न कसो नपाइएला ! | ह् - २, स् - २, न् - ५, ट - २, क् - ३, ग् - २ | (हुरुक्क) क् क् |

स्रोतः कन्याकेटी खोज्दा निबन्ध ।

### ३.१.१ व्यवधानयुक्त एकवर्णविन्यास वक्रता

माथि १.२.१ को “म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको र कान्तिपुरमा बसेको अब मलाई काँठे, मधिसे वा सहरिया जे भन्नुपर्छ तपाईं नै जान्नोस्” भन्ने वाक्यमा क् म् प् न् वर्ण आठ-आठ पटक आवृत्त भई व्यवधानयुक्त वर्णविन्यासगत चारुता सिर्जना गरेका छन् । त्यस्तै १.८.२ को “ऊ रहेछ सात पतरीको झर्रो कार्की क्षेत्री

म थिएँ अधिकारी जैसीको खड्किनीपट्टिको नातिको विवाहिता मगर्नीपट्टिको भानिज” भन्ने वाक्यमा र् छ पटक, क् सात पटक, त् तिन पटक आवृत्त भएकै कारण सो वाक्यमा वर्णविन्यासगत सौन्दर्य उद्भासित भएको छ । १.९.१३ को “आधुनिक केटीहरू कुकुरका छाउरा खेलाउन खोज्छन् भनेर ब्याउने गाई बेचेर एउटा बेलायती कुकुर किनिदिएँ” भन्ने वाक्यमा क्रमशः क् चार पटक, ख् २ पटक, र् छ पटक, ब् दुई पटक र क् तिन पटक आवृत्त भई विन्यस्त भएका छन् । यहाँ पुराना आवृत्त वर्ण त्यागेर नयाँ नयाँ वर्ण आवृत्त गर्दै जाने वैशिष्ट्य वा ‘नूतनावर्तनोज्ज्वला’ अर्थात् नयाँ नयाँ वर्णावृत्तिको चमत्कार पनि देदीप्यमान भएको छ । १.१०.५ को “के भो कसो भो भन्दा भन्दै कन्याले त जग्गेमै अर्की कन्या जन्माइन् बा !” भन्ने वाक्यमा क् तिन पटक, भ् चार पटक, ज् दुई पटक र पुनः क् दुई पटक क्रमागत रूपमा आवृत्त भई वर्णविन्यासगत वक्रता उत्पन्न गरिदिएका छन् । त्यस्तै वाक्य १.१२.१ को “नैकापका नेउपानेकी छोरीको कुरो चल्यो” मा न् तिन पटक र क् पाँच पटक आवृत्त भएर अभिव्यक्ति चमत्कार सृजना गरेका छन् । १.१२.९ को “केटीले भनेको ‘बूढा बा’ शब्द मेरो मगजमा फन्फनाइरहन थाल्यो” भन्ने वाक्यमा क् ब् म् फ् वर्ण दुई दुई पटक र न् तिन पटक आवृत्त भएका छन् । १.१६.२ को “हुरुक्क हुने बेलासम्म एउटी कन्याकेटीको लगनगाँठो समात्न पाइएला नि” भन्ने वाक्यमा न् पाँच पटक, ह् दुई पटक, स् दुई र र् दुई पटक आवृत्त भएका छन् । यसरी आवृत्त वर्णहरूले अभिव्यक्तिमा वर्णविन्यासगत सौन्दर्य सृजना गरेका छन् ।

### ३.१.२ अव्यवधानयुक्त एकवर्णविन्यास वक्रता

माथि १.२.१ को वाक्यमा ‘भन्नोस्’ र ‘जान्नोस्’ शब्दमा न् को दुई दुई पटक, ‘हुर्केको’ पदमा क् वर्णको एक पटक अव्यवधानयुक्त आवृत्ति छ जसले वाक्यको चारुता अभिवृद्धि गरेको छ भने १.८.२ को वाक्यमा पनि ‘झर्रो’ पदमा र् वर्ण, ‘पट्टि’ पदमा ट् वर्ण र ‘विवाहिता’ पदमा व् वर्ण दुई दुई पटक अव्यवधानपूर्वक आवृत्त भई वर्णविन्यासगत शोभा सृजना गरेका छन् । त्यस्तै १.९.१३ को वाक्यमा ‘आधुनिक केटीहरू’ पदावलीमा क् वर्ण र ‘कुकुर’ पदमा क् वर्णको विना अवरोध हुन गएको आवृत्तिले तथा १.१०.५ मा ‘अर्की कन्या’ पदावलीभित्रको क् को आवृत्ति र ‘जग्गे’ पदमा रहेको ग् वर्णको आवृत्तिले अनि १.१४.५ को वाक्यमा आएको ‘हत्त न पत्त’ पदावलीको त् वर्णको आवृत्ति ‘खितितितित्त’ मा रहेको त् वर्णको अनेक पटक आवृत्तिले तथा १.१६.२ वाक्यमा अवस्थित ‘हुरुक्क’ पदमा रहेको क् वर्ण,

'सम्म' मा रहेको म् वर्ण तथा 'समात्न नपाइएला' पदावलीमा रहको न् वर्णको आवृत्तिले तत् तत् वाक्यभित्रका तत्तत् स्थानमा वर्णविन्यासगत सौन्दर्य उद्दीप्त गरेका छन् ।

माथिको तालिकामा प्रस्तुत वाक्यहरूमा निबन्धको भावलाई व्यक्त गर्न प्रस्तुत गरिएका कथयिता म, झर्रो कार्की, आधुनिक केटी, कन्या, नेउपानेकी छोरी, दुलही बनेर जग्गेमा बसेको केटो जस्ता व्यक्ति र विषय समेत भएका वाक्यभित्र शब्द र अर्थको प्रतिभाजन्य चमत्कार देखिन्छ त्यस्तो चमत्कारयुक्त वाक्यले हास्य व्यङ्ग्यसहितको जुन अर्थ व्यक्त गरेका छन् त्यही अर्थसौन्दर्यलाई अलङ्कृत पार्ने गरी प्रयुक्त भएका व्यवधान र अव्यवधानयुक्त दुवै खाले एक वर्णविन्यास योजनाले शब्द र हास्यव्यङ्ग्यात्मक अर्थको परिपोषक हुने गरी वक्रता पैदा गरेको पाइन्छ । यसरी शब्द र अर्थको प्रतिभाजन्य चमत्कार, उक्तिवैचित्र्य तथा हास्यका माध्यमबाट भन्न खोजिएको व्यङ्ग्य उद्घाटन गर्न एक वर्णविन्यास वक्रताको यो प्रयोग पदवैचित्र्यको समर्थक (नैकापका नेउपाने, फन्फनाइरहन, खितितित्त) तथा कविकौशलका कारण रमणीय समेत बनेको छ । त्यसैले यी वक्रताभित्र अर्यालको कृति रचना मार्ग र गुण चाहिँ कुन्तकद्वारा प्रस्तुत विचित्र मार्गभित्रको माधुर्य र आभिजात्य गुणद्वारा चमत्कृत रहेको कुरो बुझ्न सकिन्छ ।

### ३.१.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

उपर्युल्लिखित आठओटा वाक्यहरूमा आवृत्त भएका वर्णहरूले एकातिर शब्दालङ्कार अर्थात् एक वर्णको अनेक पटक उही र असमान क्रममा आवृत्त हुँदा उत्पन्न हुने वृत्यनुप्रासीय सौन्दर्यको शोभा बढाएका छन् भने वर्ण्य विषय आलम्बनका रूपमा निबन्धकारद्वारा निबन्धकथनका लागि प्रस्तुत गरिएका कथयिता म, ऊ (कन्याको बाबु), नेउपानेकी छोरी, आधुनिक केटी, केटी भनेर बिहेमा दुलही बनाइएको केटो जस्ता व्यक्तिहरू तथा ती आलम्बनका रूपमा आएका व्यक्तिहरूका गुण, चेष्टालाई व्यक्त गर्न आएका साधनरूप (एक पटक एवम् अनेक पटक आवृत्त) वर्णहरूले हास्योद्दीपनमा साधनको काम गरेका छन् । यी वाक्यहरूमा वर्णहरू पटक पटक आवृत्त भएकै कारणले उपर्युल्लिखित उदाहरणका वाक्यहरू पठन गर्न रुचिकर भएका र उक्त वाक्यहरू हरेक पटकको पठन पश्चात् हुन जाने अर्थ (आलम्वन र उनका चेष्टाहरूको अभिव्यक्ति समेत) बोध र आवृत्त वर्णहरूको वक्रता वा सौन्दर्य समन्वित रूपमा मिलेर वर्ण्य विषयको औचित्य अनुकूल हास्य भाव जगाई पाठकलाई आह्लादित तुल्याएको पाइन्छ । त्यसका साथै माथिका वाक्यहरूमा

पुनः पुनः आवृत्त वर्णयोजना तालिका हेर्दा गुणवादीहरूको मान्यता अनुरूप कोमल वर्णहरूको आवृत्ति ज्यादा भएको देखिन्छ भने ती कोमल वर्णहरूकै कारण यी वाक्यहरूमा माधुर्य गुण र उपनागरिका वृत्ति वैचित्र्यको उपस्थिति समेत झल्किन्छ । वर्णहरू समान र असमान रूपमा आवृत्त भई वर्णसमानान्तरता र पुनरावृत्तिजन्य चारुताको शैलीवैज्ञानिक चमत्कारको छनक पनि यी वाक्यहरूमा राम्रै देख्न पाइन्छ । सामान्यतया लय कविताको निजी विधा मानिए पनि यी वाक्यहरूमा वर्णहरूको आवृत्तिकै कारण एक प्रकारको लयमाधुर्य समेत सिर्जना भएको देखिन्छ । १.२.१ को वाक्यमा "म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको" जस्ता पदावलीमा समानान्तर रूपमा दोहोरिन आएको मा, मा, मा र को, को को जस्ता अक्षरहरूमा प्रयुक्त म् क् वर्णको आवृत्तिलाई नादसौन्दर्य सिर्जनाको उदाहरण मान्न सकिन्छ । यसरी गद्यमा र विशेष गरी निबन्धमा समेत अन्तर्लयको सिर्जना गर्न सकिने र त्यस्तो लय सिर्जनामा वर्णविन्यास जन्य वक्रताले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

### ३.२ पख्नोस् निबन्धमा एकवर्णविन्यास वक्रता

'पख्नोस्' शीर्षकको निबन्धबाट एक वर्णविन्यास वक्रताको विश्लेषणका लागि लिइएका निम्नानसारका सातवटा वाक्यलाई यस तालिका संख्या २ मा प्रस्तुत गरिएको छ ।

**तालिका संख्या २**

**एक वर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधानयुक्त | अव्यवधानयुक्त |
|---|---|---|---|
| २.३.१ | तपाईंको कन्सिरी तातेर आयो होला हैन ? तर डर नमान्नुहोस्, कन्सिरी जतिसुकै ताते पनि तपाईंको जिउमा आगलागी भैहाल्ने छैन । | त - ३, र - ५ त - २, ग - २, न - ९ | (तातेर) त त<br>(ताते पनि) त त<br>(नमान्नुहोस्) न न |
| २.४.६ | सभ्य शिक्षितहरू चिल्ला शब्द प्रयोग गर्छन्, थाङ्ने माङ्नेहरू खस्रा शब्द, फरक चाहिँ यत्ति हो । | स - ३, ग - २, स - २ | (चिल्ला) ल ल<br>(प्रयोग गर्छन्) ग ग<br>(यत्ति) त त |

| | | | |
|---|---|---|---|
| **२.५.२** | तपाईं अहिले जुन बेला मसित लेख पर्खिरहनुभएको छ, यसै बेला यति खेरै कहाँ कहाँ को को के के पर्खिरहेका होलान्, लौ मनमिटर घुमाउँदै जानोस् । | ल - ३, ख - २, य - २, क - ५, म - ३, न - ३ | (को को के के) क - ४ |
| **२.६.१** | यस बेला यतिखेरै कपुरीकान्त कार्की कान्लामाथि बसेर माइत गएकी कर्किनीलाई पर्खंदो हो । | य - २, क - ७ | (गएकी कर्किनी) क क |
| २.६.३ | गाना सुन्न गएकी गीतादेवी बेला नभईसकेकोले गजक्क परेर रेडियो भएनिर पर्खंदी हो । | ग - ४, र - ४, क - ४ | (सुन्न) न्न,<br>(नभइसकेको) क क<br>(परेर रेडियो) र - ३<br>(गजक्क) क क |
| २.७.३ | दलाइ लामाका दलालहरू दानापुरमा दाना सिद्धिएर देवताको नाम वा दाम कमाउन देश फर्कने दाउ हेर्दै देवाधिदेवको दैलामा दण्डवत् गरी पर्खंदा हुन् । | द - १३, ल - ४, म - ३ | (दलाल) ल ल<br>(हेर्दै देवाधिदेव) द द |
| २.८.१ | यसबेला यतिखेरै पोल्यान्ड जान लागेका पाँडेजी पालम एयरपोर्टमा पासपोर्ट जँचाएर पाइप पिउँदै प्लेन पर्खंदा हुन् । | य - २, ल - ३, प - ११, | (पाइप पिउँदै) प - ३ |

स्रोतः 'पर्खनोस' निबन्ध

### ३.२.१ व्यवधानयुक्त एकर्णविन्यास वक्रता

माथि वाक्य २.३.१ मा 'तपाईंको कन्सिरी तातेर' पदावलीमा त् तिन पटक, र र् दुई पटक 'तर डर नमान्नुहोस् कन्सिरी' मा र् तिन पटक, 'जतिसुकै ताते पनि तपाईंको' मा त् तिन पटक, 'आगलागी' मा ग् दुई पटक, 'भइहाल्ने छैन' मा न् दुई पटक भएको आवृत्तिले वर्णविन्यास सौन्दर्य उपस्थित गरेका छन् । एकपछि अर्को गर्दै नयाँ नयाँ भएर यी वर्णहरू आवृत्त हुनाले अभिव्यक्ति चारुतापूर्ण बन्न गएको देखिन्छ । वाक्य २.४.६ मा 'सभ्य शिक्षितहरू चिल्ला शब्द' पदसमूहमा स् तिन पटक, 'प्रयोग गर्छन्' मा ग् दुई पटक, 'थाङ्ने माङ्नेहरू' मा न् दुई पटक र 'खस्रा शब्द' मा स् दुई पटक आवृत्त भई नयाँ नयाँ वर्णहरूको आवृत्तियुक्त विन्यासजन्य चारुता वा वक्रताको स्थिति देखिएको छ । यसरी नै वाक्य २.५.२

मा पनि वर्णहरू नव-नव क्रममा दोहोरिएर आएका छन् जसमा ल् तिन पटक, ख् दुई पटक, य् दुई पटक, क् पाँच पटक र म् दुई पटक आवृत्त भएका देखिन्छन् । यसै गरी वाक्य २.६.१ मा 'यस बेला यतिखेरै' मा य् दुई पटक आवृत्त भएको तर त्यसपछि पुरै वाक्यमा क् वर्ण सात पटक आवृत्त भएको स्थिति देखिन्छ । वाक्य २.६.३ मा आएको 'गाना सुन्न गएकी गीतादेवी गजक्क' मा ग् चार पटक, 'परेर रेडियो भएनेर' मा र् चार पटक नव-नव क्रममा आवृत्त भएका छन् र वक्रिम सौन्दर्य सिर्जना गरेका छन् । २.७.३ को वाक्यमा पुरै वाक्यमा १३ पटक द् वर्ण दोहोरिन गई अत्यधिक शाब्दिक क्रीडा हुन पुगेको स्थिति देखिन्छ र यसमा निबन्धकारले बलपूर्वक वर्णसंयोजन गरी वक्रताको सिर्जना गरेको जस्तो देखिन्छ । २.८.१ को वाक्यमा पनि य् दुई पटक र ल् तिन पटक आवृत्त भएर सौन्दर्य सिर्जना गरेका छन् । यसरी माथि दिइएका वाक्यहरूमध्ये २.७.३ र २.८.१ वाक्यमा १३ पटक आवृत्त भएको ड् र ११ पटक आवृत्त भएको प् वर्णका ठाउँमा स्वाभाविक वक्रताको अभाव देखिएको भए पनि अन्य वाक्यमा आवृत्त वर्णहरूले भने सौन्दर्य सिर्जना गरेका छन् ।

### ३.२.२ अव्यवधानयुक्त एकवर्णविन्यास वक्रता

माथि २.३.१ को वाक्यमा 'तातेर' पदमा त्, 'तातोपानी' मा त्, 'नमान्नुहोस्' मा न् वर्णको एक पटक अव्यवधानयुक्त आवृत्ति भएको छ । २.४.६ को वाक्यमा 'चिल्ला' पदमा ल्, 'प्रयोग गर्छन्' पदावलीमा ग् र 'यत्ति' मा त् वर्ण एक पटक विन्यस्त भई वाक्यको सौन्दर्यमा अभिवृद्धि गरिदिएका छन् । अर्को वाक्य २.५.२ मा 'को को के के' पदहरूमा क् वर्णको अनेक पटक विन्यास भएको, २.६.१ को वाक्यमा 'गएकी कर्किनी' पदसमूहमा क् वर्णको अनेक पटक आवृत्ति भएको तथा २.६.३ को वाक्यमा आएका 'सुन्न', 'परेर रेडियो' र 'गजक्क' पद पदावलीहरूमा क्रमशः न् वर्ण एक पटक, र् वर्ण अनेक पटक तथा क् वर्ण एक पटक विन्यस्त भई वर्णविन्यासगत चारुता सिर्जना हुन गएको देखिन्छ । २.७.३ को वाक्यमा आएको 'दलाल' र 'हेर्दै देवाधिदेव' पद पदावलीमा क्रमशः ल् वर्ण र द् वर्णको एक एक पटक आवृत्तिगत चारुता झल्किएको छ । २.८.१ को वाक्यमा चाहिँ 'पाइप पिउँदै' पदावलीमा प् वर्णको अनेक पटक आवृत्तिले वर्णविन्यास रम्यता पैदा गराएको छ । यसरी वर्णविन्यास चारुता पैदा गर्ने सन्दर्भमा लेखकले कतै कतै अङ्ग्रेजी शब्दको प्रयोग गरेर भाषान्तर प्रयोगद्वारा पनि वर्णविन्यासमा थप चमत्कार सिर्जना गराएको देखिन्छ ।

माथिको तालिका 'पर्खनोस्' निबन्धका एक वर्णविन्यास योजना भएका वाक्यहरूलाई हेर्दा ती वाक्यहरूका पदहरूमा एक वर्णविन्यासको चमत्कारिक प्रयोग त छँदै छ, त्यसका साथै कुनै वाक्यहरू एउटै वर्ण १३ पटक र ११ पटकसम्म आवृत्त भई अनुप्रास योजनाको व्यसनले बोझिलो समेत भएका देखिन्छन् । 'दलाइलामाका दलालहरू' र 'पोल्याण्ड जान लागेका पाण्डेजी', 'खटपटानन्द खतिवडा खाटमाथि' जस्ता वाक्यहरूमा प्रयुक्त एक वर्णविन्यास योजनामा निबन्धकारले हास्य प्रयोजनका लागि जबर्जस्ती वर्णयोजना गरेको पाइन्छ । यसले निबन्धको पर्खाउने प्रवृत्तिप्रति व्यङ्ग्यरूप जुन कथ्य अर्थ छ त्यस अर्थलाई व्यक्त गर्न आएका साधनरूप वाक्यहरूमा प्रयुक्त वर्णयोजना र अर्थगाम्भीर्यका बीच सन्तुलन नभएको देखिन्छ । शेष स्थानमा चाहिँ अर्थ र शब्दको प्रतिभाजन्य चमत्कार, उक्तिवैचित्र्यपूर्ण कथन, हास्यव्यङ्ग्योद्घाटनका लागि उपयुक्त वर्णयोजनाका कारण कुन्तकको मार्गसिद्धान्त अनुसार अर्यालका निबन्धहरू विचित्र मार्गको माधुर्य, लावण्य र आभिजात्य गुणले युक्त देखिन्छन् ।

### ३.२.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

उपर्युक्त सातओटा वाक्यमा व्यवधान र अव्यवधान रूपमा जुन जुन वर्ण जुन जुन ठाउँमा पुनरावृत्त भई विन्यस्त भएका छन् ती ती वर्णहरूले तत् तत् स्थानमा एक वर्णविन्यासगत चमत्कारका साथै एक वर्णको अनेक पटक उही क्रम वा असमान क्रममा आवृत्त भएर सौन्दर्योद्घाटन गर्ने वृत्यनुप्रासीय सौन्दर्य समेत सिर्जना गरेका छन् । यी वाक्यहरूमा वर्ण्य विषयको आलम्बनका रूपमा आएका निबन्धको कथ्यलाई प्रस्तुत गर्न प्रस्तुत गरिएका कथयिताहरू 'रिसाहा तपाईं, सभ्य शिक्षित र थाङ्ने माग्ने व्यक्तिहरू, माइत गएकी कर्किनीलाई पर्खेर बसेको कार्की, गीतादेवी जस्ता पद-पदावलीका अतिरिक्त अन्य सम्भावित पर्खाइमा बसेका व्यक्तिहरूमध्ये देश फर्कने दाउ पर्खेका, दलाइलामाका दलालहरू, पोल्याण्ड जान लागेका पाण्डेजी जस्ता व्यक्तिहरू आएका छन् भने ती आलम्वनरूप व्यक्तिका चेष्टा, गुण, स्वभाव आदिलाई व्यक्त गर्ने माध्यम भाषा तथा त्यसका वर्णहरू नै हुन् र भाषाका ती वर्णहरूको विन्यासमा भएको चारुता र उक्त चारुतापूर्ण वर्णविन्यासयुक्त वाक्यको पठनपश्चात् हुने अर्थ (आलम्वन र उनका चेष्टाहरूको अभिव्यक्ति समेत) बोध दुवै मिलेर समन्वित रूपमा वर्ण्य विषयको औचित्य अनुकूलको हास्य भाव जगाई पाठकलाई आह्लाद प्रदान गरेका छन् । अप्रत्याशित शब्दप्रयोगपटुताजन्य चमत्कार (कपुरीकान्त

कार्की......) का कारण पनि हास्योत्पन्न हुने वाग्वैदग्ध्य (wit) पनि उपर्युल्लिखित वाक्यहरूमा प्रस्तुत भएकै छ । साथै क् ख् म् प् र प् व् म् न् जस्ता वर्णहरूको अत्यधिक आवृत्ति देखिएकाले गुणवादीहरूका मान्यता अनुरूपका यीमध्येका ज्यादाजसो कोमल वर्णहरू विन्यस्त भई माधुर्य गुण, उपनागरिका वृत्तिजन्य वर्णयोजना पनि उपर्युल्लिखित वाक्यहरूमा राम्रै देख्न सकिन्छ । वर्णहरू समान र असमान रूपमा आवृत्त हुन शैलीवैज्ञानिक चारुताको छनक मात्र होइन 'सभ्य शिक्षितहरू चिल्ला शब्द प्रयोग गर्छन्, थाङ्ने माग्नेहरू खस्रा शब्द....' जस्ता वाक्यमा स् ङ् न् जस्ता सुकोमल एवम् लयात्मक वर्णहरूको आवृत्तिले लयात्मकता समेत सिर्जना गरिदिएको छ । यसरी उपर्युल्लिखित वाक्यहरूमा वर्णविन्यासगत सौन्दर्य वा वक्रता जुन जुन ठाउँमा देखा परेको छ ती ती ठाउँमा अलङ्कार रस, रीति, वृत्ति, गुण लयात्मकता र त्यसका माध्यमबाट हास्यव्यङ्ग्यको समेत प्रस्फुटन भएको देखिन्छ ।

### ३.३ उडाउनुसित एकछिन उड्दा निबन्धमा एकवर्णविन्यास वक्रता

गलबन्दी निबन्ध संग्रहको 'उडाउनुसँग एकछिन उड्दा' शीर्षकको निबन्धबाट एक वर्णविन्यास वक्रताको विश्लेषणका लागि लिइएका निम्नानुसारका दुईवटा वाक्यलाई निम्न तालिका संख्या ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका संख्या ३**

**एक वर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| **३.१.५** | भू उपग्रह उडाउन कैयौंको साधन साधना लाग्यो तर बिरालालाई दूध उडाउन न साधनको नाममा एउटा चम्चा चाहियो न साधनाको नाममा केही चालचुल । | क - २, स, ध, न, २/२, न - ७, च - ५ | (बिरालालाई) ल ल (नाममा - २) म म - २ |
| **३.६.१** | उडाउनुको यसै फन्कोमा कान्छाले बेलुन उडाएको ठाइँलाले चङ्गा | न - ४, क - १२, ल - १२, न | (ठाइँलाले, काइँलाले, साइँलाले, माइँलाले) |

| | | | |
|---|---|---|---|
| | उडाएको, काइँलाले गाँजा उडाएको, साहिँलाले परेवा उडाएको, माइँलाले तहविल उडाएको, जेठाले सर्वस्व उडाएको सम्झना पनि फन्कामाथि फन्का थप्तै उड्न थाल्छन् । | - ५, स - ३ | (लाले ४) ल ल - ४ |

स्रोतः उठाउनुसित एक छिन उड्दा निबन्ध ।

### ३.३.१ व्यवधानयुक्त एकवर्णविन्यास वक्रता

माथि ३.१.५ को वाक्यको 'भू उपग्रह उडाउन कैयौंको साधन र साधना लाग्यो' वाक्यखण्डमा क्  स् ध् न् वर्ण दुई दुई पटक आवृत्त भई विन्यस्त भएका छन् भने 'तर बिरालालाई दूध उडाउन न साधनको नाममा एउटा चम्चा चाहियो न साधनाको नाममा केही चालचुल' भन्ने वाक्यखण्डमा न् सात पटक र च् पाँच पटक आवृत्त भई वर्णविन्यासगत सौन्दर्य सिर्जना गरिदिएका छन् । त्यस्तै ३.६.१ को वाक्य "उडाउनुको यसै फन्कोमा कान्छाले बेलुन उडाएको, ठाइँलाले चङ्गा उडाएको, काइँलाले गाँजा उडाएको, साहिँलाले परेवा उडाएको, माहिलाले तहविल उडाएको, जेठाले सर्वस्व उडाएको सम्झना पनि फन्कामाथि फन्का थप्तै उड्न थाल्छन्" वाक्यमा न् पाँच पटक, क् १२ पटक, ल् १२ पटक र फेरि न् ५ पटक गरी पुनः पुनः आवृत्त भई वाक्यमा चारुता सिर्जना गरिदिएका छन् । यसरी यी वाक्यहरूमा बारम्बार प्रयुक्त भएर आएका वर्णहरूकै कारण उक्त वाक्य पटक पटक पढ्न रुचिकर लाग्ने र पठनपश्चात हुने अर्थबोध पार्छ पुनः उही वर्णविन्यासगत सौन्दर्य र अर्थको सम्मिश्रणबाट सहृदय आह्लादकारी हुने स्थिति उत्पन्न भएको छ ।

### ३.३.२ अव्यवधानयुक्त एकवर्णविन्यास वक्रता

माथि ३.१.५ वाक्यमा आएका 'बिरालालाई' पदमा ल् ल् एकवर्णको आवृत्ति, 'नाममा' म् वर्णको आवृत्ति, पुनः 'नाममा' पदमा म् वर्णको आवृत्ति तथा 'चम्चा चाहियो' पदावलीमा च् वर्णको आवृत्तिका कारण यी वाक्यहरू सौन्दर्यपूर्ण बनेका छन् । यी आवृत्ति अव्यवधानयुक्त छन् अर्थात् बीचमा अर्को कुनै वर्ण आएको छैन । त्यसैले यी दिइएका वाक्यहरू एक वर्णको व्यवधानयुक्त आवृत्ति र अव्यवधानयुक्त आवृत्तिबाट उत्पन्न वक्रताले विभूषित भएका देखिन्छन् ।

माथि दिइएका वाक्यहरूमा प्रयुक्त पदहरू र ती पदमा भएको वर्णयोजनालाई हेर्दा निबन्धभित्र निबन्धको भावलाई व्यक्त गर्न समाख्याताद्वारा वर्णित ३.१.५ मा वर्णित 'बिराला' र विभिन्न वस्तु उडाउने कान्छा, ठाइँला, काइँला, साहिँला, माइलाहरू समाख्याताद्वारा निबन्ध कथनका लागि प्रस्तुत गरिएका विषय वा व्यक्ति हुन् र ती स्थानमा प्रयुक्त एक वर्णविन्यासजन्य वक्रताले एकातिर लयात्मकता र श्रुतिमधुरता पैदा गरेका छन् । यो श्रुतिमधुरता कविकौशलद्वारा सिर्जित भएकाले वक्रोक्तिको विचित्र मार्गको आभिजात्य गुण उद्भासित भएको देखिन्छ । साथै ३.६.१ को वाक्यभित्र त्यस वाक्यलाई प्रस्तुत गर्न अनेक वाक्यांश पदहरू जस्तै विन्यस्त भएकाले त्यहाँ पनि विचित्र मार्गको प्रसाद गुणको शोभा विद्यमान देखिन्छ । वर्णविन्यासमा विच्छित्ति देखिएको, लेखकले वर्णहरूलाई व्यसनरहित रूपमा वैचित्र्यपूर्ण ढङ्गले विन्यास गराएकाले सुकुमार मार्गको लावण्य गुणको लालित्य पनि यहाँ देख्न पाइन्छ । सुकुमार र विचित्र मार्गका गुणहरू विद्यमान भएकाले यस वर्णनमा कवि अर्याल मध्यममार्गी प्रतीत हुन्छन् र उनको निबन्धका यी वाक्यमा काव्य रचनाको मध्यम मार्गगत सौन्दर्य पाइन्छ ।

### ३.३.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

माथि दिइएका वाक्यहरूमध्ये २.१.५ को वाक्यमा 'साधन र साधना', 'चालचुल' जस्ता पदावली र पदहरूमा अनेक व्यञ्जन वर्णहरूको एक पटक आवृत्तिजन्य छेकानुप्रासगत सौन्दर्यका साथै च् वर्ण पाँच पटक र न् वर्ण सात पटक आवृत्त भई एक वर्णको अनेक पटक आवृत्ति हुने वृत्यनुप्रासीय सौन्दर्य समेत सिर्जना भएको देखिन्छ । यस्तै ३.६.१ को वाक्यमा पनि जुन जुन ठाउँमा एक वर्ण व्यवधानयुक्त रूपमा वा अव्यवधानयुक्त रूपमा पटक पटक आवृत्त भएको छ ती ती ठाउँमा वृत्यनुप्रासीय सौन्दर्य उद्दीप्त भएको छ । उपर्युक्त वाक्यहरूमध्ये वर्ण्य विषय वा आलम्वनका रूपमा आएका 'दूध उडाउने बिरालो' र कान्छो, ठाइँलो, माइलो, काइँलो, साहिँलो र जेठो जस्ता निबन्ध कथनका लागि प्रस्तुत गरिएका कथयिताहरूका उडाउने चेष्टालाई व्यक्त गर्ने साधनका रूपमा आएका भाषाका वर्णहरूको चमत्कारजनक आवृत्तिले अर्थबोधसँग सहकार्य गर्दै हास्योद्दीपनका लागि उपकारक वा साधनको कार्य गरेका छन् । यी वाक्यहरूमा पनि क् ल् न् च् जस्ता वर्णहरूको अनेक पटक आवृत्ति भएको र ती वर्णहरू माधुर्य गुणयुक्त भएकाले यहाँ माधुर्य गुण, उपनागरिका वृत्ति र वैदर्भी रीतिका विशेषताहरू देख्न सकिन्छ । वर्णहरू समान र

असमान रूपमा आवृत्त भएकै स्थिति हेर्दा माइलाले, ठाइँलाले, काइँलाले जस्ता पदहरूमा वर्णसमानान्तरता जस्तो शैलीवैज्ञानिक झल्को पनि देख्न पाइन्छ । ३.६.२ मा उडाएको उडाएको जस्ता शब्दावृत्तिका क्रममा क् वर्णको समानान्तर आवृत्तिले लयात्मकताको मायुर्य समेत सिर्जना गरेको पाइन्छ । अतः जुन जुन ठाउँमा यहाँ वर्णविन्यासगत चमत्कार छ ती ती ठाउँमा अलङ्कार, रीति, गुण, वृत्ति, समानान्तरता र लयात्मक सौन्दर्य जस्ता विशेषताहरू समेत समेटिएको पाइन्छ ।

## ३.४ केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धमा एकवर्णविन्यास वक्रता

'इति श्री' निबन्ध संग्रहको 'केही राष्ट्रिय रोग एक अनुसन्धान' शीर्षकको निबन्धबाट एक वर्णविन्यास वक्रताको विश्लेषणका लागि लिइएका निम्नानुसारका छवटा वाक्यलाई तालिका संख्या ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका संख्या ४**

**एक वर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| ४.१.६ | यसै त टेलिफोनको कल आयो कि दमकल झैं कुद्नुपर्ने डाक्टरी पेशा... । | क - ६, ल - ३, न - २ | (कोकल) क क |
| ४.५.२ | नेपालोप्याथी अनुसार जन्डिसभन्दा खतरनाक महाजनेन्डिस भन्ने रोग हुन्छ । | प - २, न - १०, स - ३ | (जनेन्डिस) न न<br>(भन्ने) न न |
| ४.५.६ | महाजनेन्डिस पोज, मोज र भोजबाट फैलिने रोग हो । | न - २, ज - ४, र - २ | (जनेन्डिस) न न |
| ४.८.२ | कहाँ कहाँ कस कसले के के कुरा गरे ती सब पहिले शान्त भएर | ह - २, स - ३, क - ७, न - | (केके) क क, (जो जो) ज ज, (उस् उस्) स |

| | | | |
|---|---|---|---|
| | आफ्ना कानभित्र पार्नु र जो जोसँग सम्बन्धित छ उस उसका कानमा सुलुत्त पसालिदिनु कन्सुत्ले रोगको लक्षण हो । | ४, ल - ४, स - ८ | स, (सुलुत्त) त्त |
| ४.१०.४ | आलुबारीको उत्खननदेखि शौचालयको शिलान्याससम्म के गरेमा ठुला अक्षरमा नाम छापिएला भन्ने नामान्चीको ध्याउन्ना हुन्छ । | स - ४, ल - ४, न - ८, | (शिलान्याससम्म) स स, म म, (उत्खनन) न न, (ध्याउन्ना) न न |
| ४.११.३ | झ्याउरे अनुहार, दाउरे जिउ र चाउरे गाला पकेटोक्र्यासिसका लक्षण हुन् । | र - ५, क - ३, | (क्र्यासिस) स स |

स्रोतः केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्ध

### ३.४.१ व्यवधानयुक्त एकवर्णविन्यास वक्रता

माथि ४.१.६ को 'यसै त टेलिफोनको कल आयो कि दमकल झैं कुद्नुपर्ने डाक्टरी पेसा' भन्ने वाक्यांशमा क् छ पटक, ल् तिन पटक, न् दुई पटक क्रमागत र नूतन रूपमा आवृत्त भई वर्णविन्यासगत सौन्दर्य अभिवृद्धि गरेका छन् । ४.५.२ को वाक्य 'नेपालोप्याथी अनुसार जेन्डिसभन्दा खतरनाक महाजनेन्डिस भन्ने रोग हुन्छ' भन्ने वाक्यमा प् दुई पटक, र न् दश पटक आवृत्त भई वर्णविन्यासगत वक्रता सिर्जना गरेका छन् । त्यस्तै 'महाजनेन्डिस पोज, मोज र भोजबाट फैलिने रोग हो' भन्ने वाक्यमा न् दुई पटक, ज् चार पटक र र् दुई पटक क्रमागत रूपमा पुनरावृत्त भई वाक्यमा सौन्दर्य सिर्जना गरेका छन् । वाक्य ४.८.२ को वाक्य 'कहाँ कहाँ कस कसले के के कुरा गरे ती सब पहिले शान्त भएर आफ्ना कानभित्र पसालिदिनु कन्सुत्ले रोगको लक्षण हो' भन्ने वाक्यमा क् सात पटक, न् चार पटक र ल् चार पटक नयाँ नयाँ रूपमा पुनरावृत्त भएका छन् । ४.१०.४ को वाक्य 'आलुबारीको उत्खननदेखि शौचालयको शिलान्याससम्म के गरेमा ठूला अक्षरमा नाम छापिएला भन्ने नामाञ्चीको ध्याउन्ना हुन्छ' भन्ने वाक्यमा स् चार पटक र ल् चार पटक आवृत्ति भएको स्थिति छ । त्यस्तै ४.११.३ को वाक्यमा 'झ्याउरे अनुहार दाउरे जिउ र चाउरे गाला

पकेटोक्र्यासिसका लक्षण हुन्' भन्ने वाक्यमा र् पाँच पटक र क् तिन पटक आवृत्त भई तत् तत् स्थानमा वर्णविन्यासगत चारुता पैदा गरिदिएका छन् । यी वाक्यभित्र रोगका जुन नामहरू प्रयोग गरिएका छन् ती नामहरूभित्र प्रयुक्त आवृत्त वर्णहरूले ती नामलाई हास्यमय बनाउनाका साथै व्यङ्ग्यलाई पनि अझ धारिलो बनाउन मद्दत पुऱ्याएका छन् ।

### ३.४.२ अव्यवधानयुक्त एकवर्णविन्यास वक्रता

माथिकै ४.१.६ को वाक्यमा 'फोनको कल' अंशमा क् वर्ण, ४.५.२ को 'महाजनेन्डिस' भन्ने पदमा न् वर्ण र 'भन्ने' पदमा न् वर्ण विना कुनै व्यवधान आवृत्त भएका छन् । ४.८.२ को वाक्यमा 'के के' मा क् वर्ण, 'जो जो' मा ज् वर्ण, 'उस उस' मा स् वर्ण र 'सुलुत्त' मा त् वर्ण अव्यवधान रूपमा आवृत्त भएका छन् र सौन्दर्य अभिवृद्धि गरेका छन् । ४.१०.४ को वाक्यको 'शिलान्याससम्म' भन्ने पदमा स् र म् वर्ण एक एक पटक आवृत्त भएर तथा ४.११.३ को 'पकेटोक्र्यासिस' भन्ने पदमा स् वर्ण निर्वाध रूपमा आवृत्त भएर सौन्दर्य सिर्जना गरेका छन् । यसरी यी अंशहरूमा वर्णहरू निर्बाध रूपमा आवृत्त भएर वाक्यलाई पठनीय र सुश्रवणीय बनाउनाका साथै वाक्यको पठन र अर्थबोधलाई समेत रुचिकर बनाएका छन् ।

नयाँ नयाँ वर्णहरूको आवृत्ति मात्र सौन्दर्यको कारक होइन, ती आवृत्त वर्णहरू भएका पद र वाक्यहरूको जुन अर्थ छ ती अर्थसँग मिलेर नयाँ नयाँ आवृत्त वर्णहरूले जुन सौन्दर्य छटा प्रस्तुत गर्दछन् त्यसले मात्र आह्लाद प्रदान गर्ने गर्दछ । माथिका वाक्यमा 'टेलिफोनको कल दमकल, जेन्डिस-महाजनेन्डिस, नामाञ्ची र पकेटोक्र्यासिस जस्ता अंग्रजी ढाँचामा शब्दनिर्माण गर्ने र त्यस्ता निर्मित शब्दमा समेत वर्णविन्यासको जादु पस्कने जुन लेखकीय कौशल छ त्यो नै कविको काव्यरचना मार्ग हो र त्यसले उपर्युल्लिखित वाक्यभित्र आवृत्त वर्णहरूले एक प्रकारको मृदुहास सिर्जना गरेको पाइन्छ, जसलाई वर्णविन्यास वक्रता (सौन्दर्य) को रुपमा लिइन्छ ।

माथिका व्यवधान, अव्यवधानयुक्त एक वर्णविन्यास वक्रताको विश्लेषण तालिकाका वाक्यहरूमा प्रयुक्त वर्णविन्यासको स्थितिलाई हेर्दा निबन्धकारले जुन वक्रता पैदा गरेका छन् त्यसले निबन्धकारको वर्णविन्यासले वैचित्र्ययुक्त पदनिर्माण गर्ने कौशल देखाएको छ जुन वक्रोक्तिका मार्ग अनुरूप विचित्र मार्गको माधुर्य गुण अन्तर्गत पर्दछ । एउटा वाक्यभित्र पदहरूको काम गर्ने गरी अन्य वाक्यहरूको प्रयोग भएर पैदा हुने विचित्र मार्गको प्रसाद

गुणयुक्त वैशिष्ट्य पनि ४.८.२ को वाक्यमा उद्भासित नै छ । यहाँ प्रयुक्त वर्णविन्यास वक्रतामा सुकुमार मार्गका गुण कम र विचित्र मार्गका गुण बढी देखिने हुँदा विचित्र मार्गकै गुणहरूद्वारा यी वाक्यमा प्रयुक्त वर्णविन्यास वक्रताले आफ्नो चमत्कार देखाएकै छन् ।

### ३.४.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

माथि दिइएका वाक्यहरूमध्ये जुन जुन ठाउँमा एक वर्णविन्यासको आवृत्ति अनेक पल्ट भएको छ ती ती ठाउँमा एक वर्णको अनेक पल्ट आवृत्ति हुने आवृत्तिजन्य वृत्यनुप्रासीय सौन्दर्य झल्किन्छ । माथिका वाक्यमा डाक्टरी पेसा, महाजनेन्डिस रोग, कन्सुत्ले रोग, नामाञ्ची र पकेटोक्र्यासिस जस्ता विषयहरू वर्ण्य विषयका रूपमा आएका छन् र ती विषयका गुणलाई व्यक्त गर्ने साधनका रूपमा आएका भाषाका वर्णहरूको वक्रताजन्य उपस्थितिले प्रस्तुत वा कथ्य विषयको अर्थ र सो अर्थलाई व्यक्त गर्न आएका वैचित्र्ययुक्त वर्णविन्यास सौन्दर्य दुवै मिलेर पाठकभित्र हास्य भाव जगाई विषयसँग सम्बद्ध पेसा, प्रवृत्ति भएका व्यक्तिलाई व्यङ्ग्य समेत गरेका छन् । यसरी हास्य भाव जगाएर व्यङ्ग्य गर्ने अप्रत्याशित शब्दप्रयोगपटुताजन्य चमत्कार वा वाग्वैदग्ध्य कला समेत यहाँ राम्रै देख्न सकिन्छ । यी वर्णहरूमा पनि गुणका दृष्टिले कोमल वर्ण (क् ल् प् न् ज् र् ल्) जस्ता वर्णहरूको आवृत्ति पटक पटक भएकै कारण माधुर्य गुण र उपनागरिका वृत्तिको उपस्थिति भएको देखिए पनि प्रयुक्त शब्दहरू अङ्ग्रेजी स्वरूपका भएको र ती शब्दहरूको प्रयोगको प्रमुख उद्देश्य हाँसो जगाई व्यङ्ग्य गर्नु समेत रहेको देखिएकाले हास्यरसानुकूल वर्णप्रयोग पनि उपयुक्त रूपमा भएकै मान्न सकिन्छ । 'पोज, भोज र मोज' जस्ता पदसमूहभित्र समानान्तर वर्ण आवृत्तियोजना भएका सम्बन्धित स्थानहरूमा समानान्तरताको शैलीवैज्ञानिक चातुर्य पनि देखिएकै छ । 'आलुबारीको उत्खनन' र 'शौचालयको शिलान्यास' जस्ता वाक्यांशहरूमा प्रयुक्त स् ल् न् जस्ता नादसौन्दर्ययुक्त वर्णहरूको आवृत्तिले साङ्गीतिक माधुर्य पैदा भई लयमाधुर्यद्वारा समेत उपर्युल्लिखित वाक्यहरू सुशोभित भएकै छन् ।

## ३.५ निष्कर्ष

यस परिच्छेदमा भैरव अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रताको विश्लेषण गरिएको छ । अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रताको व्यवधानयुक्त भेद अत्यधिक मात्रामा प्रयुक्त भएको देखिन्छ । चारवटै निबन्धका चारै तालिकाका सबै वाक्यहरूमा जुन जुन वर्णहरू व्यवधान र अव्यवधान रूपमा आवृत्त भएका छन् ती आवृत्त वर्णहरूले तत् तत्

वाक्यको अर्थ वा भावसँग सहभाव राख्दै अर्थानुकूल/भावानुकूल चारुता प्रदान गरेका छन् । भैरव अर्यालका निबन्धहरूमा हास्यका माध्यमबाट सिर्जित व्यङ्ग्य जुन रूपमा प्रभावकारी भएको छ, त्यसको मुख्य श्रेय एकवर्णविन्यास वक्रताको यो वर्णयोजना चमत्कारलाई दिनुपर्ने देखिन्छ । उनको यस एकवर्णविन्यास वक्रताभित्र वक्रोक्तिको विचित्र मार्ग र त्यसका गुणहरूको उपस्थिति देखिन्छ । उनका निबन्धमा एकवर्णविन्यास वक्रताको प्रयोग जुन जुन ठाउँमा छ त्यस त्यस ठाउँमा एक वर्णको अनेक पटक आवृत्ति हुने वृत्यनुप्रासीय सौन्दर्य प्रकाशित भएको छ । साथै माधुर्य गुणव्यञ्जक वर्णहरूको प्रयोगले वैदर्भी रीति र उपनागरिका वृत्तिगत वैशिष्ट्यहरू पनि यहाँ देखिएकै छन् । वर्णहरूको आवृत्ति वा अनुप्रासबाट सिर्जित वक्रताका कारण लयमाधुर्य पैदा हुनाका साथै वर्ण्य विषयको अर्थ वा भावसँग सुहाउँदा उपयुक्त वर्णयोजनाका कारण यो एकवर्णविन्यासगत सौन्दर्यले हास्यभाव जागृत गराउन र व्यङ्ग्यलाई उद्घाटन गर्न सफल भएकै छ । कुन्तकले बताएका काव्यमार्गसम्बन्धी दृष्टिकोण अनुसार उनको यो एकवर्णविन्यास वक्रताको प्रयोगमा विचित्र मार्गका माधुर्य र आभिजात्य गुणहरू उद्भासित भएका छन् भने वर्णप्रयोगका सन्दर्भमा सुकुमार मार्गको लावण्य गुणका झिल्काझिल्कीहरू पनि ठाउँठाउँमा देखिएकै छन् । यसरी भैरव अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रताले वर्णविन्यासगत वैचित्र्य सिर्जना गरेका छन् र कृतिको भाव वा अर्थसँग समन्वित रूपमा मिलेर भाववहनका लागि सुन्दर साधनको कार्य गरेका छन् ।,

# चौथो परिच्छेद

# भैरव अर्यालका निबन्धमा द्विवर्णविन्यास वक्रता

द्विवर्णविन्यास वक्रता भनेको दुई दुई वर्णहरूको व्यवधान वा अव्यवधानयुक्त आवृत्तिबाट वर्ण्यविषयको औचित्य अनुकूलको भाव जगाई सृजना गर्ने वर्णविन्यास सौन्दर्य हो । भैरव अर्यालका निबन्धहरूमा प्रयुक्त सोही द्विवर्णविन्यास वक्रतालाई यहाँ प्रस्तुत गरिएको छ । यसका लागि भैरव अर्यालका निबन्धहरूमा प्रयुक्त वाक्यहरूका लागि प्रत्येक पाठमा अलग अलग तालिका दिई तिनै तालिकाहरूको माध्यमबाट क्रमशः विश्लेषण गर्दै वर्णविन्यासजन्य सौन्दर्यको सन्धान गरिएको छ । यस सौन्दर्यका माध्यमबाट प्रकट हुने वक्रोक्तिका मार्ग र गुणका स्थितिको पनि यसभित्र चर्चा गरिएकै छ । वर्णविन्यास वक्रताजन्य सौन्दर्यसँग मिल्दा जुल्दा वा आचार्य कुन्तकद्वारा वर्णविन्यास वक्रताभित्रै अन्तर्भाव गरिएका अन्य साहित्यिक अभिव्यक्तिका शैलीशिल्पगत सौन्दर्यको समेत प्रत्येक तालिकाका वाक्यहरूका अन्त्यमा प्रस्तुत गरिएको छ ।

### ४.१ कन्याकेटी खोज्दा निबन्धमा द्विवर्णविन्यास वक्रता

'कन्याकेटी खोज्दा' शीर्षकको निबन्धबाट द्विवर्णविन्यास वक्रताको विश्लेषणका लागि लिइएका निम्नानसारका दसवटा वाक्यलाई तालिका संख्या ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका संख्या ५**

**द्विवर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १.२.२ | वास्तवमा मेरो कुनै खास पन छैन तासको जोकर झैं जता गए पनि ठिक्क, तर यही ठिक्कले पारिसक्यो दिक्क ! | (ठिक्क - २) ठ क - २ | |
| १.७.१ | बल्ल बल्ल पोहोरका वर्ष बूढानीलकण्ठका बूढाथोकीसित केटीको कुरो मिलेको थियो तर खडकौलाको कुरो मिलेन । | (बूढा २) ब ढ - २(कुरो २) क र - २<br>(केटी २) क ट | (बल्ल बल्ल) ब, ल - २ |

| | | | |
|---|---|---|---|
| | | - २ | |
| १.९.१ | त्यसपछि गएको माघमा एउटी निकै पढेकी र बढेकी कन्या केटी मिलेकी थिइन् सिमालेमा सिङ्खडाकी छोरी । | (पढेकी बढेकी) ढ क - २ | |
| १.९.३ | सम्धी भेटमा सुनको सिक्री पनि दिन्छ रे भनेपछि बाले पनि भन्नुभयो गर् न त गर् घराना असलै हो ! | (गर् २), ग र - २ | |
| १.९.४ | नीला ओठ र चायै चाया जमेका गाला भए पनि मैले ठानें पढेकी र बढेकी कन्या उसै पाइन्छ र ? | (पढेकी बढेकी) ढ क | (चायै चाया) च य |
| १.९.९ | जात भातको कुरो टाकटुक भैहाल्यो । | | (टाक्टुक्) ट क |
| १.९.१४ | पढेकी आधुनिक श्रीमती आउने कुराले मैले घरमा निकै सजिसजाउ गरें । | | (सजिसजाउ) स ज |
| १.११.२ | हन्डर खाँदा खाँदा बल्ल पाएको कन्याकेटीको पनि त्यो दशा, साँच्ची मेरो पुर्पुरोमा स्वास्नी लेखेकै रहेनछ कि ? | | (खाँदा खाँदा) ख द<br>(पुर्पुरो) प र |
| १.१२.६ | केटी त केटोलाई बूढा बा पो भन्छे ए .. । | (केटी केटो) क ट | |
| १.१२.९ | केटीले भनेको बूढा बा शब्द मेरो मगजमा फन्फनाइरहन थाल्यो । | | (फनफनाइ) फ न |

स्रोतः कन्याकेटी खोज्दा निबन्ध

### ४.१.१ व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

माथि १.२.२ को वाक्यमा 'जता गए पनि ठिक्क तर यही ठिक्कले' पदसमूहमा ठिक्क ठिक्क पदमा आएका ठ् र क् द्विवर्णको आवृत्ति देखिएको छ । १.७.१ को वाक्यमा 'बूढानीलकण्ठका बुढाथोकी' पदसमूहमा आएका 'बूढा' पदभित्र ब् र ढ् वर्णको आवृत्ति 'कुरो कुरो' मा आएको क् र र् वर्णको आवृत्ति, 'केटी केटी' मा आएको क् र ट् वर्णको आवृत्ति,

१.९.१ को वाक्यमा आएको 'एउटी निकै पढेकी र बढेकी' भन्ने पदसमूहमा ढ् र क् वर्णको द्विआवृत्ति तथा १.९.३ को 'गर् न गर्' भन्ने अंशमा ग् र र् वर्णको द्विआवृत्तिले तत् तत् स्थानमा व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता झल्किएकै छ। १.९.४ को वाक्यमा पनि 'पढेकी र बढेकी' अंशमा ढ् र क् वर्ण, १.१२.६ को वाक्यमा 'केटी त केटोलाई' पदसमूहमा क् र ट् वर्णको द्विरावृत्तिले समेत द्विवर्णविन्यास चारुता झल्काएकै छन्।

### ४.१.२ अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

माथि १.७.१ को वाक्यमा 'बल्ल बल्ल' पदसमूहमा ब्ल् ब्ल् वर्ण कुनै अन्तरविना आवृत्त भएका छन्। १.९.४ को वाक्यमा 'चायै चाया जमेका गाला' भन्ने वाक्यांशमा आएको 'चायै चाया' पदसमूहमा च् र य् वर्णको द्विरावृत्ति हुन गएको छ। १.९.९ को वाक्यमा 'टाकटुक भइहाल्यो' भन्ने अंशको 'टाकटुक' शब्दमा ट् र क् वर्ण द्विरावृत्त भएका छन्। १.९.१४ को 'घरमा निकै सजिसजाउ गरें' भन्ने वाक्यमा स् र ज् वर्णको स्वल्पान्तरविना नै द्विरावृत्ति भई सौन्दर्य झल्किएकै छ। १.११.२ को वाक्यमा 'हन्डर खाँदा खाँदा' भन्ने अंशमा ख् र द् वर्णको द्विरावृत्ति देखिएको छ भने त्यसै वाक्यको 'पुर्पुरो' शब्दमा प् र र् वर्णको आवृत्तिले व्यवधानरहित द्विवर्णविन्यास वक्रताको चारुता देखाएकै छन्। १.१२.९ को 'फन्फनाइरहन' भन्ने पदमा आएका फ् र न् वर्णको आवृत्तिले श्रुतिसौन्दर्य उजागर गरेको छ। यसरी उपर्युल्लिखित वाक्यहरूका जुन जुन ठाउँमा द्विवर्णविन्यासगत आवृत्ति भएको छ तत् तत् स्थानमा वर्ण्य विषयको औचित्य अनुकूलको श्रवणसौन्दर्य र भावोद्रेक हुन गएको छ।

उपर्युल्लिखित वाक्यहरूमा अव्यवधानयुक्त द्विवर्णको आवृत्ति भएका बल्ल-बल्ल, सजिसजाउ, चायैचाया, टाकटुक, खाँदा खाँदा र फन्फनाइरहन जस्ता पदहरूमा प्रयुक्त वर्णहरूले श्रुतिसौन्दर्य, लयमाधुर्य सिर्जना गर्नाका साथै ती वक्रतायुक्त वर्णहरू प्रयोग भएका पदहरूले ती पदहरू प्रयुक्त भएका वाक्यहरूमा वर्णित विषय वा अर्थसँग मिलेर आह्लाद प्रदान गरेका छन्। वाक्यभित्र जति एक वर्णविन्यास वक्रताको प्रयोग छ त्यति द्विवर्णविन्यास वक्रताको प्रयोग कमै मात्रामा भएको देखिन्छ। व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता भएका, बूढानीलकण्ठका बुढाथोकी, पढेकी र बढेकी, गर् न त गर्, केटी त केटालाई जस्ता स्थानमा लयात्मक सौन्दर्य झल्किएको देखिन्छ। विवाह हुन नसकेको केटाले कन्याकेटी खोज्दा

भोग्नुपरेका व्यथा र व्यवधानको विषयवस्तुलाई हास्यमय बनाउन यी वर्णविन्यास वक्रताले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

उपर्युल्लिखित वाक्यहरूमा निबन्धको भावलाई कथन गर्न प्रस्तुत गरिएका कथयिता म, बुढाथोकी, सिंखडाकी छोरी, बा जस्ता व्यक्तिहरू र तिनका चेष्टा, गुण र कार्यलाई व्यक्त गर्न आएका भाषाका साधनरूप वर्णको द्विवर्णविन्यास सौन्दर्य हेर्दा विचित्र मार्गकै माधुर्य, आभिजात्य गुण प्रदीप्त भएको पाइन्छ । ठिक्क-ठिक्क, बूढानीलकण्ठ-बुढाथोकी, बल्ल बल्ल, पढेकी बढेकी, गर् न गर्, चायै चाया, टाकटुक, सजिसजाउ, खाँदा खाँदा, पुर्पुरो, फनफनाइ जस्ता पदहरूमा प्रयुक्त शब्द विषयको औचित्य अनुकूल अर्थद्योतनमा चमत्कारयुक्त बनेकै छन् । यी पदहरूमा प्रयुक्त उक्तिवैचित्र्यपूर्ण वर्णविन्यास योजनाका कारण पदहरू वैचित्र्ययुक्त भई विचित्र मार्गको माधुर्य गुण प्रदीप्त भएकै छ । कविकौशलका कारण रमणीय बनेका यी वर्णविन्यास सौन्दर्यभित्र आभिजात्य गुण विद्यमान रहेको देखिन्छ ।

### ४.१.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

उपर्युल्लिखित वक्रताभित्र अनुप्रास अलङ्कारभित्रको अनेक व्यञ्जन एक पटक आवृत्त हुने छेकानुप्रास सौन्दर्यको झलक राम्रैसँग देखिन्छ । वक्रोक्तिकारले एक, द्विवर्ण र बहुवर्णविन्यास वक्रताका अलग-अलग भेद बताएका छन् भने अलङ्कारवादीहरूले एक वर्ण र अनेक वर्णविन्यास वक्रताको मात्र चर्चा गरेका छन् । कुन्तकद्वारा प्रतिपादित द्विवर्णविन्यास वक्रतालाई अलङ्कारवादीहरूको अनेक वर्णविन्यास वक्रताभित्र अन्तर्भूत गर्नु समीचीन देखिन्छ । त्यसैले द्विवर्ण एकपटक आवृत्ति भएका ठाउँहरूमा भने छेकानुप्रास सौन्दर्य प्रदीप्त भएको पाइन्छ । द्विवर्णको अनेक पटक आवृत्ति हुँदा चाहिँ अनेक वर्णको अनेक पटक आवृत्ति हुने वृत्यनुप्रासीय सौन्दर्य झल्केको पाइन्छ । उपर्युल्लिखित तालिकाका वाक्यहरूमध्ये आलम्वन वा वर्ण्य विषयको रूपमा आएका 'तासको जोकर झैं म, बूढानीलकण्ठका बुढाथोकी, सिमालेका सिंखडाकी छोरी, सुनको सिक्रीका लोभी बा, घर सजिसजाउ गर्ने म पात्र, नीला ओठ भएकी पढेकी बढेकी कन्या, केटालाई बुढाबा भन्ने केटी, केटीले बुढाबा भनेको दिमागमा फन्फनाइरहने केटो (म पात्र), जस्ता व्यक्ति वा विषयका चेष्टा वा गुणलाई वर्णन गर्न आएका साधनरूप वर्णहरूको चमत्कार र वर्णित अर्थ मिलेर समन्वित रूपमा पाठकलाई आह्लादित तुल्याएका छन् । द्विवर्ण आवृत्त भएका वर्णहरू मायुर्य गुणव्यञ्जक कोमल वर्ण भएको हुँदा माधुर्य गुण, उपनागरिका वृत्ति र वैदर्भी रीतियुक्त वर्ण एवम्

पदयोजनाद्वारा उपर्युल्लिखित वाक्य शोभायमान देखिन्छन् । 'बूढानीलकण्ठका बुढाथोकी' जस्ता पदावलीमा समानान्तर रूपमा आवृत्त ब् ढ् वर्णावृत्तिले एकातिर वर्णसमानान्तरताको छनक दिएका छन् भने अर्कातिर उक्त समानान्तरताका कारण अन्तर्लयात्मक वैशिष्ट्य समेत उपस्थित भएको देखिन्छ ।

## ४.२ पख्नोस् निबन्धमा द्विवर्णविन्यास वक्रता

'पख्नोस्' शीर्षकको निबन्धबाट द्विवर्णविन्यास वक्रताको विश्लेषणका लागि लिइएका निम्नानुसारका चारवटा वाक्यलाई तालिका संख्या ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका संख्या ६**

**द्विवर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| २.५.२ | तपाईं अहिले जुन बेला मसित लेख पर्खिरहनु भएको छ यस बेला यतिखेरै कहाँ कहाँ को को के के पर्खिरहेका होलान् त, लौ मनमिटर घुमाउँदै जानुहोस् | | (कहाँ कहाँ) क ह - २ |
| २.७.४ | धक्कूबाजका धुरन्धर धम्मरधुसहरू पेरिसको धोके क्लवमा साफसित रक्सी धोकेर बाटबाटैमा ओछ्यान लाउन आफ्ना जोडीको मन्जुरी पर्खंदाहुन् । | (धुरन्धर) ध ध | (बाटबाटैमा) ब ट - २ |
| २.१०.१ | आफू जुम्राजस्तो जुम्सो छ अनि कामको सट्टा कुराले टार्न खोज्छ भनी तपाईं गिज्याउनुहोला | (जुम्रा जुम्सो) ज म - २ | |

| | | | |
|---|---|---|---|
| २.१२.५ | हामी दुवै चाहन्छौं, एउटा त्यस्तो दुनियाँको सिर्जना गरौं, जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ! झुल्याएर फुल्याउने लर्काएर पर्खाउने यस्तो जालेमाले परम्परा नहोस् । | (ल्या ल्या) ल य - २<br><br>(परम्परा) प र - २ | |

स्रोतः पख्नोस् निबन्ध ।

### ४.२.१ व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

माथि २.७.४ को वाक्यमा 'धुरन्धर' पदभित्र ध् र र् वर्णको द्विरावृत्ति भएको छ । त्यस्तै २.१०.१ को वाक्यमा 'जुम्राजस्तो जुम्सो' पदावलीमा ज् र म् वर्णको सुन्दर द्विरावृत्ति भएको छ । २.१२.५ को वाक्यमा रहेका 'झुल्याएर फुल्याउने' तथा 'परम्परा' पदावली एवम् पदहरूमा क्रमशः ल् य् र प् र् वर्णहरू आवृत्त भई उक्त वाक्यमा उक्तिवैचित्र्य सृजना गरेका छन् । दुई वर्णको एकपटक आवृत्ति भएका यी वाक्यहरूको वर्णविन्यासगत सौन्दर्य हेर्दा दुई वर्णको दुई पटक मात्र आवृत्ति भएको तर अनेक पटक आवृत्ति नभएको स्थिति देखिन्छ । अलङ्कारभित्रको अलङ्कारका रूपमा यो आवृत्ति प्रदीप्त भई यहाँ विचित्र मार्गको माधुर्य गुणगत सौन्दर्य उद्भासित भएको छ ।

### ४.२.२ अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

माथिको २.५.२ को वाक्यमा 'कहाँ कहाँ' भन्ने पदसमूहमा क् ह् वर्ण र २.७.४ को 'बाटबाटैमा' भन्ने पदमा पनि ब् र ट् वर्णको द्विरावृत्तिजन्य वक्रता देखिए पनि यस वक्रतामा पनि द्विवर्णको. अनेक पटक आवृत्ति देखिएको छैन । भैरव अर्यालका निबन्धमा द्विवर्णविन्यास वक्रताको प्रयोग विशेष गरी द्वित्व शब्दनिर्माण प्रक्रिया ढाँचाद्वारा मात्र विन्यस्त भएको देखिन्छ । उनका निबन्धमा जुन जुन ठाउँमा द्विवर्णविन्यास वक्रता छ ती वाक्यका अन्य स्थानमा एकवर्ण र बहुवर्णविन्यास वक्रता पनि रहनसक्ने हुँदा ती सम्पूर्ण वक्रता समष्टि रूपमा मिलेर वाक्यको चारुता सृजना गर्न सफल भएका देखिन्छन् ।

उपर्युल्लिखित वाक्यहरूमा प्रयुक्त द्विवर्णविन्यास वक्रता विचित्र मार्गको माधुर्य एवम् आभिजात्य गुणबाट विभूषित देखिन्छ । यहाँ प्रयुक्त कहाँ कहाँ, धुरन्धर, बाटबाटैमा, जुम्रा जस्तो जुम्सो, झुल्याएर फुल्याउने, परम्परा जस्ता पदहरूमा चाहिँ विना कुनै व्यसन

वर्णहरूको वैचित्र्यपूर्ण न्यास भएको हुँदा सुकुमार मार्गको लावण्य गुण उद्भासित भएको देखिन्छ । पदहरू सरलतासाथ अभिप्राय व्यक्त गर्न सक्षम भएकाले र त्यस्ता पदहरू द्विवर्णविन्यास चारुताद्वारा सजिएकैले यसमा सुकुमार मार्गको प्रसाद गुणद्वारा समेत यो वर्णयोजना उद्भासित देखिन्छ । यसरी विचित्र मार्गका केही गुण र सुकुमार मार्गका केही गुणका विशेषता विद्यमान रहेकैले मध्यममार्गी सौन्दर्य प्रदीप्त रहेको पाइन्छ ।

### ४.२.३ साहित्यका अन्य शैलीशिल्पसँगको सम्बन्ध

माथि दिइएको तालिकाका वाक्यहरूमा धुरन्धर, जुम्राजस्तो जुम्सो, झुल्याएर फुल्याउने, परम्परा जस्ता व्यवधानयुक्त पद पदावलीहरूका साथै कहाँ कहाँ, बाटबाटैमा जस्ता अव्यवधानयुक्त स्थानमा द्विवर्णविन्यासको एक पटकको आवृत्तिजन्य स्थितिले एकातिर अनेक वर्णको एक पटक आवृत्त हुने छेकानुप्रासजन्य चारुता उद्भासित देखिन्छ भने अर्कातिर अनेक वर्णको अनेक पटक आवृत्ति हुने भनी परिभाषित गरिएको वृत्यनुप्रासीय सौन्दर्यको समेत सृजना भएको पाइन्छ । यी वाक्यहरूमा वर्ण्य विषय वा आलम्वनका रूपमा पर्खनेहरू, बाटामा ओछ्यान लाउन जोडीको मन्जुरी पर्खने धम्मरधुसहरू, जुम्रा जस्तो जुम्सो (म पात्र), पर्खने र पर्खाउन नपर्ने काल्पनिक समाज जस्ता व्यक्ति वा विषय आएका छन् र ती व्यक्ति वा विषयका चेष्टा वा गुणलाई व्यक्त गर्न साधनका रूपमा आएका शब्दहरूभित्रको वर्णविन्यासगत चमत्कारले र त्यस्ता वाक्यको पठनबाट पाठकका हृदयमा आह्लाद उत्पन्न हुने भएकाले यी वाक्यहरूले हास्य रसको उद्रेकमा भूमिका खेलेकै छन् । त्यो भूमिका खेल्नमा वक्रतायुक्त विन्यस्त वर्णहरूको पनि प्रमुख भूमिका रहेकै छ । धक्कुबाजका धुरन्धर, धम्मरधुसहरू जस्ता वाक्यांशमा उत्पन्न नाद सौन्दर्यको उपकारक तत्त्व 'धुरन्धर' पदको द्विवर्णआवृत्तिजन्य वक्रतालाई पनि मान्न सकिन्छ ।

## ४.३ उडाउनुसित एकछिन उड्दा निबन्धमा द्विवर्णविन्यास वक्रता

**गलबन्दी** निबन्ध संग्रहको 'उडाउनुसित एकछिन उड्दा' शीर्षकको निबन्धबाट द्विवर्णविन्यास वक्रताको विश्लेषणका लागि लिइएका निम्नानुसारका ६ वटा वाक्यलाई तालिका संख्या ७ मा प्रस्तुत गरिएको छ ।

## तालिका सं. ७

## द्विवर्णविन्यास वक्रताको विश्लेषण

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| ३.१.२ | सन्जोग पनि कहिलेकहीँ कस्तो पर्छ भने एउटा बिनसित्तिको कुराले पनि सित्तै अल्मल्याइदिन्छ । | (सित्ति सित्तै) स त २ (कहिले काहीँ) क ह २ | |
| ३.६.१ | उडाउनुको यसै फन्कोमा कान्छाले बेलुन उडाएको ठाइँलाले चङ्गा उडाएको, काइँलाले गाँजा उडाएको, साहिँलाले परेवा उडाएको, माइँलाले तहविल उडाएको, जेठाले सर्वस्व उडाएको सम्झना पनि फन्कामाथि फन्का थप्तै उड्न थाल्छन् । | (नुको न्को) न क २ | |
| ३.७.५ | ...प्रकृति प्वाँख र पखेटा खोजिरहोस्, विज्ञान अक्सिजन र नाइट्रोजन जोडिरहोस् हामी कुरै कुरामा कैयौं कुरा भुर्रै उडाइदिन्छौं । | (अक्सिजन नाइट्रोजन) ज न २ (कुरामा कुरा) क र २ | (कुरै कुरामा) क र २ |
| ३.९.१ | उडाइने मान्छे भोजपुरमा होस् कि भक्तपुरमा होस् भोज खान लागेको होस् कि भोकै मर्न आँटेको होस् उसको उपस्थितिबिना नै उसलाई | (होस ४) ह स ४ | |

| | | | |
|---|---|---|---|
| | भुर्र उडाइदिन सक्नु हाम्रो उडानको अद्वितीय विशेषता हो । | | |
| ३.९.८. | अरूलाई उडाउँदा पाइने एउटा गुलियो रसमा रसना रसाउँदै एकछिन हल्ल हाँस्न पाइन्छ । | (रस ३) र स ३ | |
| ३.११.३ | रकेट उडाउनेदेखि पकेट उडाउने कलासम्ममा आज जति प्रगति भएको छ त्यति पहिले कहिल्यै थिएन । | (रकेट पकेट) क ट २<br>(हिले हिल्यै) ह ल २ | |

स्रोतः उडाउनुसित एकछिन उड्दा निबन्ध ।

### ४.३.१ व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

माथि ३.१.२ को वाक्यमा आएको कहिले काहीँ, बिनसित्ती - सित्तै जस्ता पद पदावलीमा क् ह् र स् त् वर्णको द्विरावृत्तिजन्य वक्रता पैदा भएको छ । ३.६.१ को वाक्यमा 'उडाउनुको' र 'फन्को' पदहरूमा आएको न् क् वर्णको आवृत्तिले द्विवर्णविन्यास चारुता सृजना गरेको देखिन्छ । त्यस्तै ३.७.५ को वाक्यमा प्रयुक्त 'अक्सिजन' र 'नाइट्रोजन' पदहरूमा ज् न् वर्णहरूको द्विरावृत्तिले अङ्ग्रेजी शब्दभित्र समेत वर्णविन्यास चारुता प्रयोग गर्न अर्यालको प्रतिभा विचित्र ढङ्गले प्रवृत्त भएको देखिन्छ । यही वाक्यको 'कुरामा कुरा' पदमा क् र् वर्णको आवृत्तिले पनि सौन्दर्य थपेकै छ । त्यस्तै ३.९.१ को वाक्यमा 'भोजपुरमा', 'भक्तपुरमा' पदहरूमा भएको प् र् वर्णको आवृत्तिका साथै 'होस्' शब्द चार पटक प्रयोग हुँदा ह् स् जस्ता दुई वर्ण अनेक पटक आवृत्ति भएको स्थिति छ । वाक्य ३.९.८ मा 'रसमा रसना रसाउँदै' पदहरूमा र् स् यी दुई वर्णको बहु आवृत्तिजन्य श्रुतिमधुर चारुताले उक्ति वैचित्र्य सिर्जना गरेको देखिन्छ । त्यस्तै ३.११.३ को वाक्यमा 'रकेट पकेट' पदहरूमा आएको क् ट् वर्णमा तथा 'पहिल्यै कहिल्यै' पदहरूमा आएको ह् ल् वर्णको द्विरावृत्तिले उक्त वाक्यको वर्ण्य विषयलाई प्रदीप्त पार्ने गरी उक्त वाक्यलाई चमत्कारयुक्त बनाएको देखिन्छ ।

### ४.३.२ अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

माथिका वाक्यहरूमध्ये ३.७.५ को वाक्यमा 'कुरै कुरा' पदभित्र क् र् वर्णको द्विरावृत्ति भएको स्थिति छ । सोही वाक्यका दुई स्थानमा व्यवधानयुक्त आवृत्ति र यो अव्यवधानयुक्त आवृत्ति दुवै मिलेर वाक्यको वर्ण्य विषयको औचित्य अनुकूल हास्योद्रेक गर्दै उक्त वाक्यलाई चमत्कृत तुल्याएको देखिन्छ । यी वाक्यहरूको दुई वर्णविन्यासगत वक्रताको स्थितिलाई हेर्दा अर्यालका निबन्धमा व्यवधानयुक्त द्विवर्णविन्यास वक्रताको मात्रा अलि बढी र अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रताको मात्रा अत्यन्त न्यून भएको देखिन्छ ।

उपर्युल्लिखित वाक्यहरूमा निबन्धको भावलाई व्यक्त गर्न प्रयुक्त द्विवर्णविन्यास वक्रता बिनसित्ति, सित्तै, कहिले काहीँ, उडाउनुको फन्को, अक्सिजन र नाइट्रोजन, कुरामा कुरा, होस् होस् होस् होस्, रसमा रसना रसाउँदै, रकेट उडाउने, पकेट उडाउने जस्ता पदावलीहरूमा प्रयुक्त अलङ्कारको दीप्ति, उक्तिवैचित्र्य, शब्दार्थको कविप्रतिभाजन्य चमत्कारका कारण विचित्र मार्गकै गुण सौन्दर्य देखिन्छ । अक्सिजन र नाइट्रोजन, रकेट पकेट जस्ता अङ्ग्रेजी पद-पदावलीको प्रयोगबाट पनि अप्रत्याशित शब्दप्रयोगपटुताजन्य चमत्कारले विचित्र मार्गको वैशिष्ट्य झल्काएकै छन् ।

### ४.३.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

माथि दिइएका वाक्यहरूभित्र आएका कहिले काहीँ, बिनसित्ति-सित्तै, उडाउनुको-फन्को, अक्सिजन नाइट्रोजन, कुरामा कुरा, होस् (४ पटक), रसमा रसना रसाउँदै, रकेट-पकेट, पहिल्यै कहिल्यै जस्ता द्विवर्णविन्यासको एक पटक र अनेक पटक आवृत्तिजन्य वक्रताको स्थितिले छेकानुप्रास र वृत्यनुप्रासीय सौन्दर्य उद्भासित गरेकै छन् । उक्त वाक्यहरूमा प्रस्तुत वा वर्ण्य विषयका रूपमा आएका विनसित्तिको कुरा, बेलुन चङ्गा आदि उडाउने कुरा, कुरै कुरामा कैयौं कुरा भुर्र उडाउने विषय, मानिस जहाँ भए पनि उसको उपस्थितिविना नै उडाउन सकिने विषय, अरूलाई उडाउँदा आउने आनन्दको विषय र उडाउने कलामा भएको प्रगतिको विषय जस्ता कुराहरू आलम्वनका रूपमा आएका छन् र ती आलम्वनका गुण र चेष्टालाई व्यक्त गर्न साधनका रूपमा आएका वाक्यका शब्दभित्रको चमत्कारयुक्त वर्णविन्यासले त्यस्ता वाक्यको पठनलाई रुचिकर बनाई हास्यभाव समेत जगाएको पाइन्छ । 'रसमा रसना रसाउँदै' र 'उडाउनुको यसै फन्कोमा' जस्ता वाक्यांशमा

आएका दुई वर्णविन्यास वक्रताले उक्तिवैचित्र्य, पदवैचित्र्य र रमणीयता पैदा गरेको र लयात्मक माधुर्य समेत सिर्जना गरेको देखिन्छ ।

### ४.४ केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धमा द्विवर्णविन्यास वक्रता

निबन्धकार भैरव अर्यालको हास्यव्यङ्ग्य निबन्ध संग्रह **इतिश्री**को 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' शीर्षकको निबन्धबाट द्विवर्णविन्यास वक्रताको विश्लेषणका लागि लिइएका निम्नानुसारका चारवटा वाक्यलाई तालिका संख्या ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका सं. ८**

**द्विवर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| ४.१.७ | यो असल कि ऊ असल । | (असल २) स ल २ | |
| ४.२.४ | ...यहाँको पोजिसनबद्ध प्रोसेसन देख्दा उहाँ पक्कै सोच्नुहुनेछ, काठमाडौंमा कलेरा भएछ । | (पोजिसन प्रोसेसन) स न २ | |
| ४.५.४ | धाक, रवाफ र कटु जवाफ यस रोगका प्रारम्भिक लक्षण हुन् । | (रवाफ जवाफ) व फ २ | |
| ४.८.२ | कहाँ कहाँ कस कसले के के कुरा गरे ती सब पहिले शान्त भएर आफ्ना कानभित्र पार्नु र जो जोसँग सम्बन्धित छ उस उसका कानमा सुलुत्त पसालिदिनु कन्सुत्ले रोगको लक्षण हो । | | (कहाँ कहाँ) क क<br>(कस कस) क स |

### ४.४.१ व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

माथि दिइएको तालिकाका वाक्यहरूमध्ये ४.१.७ भित्र आएका 'असल असल' पदसमूहमा स् ल् वर्णको आवृत्ति अनि ४.२.४ को वाक्यमा आएको 'पोजिसन प्रोसेसन' पदहरूमा स् न् वर्णको आवृत्तिले तत्तत् स्थानमा द्विवर्णविन्यास वक्रता सृजना गरेका छन् । अङ्ग्रेजी शब्दको प्रयोग गरेर पनि वक्रता सिर्जना गर्ने निबन्धकार अर्यालको प्रतिभाजन्य चमत्कार र उक्तिवैचित्र्यले विचित्र मार्गको अनुसरण गरेको देखिन्छ । त्यस्तै ४.५.४ को वाक्यभित्रका 'रवाफ र जवाफ पदसमूहमा ब् फ् वर्णको आवृत्तिले पनि द्विवर्णविन्यास वक्रताको सौन्दर्य सृजना गरेकै छ । यी वाक्यहरूमा प्रयुक्त यस्तो वक्रताले कवि कौशलका कारण रमणीय बनाई विचित्र मार्गको आभिजात्य गुणको विशेषता उक्त वाक्यमा सृजना गरेको देखिन्छ ।

### ४.४.२ अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रता

माथिको तालिकामा दिइएका वाक्यमध्ये ४.८.२ को वाक्यमा मात्र यस प्रकारको वक्रताको स्थिति पैदा भएको देखिन्छ । उक्त वाक्यमा 'कहाँ कहाँ' र 'कस कसले' भन्ने पदसमूहमा क् ह् र क् स् वर्णको द्विरावृत्तिले उक्त वाक्यभित्रको वर्ण्य विषयको चारुतालाई झल्काउन उपकारकको कार्य गरेको देखिन्छ । यो विश्लेषण हेर्दा पनि अर्यालका निबन्धकृतिमा अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रताको स्थिति अत्यन्त कमै मात्रामा पाइने आकलन गर्न सकिन्छ ।

उपर्युल्लिखित वाक्यहरूभित्र यो असल कि ऊ असल, पोजिसन र प्रोसेसन, रवाफ जवाफ, कहाँ कहाँ, कस कस जस्ता पदहरूमा प्रयुक्त पद पदावलीहरू जहाँ जहाँ द्विवर्णविन्यास वक्रता छ त्यहाँ अनायास आवृत्त वर्णहरूले गर्दा सुकुमार मार्गको प्रसाद गुण विभूषित भएको देखिन्छ । त्यसका साथै यी वर्णहरूको प्रयोगमा कविकौशलजन्य प्रतिभाका कारण विचित्र मार्गको माधुर्य गुण समेत उद्‌भासित छ । यसरी वर्णप्रयोगजन्य चमत्कारका कारण निबन्धको विषयले व्यक्त गर्न खोजेको सामाजिक विसङ्गतिका रोगहरूप्रति व्यङ्ग्य गर्न र हास्यभाव जगाउन यो वर्णप्रयोग अत्यन्त सफल देखिन्छ । यहाँ सुकुमार मार्गका केही र विचित्र मार्गका गुण मिश्रित रूपमा प्रयुक्त भएकाले मध्यममार्गी वैशिष्ट्ययुक्त देखिन्छ ।

### ४.४.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

माथि दिइएको तालिकाका विश्लेषित वाक्यहरूमध्ये ४.१.७ मा 'असल असल, ४.२.४ मा पोजिसन प्रोसेसन, ४.५.४ मा रवाफ जवाफ जस्ता पद समूहहरूमा आएका क्रमशः स् ल् दुई पटक, स् न् दुई पटक र व् फ् दुई पटकको आवृत्तिले जुन द्विवर्णविन्यास चारुता पैदा गरेको छ त्यस चारुताभित्र छेकानुप्रास र वृत्यनुप्रासीय सौन्दर्य समेत अन्तर्भूत भएको पाइन्छ । यी वाक्यहरूमा वर्ण्य विषयका रूपमा आएका काठमाडौंमा बढेको कलेरा, राष्ट्रिय रोगका प्रारम्भिक लक्षण जस्ता विषयका गुण र चेष्टालाई व्यक्त गर्न उपर्युल्लिखित द्विरावृत्तिजन्य वर्णविन्यास वक्रताले उद्दीपनको उपकारकको काम गरेको देखिन्छ । यी वाक्यहरू र वक्रतायुक्त उक्तिवैचित्र्यपूर्ण पदहरू तथा तिनको अर्थ समेत मिलेर सहृदयका हृदयमा हास्यभाव र आह्लाद पैदा गर्न सफल भएको देखिन्छ । वर्णहरूको समानान्तर आवृत्ति तथा पुनरावृत्ति चमत्कारबाट पैदा हुने लयात्मक सौन्दर्य समेत 'यो असल कि ऊ असल' 'धाक रवाफ र कटु जवाफ' जस्ता वाक्यांशमा सहजै देख्न सकिन्छ । अव्यवधानयुक्त आवृत्ति भएको ४.८.२ को वाक्यमा आएका 'कहाँ कहाँ' र 'कस कसले' पदभित्र रहेको वक्रताले कन्सुत्ले रोगका लक्षण भएका व्यक्तिहरूले अनावश्यक चियो चर्चो गर्ने जस्तो प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्न महत्त्वपूर्ण भूमिका खेलेकै छन् त्यसैले यहाँ वर्ण्य विषयको उपकारकका रूपमा वक्रताको मुख्य भूमिका पनि रहेकै छ ।

## ४. ५ निष्कर्ष

यस परिच्छेदमा निबन्धकार भैरव अर्यालका निबन्धमा द्विवर्णविन्यास वक्रताको विश्लेषण गरिएको छ । यसका लागि छनोट गरिएका चारवटा पाठका लागि चारवटा अलग अगल तालिका बनाई सोही अनुसार प्रत्येक तालिकाका अन्त्यमा व्यवधानयुक्त र अव्यवधानयुक्त द्विवर्णविन्यास वक्तताको छुट्टाछुट्टै विश्लेषण गरिएको छ । साथै हरेक तालिकाका अन्त्यमा पाठमा प्रयुक्त द्विवर्णविन्यास वक्रतालाई साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पहरू अलङ्कार, गुण, वृत्ति, रीति, रस, लय, शैली आदि तत्त्वसँगको सम्बन्ध समेत केलाइएको छ । यस परिच्छेदमा पनि जुन जुन ठाउँमा वर्णविन्यास चारुता छ, ती ती ठाउँमा त्यो वर्णविन्यासले कथ्य वा वर्ण्य विषयको अर्थ र भाव अनुकूलको चारुता पैदा गरेको देखिन्छ । भैरव अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रताको जुन चमत्कार छ त्यस किसिमको चमत्कार द्विवर्णविन्यास वक्रतामा पाइँदैन । स्वरसाम्य भएका वा नभएका

स्थानमा द्विवर्णविन्यास वक्रताका लागि आएका बल्ल बल्ल, खाँदा खाँदा जस्ता उदाहरणमा प्रयुक्त द्विवर्णविन्यास वक्रता स्वरसाम्य रूपमा र शब्दकै तहमा आवृत्त भएकाले केवल द्विवर्णविन्यास सौन्दर्य मात्र प्रदर्शन गरेको देखिन्छ । द्विवर्णविन्यास वक्रताका सन्दर्भमा हेर्दा भैरव अर्यालका निबन्धहरूमा द्वित्वजन्य द्विवर्णविन्यास योजना बढी देखापर्छ । यो वर्णविन्यास योजनामा स्वरको असारुप्य भई आएका ठाउँमा जस्तै टाकटुक, भन्दा भन्दै आदि स्थानमा त्यो द्विवर्णविन्यास वक्रता यमकाभास वक्रताको रूप लिई थप सौन्दर्य प्रदर्शित गर्दछ । उनको यस द्विवर्णविन्यास वक्रताभित्र वक्रोक्तिको विचित्र मार्ग र त्यसका गुणहरूको उपस्थिति देखिन्छ । द्विवर्ण एक पटक आवृत्ति भएका ठाउँमा अनेक वर्णको एक पटक आवृत्ति भई सौन्दर्य सिर्जना गर्ने छेकानुप्रास सौन्दर्य उद्भासित भएको छ । यहाँ हास्य रसानुकूल वर्णयोजना भएका कारण कारण चारुता पैदा भएको छ । कविकौशलद्वारा रमणीयता सिर्जना गरिएकाले विचित्र मार्गको अभिजात्य गुण उद्भासित भएको यस वर्णविन्यास वक्रतालाई हेर्दा अर्याल विचित्रमार्गी निबन्धकारका रुपमा देखापर्दछन् ।

# पाँचौं परिच्छेद

# भैरव अर्यालका निबन्धमा बहुवर्णविन्यास वक्रता

बहुवर्णविन्यास वक्रता भनेको अनेक वर्णहरूको व्यवधान वा अव्यवधान आवृत्तिबाट वर्ण्यविषयको औचित्य अनुकूलको भाव जगाई सृजना गर्ने वर्णविन्यास सौन्दर्य हो । भैरव अर्यालका निबन्धहरूमा प्रयुक्त सोही बहुवर्णविन्यास वक्रतालाई यहाँ प्रस्तुत गरिएको छ । यसका लागि भैरव अर्यालका निबन्धहरूमा प्रयुक्त वाक्यहरूका लागि प्रत्येक पाठमा अलग अलग तालिका दिई तिनै तालिकाहरूको माध्यमबाट क्रमशः विश्लेषण गर्दै वर्णविन्यासजन्य सौन्दर्यको सन्धान गरिएको छ । यस सौन्दर्यका माध्यमबाट प्रकट हुने वक्रोक्तिका मार्ग र गुणका स्थितिको पनि यथासम्भव चर्चा यहाँ गरिएकै छ । वर्णविन्यास वक्रताजन्य सौन्दर्यसँग मिल्दा जुल्दा वा आचार्य कुन्तकद्वारा वर्णविन्यास वक्रताभित्रै अन्तर्भाव गरिएका अन्य साहित्यिक अभिव्यक्तिका शैलीशिल्पगत सौन्दर्यको समेत प्रत्येक तालिकाका वाक्यहरूका अन्त्यमा प्रस्तुत गरिएको छ ।

### ५.१ कन्याकेटी खोज्दा निबन्धमा बहुवर्णविन्यास वक्रता

हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालको **काउकुती** निबन्ध सङ्ग्रहमा सङ्कलित ‘कन्याकेटी खोज्दा’ शीर्षकको प्रस्तुत निबन्धबाट विश्लेषणका लागि लिइएका निम्नानुसारका पाँचवटा वाक्यलाई तालिका संख्या ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका सं. ९**

**बहुवर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| १.२.१ | म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको र कान्तिपुरमा बसेको, अब मलाई पाखे, काँठे, मदिसे वा सहरिया जे भन्नुपर्छ तपाईं नै जान्नोस् । | (पुरमा ३ पटक)<br>प् र म् - ३ | |

| | | | |
|---|---|---|---|
| १.२.४ | सबैतिर मिल्छु भन्दा भन्दै यताबाट पनि घुच्चा उताबाट पनि घुच्चा ख्वाएर मलाई बालीमा नमिलेको डुम गराइ दिन्छन् अनि केटी पाउने कहाँ ? | | (भन्दा भन्दै)<br>भ् न् द् - २ |
| १.७.१ | बल्ल बल्ल पोहोरका वर्ष बूढानीलकण्ठका बूढाथोकीसित केटीको कुरो मिलेको थियो तर खड्कौलाको कुरो मिलेन । | | (बल्ल बल्ल)<br>ब् ल् ल् - २ |
| १.७.२ | बाको मत थियो खडकौलो पाँच धार्नीको चाहिन्छ, ऊ भन्ने तीन धार्नी सिवाय मेरो केही चल्दैन । | धार्नी (२ पटक)<br>ध् र् न् - २ | |
| १.११.१ | कहिले जात-भात मिल्दैन, कहिले ठाउँठहर मिल्दैन, कहिले दाइजो गोडधुवा मिल्दैन । | (कहिले ३, मिल्दैन २)<br>क् ह् ल् - ३<br>म् ल् द् न् - २ | |

स्रोतः कन्याकेटी खोज्दा निबन्ध ।

### ५.१.१ व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

माथि १.२.१ को वाक्यमा ‘भोजपुरमा, जनकपुरमा र कान्तिपुरमा’ पदसमूहमा प् र् म् अनेक वर्णहरूको आवृत्तिले बहु वर्णविन्यासको सौन्दर्य उद्भासित गरेको छ । त्यस्तै वाक्य सङ्केत १.७.२ मा ‘पाँच धार्नी र तिन धार्नी’ यी पदसमूहमा आएको ‘धार्नी’ पदमा ध् र् न् यी अनेक वर्णको आवृत्तिले वाक्यमा चारुता पैदा गराएको छ । वाक्य १.११.१ मा ‘कहिले’ शब्दको तिन पटक आवृत्ति हुँदा क् ह् ल् वर्णको अनेकपटक विन्यास भएर र ‘मिल्दैन’ शब्दको दुई पटक आवृत्ति हुँदा म् ल् द् न् न् यी वर्णरूको आवृत्ति भई सौन्दर्य सृजना भएको पाइन्छ । यी वाक्यहरूमा क्रमशः आलम्बनको रूपमा आएका म पात्र, बूढाथोकी पात्र र बाबु पात्रमध्ये म पात्रप्रति विशेष सहानुभूति र बुढाथोकी र बा पात्रका गुण स्वभाव चेष्टा

आदिबाट हास्योद्दीपन गराइ व्यङ्ग्योद्घाटन समेत गरिएको छ । उक्त बहुवर्ण आवृत्तिबाट यस वाक्यमा बहुवर्णविन्यास वक्रता सृजना भएको छ र यसले यस वाक्यमा लयात्मक सौन्दर्य समेत सृजना गरेको छ ।

### ५.१.२ अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

यस तालिकाका अनुसार वाक्य १.२.४ मा 'भन्दा भन्दै' पदभित्र भ् न् द् यी अनेक वर्णहरूको आवृत्तिले श्रुतिसौन्दर्य सृजना गरेको छ भने १.७.१ को 'बल्ल बल्ल' पदमा ब् ल् ल् वर्णहरूको आवृत्तिले वर्णविन्यासगत चारुता पैदा गरेको छ । यी वाक्यमध्ये पहिलो वाक्यमा बिहे गर्न नपाएको उमेर बित्नलागेको कुमार केटाले आफूलाई आलम्बन बनाई आफैंप्रति सहानुभूति सृजना गरी हास्य सृजना गरिएको देखिन्छ भने दोस्रो वाक्यमा केटीको बाबु बूढाथोकी पात्रसँग केटी माग्दा निकै प्रयास गर्नुपरेको बाध्यताप्रति हास्योद्दीपन गरी व्यङ्ग्य गरिएको पाइन्छ ।

उपर्युल्लिखित वाक्यहरूमध्ये पुरमा-पुरमा-पुरमा, भन्दा-भन्दै, बल्ल-बल्ल, धार्नी-धार्नी, कहिले-कहिले-कहिले, मिल्दैन-मिल्दैन आदि पदसमूहहरूमा अनेक पटक आवृत्त वर्णहरूले बहुवर्णविन्यास वक्रताको जुन सौन्दर्य प्रस्तुत गरेका छन् त्यहाँको वर्णयोजना, पदयोजनाभित्रै स्वरसाम्य रूपमा बढी मात्रामा आवृत्त भएको देखिन्छ । यो वर्णयोजनाजन्य चारुता स्वाभाविक नै भए पनि यसमा त्यो चारुता कविकौशलद्वारा रमणीय रूपमा विन्यस्त भएकाले विचित्र मार्गको अभिजात्य र माधुर्य गुण उद्भासित भएको देखिन्छ । यी वाक्यहरूमा बहुवर्णविन्यास वक्रता मात्र होइन, एकवर्णविन्यास र द्विवर्णविन्यासको चारुता समेत अत्यन्त रमणीय रूपमा प्रदीप्त भएको कुरो तत्तत् सन्दर्भमा उल्लेख भएकै छ ।

### ५.१.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

उपर्युल्लिखित पाँच वाक्य बहुवर्णविन्यास वक्रताका दृष्टिले महत्त्वपूर्ण देखिन्छन् । ती वाक्यहरूमध्ये जुन जुन ठाउँमा बहुवर्णको आवृत्ति भएको छ त्यसमध्ये तत्काल एक पटक मात्र बहुवर्ण आवृत्ति भएको ठाउँमा छेकानुप्रास सौन्दर्य र अन्य ठाउँमा सृजना भएको वृत्यनुप्रास सौन्दर्यले यी वाक्यहरूमा शब्दालङ्कार सौन्दर्य सृजना गरेको देखिन्छ । वर्ण्य विषय वा आलम्बनका रूपमा आएका बिहे हुन नसकेको कुमार (म पात्र), केटीको बाबु बूढाथोकी, म पात्रको बाबु जस्ता पात्रका गुण र चेष्टालाई व्यक्त गर्ने साधन-रूप भाषाका यी वर्णविन्यासगत चारुताले शब्द र अर्थको सहभावका माध्यमबाट पाठकमा हास्य भाव जगाई

आह्लाद प्रदान गरेको पाइन्छ । यसका साथै आवृत्त वर्णहरू कोमल प्रकृतिका र माधुर्य गुणयुक्त भएकैले यहाँ उपनागरिका वृत्तिको वर्णयोजना र वैदर्भी रीतिको पदयोजनाद्वारा यी वाक्य सुशोभित भएका देखिन्छन् । अनेक वर्णहरू समान र असमान रूपमा आवृत्त भएर वर्णसमानान्तरता र पुनरावृत्तिजन्य शैलीवैज्ञानिक चारुता समेत सृजना भएको यहाँ देखिन्छ भने अनेक वर्णहरूको समानान्तर विन्यासबाट लय माधुर्य समेत सृजना भई अभिव्यक्तिलाई अन्तर्लयात्मक माधुर्ययुक्त बनाएको पाइन्छ ।

### ५.२ पख्नोस् निबन्धमा बहुवर्णविन्यास वक्रता

अर्यालको जयभुँडी निबन्ध संग्रहको 'कन्याकेटी खोज्दा' शीर्षकको विश्लेष्य निबन्धबाट विश्लेषणका लागि लिइएका निम्नानुसारका पाँचवटा वाक्यलाई पाठ यस तालिका संख्या १० मा प्रस्तुत गरिएको छ ।

**तालिका सं. १०**

**बहुवर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| २.६.२ | खस्याङखुसुङ खोलाका खटपटानन्द खतिवडा खाटमाथि पल्टेर ख्वाङ् ख्वाङ् खोक्दै डाक्टर खुकुरीराम खत्रीलाई पर्खंदो हो । | | (खस्याङखुसुङ) ख् स् ङ - २ (ख्वाङ्ख्वाङ्) ख् व् ङ् - २ |
| २.९.३ | अनि तपाईं नै भन्नुहोस् को पर्खेको छैन ? कहाँ पर्खाइ चल्दैन ? | (पर्खेको, पर्खाइ) प् र् ख् - २ | |
| २.१२.३ | जुन आदर्श आज म तपाईंका अगाडि छाँट्तै छु भोलि तपाईं मेरा अगाडि छाँट्नुहुन्छ । | (गाडि छाट् २) ग् ड् छ् ट् - २ | |

| | | | |
|---|---|---|---|
| २.१२.४ | वास्तवमा तपाईं पनि पर्खन चाहनुहुन्न, म पनि पर्खन चाहन्नँ । | (पनि पर्खन चाहन - २)<br>प् न् प् र् ख् च् ह् न् - २ | |
| २.१३.२ | आउँदै गर्नुहोला, धाउँदै गर्नुहोला, पख्नोस् कुनै दिन म पनि एउटा लेख लेख्ने प्रयास गरुँला । | (दै गर्नुहोला - २)<br>द्, ग् र् न् ह् ल् | |

स्रोतः पख्नोस् निबन्ध ।

## ५.२.१ व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

माथि २.९.३ को वाक्यभित्र 'को पर्खेको छैन' 'कहाँ पर्खाइ चल्दैन' भन्ने वाक्यांशमा आएको पर्ख-पर्ख पदावलीभित्रको प् र् ख् वर्णको बहुरावृत्तिले बहुवर्णविन्यास वक्रताको सौन्दर्य सृजिएको छ । त्यस्तो २.१२.३ को 'तपाईंका अगाडि छाँट्दै छु - मेरा अगाडि छाँट्नुहुन्छ' भन्ने वाक्यांशमा आएका ग् ड् छ् ट् आदि अनेक वर्णहरूको एक पटक आवृत्तिजन्य वक्रता पैदा भएको छ । २.१२.४ को 'पनि पर्खन चाहनुहुन्न' र 'पनि पर्खन चाहन्न' पदसमूहहरूमा आएका प् न् प् र् ख् च् ह् न् जस्ता वर्णहरूको आवृत्तिजन्य चारुताले बहुवर्णविन्यास वक्रताको चारुता झल्काएकै छन् । २.१३.२ को 'आउँदै गर्नुहोला' 'धाउँदै गर्नुहोला' भन्ने पदसमूहमा द् ग् र् न् ह् ल् जस्ता आधा दर्जन वर्णहरूको आवृत्तिले लय सौन्दर्य समेतको वर्णविन्यास चारुता सृजना गरेको देखिन्छ । यसरी यी वर्णहरूमा देखिएको अनेक वर्णहरूको आवृत्तिजन्य वक्रतालाई हेर्दा पदसमूहको आवृत्तिबाट लयात्मक सौन्दर्य पैदा गरिएको र हास्योद्रेकमा त्यस्तो वक्रताले महत्त्वपूर्ण भूमिका खेलेको समेत देखिन्छ । यहाँ हरेक मान्छेले एक अर्कालाई ठग्ने र टार्ने प्रतीयमान अर्थको चमत्कार व्यक्त गर्नका लागि साधनको रूपमा आएका यी वाक्यभित्रका वर्णविन्यास वक्रताले उक्ति वैचित्र्य पैदा गरेको देखिन्छ जुन विशेषतालाई आचार्य कुन्तकले विचित्र मार्ग अन्तर्गत राखेका छन् ।

## ५.२.२ अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

माथि २.६.२ को वाक्यमा आएका 'खस्याङखुसुङ' र 'ख्वाङ्ख्वाङ्' पदहरूमा क्रमशः ख् स् ङ् र ख् व् ङ् जस्ता बहुवर्णहरूको आवृत्तिले नाद सौन्दर्यसमेतको वर्णविन्यास चारुता

पैदा गरेको देखिन्छ । यद्यपि उक्त पदसमूह प्रयोग भएको सो वाक्यमा ख् वर्णको ११ पटकको आवृत्तिले एकवर्णविन्यास वक्रता पैदा गर्ने व्यसनितामा कवि प्रयासरत रहेको देखिन्छ । त्यसैले उचित अर्थात् स्वरूप अनुरूपको वर्णन गर्नुपर्ने औचित्य गुणमा ह्रास आएको देखिन्छ भने अर्कातिर यस उदाहरणमा नयाँ नयाँ वर्णहरूको आवृत्ति र पुराना आवृत्त वर्णहरूको परित्याग गर्दै जाने वर्णविन्यास कौशलको कमी पाइन्छ ।

माथि तालिकाका वाक्यहरूमा प्रयुक्त शब्दहरू खस्याङखुसुङ, ख्वाङख्वाङ, पर्खेको, पर्खाइ, आगाडि छाट्, दै गर्नुहोला जस्ता पद पदावली दोहोरिएर आउँदा जुन वर्णहरू आवृत्त भएका छन् ती वर्णहरूले बहुवर्णविन्यास वक्रताको स्थिति सिर्जना गरेका छन् । आवृत्त वर्णहरूमध्ये खस्याङखुसुङ र ख्वाङख्वाङ पद प्रयुक्त भएका पदहरूमा अनुप्रास अलङ्कारको चमत्कारले उक्तिवैचित्र्य सिर्जना गरेको देखिन्छ । पुरै वाक्यमा ख वर्णको एक वर्णविन्यास वक्रताले अप्रत्याशित शब्दप्रयोगजन्य पटुताद्वारा सिर्जित वाग्वैदग्ध्यका कारण हास्य सिर्जना भएको तर त्यो शब्दप्रयोग सहजात अनायास नभई कविप्रतिभाद्वारा आहार्य र सायास रूपमा प्रयुक्त भएकाले यहाँ विचित्र मार्गको माधुर्य, लावण्य र आभिजात्य गुण उद्भासित भएको देखिन्छ ।

### ५.२.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

माथिका वाक्यहरूभित्र 'खस्याङ्खुसुङ, ख्वाङ्ख्वाङ्' मा छेकानुप्रास सौन्दर्य 'पर्खेको पर्खाइ तथा अगाडि छाँट्नु' पदसमूहमा वृत्यनुप्रास सौन्दर्यको झलक देख्न पाइन्छ भने 'आउँदै गर्नुहोला, धाउँदै गर्नुहोला' जस्ता पदसमूहमा पनि वृत्यनुप्रासको सौन्दर्य सृजना भएको छ । यी वाक्यहरूमा वर्ण्य विषय वा आलम्वनका रूपमा आएका 'डाक्टर पर्खेर बस्ने, खुकुरीराम खत्री, जो पनि पर्खने विषय, आदर्श छाँट्ने बानी, कोही पनि पर्खन नचाहने प्रवृत्ति र अर्कालाई पर्खाइरहने प्रवृत्ति जस्ता व्यक्ति र विषयलाई व्यक्त गर्न आएका वाक्यभित्रका बहुवर्णविन्यास वक्रतायुक्त पदहरूले उक्तिवैचित्र्यका माध्यमबाट सहृदयमा आह्लाद पैदा गर्ने देखिन्छ भने आलम्वनका गुण र चेष्टा जस्ता उद्दीपकहरूले पाठकमा हास्यभाव समेत पैदा गर्ने देखिन्छ । यी वाक्यहरूमा धेरैजसो कोमल वर्णहरूको प्रयोगद्वारा माधुर्य गुण, उपनागरिका वृत्ति र वैदर्भी रीतिको छनक पनि देख्न सकिन्छ साथै अनेक वर्णहरूको आवृत्ति भए पनि ती वर्णहरूबाट निर्मित शब्दहरूको समानान्तर प्रयोगका कारण शब्दसमानान्तरता

जस्तो शैलीवैज्ञानिक काव्यिक चारुता समेत यी वाक्यहरूमा देखिन्छ । यसका साथै शब्दसमानान्तरताका माध्यमबाट सृजना हुने लय सौन्दर्य पनि यसमा देखिएकै छ ।

## ५.३ उडाउनुसित एकछिन उड्दा निबन्धमा बहुवर्णविन्यास वक्रता

गलबन्दी निबन्ध संग्रहको 'उडाउनुसित एकछिन उड्दा' शीर्षकको निबन्धबाट विश्लेषणका लागि लिइएका निम्नानुसारका तिनवटा वाक्यलाई तालिका संख्या ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका सं.११**

**बहुवर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | व्यवधान | अव्यवधान |
|---|---|---|---|
| ३.७.५ | ...प्रकृति प्वाँख र पखेटा खोजिरहोस्, विज्ञान अक्सिजन र नाइट्रोजन जोडिरहोस्, हामी कुरै कुरामा कैयौं कुरा भुर्रै उडाइदिन्छौं । | (रहोस् २)<br>र् ह् स् - २ | |
| ३.८.१ | ...तर हाम्रा ऋषिमुनि मन्त्रै मन्त्रले पहाड उडाइदिन्थे रे हाम्रा गुभाजुहरू तन्त्रमन्त्रले हाड उडाइदिन्थे रे ! | (मन्त्रले २)<br>म् न् त् र् ल् -२<br>(हाड उडाइदिन्थे रे २)<br>ह् ड् ड् द् र् न् थ् र् - २ | (मन्त्रैमन्त्र)<br>म् न् त् र् - २ |
| ३.९.१ | उडाइने मान्छे भोजपुरमा होस् कि भक्तपुरमा होस् भोज खान लागेको होस् कि भोकै मर्न आँटेको होस् उसको उपस्थितिबिना नै उसलाई भुर्र उडाइदिन सक्नु हाम्रो उडानको अद्वितीय विशेषता हो । | (पुर्मा २)<br>प् र् म् - २<br>(माहोस् २)<br>म् ह् स् - २<br>(कोहोस् २)<br>क् ह् स् - २ | |

स्रोतः उडाउनुसित एकछिन उड्दा निबन्ध ।

### ५.३.१ व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

माथिको तालिकाका वाक्यहरूमध्ये ३.७.५ मा आएको 'खोजिरहोस् जोडिरहोस्' जस्ता पदसमूहमा आएका र् ह् स् वर्णले बहुवर्णविन्यास वक्रता सृजना गरेका छन् । त्यस्तै ३.८.१ को वाक्यमा आएका 'मन्त्रले मन्त्रले' पदसमूहमा आएका म् न् त् र् ल् जस्ता अनेक वर्णहरूको आवृत्ति तथा सोही वाक्यमा आएको ''पहाड उडाइदिन्थे - हाड उडाइदिन्थे' भन्ने वाक्यांशमा ह् ड् द् न् थ् र् जस्ता आधा दर्जन वर्णहरूको आवृत्तिले चारुता थपेको छ । त्यस्तै ३.९.१ को 'भोजपुरमा होस् कि भक्तपुरमा होस्' भन्ने वाक्यांशमा आएका प् र् म् ह् स् जस्ता अनेक वर्णहरूको एक पटकको आवृत्तिले बहुवर्णविन्यासगत सौन्दर्य सृजना गरेकै छन् । यी वाक्यमा आएका बहुवर्णविन्यास वक्रता मात्र होइन एक वर्णविन्यास वक्रता तथा अलङ्कारादिले अलङ्कारको जगमगाहट र उक्तिवैचित्र्य देखाएकै छन् साथै मान्छेले हरेक विषय वा वस्तुलाई हास्यको पात्र बनाउने जस्तो प्रतीयमान अर्थलाई व्यक्त गरेकाले यस रचनामा कृतिकारले विचित्र मार्गको अनुसरण गरेको देखिन्छ ।

### ५.३.२ अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

माथिका वाक्यहरूमध्ये ३.८.१ को वाक्यमा व्यवधानयुक्त वर्णविन्यास वक्रताका साथै अव्यवधानयुक्त वर्णविन्यास वक्रता समेत देखिएको छ । उक्त वाक्यमा 'मन्त्रै मन्त्र' भन्ने पदमा म् न् त् र् वर्णको आवृत्तिद्वारा बहुवर्णविन्यास वक्रताको चारुता पैदा भएको छ । उक्त चारुता र व्यवधानयुक्त वर्णविन्यास चारुता दुवै मिलेर सो वाक्यको वर्ण्य विषयको औचित्यलाई उत्कर्षमा पुऱ्याउने उपकारकको काम गरेकै छन् । यसबाट अर्यालका निबन्धमा बहुवर्णविन्यास वक्रताको अव्यवधानयुक्त वक्रता चाहिँ कमै मात्रामा देखिने कुरा स्पष्ट हुन्छ ।

### ५.३.३ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

माथिका वाक्यहरूमा आएका 'खोजिरहोस् जोडिरहोस्', 'मन्त्रै मन्त्र' 'पहाड उडाइदिन्थे रे, हाड उडाइदिन्थे रे' 'भोजपुरमा होस् कि भक्तपुरमा होस्' जस्ता वाक्यांशहरूमा आवृत्त भएका बहुवर्णविन्यास वक्रताका कारण तत्तत् स्थानमा अनुप्रासीय सौन्दर्य समेत उद्‌भासित भएको छ । यी वाक्यहरूमा वर्ण्य विषयका रूपमा आएका 'कुरै कुरामा कैयौं कुरा उडाउने हामी, मन्त्रले पहाड उडाउने र तन्त्रले हाड उडाउने ऋषिमुनि र गुभाजुहरू तथा मानिसबिना नै उसलाई उडाइदिन सक्ने हाम्रो उडान कला जस्ता व्यक्ति र

विषयका गुण र चेष्टालाई व्यक्त गर्न यी बहुवर्णविन्यास वक्रतायुक्त पद पदावली भएका वाक्यहरू उपकारक वा साधनको रूपमा आएका छन् । वर्ण्य विषय अनुकूल हास्यभाव जागृत गराई प्रतीयमान अर्थ समेत उद्भासित गरेको हुँदा यसमा कवि प्रतिभाको विचित्र मार्ग प्रकट भएको देखिन्छ । अनेक वर्णहरूको आवृत्तिबाट उत्पन्न भएको शब्दसमानान्तरताको शैलीवैज्ञानिक सौन्दर्य तथा सोही कारणबाट उत्पन्न भएको लयात्मक माधुर्यको छनक समेत यी वाक्यहरूमा पाइएकै छ ।

### ५.४ केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धमा बहुवर्णविन्यास वक्रता

निबन्धकार अर्यालको हास्यव्यङ्ग्य निबन्ध संग्रह इतिश्रीको 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' शीर्षकको प्रस्तुत निबन्धबाट विश्लेषणका लागि लिइएका निम्नानुसारका पाँचवटा वाक्यलाई तालिका संख्या १२ मा प्रस्तुत गरिएको छ ।

**तालिका सं. १२**

**बहुवर्णविन्यास वक्रताको विश्लेषण**

| **वाक्य सङ्केत** | **वाक्य** | **व्यवधान** | **अव्यवधान** |
|---|---|---|---|
| ४.१.१ | केही चाहिँ डाक्टरी गर्नुभन्दा फ्याक्टरी खोल्नुमा फाइदा देख्नुभयो | डाक्टरी/फ्याक्टरी<br>क् ट् र् | |
| ४.१.२ | कसैमा प्रशासनको आकर्षण थपियो कसैमा प्रकाशनको धून थपियो । | कसैमा प्र २ पटक<br>क् स् म् प् र् २<br>थपियो २<br>थ् प् य् | सनको २<br>स् न् क् |
| ४.५.२ | तर नेपालोप्याथी अनुसार जेन्डिसभन्दा खतरनाक महाजनेन्डिस भन्ने रोग हुन्छ । | न्डिस २<br>न् ड् स् २ | |

| | | | |
|---|---|---|---|
| ४.७.२ | ब्लडप्रेसर जस्तै यो पनि दुई किसिमको हुन्छ हाइ पदप्रेसर र लो पदप्रेसर... | प्रेसर ३<br>प् र् स् र् ३ | पदप्रेसर २<br>प् द् प् र् स् र् २ |
| ४.९.२ | तिलजत्रो कारणबाट पहाड जत्रो सम्भावना सोची हल्ला गर्दै हल्लिनु रेमोनियाको पहिलो लक्षण हो । | जत्रो जत्रो<br>ज् त् र्<br>हल्ला र हल्लि<br>ह् ल् ल् २ | |

स्रोतः केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्ध ।

### ५.४.१ व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता

माथि ४.१.१ को वाक्यका 'डाक्टरी र फ्याक्टरी' पदहरूमा क् ट् र् अनेक वर्णको एक पटक आवृत्ति भएको छ । ४.१.२ वाक्यका 'प्रशासन र प्रकाशन' यी पदहरूका बीचमा आएको क् र स् वर्ण र 'आकर्षण र धून' यी पदबाहेकको क् स् म् प् र् स् न् क् थ् प् य् जस्ता लगभग एक दर्जन वर्णको आवृत्तिले यस वाक्यलाई श्रुतिमधुर, लयात्मक र अलङ्कारको जगमगाहटयुक्त, उक्तिवैचित्र्यपूर्ण बनाई चमत्कार सृजना गरेका छन् । ४.५.२ को वाक्यमा 'जेन्डिस र महाजनेन्डिस' भन्ने पदसमूहमा न् ड् र स् वर्णको आवृत्तिले वक्रता पैदा गरेको छ भने हास्य सृजना गर्न नयाँ शब्दनिर्माण शैलीको प्रयोगबाट निबन्धकार सफल भएको देखिन्छ । उनले हास्य सृजनाका लागि रोगका नयाँ नयाँ नामहरूका निम्ति नयाँ शब्द निर्माण गर्ने, त्यस्ता शब्दलाई वर्णविन्यास वक्रताद्वारा सजाउने र त्यस्ता शब्दहरू र तिनका अर्थका माध्यमबाट समाजका विभिन्न तप्कामाथि व्यङ्ग्य गर्ने वक्रोक्तिको अतिरञ्जनापूर्ण प्रयोग समेत अर्यालका निबन्धमा भएको देखिन्छ । यसका लागि उनले 'नेपालोप्याथी' 'महाजनेन्डिस' जस्ता नयाँ शब्दको निर्माण गर्दै ती शब्दभित्र एकवर्णविन्यास र बहुवर्णविन्यासको चारुता थपिदिएका छन् । ४.७. २ को वाक्यमा 'ब्लडप्रेसर, हाइपदप्रेसर, लोपदप्रेसर' जस्ता पदहरूमा प् द् प् र् स् र् जस्ता वर्णहरूको आवृत्तिले सौन्दर्य सृजना गरेको छ भने 'ब्लडप्रेसर' को समानान्तर वा सादृश्यमा निर्माण गरिएका 'हाइपदप्रेसर र लोपदप्रेसर' जस्ता पदसमूहभित्र रहेको वर्णविन्यासगत चारुताकै कारण सामयिक विषयमाथि

कटाक्ष गर्दै त्यसैका माध्यमबाट हास्य सिर्जन ागर्ने शैलीको अवलम्बन समेत गरिएको पाइन्छ । ४.९.२ को वाक्यमा 'जत्रो जत्रो' 'हल्ला-हल्लिनु' जस्ता पदसमूहमा आवृत्त भएका ज् त् र् ह् ल् जस्ता अनेक वर्णहरूको आवृत्तिले पनि बहुवर्णविन्यास वक्रताको सौन्दर्यलाई प्रकाशित गरेकै छन् । अर्यालका निबन्धमा नयाँ शब्दनिर्माणका क्रममा अङ्ग्रेजी शब्दको मिश्रण गरी नाम राख्ने शैली अपनाइए पनि त्यसले स्वाभाविक हास्य सृजना गरेको र उक्तिवैचित्र्य पैदा गरेकोले निबन्धकारले विचित्रमार्गी रचनाशैली अङ्गीकार गरेको देखिन्छ ।

### ५.४.२ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

माथि दिइएको तालिकाका वाक्यहरूमध्ये डाक्टरी-फ्याक्टरी, कसैमा प्रशासनको कसैमा प्रकाशनको, थपियो-थपियो, जेन्डिस-महाजनेन्डिस, हाइपदप्रेसर-लोपदप्रेसर, तिलजत्रो-पहाडजत्रो, हल्ला गर्दै हल्लिनु जस्ता पद-पदावलीहरूमा आवृत्त बहुवर्णविन्यास वक्रताले वृत्यनुप्रास र छेकानुप्रासको सौन्दर्य प्रस्फुटित गरेको देख्न सकिन्छ । यी वाक्यहरूमा वर्ण्य विषय वा आलम्वनका रूपमा  आएका डाक्टर, प्रशासन र प्रकाशनमा आकृष्ट, महाजनेन्डिस रोग, पदप्रेसर नामक रोग र रेमेनियाँ नामक रोग आएका छन् । यी रोगका नामभित्र वर्णविन्यास सौन्दर्य सजाई ती नामका माध्यमबाट समाजका तत्तत् क्षेत्रका तत्तत् विषयमा कटाक्ष गर्दै त्यसैका माध्यमबाट हास्य सिर्जना समेत गरिएको पाइन्छ । आलम्वनका उद्दीपनका रूपमा आएका तत्तत् विषय वा व्यक्तिका गुण र चेष्टालाई व्यक्त गर्न साधनको रूपमा प्रयुक्त यी शब्दहरूभित्र रहेको वर्णविन्यास सौन्दर्यले उपकारकको कार्य गरेकै छ । कसैमा प्रशासनको आकर्षण थपियो कसैमा प्रकाशनको धून थपियो जस्ता वर्ण र शब्दसमानान्तरताको माध्यमबाट प्रकट हुने जुन शैलीवैज्ञानिक सौन्दर्य छ त्यो पनि यसै वर्णविन्यास वक्रताभित्रै समेटिएको देखिनु पनि महत्वपूर्ण पक्ष हुँदै हो ।

### ५.५ निष्कर्ष

यस परिच्छेदमा भैरव अर्यालका निबन्धमा बहुवर्णविन्यास वक्रताको विश्लेषण गरिएको छ । यसका प्रत्येक पाठका प्रत्येक तालिकाका अन्त्यमा पाठमा प्रयुक्त बहुवर्णविन्यास वक्रतालाई साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध केलाइएको छ । जति एकवर्णविन्यास वक्रताले कृतिमा चमत्कार पैदा गरेको छ, त्यसको तुलनामा यस वक्रताको चमत्कारको मात्रा न्यून नै देखिन्छ । बहुवर्णविन्यास वक्रताका

सन्दर्भमा शब्दको आवृत्तिबाट, द्वित्वबाट बढी बहुवर्णविन्यास वक्रता देखिएकाले अर्यालका निबन्धमा देखिएको यो वक्रता शब्दस्तरको वर्णको वक्रता देखिएको छ । उनको यस बहुवर्णविन्यास वक्रताभित्र वक्रोक्तिको विचित्र मार्ग र त्यसका गुणहरूको उपस्थिति देखिन्छ । अर्यालका यी वक्रताले एकातिर शैलीविज्ञानको शब्दसमानान्तरता र पुनरावृत्तिको झल्को समेत देखाउँछन् भने अनेकवर्णको एक पटक आवृत्त हुने छेकानुप्रास र अनेक वर्णको अनेक पटक आवृत्त हुने वृत्यनुप्रासीय सौन्दर्यकै समानान्तर रूपमा उपस्थित भएको झल्को दिन्छन् । यस बहुवर्णविन्यास वक्रतामा पनि कविकौशलका कारण रमणीय बनेका, कविको प्रतिभाद्वारा चमत्कार पैदा गरेका कारण विचित्र मार्गका माधुर्य, आभिजात्य जस्ता गुणहरूले सम्पन्न भएको पाइन्छ ।

# छैटौं परिच्छेद

# भैरव अर्यालका निबन्धमा संयुक्त वर्णविन्यास वक्रता

संयुक्त वर्णविन्यास वक्रता भनेको आचार्य कुन्तकद्वारा वर्णविन्यासको द्वितीय प्रकारका रूपमा वर्गीकृत गरिएका संयुक्त वर्णहरूको प्रयोग र त्यसबाट साहित्य-कृतिमा सिर्जना हुने वर्णविन्यास सौन्दर्य हो । जुन वक्रता वर्ण्य विषयको औचित्यले युक्त हुनुपर्छ । उनले यस वक्रता अन्तर्गत तलनादि द्वित्व (न्न, ल्ल, त्त), वर्गान्तस्पर्शी संयुक्त (ङ्क, ङ्ग, ञ्च, ण्ठ, न्म,..) र शिष्ट वर्णहरूसँग रेफको संयोग (सूर्य, सर्व..) बाट बन्ने संयुक्त वर्णको उल्लेख गरेका छन् । भैरव अर्यालका निबन्धमा प्रयुक्त संयुक्त वर्णविन्यास वक्रताका यी तिनै प्रकारका लागि एउटै तालिका बनाई ती तिनै प्रकारका वर्णविन्यास वक्रताको खोजी गरी एउटै तालिकाभित्र राखिएको छ र तालिकाको अन्त्यमा विश्लेषण समेत गरिएको छ । यसका लागि भैरव अर्यालका निबन्धहरूबाट छनोट गरिएका चारओटा पाठका लागि अलग-अलग चारओटा तालिका बनाइएको छ र तत् तत् तालिकाभित्रका सामग्रीहरूको प्रत्येक पाठको अन्त्यमा विश्लेषण गरिएको छ । यस सौन्दर्यका माध्यमबाट प्रकट हुने वक्रोक्तिका मार्ग र गुणका स्थितिको पनि चर्चा यहाँ गरिएकै छ । साथै साहित्यिक अभिव्यक्तिका अन्य ती शैलीशिल्पगत सौन्दर्य पनि प्रस्तुत गरिएको छ जुन संयुक्त वर्णविन्यासजन्य वक्रतासँग मिल्दा जुल्दा छन् :

### ६.१ कन्याकेटी खोज्दा निबन्धमा संयुक्त वर्णविन्यास वक्रता

निबन्धकार भैरव अर्यालको निबन्ध संग्रह काउकुती भित्रको 'कन्याकेटी खोज्दा' शीर्षकको निबन्धबाट विश्लेषणका लागि लिइएका निम्नानुसारका पाँचवटा वाक्यलाई तालिका संख्या १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका सं.१३**
**संयुक्त वर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | तलनादि | वर्गान्तयोगी | शिष्ट रेफ |
|---|---|---|---|---|
| १.२.१ | म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको र कान्तिपुरमा बसेको, अब मलाई पाखे, काँठे, मदिसे वा सहरिया जे भन्नुपर्छ तपाईं नै जान्नोस् | (भन्नुपर्छ) न्न - २ जान्नोस्) न्न - २ | (जन्मेको) न्म (कान्तिपुर) न्त | |
| १.७.१ | बल्ल बल्ल पोहोरका वर्ष बूढानीलकण्ठका बूढाथोकीसँग केटीको कुरो मिलेको थियो । | (बल्ल बल्ल) ल्ल - २ | (कण्ठ) ण्ठ | |
| १.११.२ | हन्डर खाँदा खाँदा बल्ल पाएको कन्या केटीको पनि त्यो दशा ! साँच्ची मेरो पुर्पुरोमा स्वास्नी लेखेकै रहेनछ कि भन्ने पनि मलाई लाग्यो तैपनि मर्दको हिम्मत केही खोज्न चाहिँ छोडिनँ । | (बल्ल) ल्ल (भन्ने) न्न | (हण्ड) ण्ड | |
| १.१२. ३ | नेउपानेको घरमा कुखुराका चल्ला जस्तै एक डोका छोरीहरू रहेछन् ! | (चल्ला) ल्ल | | |
| १.१४.५ | हत्त न पत्त घुम्टो खोलेर माहुरको हात लागेको त दुलही खितितित्त हाँस्यो । | (हत्तपत्त) त्त - २ (खितितित्त) त् | | |

स्रोतः कन्याकेटी खोज्दा निबन्ध ।

### ६.१.१ संयुक्त वर्णविन्यास वक्रताको विश्लेषण

माथिको तालिकाको वाक्य १.२.१ मा आएका पदहरू 'कान्तिपुर' जन्मेको, पदहरूमध्ये न्त, न्म मा वर्गान्तस्पर्शी व्यञ्जन वर्णहरूको प्रयोग भएको छ । वर्गान्तस्पर्शी व्यञ्जन वर्णहरू श्रुतिमधुर, साङ्गीतिक एवम् लयात्मक हुने र 'तलन' आदि द्वित्व वर्णले अर्कै प्रकारको सौन्दर्य सिर्जना गर्ने हुँदा यस वाक्यमा संयुक्त वर्णविन्यास वक्रताको शोभा पनि उद्दीप्त देखिन्छ । माथिको १.७.१ को वाक्यमा आएको 'कण्ठ' शब्दमा वर्गान्तस्पर्शी वर्णसौन्दर्य र 'बल्लबल्ल' पदमा 'ल्ल' को द्विरावृत्ति प्रयोगले पनि सोही अनुरूपको सौन्दर्य उद्भासित गरेकै छन् । आफूलाई आलम्वन बनाई आफैमाथि सहानुभूति, दया र करुणा जगाई हास्यभाव जगाउँदै विवाह हुन नसक्दाको कथयिता म को पीडाका चेष्टालाई उद्दीपनका रूपमा प्रस्तुत गर्ने यस वाक्यमा संयुक्त वर्ण प्रयोगजन्य विचित्र मार्गको लावण्य गुण उद्भासित देखिन्छ भने कवि कौशलका कारण रमणीय बनेको हुँदा आभिजात्य गुण पनि प्रदीप्त भएकै छ । १.११.२ को वाक्यमा 'हन्डर' पदमा आएको उच्चार्य दृष्टिले वर्गान्तस्पर्शी 'न्ड' वर्ण तथा 'बल्ल' मा 'ल्ल' र 'भन्ने' मा 'न्न' वर्णको आवृत्तिले सो वाक्य वर्गान्तस्पर्शी र 'ल न द्वित्व' प्रकृतिको संयुक्त वर्णविन्यास चारुताले सजिएकै छ । १.१२.३ को वाक्यमा आएको 'चल्ला' शब्दमा 'ल्ल' वर्णको प्रयोग तथा १.१४.५ को वाक्यमा 'हत्त न पत्त' मा द्वित्व 'त' को दुई पटक आवृत्ति तथा 'खितितित्त' पदमा द्वित्व 'त्त' एक पटक प्रयोग भएर तत् तत् वर्णहरूले वाक्यभित्रको चारुता अभिवृद्धिमा सहयोग गरेकै छन् ।

आचार्य कुन्तकद्वारा द्वितीय प्रकारको वर्णविन्यास वक्रताका रूपमा प्रस्तुत यस वक्रतामा प्रयुक्त हुने वर्ण प्रस्तुतको औचित्य अनुकूल हुनुपर्छ भन्दै उनले वर्ण्य विषयको भाव अनुकूलको वर्णयोजना हुनुपतर्ने जस्ता सर्त राखेका छन् । उपर्युल्लिखित उदाहरणमा आएका न्त, न्म, न्न, ल्ल, ण्ठ जस्ता वर्णहरूमध्ये 'ण्ठ' बाहेकमा सबै माधुर्य गुण रहेका र 'न्ड' चाहिँ ओज गुणव्यञ्जक वर्ण रहेको छ ।

### ६.१.२ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

उपर्युल्लिखित वाक्यहरूमध्ये पहिलो १.२.१ को वाक्यमा न्म, न्त जस्ता वर्गान्तयोगी स्पर्शी वर्ण र 'न्न' जस्तो द्वित्व वर्ण प्रयोग भई श्रुतिमाधुर्य पैदा भएको छ । यी वर्णहरू माधुर्यगुण व्यञ्जक वर्णहरू हुन् । वर्ण्य विषय वा आलम्वनको रूपमा निबन्धांशको कथयिताका रूपमा उपस्थित म -अविवाहित केटा) को आफ्नो खास क्षेत्रीय पहिचान

नुहुनको पीडा करुणाका रूपमा व्यक्त भई उक्त म पात्रप्रति करुणाका माध्यमबाट सहानुभूतिजन्य हास्यभाव पैदा भएको छ र सो भाव जागृत गराउन उपकारक वा साधनका रूपमा यी वर्णहरू प्रयुक्त भएका देखिन्छन् । दोस्रो वाक्यमा प्रयुक्त ‘बुढानीलकण्ठ’ पदमा आएको ‘ण्ठ’ वर्ण ओज गुणयुक्त छ । यहाँ दाइजोमा अलिकति (खड्कौलाको) कुरो नमिल्ला छोरी नै नदिने बाबुको कठोर व्यवहारको वर्णन गर्न परुष वर्ण ‘ण्ठ’ को प्रयोग भएको देखिन्छ । तेस्रो वाक्यमा पनि ‘हण्डर’ पदमा आएको ‘ण्ड’ पनि ओज गुणयुक्त नै छ । यहाँ म कथयिताले केटी नपाउँदाको कठोर कष्ट एवम् यातनाको वर्णन भएकाले कठोरताबोधक ओज गुणयुक्त ‘ण्ड’ वर्णको प्रयोग भएको प्रतीत हुन्छ । ‘बल्ल’ र ‘भन्ने’ शब्दमा आएका ल् न् वर्णले भने म पात्रको पुर्पुरोमा स्वास्नी नलेखेको पीडा वा करुणालाई व्यक्त गर्ने माधुर्य गुणको अभिव्यक्ति दिएका छन् ।

### ६.२ पख्नोस् निबन्धमा संयुक्त वर्णविन्यास वक्रता

‘पख्नोस्’ शीर्षकको विश्लेष्य निबन्धबाट विश्लेषणका लागि लिइएका निम्नानुसारका छवटा वाक्यलाई तालिका संख्या १४ मा प्रस्तुत गरिएको छ ।

**तालिका सं. १४**

**संयुक्त वर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | तलनादि | वर्गान्तयोगी | शिष्ट, रेफ |
|---|---|---|---|---|
| २.४.३ | जङ्गिँदा जङ्गिदै जङ्गबहादुर बने पनि के लाग्छ र ? | | (जङ्ग ३) ङ्ग ३ | |
| २.७.४ | धक्कूवाजका धुरन्धर धम्मरधुसहरू पेरिसको धोके क्लबमा साफसित रक्सी धोकेर बाटबाटैमा ओछ्यान लाउन आफ्ना जोडीको मन्जुरी पर्खँदा हुन् | | (धुरन्धर) न्ध (मन्जुरी) न्ज | |

| | | | | |
|---|---|---|---|---|
| २.९.६ | दशौं दिन कुनामा गुटमुटिएर नपर्खि तपाईंले सूर्यदर्शको साइत फेला पार्नुभएन । | | | (सूर्यदर्शन) र्य, र्श |
| २.१०.५ | यो जुम्स्याइँको जन्मदाता पनि यस्तै जङचल्दा पर्खाइहरू हुन् । | | (जन्म) न्म | |
| २.११.६ | भौतिक उन्नति यति तीव्र भैसक्यो तैपनि दुई गज र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्ने । | (उन्नति) न्न | (जिन्दगी) न्द | |
| २.१२.४ | वास्तवमा तपाईं पनि पर्खन चाहनुहुन्न म पनि पर्खन चाहन्नँ । | (हुन्न) न्न<br>(हन्न) न्न | | |

स्रोतः 'पर्खनोस' निबन्ध ।

### ६.२.१ संयुक्त वर्णविन्यास वक्रताको विश्लेषण

माथिको तालिका २ को 'पर्खनोस्' पाठका वाक्यहरूमध्ये २.४.३ मा 'जङ्गिदा, जङ्गिदै, जङ्गको' मा 'ङ्ग' वर्गान्तस्पर्शी तिनपटक आवृत्त भएको छ । २.७.४ को वाक्य 'धक्कूबाजका...' मा 'धुरन्धर' मा न्ध र 'मञ्जूरी' मा ञ्ज वर्गान्त स्पर्शी वर्णको आवृत्ति छ । २.९.६ को वाक्य 'दशौं दिन कुनामा गुटमुटिएर...' वाक्यमा 'सूर्यदर्शन' शब्दमा र्य र्श जस्ता रेफसँग य र स वर्णको संयुक्त प्रयोगजन्य चारुता विद्यमान छ । २.१०.५ को वाक्य 'भौतिक उन्नति...' मा 'उन्नति' मा न्न र न्द जस्ता वर्गान्तस्पर्शी वर्णको प्रयोगजन्य चारुता छ । २.१२.४ को वाक्य 'चाहनुहुन्न र चाहन्न' मा न्न द्वित्व वर्णको द्विरावृत्तिजन्य वक्रता विद्यमान छ । यसरी उपर्युल्लिखित वाक्यहरूमा आवृत्त 'न' द्वित्व, वर्गान्तयुक्त र रेफसंयुक्त वर्णहरूको प्रयोग र आवृत्तिले उक्त वाक्यहरूमा एक प्रकारको चारुता पैदा गरेकै छन् । जहाँ जहाँ वर्गान्तस्पर्शी र न द्वित्व वर्णको प्रयोग भएको छ तत्तत् स्थानमा श्रुतिमधुरता र लयात्मकता सिर्जना भएको छ । न्ध, न्न, ञ्ज, न्द जस्ता वर्गान्त माधुर्य गुणयुक्त वर्णहरूको आवृत्तिले साङ्गीतिक माधुर्य समेत सिर्जना भएको छ । यी प्रयोगहरूले कुन्तक प्रतिपादित कविस्वभाव वा कवि मार्गका विचित्र मार्गका विशेषताहरूले यी वाक्य प्रदीप्त देखिन्छन् । कवि

कौशलजन्य रमणीयताका कारण आभिजात्य गुण र पदवैचित्र्यको समर्पकका कारण सोही मार्गको माधुर्य समेत यहाँ उद्भासित देखिन्छ । वर्णविन्यासमा देखिएको विच्छित्तिका कारण र अनायास रचित अनुप्रास अलङ्कारको चारुताका कारण सुकुमार मार्गको लावण्य गुण उद्भासित भएको पाइन्छ । सुकुमार र विचित्र दुवै मार्गका गुण विद्यमान भएकाले उनको कवित्व (सृजना कौशल) मध्यमार्गी विशेषताले समन्वित देखिन्छ ।

### ६.२.२ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

'पख्नोस्' निबन्धका यी वाक्यहरूमध्ये २.४.३ को जङ्गिदा जङ्गिदै जङ्गबहादुर... मा ङ्ग वर्गान्तस्पशी वर्णको तिनपल्ट प्रयोग तथा अन्य वाक्यहरूमा पनि न्ध, न्ज, न्द जस्ता वर्गान्तस्पर्शी वर्ण, न्न र र्य र्श जस्ता वर्णहरूको प्रयोग भएका ठाउँमा संयुक्त वर्णको प्रयोगजन्य चारुता विद्यमान देखिन्छ । जङ्गिदा जङ्गिदै.. मा प्रयुक्त ङ्ग ले माधुर्य गुणव्यञ्जक वर्ण भए पनि त्रिगुणको ओज गण स्पर्श गरेकाले यसमा ओज गुण र विचित्र मार्गको प्रसाद गुणको शोभा विद्यमान देखिन्छ । न्ध, न्न जस्ता वर्णहरूको प्रयोगले श्रुतिरमणीयता पैदा गरेको देखिन्छ । र्य र्श जस्ता शिष्ट रेफ वर्णको संयुक्त विन्यासले पनि छुट्टै खालको चारुता सिर्जना गरेको पाइन्छ । अनुप्रास अलङ्कारको चारुता (जङ्गिदा जङ्गिदै) र माधुर्य गुण र उपनागरिका वृत्तिवैचित्र्यद्वारा समेत यी वाक्य शोभित देखिन्छन् । यी प्रयोगले लयात्मक माधुर्यको छनक पनि दिएकै छन् । यसरी श्रुतिरमणीयता, लयात्मकता र गुणवृत्ति वैचित्र्ययुक्तता जस्ता शोभाद्वारा यी वाक्य शोभायमान देखिन्छन् ।

## ६.३ उडाउनुसित एकछिन उड्दा निबन्धमा संयुक्त वर्णविन्यास वक्रता

'उडाउनुसित एकछिन उड्दा' शीर्षकको निबन्धबाट विश्लेषणका लागि लिइएका निम्नानुसारका तिनवटा वाक्यलाई तालिका संख्या १४ मा प्रस्तुत गरिएको छ ।

यस पाठमा अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रताको स्थिति देखिँदैन । त्यसबाट यस प्रकारको बहुवर्णविन्यास वक्रताको प्रयोगमा अर्याल उदासीन छन् भन्न सकिन्छ ।

**तालिका सं. १५**

**संयुक्त वर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | तलनादि | वर्गान्तयोगी | शिष्ट रेफ |
|---|---|---|---|---|
| ३.१.२ | सन्जोग पनि कहिलेकाहीँ कस्तो पर्छ भने एउटा बिनासित्तिको कुराले पनि एकछिन् सित्तै अल्मल्याइदिन्छ । | (बिनसित्ति) त्त<br>(सित्तै) त्त | (सन्जोग) न्ज<br>(दिन्छ) न्छ | |
| ३.८.१ | ...तर हाम्रा ऋषिमुनि मन्त्रैमन्त्रले पहाड उडाइदिन्थे रे हाम्रा गुभाजुहरू तन्त्रमन्त्रले हाड उडाइदिन्थे रे ! | | (मन्त्रैमन्त्र) न्त्र - २<br>(तन्त्रमन्त्र) न्त्र - २<br>(दिन्थे २) न्थ - २ | |
| ३.११.४ | हिरोसिमा उडाउनेदेखि लिएर साँधसीमा उडाउनेसम्मका सयौं उडान पृथिवीमा भएका छन् भने चन्द्रदेखि मङ्गलसम्मका कैयौं उडान अन्तरिक्षमा भएका छन् । | | (मङ्गल) ङ्ग<br>(अन्तरिक्ष) न्त<br>(चन्द्र) न्द्र | |

स्रोतः उडाउनुसित एकछिन उड्दा निबन्ध ।

### ६.३.१ संयुक्त वर्णविन्यास वक्रताको स्थिति

माथिको तालिकामा 'उडाउनुसित एकछिन उड्दा' शीर्षकको निबन्धका वाक्यहरूमध्ये ३.१.२ मा 'बिनासित्ति' र 'सित्तै' मा 'त्त' द्वित्व वर्णको द्विरावृत्ति र 'सन्जोग' र 'दिन्छ' मा न्ज र न्छ जस्त वर्गान्तस्पर्शी वर्णको प्रयोगले कृतिगत वक्रता पैदा गरेको पाइन्छ । ३.८.१ को वाक्यखण्डमा 'मन्त्रैमन्त्र' मा 'न्त्र' दुई पटक 'तन्त्रमन्त्र' मा 'न्त्र' दुई पटक र

'दिन्थे' मा 'न्थ' एक पटक आवृत्त भई वर्गान्तस्पर्शी संयुक्त वर्णविन्यास वक्रताको स्थिति पैदा भएको छ । ३.११.४ को वाक्यको 'मङ्गल' शब्दमा 'ङ्ग' वर्गान्तयोगी स्पर्श वर्ण र 'अन्तरिक्ष' पदमा 'न्त' वर्गान्तयोगी स्पर्श वर्णका साथै क्ष शिष्ट संयुक्त वर्णजन्य वक्रताले चारुता थपिदिएको छ । यसरी उपर्युल्लिखित वाक्यहरूमा प्रयुक्त तलनादि द्वित्व 'त्त', वर्गान्तस्पर्शी न्ज, न्छ, न्त्र, न्द्र, ङ्ग, न्त जस्ता वर्ण र क्ष जस्तो शिष्ट संयुक्त वर्णले आ-आफ्नो स्थानमा आ-आफ्नै प्रकारको वर्णविन्यासगत सौन्दर्यृ पस्केका छन् । वर्गान्तयोगी स्पर्शी वर्ण प्रयुक्त भएका ठाउँमा श्रुतिमधुरता एवम् साङ्गीतिकता पैदा भएको पाइन्छ । यी प्रयोगहरूमा पनि पदार्थको खास कुनै नवीन वर्णन नदेखिई उही उडाउने कुराको पुनः पुनः वर्णन भए पनि त्यस्तो वर्णनभित्रको उक्तिचमत्कारका कारण यो वक्रता अतिशय रमणीय बन्न पुगेको देखिन्छ । कृतिकारले आफ्नो प्रतिभाको बलमा वर्णनीय विषयलाई त्यसको रूपभन्दा पृथक् ढङ्गले चमत्कारपूर्ण ढङ्गबाट प्रस्तुत गरेकाले विचित्र मार्गका माधुर्य, आभिजात्य र लावण्य गुणहरूद्वारा विभूषित काव्यमार्गका वैशिष्ट्य यहाँ देखिन्छन् ।

### ६.३.२ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

यस तालिकामा आएका 'बिनासित्ति, सित्तै' मा 'त्त' वर्णको द्वित्व प्रयोगमा अनेक वर्णको अनेक पटक आवृत्त हुँदा उत्पन्न हुने वृत्यनुप्रासीय सौन्दर्यको मिठास पाइन्छ भने सन्जोग, दिन्छ, मन्त्रै मन्त्र, तन्त्रमन्त्र, दिन्थे, मङ्गल, अन्तरिक्ष जस्ता पदभित्र सुन्दरता उत्पन्न गरेको देखिन्छ । वर्गान्तयोगी स्पर्श व्यञ्जन वर्णहरूकोृ प्रयोगले श्रुतिमधुरता र साङ्गीतिक सुन्दरता उत्पन्न गरेको देखिन्छ । वर्गान्तस्पर्शी वर्णहरूको असमान क्रममा हुन गएको पुनरावृत्तिले पनि कतै कतै शैलीगत सौन्दर्य पस्केकै देखिन्छ भने जुन जुन स्थानमा ती वर्गान्तस्पर्शी वर्णको प्रयोग भएको छ ती ती ठाउँमा चिरन्तनहरूले प्रस्तुत गरेको वृत्तिवैचित्र्ययुक्त सौन्दर्य पनि उद्भासित भएकै छ । ती ठाउँमा उपनागरिका वृत्ति र वैदर्भी रीतिको सौन्दर्य र माधुर्य गुणव्यञ्जक वर्णहरूको शोभा समेत देख्न सकिन्छ । यो प्रयोग एकातिर कुन्तकीय मान्यता अनुरूप संयुक्त वर्णविन्यासको चारुता वा वक्रता हो भने साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पका मान्यता अनुरूप यहाँ वृत्यनुप्रास अलङ्कार, उपनागरिका वृत्ति, वैदर्भी रीति र माधुर्य गुण जस्ता वैशिष्ट्यहरू विद्यमान देखिन्छन् ।

## ६.४ केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धमा संयुक्त वर्णविन्यास वक्रता

'केही राष्ट्रिय रोग : एक अनुसन्धान' शीर्षकको निबन्धबाट विश्लेषणका लागि लिइएका निम्नानुसारका आठवटा वाक्यलाई तालिका संख्या १६ मा प्रस्तुत गरिएको छ ।

**तालिका सं. १६**

**संयुक्त वर्णविन्यास वक्रताको विश्लेषण**

| वाक्य सङ्केत | वाक्य | तलनादि | वर्गान्तयोगी | शिष्ट, रेफ |
|---|---|---|---|---|
| ४.१.२ | कसैमा प्रशासनको आकर्षण थपियो, कसैमा प्रकाशनको धून थपियो । | | | (आकर्षण) र्ष |
| ४.२.६ | त्यस्तै दिन बैंसैमा कुप्रिएका कतिपय तन्नेरीलाई देख्दा डाक्टरसाहेब आत्तिँदा हुन्, धनुष्टङ्कारले धेरैलाई खत्तम पार्न लागेछ । | (आत्तिँदा) त्त<br>(खत्तम) त्त<br>(तन्नेरी) न्न | (धनुष्टङ्कार) ङ्क | |
| ४.४.१ | दिव्य बाह्र घण्टाको अनुसन्धानपछि नेपालोप्याथी अनुसार मैले केही नयाँ रोगहरू पत्ता लगाएको छु... | (पत्ता) त्त | (घण्टा) ण्ट<br>( अनुसन्धान) न्ध | |
| ४.५.२ | नेपालोप्याथी अनुसार जन्डिसभन्दा खतरनाक महाजनेन्डिस भन्ने रोग हुन्छ । | | (एन्डिस २) न्ड - २<br>(भन्दा) न्द<br>(हुन्छ) न्छ | |
| ४.६.७ | चमेरिया अन्तिम स्थितिमा पुगेपछि रोगीको | | (अन्तिम) | (सर्वाङ्ग) र्व |

| | | | | |
|---|---|---|---|---|
| | सर्वाङ्ग सिनो झैं गन्हाउन थाल्छ । | | न्त<br>(सर्वाङ्ग) ङ्ग | |
| ४.६.८ | चमेरिया भन्ने रोग राजनीतिक रण्डीबाजीबाट उत्पन्न भएको हो भन्ने कुरा उहिल्यै पत्ता लागिसकेको छ । | (भन्ने २) न्न - २<br>(उत्पन्न) न्न | (रण्डी) ण्ड | |
| ४.८.२ | कहाँ कहाँ कस कसले के के कुरा गरे ती सप्पैले शान्त भएर आफ्ना कानभित्र पार्नु र जो जो सँग सम्बन्धित छ उस उसका कानमा सुलुत्त पसालिदिनु कन्सुत्लेहरूको लक्षण हो । | (सुलुत्त) त्त | (शान्त) न्त<br>(सम्बन्धित) म्ब, न्ध | |
| ४.९.२ | तिल जत्रो कारणबाट पहाड जत्रो सम्भावना खोजी हल्ला गर्दै हल्लिनु रेमेनियाको पहिलो लक्षण हो । | (हल्ल २) ल्ल - २ | (सम्भावना) म्भ | |

स्रोतः केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्ध ।

### ६.४.१ संयुक्त वर्णविन्यास वक्रताको स्थिति

माथिको तालिकाका 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धका वाक्यहरूमध्ये ४.१.२ मा 'आकर्षण', शब्दमा र्ष रेफसंयुक्त वर्णको, ४.६.७ मा 'सर्वाङ्ग' शब्दमा र्व रेफसंयुक्त वर्णको प्रयोगजन्य वक्रता देखिन्छ । ४.२.६ को वाक्यमा 'आत्तिँदा', 'खत्तम', ४.४.१ को वाक्यमा 'पत्ता', र ४.८.२ को वाक्यमा 'सुलुत्त' शब्दमा 'त्त' द्वित्व वर्णको वक्रता विद्यमान छ । ४.२.६ कै वाक्यमा तन्नेरी, ४.६.८ को वाक्यमा भन्ने, उत्पन्न जस्ता पदमा 'न्न' द्वित्वको प्रयोग छ । यी सबैभन्दा बढी प्रयोग वर्गान्तयोगी स्पर्श वर्णको प्रयोगजन्य वक्रताद्वारा यी वाक्य सुशोभित देखिन्छन् जस अनुसार धनुष्टङ्कार, घण्टा, अनुसन्धान, नेन्डिस्, भन्दा, हुन्छ, अन्तिम, सर्वाङ्ग, रन्डी, शान्त, सम्बन्धी, सम्भावना जस्ता पदहरूमा

प्रयुक्त ङ्क, ण्ट, न्ध, न्छ, न्त, ङ्ग, ण्ड, न्त, म्ब, न्ध जस्ता वर्गान्तयोगी स्पर्श वर्णहरूको अधिक प्रयोग भएको छ । यसरी यी पदहरूमा प्रयुक्त पञ्चमवर्णहरूले वाक्यभित्र श्रुतिमाधुर्य र साङ्गीतिक सुन्दरता पैदा गरेका छन् । यी वर्णहरूको सुन्दरतापूर्ण प्रयोगका कारण वाक्यको अर्थ समेत थप मनोहर र रमणीय बन्न पुगेको देखिन्छ ।

### ६.४.२ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

यस तालिकाका वाकयभित्र प्रयुक्त केही 'त' द्वित्व, रेफ संयुक्त र अधिकांश वर्गान्तयोगी स्पर्श व्यञ्जन वर्णहरूको आवृत्ति भएका ठाउँमा वृत्यनुप्रासीय सौन्दर्यको झलक पाइन्छ । वर्गान्तस्पर्शी वर्णहरू विशेष गरी ङ्क, न्ध, न्छ, न्त, ङ्ग, म्ब, न्ध जस्ता वर्गान्तस्पर्शी व्यञ्जन वर्ण प्रयुक्त भएका स्थानमा माधुर्य गुणव्यञ्जक वर्णहरूको प्रयोगका कारण उपनागरिका वृत्तिको प्रयोग भएको देख्न सकिन्छ भने 'ण्ड' का ठाउँमा ओज गुण र परुषा वृत्तिको सङ्केत समेत पाइन्छ । वर्गान्तस्पर्शी व्यञ्जन वर्णहरूको अनुनासिकताका कारण उन्पन्न हुने श्रवणसुन्दरता वा साङ्गीतिक माधुर्य जस्ता विशेषताहरूले समेत प्रस्तुत वर्णप्रयोग वैशिष्ट्पूर्ण बनेको देखिन्छ ।

## ६.५ निष्कर्ष

यस परिच्छेदमा निबन्धकार भैरव अर्यालका निबन्धमा संयुक्त वर्णविन्यास वक्रताको विश्लेषण गरिएको छ । यस परिच्छेदमा पनि चारओटा पाठका चारओटा अलग अलग शीर्षकमा अलग अलग तालिका बनाई यादृच्छिक छनोट पद्धतिका आधारमा छनोट गरिएका वाक्यहरूलाई प्रस्तुत गरिएको छ र त्यहाँ संयुक्त वर्णविन्यास वक्रताको स्थिति देखाई विश्लेषण गरिएको छ । यसरी हेर्दा भैरव अर्यालका निबन्धमा प्रयोगको मात्राका आधारमा वर्गान्तस्पर्शी वर्णहरूको प्रयोग बढी र त्यसपछि तलनादि द्वित्व वर्णको प्रयोग पाइन्छ । बाँकी वर्णहरूसँग रेफको संयुक्तता अत्यन्त कम मात्रामा भेटिन्छ । यो वर्ण पाठगत रूपमा हेर्दा 'कन्याकेटी खोज्दा' निबन्धमा तलनादि द्वित्व बढी र वर्गान्तयोगी स्पर्श वर्ण कम र शिष्ट रेफसंयुक्त वर्ण अत्यन्त कम प्रयोग भएको देखिन्छ । 'पख्नोस्' निबन्धमा वर्गान्तयोगी बढी, तलनादि द्वित्व कम र शिष्ट रेफसंयुक्त वर्ण अत्यन्तै कम भेटिन्छ । 'उडाउनुसित एकछिन उड्दा' निबन्धमा वर्गान्तयोगी स्पर्शवर्णको बढी प्रयोग पाइन्छ भने तलनादि द्वित्व वर्णको कम र शिष्ट वर्णसागको रेफादि संयुक्त वर्णको प्रयोग अत्यन्तै कम पाइन्छ । 'केही राष्ट्रिय रोग : एक अुनसन्धान' शीर्षकको निबन्धमा पनि वर्गान्तयोगी स्पर्श वर्णको बढी त्यसपछि

तलनादि द्वित्व वर्ण र सबैभन्दा कम शिष्ट वर्णको रादिसंयुक्तताको प्रयोग पाइन्छ । यसरी वर्गान्तयोगी स्पर्श वर्णहरूको प्रयोग भएका ठाउँमा श्रुतिरमणीयता, हृदयहारिता र माधुर्यता बढी फेला पर्छ । प्रस्तुत वा वर्ण्य विषयको भाव अनुकूल वर्गान्तयोगी स्पर्श वर्णयोजना यी निबन्धमा देखिन्छ ।

यसरी वर्णविन्यास योजनाका दृष्टिकोणबाट भैरव अर्यालका निबन्धको वर्णविन्यास योजनाभित्र अनुप्रास अलङ्कारको रम्यता, भावानुकूल वैदर्भी (सर्वाङ्ग शान्त) र गौडी (रण्डी, घण्टा, जेन्डिस) रीति, माधुर्य र ओज गुण, उपनागरिका र परुषा वृत्ति जस्ता साहित्यिक तत्त्वका वैशिष्ट्यहरू यथास्थानमा देखिन्छन् । यसरी भैरव अर्यालका निबन्धको संयुक्त वर्णविन्यास योजना सफल र सौन्दर्यमय वा वक्रतायुक्त देखिन्छ ।

# सातौं परिच्छेद

# भैरव अर्यालका निबन्धमा यमकाभास वक्रता

यमकाभास वक्रता भनेको भिन्न अर्थ भएको अनियत स्थान वर्णयोजना वा विन्यास सम्पूर्ण रूपमा उस्तै नभएर केही फरक भएर वर्णविन्यासमा देखा पर्ने अतिरिक्त सौन्दर्य हो भने यमक वक्रता भनेको नियत स्थान वर्णविन्यास योजना अन्तर्गत पर्ने एक अर्कै प्रकारको वर्णयोजनागत सौन्दर्य हो । यसको परिचय सिद्धान्त खण्डमा दिइएको छ तर भैरव अर्यालका निबन्धमा यमक वक्रताको प्रयोग नपाइने हुँदा यहाँ भने विश्लेषण गरिएको छैन । यमकाभास वक्रताको चर्चा कुन्तकले अव्यवधानयुक्त वर्णविन्यास वक्रताका सन्दर्भमा गरेका र यस्तो वक्रता व्यवधानमा पनि हुन सक्ने तर्क अघि सारेका छन् र यस वक्रताका लागि उनले छुट्टै कारिकामा चर्चा गरेका छैनन् । जुन जुन ठाउँमा द्विवर्णविन्यास र बहुवर्णविन्यास वक्रता छ ती ती ठाउँ सबैमा होइन केही विशिष्ट ठाउँमा यस्तो वक्रता हुने उनको मत छ । उनले भनेका छन्  यो वक्रता अकारादि स्वरहरूो असारुप्य अर्थात् असमान हुदा पनि कहीँ कहीँ अथवा कुनै आवृत्त हुनेवाला समुदायको कुनै एक भागमा अर्कै खालको वक्रता पोषण गर्दछ (वजी, ३ वृत्ति) । उनका दृष्टिमा यस वक्रतामा वर्णहरू निकै विशिष्ट ढङ्गले सजाइएका हुन्छन् । यसमा पदहरू विशेष प्रकारले त्यसरी विन्यास गरिएका हुन्छन् जसरी मोतीका हारका बीचमा मणि उनिएको हुन्छ (वजी, २ : ३ वृत्ति) जसले सहृदयको हृदयलाई हरण गर्दछ । यसरी जहाँ द्विवर्ण र बहुवर्णविन्यास वक्रताको व्यवधानयुक्त र अव्यवधानयुक्त रूपमा स्वरवैषम्यतामा व्यञ्जन वर्णहरूको आवृत्ति भएको हुन्छ त्यहाँ उत्पन्न हुने बेग्लै प्रकारको, थप प्रंकारको वा अतिरिक्त सौन्दर्यले सजिएको वक्रता हो भन्ने बुझिन्छ । भैरव अर्यालका निबन्धमा यमकाभास वर्णविन्यास वक्रताको अध्ययनका लागि एउटा मात्र तालिका दिइएको छ । अध्ययनका लागि लिइएका चारवटा पाठहरूमा यस्तो वक्रताको उपस्थिति न्यून देखिएकाले सबै पाठका लागि एउटै तालिका दिइएको हो ।

## तालिका सं. १७

## चारवटै निबन्धमा पाइने यमकाभास वक्रताको विश्लेषण

| वाक्य संङ्केत | वाक्य | यमकाभास स्थिति (पद पदावली) | कारण ( स्वरवैषम्य) |
|---|---|---|---|
| १.२.४ | सबैतिर मिल्छु भन्दा भन्दै यताबाट पनि घुच्चा उताबाट पनि घुच्चा ख्वाएर मलाई बालीमा नमिलेको डुम गराइ दिन्छन् अनि केटी पाउने कहाँ ? | **भन्दा भन्दै** | **द वर्णमा आ-ऐ** |
| १.९.४ | नीला ओठ र चायै चाया जमेका गाला भए पनि मैले ठानें पढेकी र बढेकी कन्या उसै पाइन्छ र ? | **चायै चाया** | **य वर्णमा ऐ-आ** |
| १.९.९ | जात भातको कुरो टाकटुक भैहाल्यो । | **टाकटुक** | **ट वर्णमा आ-उ** |
| १.९.१४ | पढेकी आधुनिक श्रीमती आउने कुराले मैले घरमा निकै सजिसजाउ गरें । | **सजिसजाउ** | **ज वर्णमा इ-आ** |
| १.११.२ | हन्डर खाँदा खाँदा बल्ल पाएको कन्याकेटीको पनि त्यो दशा, साँच्ची मेरो पुर्पुरोमा स्वास्नी लेखेकै रहेनछ कि ? | **पुर्पुरो** | **र वर्णमा ०-ओ** |
| १.१२.९ | केटीले भनेको बूढा बा शब्द मेरो मगजमा फन्फनाइरहन थाल्यो । | **फनफनाइरहन** | **न वर्णमा अ-आ** |
| २.६.२ | खस्याङखुसुङ खोलाका खटपटानन्द खतिवडा खाटमाथि पल्टेर ख्वाङ् ख्वाङ् खोक्दै डाक्टर खुकुरीराम खत्रीलाई पर्खंदो हो । | **खस्याङखुसुङ** | **ख वर्णमा अ-उ** |
| २.७.४ | धक्कूवाजका धुरन्धर धम्मरधुसहरू पेरिसको धोके क्लबमा साफसित रक्सी धोकेर बाटबाटैमा ओछ्यान लाउन आफ्ना जोडीको मन्जुरी पर्खंदा हुन् | **बाटबाटैमा,**<br>**धुरन्धर** | **ट वर्णमा अ-ऐ**<br>**ध वर्णमा उ-अ** |

| | | | |
|---|---|---|---|
| २.११.५ | धेर कुरा किन ? सुरुदेखि सत्य, समता र शान्ति पर्खंदै आएको मानिस आज झन् विषमताको विषले बौलाइरहेछ ... | **विषमताको विष** | **ष वर्णमा अ-०** |
| २.१२.५ | हामी दुवै चाहन्छौं, एउटा त्यस्तो दुनियाँको सिर्जना गरौं, जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ! झुल्याएर फुल्याउने लर्काएर पर्खाउने यस्तो जालेमाले परम्परा नहोस् । | **परम्परा** | **र वर्णमा अ-आ** |
| ३.१.५ | भू उपग्रह उडाउन कैयौंको साधन साधना लाग्यो तर बिरालालाई दूध उडाउन न साधनको नाममा एउटा चम्चा चाहियो न साधनाको नाममा केही चालचुल । | **साधन र साधना**<br>**चालचुल** | **न वर्णमा अ-आ**<br>**च वर्णमा आ-उ** |
| ३.७.५ | ...प्रकृति प्वाँख र पखेटा खोजिरहोस्, विज्ञान अक्सिजन र नाइट्रोजन जोडिरहोस् हामी कुरै कुरामा कैयौं कुरा भुर्रै उडाइदिन्छौं । | **कुरै कुरामा** | **र वर्णमा ऐ -आ** |
| ३.९.८ | अरूलाई उडाउँदा पाइने एउटा गुलियो रसमा रसना रसाउँदै एकछिन हल्ल हाँस्न पाइन्छ । | **रसना रसाउँदै** | **स वर्णमा अ-आ** |
| ३.१०.३ | उसको टोपीको टुप्पो सगरमाथाको जस्तो छ कि गौरीशंकरको जस्तो छ । | **टोपीको टुप्पो** | **ट वर्णमा ओ - उ, प वर्णमा इ-ओ** |
| ३.११.३ | रकेट उडाउनेदेखि पकेट उडाउने कलासम्ममा आज जति प्रगति भएको छ त्यति पहिले कहिल्यै थिएन । | **पहिले कहिल्यै** | **ल वर्णमा ए-ऐ** |
| ४.९.२ | तिल जत्रो कारणबाट पहाड जत्रो सम्भावना खोजी हल्ला गर्दै हल्लिनु रेमेनियाको पहिलो लक्षण हो । | **हल्ला गर्दै हल्लिनु** | **ल वर्णमा आ-इ** |

## ७.१ यमकाभास वर्णविन्यास वक्रताको विश्लेषण

दिइएको तालिकाको १.२.४ देखि १.१२.९ सम्मका 'कन्याकेटी खोज्दा' पाठका वाक्यहरू छन् । यीमध्ये वाक्य १.२.४ मा भन्दा-भन्दै पदमा यमकाभास वक्रताको स्थिति छ । यहाँ 'द' वर्णमा स्वरवैषम्य वा स्वरको असारुप्यताले त्यस्तो स्थिति उत्पन्न गरेको देखिन्छ । यो वक्रता अव्यवधानयुक्त बहुवर्णविन्यास वक्रताको उदाहरण पनि हो । बहुवर्णविन्यास वक्रता स्वरको सारुप्य र असारुप्य दुवैमा हुन्छ तर यमकाभास वक्रताका लागि चाहिँ स्वरको असारुप्यता अनिवार्य हुन्छ । त्यसैले १.२.४ को वाक्यमा छुच्चा घुच्चा, पदको आवृत्तिमा वहुवर्णविन्यास वक्रता मात्र छ भने भन्दा भन्दै पदमा बहुवर्णविन्यास वक्रताका साथै यमकाभास सौन्दर्य समेत प्रदीप्त देखिन्छ । वाक्य १.९.४ मा चायै चाया पदमा य वर्णमा 'ऐ-आ' को असारुप्यताका कारण यमकाभासजन्य सौन्दर्य देखिन्छ । वाक्य १.९.९ मा टाकटुक पदमा ट् वर्णमा आ र उ को असारुप्यता छ । वाक्य १.९.१४ मा सजिसजाउ पदमा ज वर्णमा इ र उ काउे असारुप्यताले यमकाभास सौन्दर्य सुशोभित भएको देखिन्छ । वाक्य १.११.२ को पुर्पुरो पदमा र वर्णमा स्वरको अनुपस्थिति र ओ वर्णको उपस्थितिले वैषम्य सिर्जना गरेको देखिन्छ । वाक्य १.१२.९ मा फनफनाइरहन पदमा न वर्णमा अ र आ को असारुप्यताजन्य चारुता विद्यमान छ ।

यस तालिकाका २.६.२ देखि २.१२.१५ सम्मका वाक्यहरू 'पख्नोस्' निबन्धका वाक्यहरू हुन् । यस निबन्धको २.६.२ वाक्यको खस्याङखुसुङ पदमा ख वर्णमा अ र उ को असारुप्यताजन्य विच्छित्ति छ भने २.७.४ को बाटबाटैमा पदमा ट वर्णमा अ र ऐ को असारुप्यताजन्य सौन्दर्य छ । २.७.४ कै धुरन्धर पदमा ध वर्णमा उ र अ वर्ण वैषम्य रूपमा प्रयुक्त छन् । २.११.५ को वाक्यमा प्रयुक्त पदावली विषमताको विष मा ष वर्णमा उच्चारणगत रूपमा अ र ० का कारण स्वरको उपस्थिति र अनुपस्थितिको वैषम्य देखा पर्दछ । २.१२.५ को वाक्यमा परम्परा पदको र वर्णमा अ र आ को वैषम्य देखिन्छ । यी वाक्यहरूका तत् तत् पद-पदावलीमा स्वरवैषम्ययुक्त अनेक वर्णहरूको आवृत्तिले गर्दा बेग्लै प्रकारको सौन्दर्य उद्भासित भएको छ ।

यस तालिकाको ३.१.५ देखि ३.११.३ सम्म 'उडाउनुसित एकछिन उड्दा' शीर्षक निबन्धभित्रका वाक्यहरू दिइएका छन् । ती वाक्यहरूमध्ये ३.१.५ को वाक्यको साधन र साधना पदावलीमा न वर्णमा अ र आ को वैषम्य देखापर्छ भने चालचुल भन्ने पदमा च

वर्णमा आ र उ स्वरको असारुप्य देखापर्छ । ३.७.५ को वाक्यको कुरै कुरामा भन्ने पदमा र वर्णको ऐ र आ स्वर वर्णसँगको वैषम्य देखापर्छ । ३.९.८ को वाक्यभित्रको पदावली रसना रसाउँदै मा स वर्णमा अ र आ वर्णको असारुप्य देखिन्छ भने ३.१०.३ को वाक्यमा रहेको टोपीको टुप्पो पदावलीमा ट वर्णमा ओ र उ स्वरको वैषम्यजन्य विच्छित्ति देखिन्छ । ३.११.३ को वाक्य पहिले कहिल्यै पदावलीमा ल वर्णमा ए र ऐ को असारुप्यता पाइन्छ । यसरी 'उडाउनुसित एकछिन उड्दा' भन्ने निबन्धभित्रका यी स्थानमा प्रयुक्त यो स्वरवैषम्ययुक्त बहुवर्णविन्यास वक्रताले यमकाभास सौन्दर्य प्रदान गरेका छन् ।

यस तालिकाको अन्तिम वाक्य 'केही राष्ट्रिय रोग : एक अनुसन्धान' निबन्धको हो । यस वाक्यमा प्रयुक्त हल्ला गर्दै हल्लिनु पदावलीमा ल वर्णमा अ र आ स्वरको असारुप्यताले बेग्लै प्रकारको सौन्दर्य सृजना गरेको छ । अर्यालका निबन्धमा यमकाभास वक्रताको प्रयोग कमै मात्रामा पाइने कुरा यसै बुझ्न सकिन्छ । यमकाभास वक्रता भएका यी स्थानमा आवृत्त बहुवर्ण, द्विवर्णविन्यास वक्रताले आलम्बनका रूपमा आएका व्यक्ति वा विषयका चेष्टा र गुणलाई उद्दीपन गर्न र हास्यभाव जागृत गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । यहाँ यमकाभास वक्रताका साथै एकवर्णविन्यास वक्रताको चारुता समेत सम्बन्धित वाक्यहरूमा झल्केकै छ ।

## ७.२ साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्ध

यमकाभास वक्रताको साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँग समेत सम्बन्ध देखिन्छ । यो वक्रता भनेकै दुई वर्णविन्यास र बहुवर्णविन्यास वक्रताभित्रकै एउटा विशिष्ट प्रकार हो जुन स्वरको असारुप्य वा वैषम्यका कारण मात्र फरक हुन्छ र थप अलङ्कार सौन्दर्यका कारण शोभायमान हुन्छ । त्यसैले यमकाभास वक्रताको प्रयोग भएका स्थानमा अनेक वर्णहरूको एक पटक आवृत्ति हुने छेकानुप्रासीय सौन्दर्य (विषमताको विष, रसना रसाउँदै) प्रदीप्त भएको पाइन्छ भने वर्ण्य विषयका रूपमा आएका आलम्बनका गुण, चेष्टा जस्ता भावलाई उद्दीपन गरी हास्यरसोद्रेकमा सम्बन्धित वर्णविन्यास योजनाले थप योगदान दिएको देखिन्छ । यस वक्रतामा अनुप्रास अलङ्कारको सौन्दर्यका साथै वर्ण्य विषयको भाव अनुकूलको वर्णयोजना सौन्दर्यका कारण माधुर्य गुण, उपनागरिका वृत्ति र वैदर्भी रीतिका उदाहरणहरू यत्रतत्र देख्न सकिन्छ र यस प्रयोगले उनको हास्य रसको अभिव्यञ्जनाका लागि साधनको कार्य गरेको देखिन्छ । साङ्गीतिक र श्रुतिमधुर वर्णप्रयोगका कारण लयमाधुर्य

सृजना हुनाका साथै वर्णहरूको आवृत्तिबाट पुनरावृत्तिको चारुता पनि झल्किएकै छ । यसरी उनका निबन्धमा यमकाभास वक्रताले पनि साहित्यिक अभिव्यक्तिका अलङ्कार, गुण, रीति, वृत्ति जस्ता शैलीशिल्पसँग सम्बन्ध राखी सौन्दर्य उद्घाटन गरेको देखिन्छ ।

### ७.३ निष्कर्ष

यमकाभास वक्रता द्विवर्ण र बहुवर्णविन्यास वक्रताकै विशिष्ट प्रकार हो जसमा स्वरको वैषम्य र अलङ्कारको थप शोभा विद्यमान हुन्छ । चारवटा पाठबाट छनोट गरिएका केही वाक्यहरूभित्र यमकाभास वक्रताको स्थिति यहाँ देखाइएको छ जसमा बहुवर्णआवृत्तिजन्य यमकाभास कम र द्विवर्णजन्य यमकाभास बढी प्रयोग भएको पाइन्छ । यो वक्रता प्रयोग भएका वाक्यमा वक्रताका अन्य प्रकारहरू एकवर्ण संयुक्तवर्ण आदिले पनि सौन्दर्य बढाएकै छन् त्यसमा यमकाभास वक्रताले थप चमत्कार थपिदिएको पाइन्छ । यस वक्रतामा पनि साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पहरूका वैशिष्ट्य समेत अन्तर्भुत देखिन्छन् । अर्थात् अलङ्कार, गुण, रस, वृत्ति, रीति जस्ता वैशिष्ट्य पनि यसमा रहेकै छन् । निष्कर्षमा भन्नुपर्दा यस वक्रताले अर्यालका निबन्धको चारुतामा चमत्कार थपिदिएको देखिन्छ ।

# आठौं परिच्छेद

# भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रतागत, शैलीशिल्पगत, मार्गगत र गुणगत सौन्दर्य

भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको समग्र प्रयोगको स्थितिको विश्लेषण गरी साथै विभिन्न शैलीशिल्पसँग त्यस वक्रताको तुलनाका आधारमा वर्णविन्यास वक्रताको शैलीशिल्पगत मार्गनिर्धारण गरी मूल्य निरूपण गर्नु समीचीन देखिन्छ । यसमा भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको समग्र प्रयोगको स्थिति, साहित्यिक अभिव्यक्तिका विभिन्न शैली शिल्पको समग्र प्रयोगको स्थितिको माध्यमबाट उनको निबन्धकारिताभित्र निहित तत् तत् वैशिष्ट्यको खोजी गर्नु यस सन्दर्भमा महत्त्वपूर्ण हुन आउँछ । आचार्य कुन्तकले निर्धारण गरेका काव्यमार्ग (सुकुमार, विचित्र र मध्यम) तथा तिनभित्र रहने सामान्य (सौभाग्य र औचित्य) र विशिष्ट (माधुर्य, प्रसाद, लावण्य र आभिजात्य) गुणको स्थिति निर्धारण गरी भैरव अर्यालका निबन्धहरूमा काव्यरचनाका सन्दर्भमा अँगालिएको मार्गका आधारमा समेत कृतिगत सौन्दर्यको स्थान निरूपण समेत यहाँ गरिएको छ । साहित्यिक कृतिको शैली शिल्पगत सौन्दर्य एवम् मार्ग निर्धारण, वर्णविन्यास वक्रताका आधारमा मात्र गरिएको छ । अर्यालका निबन्धको वर्णयोजनागत चमत्कारले अर्यालको साहित्यिक प्रतिभा वा रचनाकार स्वभाव कुन प्रकारको छ भनी ठम्याई उनको निबन्धकारिताको सौन्दर्य निरुपण गर्न सकिन्छ ।

## ८.१ भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको समग्र प्रयोगगत सौन्दर्य

भैरव अर्यालका निबन्धमा एक वर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, संयुक्त वर्णविन्यास वक्रता र यमकाभास वक्रताको प्रयोग पाइन्छ । उनका ती प्रयोगहरूको चर्चा, विश्लेषण र साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँग तुलना समेत क्रमशः यसै शोधप्रबन्धको अध्याय तिन, चार, पाँच, छ र सातमा गरिएको छ । ती अध्ययन र तुलनालाई हेर्दा उनका निबन्धमा वर्णविन्यास वक्रताको कुनै एक प्रकारले मात्र पनि एकातिर उनका वाक्यको अर्थ (कथ्य वा भाव) लाई चमत्कृत तुल्याएका छन् भने

सोही वाक्यमा वर्णविन्यास वक्रताका एकाधिक प्रकारहरू समेतको प्रयोगले उनको वर्णविन्यास योजना व्यङ्ग्योद्घाटनका लागि थप चमत्कारी बनेको छ ।

वर्णविन्यास वक्रताका विभिन्न प्रकारहरू एउटै वाक्यमा प्रयुक्त गरी वाक्यको अर्थचमत्कार र शब्दचमत्कारको माध्यमबाट निबन्धकारले आफ्नो कथ्य वा भावलाई सशक्त अभिव्यक्ति दिएका छन् । वर्णविन्यास वक्रताका ती र त्यस्ता प्रकारहरू समाविष्ट भएका केही वाक्यहरू यहाँ प्रस्तुत गरिएको छ :

१.२.१ म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको र कान्तिपुरमा बसेको अब मलाई पाखे, काँठे, मदिसे वा सहरिया जे भन्नुपर्छ तपाइँ नै भन्नोस् ।

यस वाक्यलाई एक वर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, संयुक्तवर्णविन्यास वक्रताको चर्चाका सन्दर्भमा तत् तत् स्थानमा अघिल्ला अध्ययनमा पृथक पृथक् चर्चा गरी सौन्दर्य निरूपण गरिएकै छ । यस वाक्यमा हरेक वक्रताका पृथक् पृथक् प्रकारले आ-आफ्नै प्रकारको सौन्दर्य झल्काएकै छन् तर ती सबै वक्रता एकै ठाउँमा जम्मा भई वाक्यको अर्थ वा भावलाई विशिष्ट ढङ्गले चमत्कृत तुल्याएका छन् । यस वाक्यमा रहेको एकवर्णविन्यास, बहुवर्णविन्यास र संयुक्त वर्णविन्यास वक्रताको स्थितिलाई यस प्रकार देखाउन सकिन्छ :

**तालिका संख्या १८**

**एक, बहु र संयुक्त वर्णविन्यास वक्रता विश्लेषण**

| एकवर्णविन्यास वक्रता | बहुवर्णविन्यास वक्रता | संयुक्तवर्णविन्यास वक्रता |
|---|---|---|
| क आठ पटक | पुरमा तिन पटक | भन्नुपर्छ 'न' द्वित्व |
| म आठ पटक | | जान्नोस् 'न' द्वित्व |
| र आठ पटक | | कान्तिपुर वर्गान्त |
| न आठ पटक | | |

उल्लिखित तिन प्रकारको वर्णविन्यास वक्रताले १.२.१ को वाक्यमा प्रयुक्त आफ्नो खास क्षेत्रीय पहिचान नहुनुको मार्मिक व्यङ्ग्य उद्घाटनका लागि हास्य भाव जागृत गर्ने काम गरेको छ ।

३.६.१ उडाउनुको यसै फन्कोमा कान्छाले बेलुन उडाएको, ठाइँलाले चङ्गा उडाएको, काइँलाले गाँजा उडाएको, साहिँलाले परेवा उडाएको, माहिलाले तहविल उडाएको, जेठाले सर्वस्व उडाएको सम्झना पनि फन्कामाथि फन्का थप्तै उड्न थाल्छन् ।

यस वाक्यमा पनि वक्रताका तिन प्रकारहरू एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता र वर्गान्तस्पर्शी वक्रताको सौन्दर्य प्रदीप्त छ । एकाधिक वक्रताका प्रकारहरू मिसिँदा वाक्यको अर्थले हास्यका माध्यमबाट बुझाउन खोजेको व्यङ्ग्यबोधलाई तीव्र एवम् प्रभावकारी तुल्याएको पाइन्छ । यस वाक्यमा प्रयुक्त वर्णविन्यास वक्रताका प्रकारहरूलाई निम्नलिखित तालिकामा देखाउन सकिन्छ :

**तालिका संख्या १९**

**एक, द्वि र वर्गान्तस्पर्शी वर्णविन्यास वक्रता विश्लेषण**

| **एकवर्णविन्यास वक्रता** | **द्विवर्णविन्यास वक्रता** | **वर्गान्तस्पर्शी वर्णविन्यास वक्रता** |
|---|---|---|
| न चार पटक, आवृत्ति<br>क १२ पटक आवृत्ति<br>ल १२ पटक आवृत्ति<br>लाले चार पटक आवृत्ति | न् क् वर्णको द्विरावृत्ति | र्व<br>ङ्ग |

एउटै वाक्यमा निहित उल्लिखित तिन प्रकारका वक्रताले उडाउने क्रियासँग सम्बद्ध उडाइने बेलुन, चङ्गा, परेवा, तहविल, सर्वस्व जस्ता वस्तु वा विषयसँग सम्बद्ध व्यङ्ग्यको उद्घाटन गर्न हास्योद्दीपन गर्ने साधनको कार्य गरेका छन् । जसले गर्दा भैरव अर्याल

वर्णविन्यास वक्रताका विभिन्न प्रकारहरूलाई एकै ठाउँमा प्रयुक्त गर्ने वर्णप्रयोग चमत्कारसामर्थ्य राख्ने साहित्यकारका रूपमा देखिन्छन् ।

## ८.२ भैरव अर्यालका निबन्धमा साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पगत सौन्दर्य

भैरव अर्यालका निबन्धमा प्रयुक्त वर्णविन्यास विच्छित्तिभित्र साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पको समग्र प्रयोग भएको पाइन्छ । यसले अर्यालका वर्णविन्यास प्रयोगभित्र नै ती शैलीशिल्पको अन्तर्भाव हुने कुरो बुझ्न सकिन्छ । यसै अध्ययन अध्याय तिन, चार, पाँच, छ र सातमा वर्णविन्यास वक्रताको प्रयोगको स्थिति र साहित्यिक अभिव्यक्तिका विभिन्न शैलीशिल्पसँग वर्णविन्यास वक्रताको सम्बन्धबारे जुन जुन स्थानमा चर्चा गरिएको छ, ती ती स्थानमा नै वर्णविन्यास वक्रता र साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्धका बारेमा चर्चा गरिसकिएकै छ । यहाँ अर्यालका निबन्धमा ती शैलीशिल्पको समग्र प्रयोगको स्थितिको उदाहरणका लागि यो वाक्य प्रस्तुत गरिएको छ :

> १.२.१ म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको र कान्तिपुरमा बसेको, अब मलाई पाखे, काँठे, मदिसे वा सहरिया जे भन्नुपर्छ तपाइँ नै भन्नोस् ।

उल्लिखित वाक्यमा एक वर्णको अनेक पटक आवृत्त हुने र अनेक वर्णको अनेक पटक आवृत्त हुने वृत्यनुप्रासीय सौन्दर्य प्रदीप्त देखिन्छ । उल्लिखित वाक्यको 'पुरमा' चार पटक दोहोरिएको हुँदा प् र् म् जस्ता अनेक वर्णको अनेक पटक आवृत्ति भएको देखिन्छ । त्यस्तै क् म् र् प् न् जस्ता वर्णहरू आठ आठ पटक आवृत्त भएकाले एक वर्णको अनेक पटक आवृत्ति भई सौन्दर्य उद्भासित गर्ने सोही वृत्यनुप्रासीय सौन्दर्य प्रदीप्त देखिन्छ । यो वर्णप्रयोगले निबन्धकारद्वारा निबन्धकथनको कथन पद्धतिका रूपमा प्रस्तुत गरिएको आलम्बन 'म' को आफ्नो खास पहिचान नहुनुका पीडामय चेष्टा वा गुणलाई व्यक्त गर्ने हास्य भावको उद्दीपकको कार्य गरेको छ र सोही भावका माध्यमबाट पहिचान नहुनाको व्यथारूप व्यङ्ग्योद्घाटन समेत भएको पाइन्छ । यी वाक्यहरूमा आवृत्त क् म् र् प् न् जस्ता वर्णहरू अधिकांश कोमल वर्णकै भएका र उक्त कोमल वर्णको सम्बन्ध वैदर्भी रीति, माधुर्य गुण र उपनागरिका वृत्तिसँग सम्बन्धित रहेको कुरो प्रस्ट हुन्छ । यसका साथै मा मा मा न जस्ता साङ्गीतिक एवम् श्रुतिमधुर वर्णको आवृत्तियुक्त प्रयोग र एक वा अनेक वर्णको समानान्तर वा पुनः पुनः आवृत्त हुने समानान्तरता र पुनरावृत्ति जस्ता पाश्चात्य शैलीवैज्ञानिक वैशिष्ट्यले गर्दा उनको वर्णप्रयोगले समानान्तरता, श्रुतिमधुरता आदिका

माध्यमले लयमाधुर्य समेत सिर्जना गरेको देखिन्छ । यसरी भैरव अर्यालका निबन्धमा वर्णहरूको विन्यासजन्य विच्छित्तिबाट साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्प अनुप्रास, गुण, रीति, वृत्ति, समानान्तरता र लयात्मक वैशिष्ट्यहरूले परिपोषित बनेको हुँदा अर्यालको निबन्धकारिता साहित्यिक अभिव्यक्तिका वर्णप्रयोगजन्य विभिन्न शैलीशिल्पगत सौन्दर्यहरु पनि अन्तर्भूत भएका देखिन्छन् ।

### ८.३ भैरव अर्यालका निबन्धमा वक्रोक्तिका मार्गगत र गुणगत सौन्दर्य

वक्रोक्तिकार कुन्तकले काव्यको सौन्दर्य वा वक्रता काव्यका वर्णदेखि प्रबन्धसम्मका विभिन्न तहमा रहने कुरो बताएका छन् र उक्त वक्रतालाई कविको अभिव्यक्ति कौशलका रूपमा प्रस्तुत गरेका छन् । कुन्तकका विचारमा जसको अवलम्बन गरेर कविले काव्य रचना गर्दछन् त्यही नै मार्ग हो (कुन्तक, १ : २४ र वृत्ति) । यसबाट कव्यका विभिन्न अङ्ग ( वर्णदेखि प्रबन्धसम्म) तथा समष्टि काव्यमा रहने सौन्दर्यको विश्लेषणका साथै उक्त कृतिका स्रष्टाका कवित्वको मूल्याङ्कन र निरूपण गर्न सकिने देखिन्छ । भैरव अर्यालका निबन्धमा वर्णप्रयोगगत सौन्दर्यका आधारमा उनको निबन्धकारिताको मार्ग र गुणको निर्धारण गरी उनको निबन्धकारिताको विश्लेषण र निरूपण गर्नु वाञ्छनीय देखिन्छ । वर्णप्रयोगका आधारमा उनको निबन्धकारिता कस्तो छ र त्यस आधारमा उनको निबन्धकारिता कुन मार्ग र कुन गुण जस्ता वैशिष्ट्ययुक्त छ भन्ने कुराको निरूपण गर्नु समीचीन देखिन्छ ।

### ८.३.१ भैरव अर्यालका निबन्धमा वक्रोक्तिका मार्गगत सौन्दर्य

भैरव अर्यालका निबन्धमा वर्णहरूको विन्यासजन्य सौन्दर्यलाई हेर्दा उनमा वक्रोक्तिका विचित्र मार्ग उद्भासित भएको पाइन्छ । जसरी रत्नहरूको किरणको छटाको उल्लासले देदीप्यमान आभूषणहरूबाट सुन्दरीहरूको शरीर आच्छादित हुन्छ त्यसै प्रकार अलङ्कारको अत्यधिक शोभाबाट अलङ्कार्य प्रकाशित हुँदा विचित्र मार्ग हुन्छ (कुन्तक, १ : ३६) भनेर वर्ण्य विषयलाई प्रस्तुत गर्दा अलङ्कारहरूले आच्छादित भयो भने त्यहाँ विचित्र मार्ग हुने कुरो बताएका छन् । त्यस्तै जहाँ वाच्य -शब्द) वाचक (अर्थ) को शक्तिभन्दा भिन्न कुनै अपूर्व वाक्यार्थको प्रतीयमानता निबद्ध गरिन्छ त्यहाँ विचित्र मार्ग हुन्छ (कुन्तक, १ : ४०) भनेर शब्द र अर्थभन्दा परको व्यङ्ग्य अर्थ प्रकट हुँदा विचित्र मार्ग हुने कुरो उनले उल्लेख गरेका छन् । त्यस्तै जहाँ अलौकिक कथनीय वैचित्र्यद्वारा प्रस्तुत गराइएको विषयको सरल र अभिप्राययुक्त वर्णन हुन्छ त्यहाँ विचित्र मार्ग हुन्छ (कुन्तक, १ : ४१) । वैचित्र्यपूर्ण ढङ्गले

प्रस्तुत गराइएको विषयको सरल र साभिप्राय स्वभाव वर्णनलाई विचित्र मार्गको संज्ञा दिएका छन् । उनले कारिका ३४ देखि ४३ सम्म विचित्र मार्गका लागि शब्दार्थगत वैचित्र्य, अलङ्कार वैचित्र्य, उक्तिवैचित्र्य, कल्पना वैचित्र्य र व्यङ्ग्यार्थगत वैचित्र्य तथा रस वैचित्र्यको क्रमशः उल्लेख गरेका छन् (पाण्डेय, २०७० : १३७) । अर्यालका निबन्धमा वर्णहरूको जुन चारुतापूर्ण विन्यास छ त्यहाँ अनुप्रास अलङ्कारको वैचित्र्य र हास्यरस वैचित्र्यको प्रयोग भएको हुँदा विचित्र मार्गका वैशिष्ट्यहरूले अर्यालको निबन्धकारिता सुशोभित भएको पाइन्छ । निम्नलिखित वाक्यहरू वर्ण प्रयोगबट उत्पन्न अलङ्कार वैचित्र्य, उक्ति वैचित्र्य, व्यङ्ग्यार्थृगत वैचित्र्य र हास्यरस वैचित्र्यको उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**(क) अनुप्रास अलङ्कारको बैचित्र्यको उदाहरण :**

२.६.२ खस्याङ्खुसुङ खोलाका खबटानन्द खतिवडा खाटमाथि पल्टेर ख्वाङ् ख्वाङ् खोक्तै डाक्टर खुकुरीराम खत्रीलाई पर्खँदो हो ।

यसमा ख् वर्णको १२ पटक प्रयोग भई वृत्यनुप्रासजन्य वैचित्र्य उद्भासित भएको देखिन्छ । त्यस्तै 'खस्याङ खुसुङ' र 'ख्वाङ् ख्वाङ्' मा अनेक वर्णको एक पटक आवृत्तिजन्य छेकानुप्रासको वैचित्र्य समेत उपनिबद्ध भएको देखिन्छ ।

**(ख) उक्ति बैचित्र्यको उदाहरण**

१.९.१३ आधुनिक केटीहरू कुकुरका छाउरा खेलाउन खोज्छन् भनेर ब्याउने गाई बेचेर एउटा बेलायती कुकुर किनिदिएँ ।

यहाँ वर्ण्य विषयलाई प्रस्तुत गर्दा प्रयुक्त कथन वा उक्तिमा क् चार पटक, ख् दुई पटक र छ पटक, व् तिन पटक र क् तिन पटक आवृत्त भएकै कारणले सोही वर्ण प्रयोगगत वैचित्र्यका कारण उक्तिवैचित्र्य पैदा भएको छ । यहाँ सामान्य वा अनूतन विषय पनि असामान्य वा नूतन बन्न गई उक्तिवैचित्र्य प्रकट भएको देखिन्छ ।

**(ग) व्यङ्ग्यार्थ वैचित्र्यको उदाहरण :**

४.५.२ नेपालोप्याथी अनुसार जेन्डिसभन्दा खतरनाक महाजनेन्डिस भन्ने रोग हुन्छ ।

यहाँ 'महाजनेन्डिस भन्ने रोग हुन्छ' भन्ने वाचक पदावलीमा महाजनेन्दिस् भन्ने नयाँ शब्द निर्माण गरेर उत्पन्न उक्तिवैचित्र्यभित्र न् वर्णको चामत्कारिक आवृत्ति गरिएको छ । त्यसले ठुला मान्छेमा लाग्ने रोग भन्ने वाच्य अर्थ बुझाई 'ठुला मानिसले अरूलाई गन्दै

नगन्ने र आफैंलाई ठुलो हुँ भन्ने मानसिकता' जस्तो व्यङ्ग्यार्थका माध्यमबाट वैचित्र्य प्रकट भएको छ ।

**(घ) हास्यरस वैचित्र्यको उदाहरण**

४.११.३ भ्याउरे अनुहार, दाउरे जिउ र चाउरे गाला पकेटोक्यासिसका लक्षण हुन् ।

यहाँ 'भ्याउरे, अनुहार, दाउरे र चाउरे' जस्ता पदमा आएको र वर्णको व्यवधानयुक्त विन्यास तथा 'पकेटोक्यासिस' पदमा नयाँ शब्दनिर्माणद्वारा चमत्कार उत्पन्न गर्ने प्रवृत्तिभित्र पनि क् वर्णको दुई पटकर स वर्णको दुई पटक आवृत्तिजन्य विन्यासबाट चमत्कार र हास्यभाव पैदा भएको छ । यहाँ वर्ण्य विषयका रूपमा प्रस्तुत गरिएको पकेटोक्यासिस रोग भएको आलम्बन व्यक्तिका भ्याउरे अनुहार, दाउरे जिउ र चाउरे गाला जस्ता रूप, गुण र चेष्टा जस्ता उद्दीपकलाई व्यक्त गर्न र् को पाँच पटक, क् को तिन पटक र स् दुई पटक आवृत्त भई प्रयुक्त भएको वाक्यले हास्याद्रेकका साधनको कार्य गरी हास स्थायीभाव जगाई हास्यरसोत्पन्न गरेको छ । त्यसैले यहाँ हास्यरस वैचित्र्य समुल्लसित देखिन्छ । यस्तो विशेषता भैरव अर्यालका हास्यव्यङ्ग्य निबन्धमा सर्वत्र देख्न सकिनछ ।

## ८.४ भैरव अर्यालका निबन्धमा वक्रोक्तिका गुणगत सौन्दर्य

भैरव अर्यालका निबन्धमा वर्णविन्यास प्रयोगको स्थिति हेर्दा त्यहाँ अधिकांश रूपमा विचित्र मार्गका सामान्य गुण (सौभाग्य र औचित्य) तथा विशिष्ट गुण (माधुर्य, लावण्य र आभिजात्य) गत सौन्दर्य उद्भासित भएको पाइन्छ । आचार्य कुन्तकले गुणलाई मार्गाश्रित ठानेका छन् र यी सबै गुण सबै मार्गमा हुन्छन् भनेका छन् । विचित्र मार्गभित्रका विशेष गरी अधिकांश गुणहरू उनका निबन्धमा देखिन्छ । जस अन्तर्गत विचित्र मार्गका माधुर्य, लावण्य र आभिजात्य जस्ता विशिष्ट गुणहरू र सौभाग्य र औचित्य जस्ता सामान्य गुणहरू समेत उनका कृतिमा पाइन्छन् ।

## ८.४.१ भैरव अर्यालका निबन्धमा सौभाग्य र औचित्य गुण

भैरव अर्यालका निबन्धमा वर्णहरूको औचित्ययुक्त सौभाग्यसंज्ञक गुण सौन्दर्य देखिन्छ । पद, वाक्य तथा प्रबन्ध समस्त काव्य अङ्गमा व्यापकता हुनाले यी दुई सौभाग्य र औचित्य स्थिर गुण भनिन्छन् (कुन्तक, १ : ५७) । यसरी काव्यको पदका तहमा रहने सौभाग्य र औचित्य गुण अन्तर्गत पदका संरचक घटक वर्ण प्रयोगको औचित्ययुक्तता सौभाग्यसंज्ञकता समेत पर्न आउँछ । उनका निबन्धमा यी गुणको उपस्थिति देखिन्छ ।

काव्यका उपादेय तत्त्वहरू अर्थात् शब्दहरू प्रयोग गर्न कवि प्रतिभाले गर्ने सतर्कतापूर्वकको व्यवहार सौभाग्य गुण हो भने जुन शब्दका कारण पदार्थको उत्कर्ष स्पष्ट ढङ्गले परिपुष्ट हुन्छ त्यो औचित्य गुण हो । भैरव अर्यालले आफ्ना निबन्धमा शब्दप्रयोगका क्रममा निकै सतर्कतापूर्वक सोच विचार गर्दै अघि बढेको देखिएकाले सौभाग्य गुण र ती शब्दहरूको उचित प्रयोगबाट निबन्धकारले समेत जागृत गराई व्यङ्ग्य उद्घाटन गर्न सफल भएकाले औचित्य गुणहरू उद्भासित भएका छन् । उनका ती गुणहरू वर्णप्रयोगजन्य चारुताका कारण उद्भासित बनेका हुन् ।

### ८.४.२ भैरव अर्यालका निबन्धमा माधुर्य, प्रसाद, लावण्य र आभिजात्य गुण

#### (क) माधुर्य गुण

भैरव अर्यालको वर्णविन्यासको प्रयोग सन्दर्भमा विचित्र मार्गको माधुर्य गुणगत सौन्दर्य देख्न सकिन्छ । विचित्र मार्गको माधुर्य गुणमा पदवैचित्र्य प्रवाहित हुने सुकोमल वर्णपरित्याग वा शिथिलताको सन्निवेश गर्ने र वाक्य विन्यासमा रमणीयता वा चामत्कारिकता ल्याउने (कुन्तक, १ : ४४) वैशिष्ट्य हुन्छ भनिएको छ । जसका कारण उनका निबन्धमा वर्णविन्यास सौन्दर्यका कारण पदवैचित्र्य सिर्जना भई वाक्य समेत श्रुतिरमणीय एवम् सुन्दर बनेका हुँदा माधुर्य गुणका वैशिष्ट्यहरू यत्र तत्र देख्न सकिन्छ । भैरव अर्यालका निबन्धमा माधुर्य गुणको उपस्थितिका केही उदाहरणका रूपमा यी वाक्यहरूलाई प्रस्तुत गर्न सकिन्छ :

१.७.१ बल्लबल्ल पोहोरका वर्ष बुढानीलकण्ठका बुढाथोकीसित केटीको कुरो मिलेको थियो तर खडकौलाको कुरो मिलेन ।

४.१.१ कोही चाहिँ डाक्टरी गर्नुभन्दा फ्याक्टरी खोल्नुमा फाइदा दे‌ख्नुभयो ।

४.५.६ महाजनेन्डिस पोज, भोज र मोजबाट फैलने रोग हो ।

यी वाक्यमध्ये वाक्य १.७.१ मा बुढानीलकण्ठ र बुढाथोकी यी पदमा पदवैचित्र्यको स्थिति देखिन्छ र ढ, ण्ठ जस्ता शिथिल वर्णको प्रयोग र समग्र वाक्यविन्यासमा रमणीयताको उपस्थितिले विचित्र मार्गको माधुर्य गुण उद्भासित देखिन्छ । ४.१.१ को वाक्यमा डाक्टरी र फ्याक्टरी पदमा पदवैचित्र्यको स्थिति छ । 'क्ट' जस्तो अकोमल वर्णको प्रयोगले शिथिलताको सन्निवेश भएको छ र यसले समग्र वाक्यलाई रमणीय बनाएको हुँदा माधुर्य गुण उद्भासित भएको छ । त्यस्तै ४.५.६ मा महाजनेन्डिस पदमा वैचित्र्यको उपस्थिति देखिन्छ । साथै 'न्ड'

वर्णसमूहमा शिथिलताको सन्निवेश हुन गएको छ । साथै महाजनेन्डिस, पोज, मोज र भोज जस्ता पदहरू र तिनमा प्रयुक्त वर्णहरूको आवृत्तिले सम्पूर्ण वाक्य नै रमणीय बन्न पुगेको छ । यसरी भैरव अर्यालका निबन्धमा विचित्र मार्गको माधुर्य गुणगत सौन्दर्यद्वारा विभूषित देखिन्छन् ।

**(ख) प्रसाद गुण**

भैरव अर्यालका निबन्धमा विचित्र मार्गको प्रसाद गुणगत सौन्दर्य पनि पाइन्छ । विचित्र मार्गका कविहरूका मार्गमा प्रसिद्ध समासरहित पदहरूको रचनाले केही ओज गुणको स्पर्श गर्दा प्रसाद गुण हुन्छ (कुन्तक, १ : ४५) । यसरी असमस्त पदरचना र केही ओज गुण स्पर्श हुँदा विचित्र मार्गको प्रसाद गुणवैशिष्ट्य प्रकट हुन्छ भन्ने बुझिन्छ । त्यस्तै वाक्यका समर्पक अन्य वाक्य पदहरू जस्तै गरी विन्यास हुँदा पनि प्रसाद गुण हुन्छ (कुन्तक, १ : ४६) भन्नाले एक वाक्यभित्र अर्को वाक्य पदहरूझैं प्रयुक्त हुँदा विचित्र मार्गको प्रसाद गुण हुन्छ भन्ने बुझिन्छ । भैरव अर्यालका निबन्धमा असमस्त प्रयोग र ओज गुण स्पर्श भएका र वाक्यभित्र अन्य वाक्य पदहरूका रूपमा विन्यस्त भएका उदाहरणहरू यत्र तत्र पाइन्छन् । तिनका उदाहरणका रूपमा यी वाक्यहरूलाई प्रस्तुत गर्न सकिन्छ ।

२.८.१ यसबेला यतिखेरै पोल्यान्ड जान लागेका पान्डेजी, पालम एयरपोर्टमा पासपोर्ट जँचाएर पाइप पिउँदै प्लेन पर्खंदा हुन् ।

२.९.६ दशौं दिन कुनामा गुटमुटिएर नपर्खि तपाइँले सूर्यदर्शनको साइत फेला पार्नुभएन ।

यी वाक्यहरूमा असमस्त पदहरूको प्रयोग छ । २.८.१ मा पोल्यान्ड, पाण्डे, एयरपोर्ट जस्ता पदहरूमा ड् ट् जस्ता ओजगुणयक्त पदहरूको स्पर्शले प्रसाद गुणका वैशिष्ट्य देखापरेका छन् । २.८.१ कै वाक्यमा “यसबेला, यतिखेरै पोल्यान्ड जान लागेका पाण्डेजी” पदावली शेष वाक्यको समर्थक भएर आएको वाक्य भएकाले प्रसाद गुणको वैशिष्ट्य रहेको पाइन्छ ।

**(ग) लावण्य गुण**

भैरव अर्यालका निबन्धमा विचित्र मार्गका लावण्य गुणगत सौन्दर्य पनि देखिन्छ । यो विचित्र मार्गमा विसर्गहरूबाट पदान्तमा संयुक्त वर्णहरूको प्रयोगबाट लावण्य गुण प्रकट हुन्छ (कुन्तक, २ : ४७) । यसरी पदान्तमा विसर्ग प्रयोग संस्कृत भाषामा बढी पाइन्छ । त्यो

गुण नेपालीमा पाइँदैन भने पदान्तमा संयुक्त वर्णका विशेषता केही स्थानमा पाइन्छ । त्यसको उदाहरणका लागि यी वाक्य प्रस्तुत गरिएको छ :

२.११.६ भौतिक उन्नति यति तीव्र भैसक्यो तैपनि दुई गज र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्छ ।

यस वाक्यमा तीव्र, निम्ति, तथा पर्खनुपर्ने जस्ता पदहरूमा व्र, म्ति, र्ने जस्ता वर्णहरू पदान्तका संयुक्त वर्णहरू हुन् । यिनको  र यस्ता वर्णहरूको जुन जुन ठाउँमा प्रयोग भएको छ ती ती ठाउँमा विचित्र मार्गका लावण्य गुणका विशेषताहरू विद्यमान रहेको पाइन्छ ।

**(घ) आभिजात्य गुण**

भैरव अर्यालका निबन्धमा विचित्र मार्गको आभिजात्य गुणगत सौन्दर्य पनि देख्न सकिन्छ । विचित्र मर्गमा न कोमल न कठोर कान्तियुक्त वर्ण प्रयोग भएको सफल कविको कौशलद्वारा सम्पादित गुण आभिजात्य गुण हुन जान्छ (कुन्तक, १ : ४८) । यसरी कोमल र कठोर वर्णहरूको सन्तुलित प्रयोग भएको प्रौढ वा सफल कवि कौशलद्वारा सम्पादित गुण आभिजात्य गुण मानिन्छ । भैरव अर्यालका निबन्धमा यस्तो गुण यत्र तत्र नै देख्न पाइन्छ । यस गुणको उदाहरणका लागि यो वाक्य प्रस्तुत गरिएको छ :

२.८.४ भाटभटेनी बस्ने भुँडे काजी भद्रकालीनेर आफ्नी रखौटी पर्खँदो हो ।

यहाँ भाटभटेनी र रखौटी मा ट् कठोर वर्ण छ भने भाटभटेनी बस्ने, नेर जस्ता पदमा न्  यस कोमल वर्णको प्रयोग छ । यसरी कोमल र कठोर वर्णको सन्तुलित प्रयोगका कारण यहाँ विचित्र मार्गको आभिजात्य गुण प्रदीप्त छ । भैरव अर्यालको प्रौढ निबन्धकार व्यक्तित्वद्वारा यस्तो खालको सफल वर्णयोजना हुन गई आभिजात्य गुणको छटा यहाँ सुशोभित भएको छ ।

## ८.५ भैरव अर्यालको निबन्धकारिताको सौन्दर्य निरूपण

भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता शीर्षकको यस शोधकार्यको अध्ययन र विश्लेषणका आधारमा अर्यालका निबन्धकारिताको सौन्दर्य निरुपण निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

(१) भैरव अर्यालका निबन्धमा अत्यधिक रूपमा एकवर्णविन्यास वक्रताको प्रयोग पाइन्छ र यही वक्रताका कारण अर्यालका निबन्धको हास्य अत्यधिक उद्दीपक भई व्यङ्ग्योद्घाटन सशक्त बनेको पाइन्छ ।

(२) भैरव अर्यालका निबन्धको एकवर्णविन्यास वक्रताभित्रै वृत्यनुप्रास अलङ्कार, वैदर्भी रीति, माधुर्य गुण, उपनागरिका वृत्ति, शैली र लयमाधुर्य अन्तर्भुत रहेको पाइन्छ ।

(३) भैरव अर्यालका निबन्धमा उत्तरोत्तर रूपमा द्विवर्णविन्यास वक्रता र बहुवर्णविन्यास वक्रताको न्यून प्रयोग पाइन्छ र यस्तो प्रयोगभित्र द्वित्व शब्द प्रयोगबाट वक्रता सिर्जन ागर्ने प्रवृत्ति पाइन्छ ।

(४) भैरव अर्यालका निबन्धमा संयुक्तवर्णविन्यास वक्रताको प्रयोगभित्र वर्गान्तस्पर्शी वर्ण प्रयोग, तलनादि द्वित्व प्रयोग र अवशिष्ट वर्णसँग रेफादिको संयुक्त प्रयोग उत्तरोत्तर रूपमा न्यून हुँदै गएको पाइन्छ । वर्गान्तस्पर्शी वर्णहरूको प्रयोगले नादसौन्दर्य र लयमाधुर्य सिर्जना गरेको देखिन्छ ।

(५) भैरव अर्यालका निबन्धमा यमकाभास वक्रताको अत्यन्त कम प्रयोग पाइन्छ तर जे जति स्थानमा यसको प्रयोग देखिन्छ त्यहाँ वर्णविन्यास वक्रताका अन्य प्रकारहरू, साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पहरू र अर्थालङ्कार समेतको सौन्दर्याच्छादनले वर्ण्य विषयको भामोद्दीपनमा चामत्कारिक रूपमा साधनको कार्य गरी व्यङ्ग्य उद्घाटनमा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ ।

(६) उनको हरेक वर्णविन्यास वक्रताभित्र अनुप्रास, रीति, गुण, वृत्ति, रस, लय, समानान्तरता जस्ता शैलीशिल्पगत वैशिष्ट्यहरू अन्तर्भुत भएको पाइन्छ ।

(७) उनको वर्णविन्यास वक्रतागत प्रवृत्ति हेर्दा उनी वर्णविन्यास वक्रताका माध्यमबाटै आफ्ना कृतिमा अनुप्रास अलङ्कारवैचित्र्य, रीति गुण र वृत्तिको प्रयोगद्वारा वृत्तिवैचित्र्य, उक्ति वा कथनको सशक्तताका कारण उक्तिवैचित्र्य र व्यङ्ग्यको उद्घाटनमा हास्यको सशक्त प्रयोग गरेको हुँदा हास्यरस वैचित्र्य जस्ता विशेषता समेत उनको निबन्धकलामा सौन्दर्यपरक वैशिष्ट्यका रूपमा रहेको देख्न सकिन्छ ।

(८) उनको वर्णविन्यासगत प्रयोग र वक्रोक्तिका मार्गका सापेक्षतामा उनका निबन्धकारिताको मार्गनिर्धारण गर्दा उनी वर्णविन्यास वक्रताको विचित्रमार्गी वैशिष्ट्य भएका निबन्धकारका रूपमा देखिन्छन् ।

(९) अर्यालको वर्णविन्यासगत प्रयोग र वक्रोक्तिका मार्गमा आश्रित गुणका सापेक्षतामा  उनका निबन्धकारिताको गुणगत वैशिष्ट्य हेर्दा उनी विचित्र मार्गका सौभाग्य र औचित्य जस्ता सामान्य गुणका साथै माधुर्य, प्रसाद, लावण्य र आभिजात्य जस्ता विशिष्ट गुणका प्रयोक्ताका रूपमा देखा पर्दछन् ।

(१०) भैरव अर्यालका निबन्धका केही स्थानमा एउटै वर्णको पुरै वाक्यभरि दसौं पटक लगातार हुन गएको आवृत्ति (२.७.३ जस्ता वाक्य) ले व्यङ्ग्य पक्ष दुर्बल र हास्य पक्ष सबल बनेको देखिन्छ जसलाई कुन्तकीय मान्यतामा वर्णप्रयोग व्यसनजन्य दुर्बलताका रूपमा प्रस्तुत गर्न सकिन्छ । यहाँ शब्द र अर्थका बीचमा सन्तुलन नभई शब्दक्रीडाको भारी बढी र अर्थको तौल कम हुन गई असन्तुलन भएको पाइन्छ  तर यस्तो अवस्था उनका निबन्धमा अत्यन्त न्यून देखापर्छ ।

### ८.६ निष्कर्ष

भैरव अर्यालको निबन्धकला वर्णविन्यास वक्रताको प्रयोगका दृष्टिले अत्यन्त सफल एवम् सशक्त देखिन्छ । उनका निबन्धका वाक्यमा कुन्तकद्वारा वर्गीकृत एक वर्णविन्यास वक्रताको कुनै एक प्रकारले पनि काव्यिक चारुता पैदा गरिदिएकै छ तर त्यसमा वक्रताका अन्य थप प्रकारहरू समेत मिसिँदा वर्णविन्यास वक्रताको समग्र प्रयोगको स्थितिका आधारमा समेत उनको निबन्धकला अत्यन्त उत्कृष्ट देखा पर्दछ । भैरव अर्यालका निबन्धमा साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्प (अलङ्कार, गुण, रीति, वृत्ति, शैली, रस, लय) को प्रयोग समेत पाइन्छ । उनका निबन्धमा यी शैलीशिल्पको समग्र प्रयोगको स्थिति हेर्दा उनको वर्णप्रयोगजन्य चारुतामा अनुप्रास अलङ्कार, माधुर्य गुण, वैदर्भी रीति, उपनागरिका वृत्ति, समानान्तरता र पुनरावृत्ति जस्ता शैलीशिल्पगत वैशिष्ट्य, हास्य रस एवम् लयात्मक माधुर्यको झल्को राम्रैसँग देख्न पाइन्छ । कुन्तकद्वारा प्रतिपादित वक्रोक्तिका मार्ग र गुणका आधारमा भैरव अर्यालको निबन्धकारिता विचित्र मार्गी देखा पर्दछ भने गुणका आधारमा चाहिँ उनको निबन्धका वाक्यमा सौभाग्य र औचित्य जस्ता सामान्य गुणका साथै विचित्र

मार्गकै माधुर्य, प्रसाद, लावण्य र आभिजात्य गुणका वैशिष्ट्य समेत उद्भासित भएका देखिन्छन् । यस आधारमा हेर्दा भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताले जुन सौन्दर्य पैदा गरेको छ त्यसै सौन्दर्यभित्र साहित्यिक अभिव्यक्ति विभिन्न शैलीशिल्पहरू अन्तर्भूत भएका देखिन्छन् भने अर्कातिर उनको निबन्धकारिता कुन्तकीय मान्यताका आधारमा विचित्र मार्गी र सो मार्ग अन्तर्गतका माधुर्य, प्रसाद, लावण्य र आभिजात्य गुणका वैशिष्ट्यले युक्त देखा पर्दछ ।

# नवौं परिच्छेद : सारांश र निष्कर्ष

## ९.१ शोधको सारांश

भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता विषयको प्रस्तुत शोधप्रबन्धलाई नौ परिच्छेदमा विभाजित गरेर विभिन्न शीर्षक उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ । शोधको पहिलो परिच्छेदमा परिचयात्मक पृष्ठभूमि प्रस्तुत गरिएको छ जसमा विषय परिचय, समस्याकथन, उद्देश्यकथन लगायतका विभिन्न आठवटा शीर्षकहरू रहेका छन् । यसै खण्डमा विषय परिचय, अध्ययनका मुख्य समस्या, पूर्वाध्ययनको समीक्षा लगायतका विषयको परिचयात्मक टिप्पणी प्रस्तुत गरिएको छ र अध्ययनका लागि अपनाइएको विधि, सैद्धान्तिक पर्याधार तथा शोधप्रबन्धको परिच्छेदगत रूपरेखा समेत प्रस्तुत गरिएको छ ।

शोधको दोस्रो परिच्छेदलाई वक्रोक्तिवादको परिचय र वर्णविन्यास वक्रताको सैद्धान्तिक पक्ष मूल शीर्षकमा प्रस्तुत गरिएको छ । यस अन्तर्गत वक्रोक्तिवादको परिचय उपशीर्षकभित्रको पहिलो र दोस्रो शीर्षकमा वक्रोक्तिवादको सामान्य परिचय र वक्रोक्तिसम्बन्धी चिन्तन परम्परा र वक्रोक्तिवादको अर्थलाई अत्यन्त संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ भने त्यसपछि वक्रोक्तिका छवटा प्रकारको परिचयात्मक प्रस्तुति दिइएको छ । ‘वर्णविन्यास वक्रताको सैद्धान्तिक पक्ष’ नामक दोस्रो उपशीर्षकमा वर्णविन्यास वक्रताको सैद्धान्तिक परिचय दिइएको छ । यसमा व्यञ्जन वर्णहरूको विन्यासबाट वक्रता पैदा हुने, उक्त वक्रता प्रस्तुत वा वर्ण्य विषयको औचित्यले शोभित हुनुपर्ने, वक्रतामा श्रुतिपेशलता, लयात्मकता र साङ्गीतिक मधुरता हुनुपर्ने, वैचित्र्ययुक्त हुनुपर्ने, पूर्वाचार्यहरूद्वारा प्रस्तुत वृत्ति, गुण, अनुप्रास अलङ्कारादिको अन्तर्भाव हुने, समानान्तरता र पुनरावृत्ति जस्ता पाश्चात्य शैलीवैज्ञानिक तत्त्व समेत त्यसैभित्र अन्तर्भूत हुने भनी वर्णविन्यास वक्रताको सिद्धान्त पक्षको विस्तृत परिचय प्रस्तुत गरिएको छ साथै वर्णविन्यास वक्रताका प्रकारहरूको कुन्तकद्वारा गरिएको वर्गीकरण प्रस्तुत गर्दै कृति विश्लेषणका लागि उपयुक्त हुने खालको नयाँ वर्गीकरण समेत दिइएको छ । निबन्धको विश्लेषणका लागि वक्रताका प्रकार निर्धारण गरिएको छ, जसमा (१) एक वर्णविन्यास वक्रता (२) द्विवर्णविन्यास वक्रता (३) बहुवर्णविन्यास वक्रता (४) संयुक्त वर्णविन्यास वक्रता (५) यमकाभास वर्णविन्यास वक्रता र (६) यमक वक्रता गरी छ प्रकार निर्धारण गरिएको छ ।

दोस्रो परिच्छेदकै चौथो शीर्षकमा "वक्रोक्तिका मार्ग र मार्गमा आश्रित रहने गुण" बारे चर्चा गरिएको छ, जस अन्तर्गत वक्रोक्तिका मार्ग (सुकुमार, विचित्र र मध्यम) तथा मार्गमा आश्रित रहने सामान्य गुण (सौभाग्य र औचित्य) साथै विशिष्ट गुण (माधुर्य, प्रसाद, लावण्य र आभिजात्य) को परिचयात्मक पृष्ठभूमि दिइएको छ । दोस्रो परिच्छेदको पाँचौं शीर्षक 'वर्णविन्यास वक्रता र साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्प' राखिएको छ, जस अन्तर्गत वर्णविन्यास वक्रता र अलङ्कार, वर्णविन्यास वक्रता र रीति, वर्णविन्यास वक्रता र वृत्ति, वर्णविन्यास वक्रता र गुण, वर्णविन्यास वक्रता र शैली, वर्णविन्यास वक्रता र लय, वर्णविन्यास वक्रता र रस, वर्णविन्यास वक्रता र हास्यव्यङ्ग्य तथा वर्णविन्यास वक्रता र निबन्धविश्लेषणका आधार तथा भैरव अर्यालका निबन्ध विश्लेषणको ढाँचा जस्ता अन्य शीर्षक दिइएको छ र यसरी वक्रोक्तिवादको परिचय र वर्णविन्यास वक्रताको सैद्धान्तिक पक्ष नामक दोस्रो परिच्छेद समाप्त गरिएको छ ।

शोधको तेस्रो परिच्छेदलाई 'भैरव अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रता' शीर्षकमा प्रस्तुत गरिएको छ । यस अन्तर्गत छ उपशीर्षक राखिएको छ । सुरुमा यस परिच्छेदको परिचय र अन्त्यमा शीर्षक दिइएको छ । भैरव अर्यालका विश्लेष्य कन्याकेटी खोज्दा, पख्नोस्, उडाउनुसित एकछिन उड्दा र केही राष्ट्रिय रोग : एक अनुसन्धान यी चारओटा यादृच्छिक छनोट पद्धति अनुरूप अध्ययनका लागि छनोट गरिएका निबन्धभित्रका निश्चित वाक्यहरूको अलग अलग शीर्षक र तालिका दिई वर्णविन्यास वक्रताको स्थिति देखाइएको छ र त्यसलाई क्रमशः व्यवधानयुक्त एकवर्णविन्यास वक्रता, अव्यवधानयुक्त एक वर्णविन्यास वक्रताको विश्लेषण गर्दै वक्रोक्तिका मार्ग र गुणको समेत चर्चा गरिएको छ र साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको एकवर्णविन्यास वक्रताको सम्बन्धको चर्चा समेत गरिएको छ । त्यसपछि अन्त्यमा तेस्रो परिच्छेदको निष्कर्ष प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेदलाई भैरव अर्यालका निबन्धमा द्विवर्णविन्यास वक्रता शीर्षकमा प्रस्तुत गरिएको छ । यस शीर्षकमा छ उपशीर्षकमा विषयलाई प्रस्तुत गरिएको छ । पहिलो उपशीर्षकमा परिच्छेदको परिचय प्रस्तुत गरिएको छ भने अन्य चारवटा उपशीर्षकमा क्रमशः अर्यालका कन्याकेटी खोज्दा, पख्नोस्, उडाउनुसित एकछिन उड्दा र केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धहरूमा रहेका द्विवर्णविन्यास वक्रतालाई केलाइएको छ । ती निबन्धको द्विवर्णविन्यास वक्रताको विश्लेषणका लागि प्रत्येक निबन्धको विश्लेषण तालिका

प्रस्तुत गरी तालिकाका अन्त्यमा क्रमशः व्यवधानयुक्त र अव्यवधानयुक्त द्विवर्णविन्यास वक्रताको विश्लेषणका साथै वक्रोक्तिका मार्ग र गुणको स्थितिको चर्चा गरिएको छ र त्यसको साहित्यिक अभिव्यक्तिका अन्य सौन्दर्यपरक शैलीशिल्पसँगको सम्बन्धलाई समेत केलाइएको छ ।

पाँचौं परिच्छेद भैरव अर्यालका निबन्धमा बहुवर्णविन्यास वक्रताको विश्लेषणमा केन्द्रित छ । यस परिच्छेदमा पनि छवटै उपशीर्षक छन् । पहिलो उपशीर्षक परिचयका रूपमा छ भने दोस्रोदेखि पाँचौ उपशीर्षकसम्ममा क्रमशः चारवटा निबन्धमा बहुवर्णविन्यास वक्रताको विश्लेषण प्रस्तुत गरिएको छ । प्रत्येक निबन्धको विश्लेषण तालिका प्रस्तुत गरी तालिकाका अन्त्यमा व्यवधानयुक्त र अव्यवधानयुक्त बहुवर्णविन्यासको विश्लेषण गरिएको छ । यस परिच्छेदको पाँचौं उपशीर्षकमा वक्रोक्तिका मार्ग र गुणको समेत चर्चा गर्दै साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँगको सम्बन्धको चर्चा गरिएको छ । छैटौ उपशीर्षकमा अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ ।

छैटौं परिच्छेदलाई 'भैरव अर्यालका निबन्धमा संयुक्त वर्णविन्यास वक्रता' शीर्षकमा प्रस्तुत गरिएको छ । यस परिच्छेदको पहिलो शीर्षक परिचय, दोस्रो, तेस्रो, चौथो र पाँचौं शीर्षकमा क्रमशः कन्याकेटी खोज्दा, पख्नोस्, उडाउनुसित एकछिन उड्दा र राष्ट्रिय रोग : एक अनुसन्धान शीर्षक निबन्धबाट यादृच्छिक नमुना छनोट पद्धति अन्तर्गत छनोट गरिएका निश्चित वाक्यहरूको विश्लेषण गरिएको छ । यस क्रममा ती वाक्यभित्रको तलनादि द्वित्व, वर्गान्तस्पर्शी र शिष्ट वर्णसँग रेफ संयुक्त वर्णविन्यास वक्रताको स्थितिलाई तालिकामा क्रमशः प्रस्तुत गर्दै विश्लेषण गरिएको छ र वक्रोक्तिका मार्ग र गुणको स्थितिको पनि चर्चा गरिएको छ । साथै यस संयुक्त वर्णविन्यास वक्रताको विश्लेषणका क्रममा प्रत्येक पाठका अन्त्यमा साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पसँग यस वक्रताको सम्बन्धको समेत चर्चा गरिएको छ र परिच्छेदको अन्त्यमा उक्त परिच्छेदको निष्कर्ष समेत दिइएको छ ।

सातौं परिच्छेदलाई 'भैरव अर्यालका निबन्धमा यमकाभास वक्रता' शीर्षकमा प्रस्तुत गरिएको छ । यस परिच्छेदको प्रारम्भमा परिचय दिइएको छ भने यस परिच्छेदमा चाहिँ विश्लेष्य चारवटै पाठका यमकाभास वक्रता भएका वाक्यहरूलाई एउटै तालिका बनाई विश्लेषण गरिएको छ । साथै यमकाभास वक्रतागत सौन्दर्यको साहित्यिक अभिव्यक्तिका

अन्य शैलीशिल्पसाग सम्बन्धको पनि चर्चा गरिएको छ । परिच्छेदको अन्त्यमा निष्कर्ष समेत दिइएको छ ।

प्रस्तुत शोधप्रबन्धको आठौं परिच्छेदलाई ‘वर्णविन्यास वक्रता, शैलीशिल्प र मार्गका आधारमा भैरव अर्यालका निबन्धकारिताको सौन्दर्यपरक वैशिष्ट्य निरूपण’ शीर्षकमा प्रस्तुत गरिएको छ । यसमा सुरुमा परिचय दिइएको छ, तत्पश्चात् भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको समग्र प्रयोगको स्थिति तथा भैरव अर्यालका निबन्धमा साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्पको समग्र प्रयोगको स्थिति दिइएको छ । तत्पश्चात् वक्रोक्तिका मार्ग र गुणको स्थितिका आधारमा भैरव अर्यालको निबन्धकारिता उपशीर्षकको परिचय दिइएको छ । त्यसपछि वर्णविन्यास वक्रताको प्रयोगको स्थिति र मार्गको विश्लेषणका क्रममा भैरव अर्यालका निबन्धभित्र निहित अनुप्रास अलङ्कारवैचित्र्य, उक्तिवैचित्र्य, व्यङ्ग्यार्थवैचित्र्य र हास्यरस वैचित्र्यको उदारहण समेत दिइएको छ । तत्पश्चात् वर्णविन्यासको प्रयोगको स्थिति र वक्रोक्तिका गुण अन्तर्गत भैरव अर्यालका निबन्धभित्र निहित सौभाग्य, औचित्य, माधुर्य, प्रसाद, लावण्य र आभिजात्य गुणको स्थितिको सोदाहरण विश्लेषण गरिएको छ । यसै खण्डमा भैरव अर्यालका निबन्धकारिताको सौन्दर्यपरक वैशिष्ट्य निरूपण गर्दै अन्त्यमा परिच्छेदको निष्कर्ष दिइएको छ ।

नवौं परिच्छेदलाई सारांश र निष्कर्ष भागका रूपमा प्रस्तुत गरिएको छ । यस परिच्छेदलाई दुई शीर्षकमा विभाजन गरिएको छ । यसलाई समग्र शोधको सारांशका रूपमा पहिलो सारांश भागमा प्रस्तुत गरिएको छ भने पछिल्लो निष्कर्ष भागमा शोधको समग्र अध्ययन विश्लेषणको अध्ययन विश्लेषणबाट प्राप्त वर्णविन्यासगत सौन्दर्यको निरूपणका साथै अर्यालका निबन्धकारिताको सौन्दर्यपरक वैशिष्ट्य निरूपण समेत गरिएको छ ।

## ९.२ शोधको निष्कर्ष

भैरव अर्यालका निबन्धमा एकवर्णविन्यास वक्रताका व्यवधानयुक्त र अव्यवधानयुक्त दुवै प्रकारको प्रयोगबाट सौन्दर्य सिर्जना गरिएको पाइन्छ तैपनि अव्यवधानयुक्त वक्रताका तुलनामा व्यवधानयुक्त वक्रताको चमत्कारयुक्त प्रयोगले अर्यालका निबन्ध सुशोभित देखिन्छन् । उनका निबन्धमा व्यवधानयुक्त एक वर्णविन्यास वक्रताको अत्यधिक प्रयोग देखिन्छ । यस्तो वक्रता अन्तर्गत एउटै वर्ण पुरै वाक्यमा निरन्तर आवृत्त हुने वक्रता र वाक्यभित्र एक वर्णको आवृत्तिपश्चात् उक्त वर्ण परित्याग गर्दै पुनः अर्को वर्ण आवृत्ति भई

हुन जाने नूतनावर्तनोज्ज्वला प्रवृत्ति पनि उनको एक वर्णविन्यास वक्रताको विशिष्ट पक्ष देखा पर्दछ । उनका निबन्धमा जहाँ जहाँ एकवर्णको निरन्तर पटक पटक आवृत्तिजन्य वक्रता छ त्यसका तुलनामा पुराना आवृत्त वर्णहरू परित्याग गर्दै नयाँ वर्णहरूको आवृत्ति गर्ने प्रवृत्तिले उनका निबन्धको सौन्दर्य उत्कर्षमा पुऱ्याएको देखिन्छ । केही स्थानमा भने (२.७.३ को वाक्यमा द् वर्णको १३ पटक आवृत्ति जस्ता) वाक्यमा वर्णहरू अत्यधिक रूपमा आवृत्त भई अत्यधिक शाब्दिक क्रीडा हुन गएको र निबन्धकारले बलपूर्वक वर्णविन्यास गरेको देखिन्छ । यस्ता ठाउँमा विशुद्ध हास्य भाव जगाउने मात्र उद्देश्य राखिएको र व्यङ्ग्यको अंशलाई ओझेलमा पारेको प्रतीत हुन्छ । यस वक्रताभित्र एक वर्ण अनेक पटक आवृत्त भई सौन्दर्य सिर्जना गर्ने वृत्यनुप्रासीय सौन्दर्य कोमल कोमल वर्णहरूको प्रयोगबाट वैदर्भी रीति, माधुर्य गुण र उपनागरिका वृत्तिवैचित्र्ययुक्त चारुता, साङ्गीतिक श्रुतिमधुर वर्णहरूको प्रयोगका कारण उत्पन्न नादसौन्दर्य र लयात्मक वैशिष्ट्य जस्ता बैशिष्ट्य समेत अन्तर्भुत देखिन्छन् । शैलीविज्ञानको ध्वनि/वर्ण समानान्तरता र पुनरावृत्तिगत वैशिष्ट्यसमेत यसै वक्रताभित्रै समाविष्ट भएको देखिन्छ । अर्यालका हास्यव्यङ्ग्य निबन्धमा वर्ण्य विषय वा आलम्बनका गुण वा चेष्टालाई व्यक्त गर्न भाषाका न्यूनतम घटक वर्णहरूले साधनको कार्य गरी प्रस्तुत वा वर्ण्य विषयको औचित्य अनुकूलको वर्णप्रयोग र आवृत्ति हुन गएको देखिन्छ र हास्य रस उद्दीपनमा र व्यङ्ग्योद्घाटनमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

भैरव अर्यालका निबन्धमा द्विवर्णविन्यास वक्रताका पनि व्यवधानयुक्त र अव्यवधानयुक्त दुवै प्रकारको प्रयोगबाट सौन्दर्य सिर्जना गरिएको पाइन्छ । उनका निबन्धमा द्विवर्णविन्यास वक्रताका व्यवधानयुक्त आवृत्ति भएका स्थानमा कथ्य वा वर्ण्य विषयको भाव अनुकूलको वर्णप्रयोग भएकै देखिन्छ । यद्यपि भैरव अर्यालका निबन्धमा देखिने एकवर्णविन्यासगत सौन्दर्यको प्रयोगका सापेक्षतामा द्विवर्णविन्यास सौन्दर्य प्रयोग न्यून देखा पर्छ । उनका निबन्धमा जुन जुन ठाउँमा द्विवर्णविन्यास वक्रता छ ती ती ठाउँमध्ये अधिकांश ठाउँमा द्वित्व प्रक्रियाद्वारा निर्मित शब्दहरूका कारण द्विवर्णविन्यास चारुता पैदा भएको देखिन्छ । अर्यालका निबन्धमा द्विवर्णविन्यास चारुताका तुलनामा त्यसभन्दा पृथक् द्विवर्णविन्यासले सौन्दर्य सृजना गरेको देखिन्छ । उनको यस द्विवर्णविन्यास वक्रता भने दुई वर्णको एक पटक आवृत्ति भएका कतिपय स्थानमा अनेक वर्णको एक पटक आवृत्ति हुने छेकानुप्रास सौन्दर्य उद्भासित भएको देखिन्छ भने दुई वर्णको अनेक पटक आवृत्ति भएका

स्थानमा वृत्यनुप्रास सौन्दर्यले सजिएको देखिन्छ । यद्यपि उनका निबन्धमा दुई वर्णको एक पटक आवृत्ति बढी र दुई वर्णको अनेक पटक आवृत्ति चाहिँ कमै मात्रामा भएको पाइन्छ । यसरी आवृत्त भएका वर्णहरू अधिकांश कोमल प्रवृत्तिका भएकाले वैदर्भी रीति, माधुर्य गुण र उपनागरिका वृत्तिगत सौन्दर्य समेत उनको यसैं वक्रतागत वैशिष्ट्यभित्रै समेटिएको देख्न सकिन्छ । शब्दका तहमा वर्णको आवृत्ति भएका ठाउँमा शब्दसमानान्तरता र पुनरावृत्तिगत वैशिष्ट्यका कारण थप लयात्मक नाद पनि ठाउँ ठाउँमा गुञ्जिएको पाइन्छ ।

भैरव अर्यालका निबन्धमा बहुवर्णविन्यास वक्रतामा पनि व्यवधानयुक्त र अव्यवधानयुक्त दुवै खालको वक्रताको प्रयोग भएको पाइन्छ । उनका निबन्धमा एकवर्णविन्यास वक्रताका तुलनामा द्विवर्णविन्यास वक्रता कम र द्विवर्णविन्यास वक्रताका तुलनामा बहुवर्णविन्यास वक्रताको प्रयोग कमै भएको देखिन्छ । यस्ता एक, दुई वा बहु जुनसुकै वर्णविन्यास वक्रतामा चहिँ व्यवधानयुक्त वक्रताको उपस्थिति बढी र अव्यवधानयुक्त वक्रताको उपस्थिति कमै देखापर्छ । उनको यस बहुवर्णविन्यास वक्रताभित्र एकवर्णविन्यास वक्रताका तुलनामा काव्यिक चमत्कार कमै पाइन्छ । उनको यो वहुवर्णविन्यास वक्रताभित्र निरर्थक वर्णहरूभन्दा पनि सार्थक शब्दहरूको आवृत्ति भएको र ती शब्दहरूमा विद्यमान व्यञ्जन वर्णहरू धेरै भएकाले यहाँ बहुवर्णविन्यास वक्रताको स्थिति पैदा भएको देखिन्छ । शब्दहरूको आवृत्तिबाट जुन ठाउँमा बहुवर्णविन्यास वक्रता पैदा भएको छ त्यहाँ स्वरसाम्यको स्थिति देखिएको छ । द्वित्व शब्दको प्रयोगबाट बहुवर्णविन्यास वक्रताको स्थिति यहाँ उत्पन्न भएको पाइन्छ । यहाँ पनि बहुवर्ण एक पटक आवृत्ति भएका कतिपय स्थानमा छेकानुप्रास सौन्दर्य र बहुवर्ण अनेक पटक आवृत्ति भएका ठाउँमा चाहिँ वृत्युनप्रास सौन्दर्य नै उद्भासित भएको पाइन्छ । अनेक वर्णको समाननान्तर आवृत्ति र पुनरावृत्तिका कारण समानान्तरता र पुनरावृत्ति जस्ता शैलीगत शोभा पनि यस वक्रताभित्र अटाएकै छन् साथै यी अनुप्रास, गुण, वृत्ति, समानान्तरता जस्ता वैशिष्ट्यका कारण लयमाधुर्यको गुञ्जन समेत यस वक्रतामा सुन्न सकिन्छ ।

भैरव अर्यालका निबन्धमा संयुक्त वर्णविन्यास वक्रता अन्तर्गत त् ल् न् वर्णको द्वित्व प्रयोग, वर्गान्तस्पर्शी (ङ्क, ण्ठ, म्फ) जस्ता वर्णहरूको प्रयोग र शिष्ट वर्णसँग रेफको प्रयोगबाट हुन जाने जुन वर्ण प्रयोगगत सौन्दर्य छ त्यसको शोभा पनि ठाउँठाउँमा देख्न सकिन्छ । तलनादि द्वित्व वर्णहरूमध्ये न् वर्णको द्वित्व बढी, ल् वर्णको द्वित्व कम र त्

वर्णको द्वित्व त्यसभन्दा पनि कम प्रयोग भएको देखिन्छ । तलनादि द्वित्व वर्णहरूको प्रयोग भए पनि तिनको आवृत्ति चाहिँ अत्यन्त कम मात्रामा भएको पाइन्छ । त्यस्तै वर्गान्तस्पर्शी वर्णहरूको प्रयोगले पनि अर्यालका निबन्धमा नादसौन्दर्य र लयात्मक माधुर्य बढाएको पाइन्छ । यो प्रयोग चाहिँ तलनादि द्वित्व र रेफसंयुक्त वर्ण प्रयोगका तुलनामा बढी देखिन्छ । अर्यालका निबन्धमा संयुक्त वर्णविन्यास वक्रताको अधिक प्रयोग चाहिँ वर्गान्तस्पर्शी वक्रता नै रहेको देखिन्छ । वर्गान्तस्पर्शीहरूभित्रको पञ्चम वर्ण प्रयोगले त्यस्ता वर्णहरू प्रयुक्त भएका वाक्यहरू श्रुतिरमणीय एवम् साङ्गीतिक मधुरताले युक्त देखिन्छन् । यस्ता संयुक्त वर्णहरूको आवृत्तियुक्त प्रयोग भएका ठाउँमा वृत्यनुप्रास अलङ्कारको छटा देखिन्छ भने मधुर गुणयुक्त वर्णहरू भएकै कारण यसमा माधुर्य गुण, उपनागरिका वृत्तिवैचित्र्यको शोभा पनि देख्न सकिन्छ । संयुक्त वर्णहरूको एकल प्रयोग बढी र आवृत्तियुक्त प्रयोग कमै मात्रामा देखिनु भैरव अर्यालका निबन्धको वर्णप्रयोगगत विशेषता हो भन्न सकिन्छ । यसरी अर्यालका निबन्धमा संयुक्त वर्ण वर्णविन्यास वक्रताको उपस्थिति अपेक्षाकृत न्यून देखिए पनि जुन जुन स्थानमा यस्ता वर्णहरूको प्रयोग भएको छ त्यस त्यस स्थानमा वर्ण्य विषयको भावअनुकूलको वर्णप्रयोग भएको र समग्र हास्यव्यङ्ग्य कृतिको हास्य भाव उद्दीपन गर्न र व्यङ्ग्यलाई सशक्त बनाउन साधनको कार्य गरेकै देखिन्छ । भैरव अर्यालका निबन्धमा यमकाभास वक्रताको छटा अत्यन्त कम मात्रामा देखिन्छ । हुन त यमकाभास वक्रता द्विवर्णविन्यास र बहुवर्णविन्यास वक्रताभित्रै पर्ने कुरा हो तर कुन्तकले द्विवर्ण र बहुवर्णविन्यासमा थप अलङ्कार सौन्दर्यद्वारा विभूषित हुँदा यस्तो यमकाभास वक्रता उद्भासित हुने कुरो उल्लेख गरेका छन्, त्यसैले यस वक्रतामा वाक्यको जुनसुकै स्थानमा स्वरवैषम्ययुक्त भई वर्णहरूको यमक अलङ्कारको जस्तो आभास दिने वक्रतालाई यमकाभास वक्रता भनेका छन् । यमकमा स्थान निश्चित हुन्छ तर स्वरसाम्य हुन्छ भने यमकाभासमा चाहिँ स्थान निश्चित हुँदैन तर स्वरवैषम्य हुन्छ । यस्तो स्वरवैषम्य भई यमक हो कि हो कि जस्तो आभास दिने वक्रताको सौन्दर्य उनका निबन्धमा अत्यन्त कमै उपस्थित भएको देखिन्छ । विषमताको विष, रसमा रसना रसाउँदै, टोपीको टुप्पो, पहिले कहिल्यै जस्ता स्थानमा यमकाभास वक्रताले द्विवर्णविन्यास र बहुवर्णविन्यास वक्रताभन्दा पृथक् बेग्लै प्रकारको सौन्दर्य उद्भासित गरेका छन् । यस वक्रताभित्र एकवर्ण, द्विवर्ण, बहुवर्णविन्यास वक्रता पनि छ र छेकानुप्रास सौन्दर्य र लयात्मक माधुर्य तथा समानान्तरता र

वृत्तिवैचित्र्ययुक्तता जस्ता वैशिष्ट्य समेत मिसिएका छन् । शब्दालङ्कारका अतिरिक्त रूपकादि अर्थालङ्कारद्वारा समेत शोभित भएकाले यहाँ मोतीका हारमा मणि उनिएझैं यमकाभास वक्रताको शोभा देखिएको हो । यसरी अर्यालका निबन्ध यमकाभास वक्रताद्वारा पनि शोभित छन् भन्न सकिन्छ ।

अर्यालका निबन्धमा नियतस्थान आवृत्ति हुने यमक वक्रताको उपस्थिति देखिन्न । त्यसैले यमक वक्रताको चर्चा भने यहाँ गरिएको छैन ।

निबन्धकार अर्यालका निबन्धमा वर्णविन्यास वक्रताको एकवर्ण, द्विवर्ण, बहुवर्ण, संयुक्तवर्ण र यमकाभास वक्रताको पृथक. पृथक् प्रस्तुति र विश्लेषण गरिएको भए पनि ती सबै वा तीमध्ये धेरै प्रकारका वक्रताको समग्र उपस्थिति एकै ठाउँमा देखिनाले पनि उनको वर्णविन्यास वक्रतामा थप चमत्कार सृजना भएको पाइन्छ । उनका निबन्धभित्रका एउटै वाक्यमा कतै कतै वर्णविन्यास वक्रताका अनेक प्रकारहरू उपस्थित हुनु, सोही वक्रताका प्रकारहरूभित्रै साहित्यिक अभिव्यक्तिका अन्य शैलीशिल्प (अलङ्कार, रीति, वृत्ति, गुण, लय, शैली) अन्तर्भूत हुनु जस्ता कारणले भैरव अर्यालका निबन्धको वर्णविन्यास कला अत्यन्त विशिष्ट एवम् वर्ण्य विषयानुकूल रसोपकारक रहेको कुरो बुझ्न सकिन्छ । अर्यालका निबन्धमा वर्णप्रयोगका दृष्टिले वक्रोक्तिको विचित्र मार्ग र सो मार्ग अन्तर्गतकै सामान्य ( सौभाग्य र औचित्य) गुणको शोभा देखिन्छ । सौभाग्य र औचित्य सामान्य गुण र स्थिर धर्म हुन् भने उनका निबन्धमा विशिष्ट गुण अन्तर्गतका माधुर्य, प्रसाद, लावण्य र आभिजात्य गुणका वैशिष्ट्यहरू पनि रहेका छन् । यसरी हेर्दा भैरव अर्यालको निबन्धकारिताको वर्णप्रयोगगत चमत्कारभित्र अनुप्रास अलङ्कार, वैदर्भी रीति, माधुर्य गुण, उपनागरिका वृत्ति, समानान्तरता र पुनरावृत्ति जस्ता शैलीगत वैशिष्ट्यहरू पनि अटाएकै छन् भन्न सकिन्छ ।

**९.३ भावी शोधकर्ताहरूका लागि सम्भाव्य शोधशीर्षकहरू**

भैरव अर्यालका निबन्धमा पदपूर्वार्द्ध वक्रता

भैरव अर्यालका निबन्धमा पदपरार्द्ध वक्रता

भैरव अर्यालका निबन्धमा वाक्यक्रता

भैरव अर्यालका निबन्धमा वर्णविन्यास वक्रता र अनुप्रास अलङ्कार

# परिशिष्ट एक

# भैरव अर्यालका विश्लेषित निबन्धको मूल पाठ

परिशिष्ट एकमा अध्ययन विश्लेषणका लागि छनोट गरिएका भैरव अर्यालका चारओटा निबन्धहरु दिइएका छन् । यी निबन्धहरुलाई दशमलव प्रणालीमा राखिएको छ । पाठ सङ्ख्यालाई पहिलो, अनुच्छेद सङ्ख्यालाई दोस्रो र वाक्य सङ्ख्यालाई तेस्रो अङ्क प्रदान गरी चारओटै निबन्धका वाक्यहरुलाई दशमलव प्रणालीमा वितरण गरिएको छ । पाठभित्रका वाक्यहरुको विश्लेषणका लागि शोध प्रबन्धभित्र यही दशमलव सङ्केत प्रणालीको उपयोग गरिएको छ । भैरव अर्यालका विश्लेष्य चार निबन्धहरुको मूलपाठ यहाँ क्रमशः दिइएको छ ।

### १. कन्याकेटी खोज्दा

१.१.१. 'किन चाउरिस् मरीच ?' भन्दा 'आफ्नै पीरले' भन्थ्यो रे, तर मलाई जति पीर त्यो जाबो मरीचको गेडालाई के पऱ्यो होला र ? १.१.२. हुन त, 'मनको बह कसैलाई नकह' भन्छन् तर आफूलाई आशा लाग्छ सबैसित बह पोख्न पाए कतै माखेसाङ्लो लागिहाल्थ्यो कि ? १.१.३. त्यसैले गथासो गर्न लागेको । १.१.४. हेर्नोस् न, कागेभेडाको भुत्लाझैं जुँघा पाकिसके, तर एउटी कन्याकेटीको लगनगाँठो समात्न भने मैले अहिलेसम्म पाएको छैन ।

१.२.१. म भोजपुरमा जन्मेको, कीर्तिपुरमा हुर्केको, जनकपुरमा पढेको र हाल कान्तिपुरमा बसेको, अब मलाई पाखे, काँठे, मधिसे वा सहरिया जे भन्नुपर्छ तपाईं नै जान्नोस् । १.२.२. वास्तवमा मेरो कुनै खासपन छैन, तासको जोकरझैं जता गए पनि ठिक्क । तर यही ठिक्कले आफूलाई पारिसक्यो दिक्क । १.२.३. कतै पाखे डोके भनिदिन्छन् त कतै काँठे कछाड्, कतै मधिसे माउते भन्छन् त कतै सहरिया स्वाँगी । १.२.४. सबैतिर मिल्छु भन्दाभन्दै यताबाट पनि घुच्चा उताबाट पनि घुच्चा खाएर मलाई बालीमा नमिलेको डूम गराइदिन्छन्, अनि केटी पाउने कहाँ ?

१.३.१. बालकैमा बाबु बसाइँ नसरिदिएको भए बोली फुट्न नपाउँदै डोली चढिसक्थें हुँला । १.३.२. पहाडतिरको चटाकी चलन थाहा छँदै छ नि, मेरै दाज्यूले पनि आमाको काख छुट्नासाथ स्वास्नीको काख पाएका थिए । १.३.३. दुई चार ओटा मकैका थाङ्ग्रा र परालका

कुन्यू देखेपछि उतातिर कसले ओल्टाईपल्टाई केटो हेरिरहन्छ र, चिनाटिपनसम्म हेर्ने हुन्, त्यही पनि ज्योतिषि बालाई बोलाएर पेटभरि घुमर्के रोटी ख्वाइदियो भने राहुकेतु ठ्यामठुम । १.३.४. तर अब त न मेरा मकैका थाङ्ग्रा छन्, न परालका कुन्यू, पहाडतिरका केटी पाउने त कुरै छैन ।

१.४.१. मधेसतिर खोजूँ न त भने हाम्री आमा भन्छिन् - "उतातिरका केटी काम गर्न सक्तैनन् । १.४.२. पेट बोक्ने मात्रै भएर के गर्नु, डोको बोक्ने बुहारी चाहिन्छ ।" १.४.३. यदि उनले मन्जुर गरिहालिन् भने पनि तराईवालेहरूले मलाई मस्याङ्को दाल खाने पर्वते भनी तीन कौडीमा गन्दैनन् । १.४.४. अघिदेखि नै यस्तै बिहापात र आवतजावत बराबर चलिरहेको भए आज आएर यो मधिसे र यो पहाडिया भन्ने खिसिट्युरी किन भइरहन्थ्यो । १.४.५. त्यसैले मधिसेको छोरी बिहा गर्ने पनि कुरै छैन ।

१.५.१. सहरतिरको झन् के कुरा गर्नु ? १.५.२. अर्काले लाएको पनि खाएको पनि यहाँ खिसी चल्छ । झन् अचेल त सहरमा राष्ट्रियताको भावना उग्र रूपले बढ्दै छ । १.५.३. त्यसैले अरू कुराबाट त परै जाओस्, बोलीचालीले जात छुट्याउने प्रथा पनि चलिसकेको छ । १.५.४. नेपाली बोल्नेजतिलाई 'खँय', नेवारी बोल्नेजतिलाई 'फाकन' र मैथिली बोल्नेजतिलाई 'माउते' भनी आधुनिक ढङ्गले मान्छेको वर्गीकरण यता हुन थालेको छ । १.५.५. त्यसैले एउटा कोठा माग्न जाँदा त यो 'खँय' हो कि 'फाकन' हो कि 'माउते' हो भन्ने सवाल पहिल्यै उठ्छ भने केटी माग्न जाने त कुरै छाडिदिऊँ । १.५.६. यहाँ नेपाली मात्र भएर पुग्दो रहेनछ, नेपालभित्र पनि पाखे, काँठे, मधिसे वा सहरिया आफू के हो पक्क प्रमाणपत्र चाहिंदो रहेछ ।

१.६.१. त्यसैले आफूलाई चल्दोमिल्दो काँठे नै हो । १.६.२. किनभने भन्नलाई 'काँठ कछाड' भने पनि काँठे बडो कूटनैतिक हुन्छ । १.६.३. पहाडियासित व्यवहार गर्नुपऱ्यो भने कछाड बाँधेर बस्छ र 'हामी एक कप चियाको निम्ति कोपरा बेच्ने सहरिया स्वाङी होइनौं' भन्छ, सहरियासित व्यवहार गर्नुपऱ्यो भने 'हामी एक हल गोरुको निम्ति छोरो बेच्ने पाखे डोके होइनौं' भनी पहाडियालाई पखाल्न थाल्छ । १.६.४. यसरी दुबैतिर दुरुस्त बन्न खोज्दाखोज्दै उसले आफ्नो एक किसिमको बेग्लै विशेषता कायम गरेको हुन्छ, त्यसैले मैले कन्याकेटी खोज्न थालेको हुँ काँठैतिर ।

१.७.१. बल्लबल्ल पाहोरका वर्ष बुढानीलकण्ठका बुढाथोकीसित केटीको कुरो मिलेको थियो, तर केटीको कुरो त मिल्यो, खड्कौलाको कुरो मिलेन । १.७.२. बाको मत थियो - खडकौलो पाँच धार्नीको चाहिन्छ, ऊ भन्ने तीन धार्नीसिवाय मेरो केही लाग्दैन । १.७.३. आखिरमा त्यति नै भए पनि चित्त बुझाउने सुर त थियो नै हाम्रो, तर के गर्नु भाग्यमानी केटीको बाउले भोलिपल्टै अर्को केटो भेट्टाएछ, दुई धार्नीले भए पनि चित्त बुझाउने । १.७.४. अनि ऊ के लाटो थियो र फेरि हामीकहाँ आओस् ?

१.८.१. कोपुन्डोलका कार्कीसित भने गर्दुवा, सम्धीभेट, दोसल्ला इत्यादि सबै थोकको कुरा मिलेको हो, तर फसाद पऱ्यो जातैले । १.८.२. ऊ रहेछ, सातपतरीको झर्रो कार्की क्षत्री, म थिएँ अधिकारी जैसीको खड्किनीपट्टिको नातिको विवाहिता मगर्नीपट्टिको भानिज । १.८.३. यदि मसँग धनमान हुँदो हो त बीसौं शताब्दीमा जातभातको के कुरो उठ्थ्यो ? १.८.४. एउटा गतिलो गाई दान गरिदियो भने पण्डित बाजेले शास्त्र जोरिदिइहाल्थे, तर गरीब हुनाले जति नालिबेली लगाउँदा पनि जातको होचोअर्घेलो देखिइहाल्यो । १.८.५. भात त हाम्रो चल्छ रे, तर दाल चल्दैन रे । १.८.६. दाल नचले सधैं गोलभिँडा साँधेर भात खाउँला, देऊ न त कन्या भनेको, उनले पटक्क मानेनन् । १.८.७. मानून् पनि कसरी ! १.८.८. जातभात मिलाएर दिउँला भनी २५ वर्षसम्म साँचिराखेकी उनकी जेठी छोरी सारङ्गी बजाउने गन्धर्व जातिसँग पोइल गइछ, एउटी त बिग्री बिग्री, अर्की पनि बिजातलाई कसरी दिऊन् । १.८.९. बिचरालाई जात मिल्दो ज्वाइँको गोडाको पानी खाने धोको छँदै थियो ।

१.९.१. त्यसपछि गएको माघमा एउटी निकै पढेकी र बढेकी कन्याकेटी मिलेकी थिइन्, सिमालेमा सिंखडाकी छोरी । १.९.२. पढेकी केटी भएपछि आउनेबित्तिकै आफ्ना सबै घरधन्दा समात्छे भनी हाम्री आमाले कुरो सुन्नेबित्तिकै तीन पटक मजेरीमा नाचेर मन्जुरी दिइन् । १.९.३. सम्धीभेटमा सुनको सिक्री दिन्छ रे भनेपछि बाले पनि भन्नुभयो - “गर न त गर, घरान असलै हो ।” १.९.४. नीला ओठ र चायैचाया जमेका गाला भए पनि मैले ठानें - पढेकी र बढेकी कन्या उसै पाइन्छ र ? १.९.५. पुर्पुरोमा लेखिएको हुनुपर्छ । १.९.६. हात परेको गुमाएपछि सान गरेर फेरि कहाँ पाउनु ? १.९.७. त्यसैले कामकुरो उही दिन छिनियो । १.९.८. मान्छे पनि प्रगतिशीलै रहेछन् । १.९.९. जातभातको कुरा टाकटुक भैहाल्यो । १.९.१०. पढेकी आधुनिक श्रीमतीज्यू आउने कुराले मैले पनि घरमा निकै सजिसजाउ गरें । १.९.११. पूजाभाँडा बेचेर काँटाचम्चा जोरें । १.९.१२. आमाको सन्दूस

चिरेर टेबिल, मेच बनाएँ । १.९.१३. आधुनिक केटीहरू कुकुरका छाउरा खेलाउन खोज्छन् भनेर ब्याउने गाई बेचेर एउटा बेलायती कुकुरसमेत किनिदिएँ । १.९.१४. झिँगाको बोसो झिकेर हैजाका ओखती बेच्ने हाम्रा दाजुजस्ता किरन्टोकीले पनि घरबारी बन्धक राखेर ऋण गरी बिहाको सरजाम जुटाए । १.९.१५. त्यस बेला मेरो घरको चुरीफुरी देखेको भए जरसाहेबले पनि मलाई 'मेरो छोरी टक्र्याउँ कि ?' भनी हात जोड्न आउँथे होलान् ।

१.१०.१. जे होस् बिहाको दिन भयो, सजधजका साथ बरियाँत गयो । १.१०.२. तर के भनूँ, आफ्नो आङ कन्याएर आफ्नै छारो नउडाउनू भन्छन् । १.१०.३. कन्यादानको साइतैमा दुलही छटपटाएर लडिन् । १.१०.४. के भो कसो भो भन्दाभन्दै कन्याले त जग्गेमै अर्की कन्या जन्माइन बा ! कस्तो अचम्म ‼ १.१०.५. जन्तीहरू हात ठटाएर हाँस्न थालेका थिए, आफू मूर्च्छा परिहालें, त्यसपछि के भो कसो भो म भन्न सक्तिनँ ।

१.११.१. कहिले जातभात मिल्दैन, कहिले ठाउँठहर मिल्दैन, कहिले दाइजो गोडधुवा मिल्दैन । १.११.२. हन्डर खाँदाखाँदा बल्ल पाएको कन्याकेटीको पनि त्यो दशा ! साँच्ची मेरो पुर्पुरोमा स्वास्नी लेखेकै रहेनछ कि भन्ने पनि मलाई लाग्यो तैपनि मर्दको हिम्मत, केटी खोज्नचाहिँ छोडिनँ । १.११.३. झन् धुइँधुइँती खोज्न थालें ।

१.१२.१.नैकापका नेउपानेकी छोरीको कुरो चल्यो । १.१२.२. म पनि एक दिन झुक्याएर केटी हेर्न गएँ । १.१२.३. नेउपानेको घरमा कुखुराका चल्लाजस्तै एक डोका छोरीहरू रहेछन् । १.१२.४. पिँढीमा गएर निकैबेर विचार गर्दा पनि आफूलाई दिन्छु भनेकी केटी कुनचाहिँ हो ठम्याउन नसकेर जिल्ल पर्दै थिएँ, एउटी सोह्र-सत्र वर्षकी ठिटी भित्रबाट निस्किन् र सोधिन् - "कसलाई खोजेको बूढाबा !"१.१२.५. म छानाबाट खसेझैं गरी आत्तिएँ । १.१२.६. केटी त केटोलाई 'बूढाबा' पो भन्छे ए ! के म साँच्चै बूढो भैसकें त ! १.१२.७. रनक्क रिस उठेकोले जुरुक्क उठेर आफ्ना चाउरिएका गाला, फुलेका दाह्री सुम्सुम्याउँदै घरतिर आएँ । १.१२.८. मलाई लाग्यो अब त दुई-चार दिनभित्रैमा बिहा गर्न नपाए म मरिहाल्छु कि ? १.१२.९. केटीले भनेको 'बूढाबा' भन्ने शब्द मेरो मगजमा फनफनाइरहन थाल्यो । १.१२.१०. चिट्चिट् पसिना आउन थाल्यो । १.१२.११. रातरातभर म सोच्न थालें - साहूको ऋण तिर्न नसके पनि एउटी कन्याकेटी भित्र्याएर पितृ-ऋण नतिरी कसरी मर्नु ? १.१२.१२. यस लोकमा एक घुट्को चिया खान नपाए पनि परलोकमा एक घुट्को तर्पन दिने एउटा छोरो त चाहिन्थ्यो ।

१.१३.१. त्यसैले एक दिन बिहान सबेरै उठेर दाजुको ससुरालीमा गएँ र भाउजूसित भनें - "कि तीन दिनभित्रमा बिहा गरिदिन्छौ भने गरिदेओ, नत्र म दलिनमा झुन्डेर मर्छु ।" १.१३.२. मेरो तगडा अल्टिमेटम सुनेर वल्लापल्ला घरका सबैलाई दया लागेछ । १.१३.३. "नमर्नोस् बा नमर्नोस्, हामी भरे नै तपाईंलाई बिहा गरिदिन्छौं" भन्दै एउटी तरुनी र राम्री केटी उनीहरूले देखाए ।

१.१४.१. बचेखुचेको जायजेथा धितो राखी ऋण लिएर सर्जाम उहीँ तयार गरियो । १.१४.२. ग्रहशान्ति भयो, सबैले खाए । १.१४.३. अलिअलि गर्दागर्दै बिहा पनि हुन थाल्यो । १.१४.४. कन्यादान गरुन्जेल पनि कुन बेला घुम्टो उघारेर दुलहीको त्यो पहिले हेरेको चन्द्रमाजस्तो अनुहार देख्न पाइएला भनी चौचौ भइरहेको थियो, सौभाग्यवश माहुर ख्वाउने मौका आयो । १.१४.५. हत्त न पत्त घुम्टो खोलेर माहुरको हात लगेको त दुलही खितितित्त हाँस्यो । १.१४.६. 'दुलही हाँस्यो' भन्नासाथ तपाईंहरूले बुझिहाल्नुभयो होला -

१.१५.१. दुलही बनेको मान्छे त रहेछ - दाजुको ससुरालीको गोठालो ! १.१५.२. हेर्नोस्, म बूढालाई कसरी भूसको थैलोमा सुताएछन् ।

१.१६.१. त्यहाँदेखि कन्याकेटीको कुरो कतै उठेको छैन । १.१६.२. तैपनि आसचाहिँ छ - हुरुक्क हुने बेलासम्म कसो एउटी कन्याकेटीको लगनगाँठो समात्न नपाइएला !

## २.पर्खनोस्

२.१.१. "पर्खनोस्, एउटा लेख दिउँला ।"

२.२.१."पर्खनोस्", - उही चिरपरिचित शब्द ! उही पत्यारलाग्दो आश्वासन ! उही झुलाएर फुलाउने बोक्रे बढत्व !!!

२.३.१. तपाइँको कन्सिरी तातेर आयो होला होइन ? तर, डर नमान्नुहोस् कन्सिरी जतिसुकै ताते पनि तपाईंको जीउमा आगलागी भइहाल्ने छैन । २.३.२.भियतनामका बौद्ध भिक्षुले झैं तपाइँले जिउँदै डढेर मर्नुपर्ने छैन । २.३.३. किनभने नेपालमा रक्तकाली प्रकट भइसकेकी छन् ।

२.४.१. जे होस् ल, आफ्नै कुरा गरुँ, धेरै पटक भैसक्यो, एउटा लेख तपाईंले मसित माग्नुभएको तर पटकैपिच्छे मैले 'पर्खनोस्' भन्दै आएको छु, पर्खाएको छु । २.४.२. सम्पादक जस्तो मान्छेले पनि जमिनदारकहाँ ऋण माग्न गएको जैरे काइँलो झैं पटकैपिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु स्वभाविकै हो । २.४.३.जङ्गिँदाजङ्गिँदै जङ्गबहादुरै बने पनि के लाग्छ र ! अर्काको हातबाट कुनै काम लिनु छ भने आफ्नो बाबु साक्षी राखेर तपाइँले पर्खनुपर्छ । २.४.४. चिल्लो शब्दमा तपाईंले धैर्य गर्नुपर्छ । २.४.५. अझ भनूँ भने झुल्नुपर्छ, धाउनुपर्छ - पर्खनुपर्छ । २.४.६. सभ्य शिक्षितहरू चिल्ला शब्द प्रयोग गर्छन्, थाङ्ने, माग्नेहरू खस्रा शब्द, फरक चाहिं यत्ति हो । २.४.७. आखिर पर्खन सबै पर्खन्छन्, सबै पर्खाउँछन् ।

२.५.१. भनूँ भने, मान्छेले राम्ररी जानेका क्रिया नै पर्खनु र पर्खाउनु हो । २.५.२. यो के बकन्याइँ छाँट्न लाग्यो भनी तपाइँ जिल्लिनुहोला, तर पर्खनोस्, तपाईं आफू मात्रै पर्खिरहेको नठान्नुहोस्, तपाईं अहिले जुन बेला मसित लेख पर्खिरहनु भएको छ यसै बेला यति खेरै कहाँ कहाँ को को के के पर्खिरहेका होलान् त ! लौ मनमिटर घुमाउँदै जानुहोस् ।

२.६.१. यसै बेला यति खेरै कपुरीकान्त कार्की कान्लामाथि बसेर माइत गएकी कर्किनीलाई पर्खँदो हो । २.६.२. खस्याङखुसुङ खोलाका खबटानन्द खतिवडा खाटमाथि पल्टेर ख्वाङ्ख्वाङ् खोक्दै डाक्टर खुकुरीराम खत्रीलाई पर्खंदो हो ।२.६.३. गाना सुन्न गएकी गीतादेवी बेला नभइसकेकोले गजक्क परेर रेडियो भएनेर पर्खंदी हो । २.६.४. घटसिंह घले घट्टमा घैयाको पिठो पिन्न गएको, पालो नपाएर उँघी उँघी पर्खंदो हो । २.६.५.जङ्गबहादुर डोलेसित लहस्सिएकी सुश्री नाकथोप्ली मैयाँ भऱ्याङमुनि ङिच्च मुख लगाएर उसैलाई पर्खंदी हो ।

२.६.६. चम्रेलबाबू चाक्सी किन्न पठाएको चोर चतुरे चार घण्टा भैसक्यो आएन भनी पर्खंदा हुन् । २.६.७. छत्रजङ छाता नहुनाले छत्रपाटीको छ्यापी पसलमा पानी रहला र हिडुँला भनी पर्खँदा हुन् । २.६.८.जर्साबकहाँ जागिर माग्न गएको जगन्नाथ जैसीदेवलको छिँडीमा उनको बाटो कुरी पर्खंदो हो । २.६.९. झाडा लागेकी झसवीरेकी बुहारी, झटपटसाथ टट्टी गएकी, भित्र अर्कै मानिस देखेर बाहिरैपट्टि पर्खंदी हो । २.६.१०. गोरुसिंगे 'ञ' जस्तो लट्ठक ञचाको नाति सिद्रा बेच्न देउपाटन गएको वनकालीमा बाँदर देखेर फरक्क फर्की गौशालाको बस पर्खंदो हो । २.६.११. ल भन्नोस्, नाम, काम र ठामको पछि नलागेर जवाफ दिनोस्, के यी सब सम्भाव्य पर्खाइ होइनन् ?२.६.१२. नेपालको मात्र कुरा नलिउँ भने मनमिटर अलि टाढा टाढा नै पुऱ्याइदिनोस् ।

२.७.१.यस बेला यतिखेरै तानाबाना भिरेर ताइपेहमा जम्मा भएका तोर्मे सिपाहीहरू विपक्षीको तालुमा तारो हान्न पर्खंदा हुन् । २.७.२. थाइल्यान्ड पुगेका थाकखोलाका थाक्सेहरू अमेरिकी सैनिकको अड्डामा थुनिएर रिहाइको आदेश पर्खदा हुन् । २.७.३. दलाइ लामाका दलालहरू दानापुरमा दाना सिद्धिएर देवताको नाम वा दाम कमाउन देश फर्कने दाउ हेर्दै देवाधिदेवको दैलामा दण्डवत् गरी गरी पर्खंदा हुन् । २.७.४. धक्कुवाजका धुरन्धर धम्मरधुसहरू पेरिसको धोके क्लवमा साफसित रक्सी धोकेर बाटबाटैमा ओछ्यान लाउन आ-आफ्ना जोडीको मञ्जूरी पर्खंदा हुन् ।

२.८.१. ल, अब कति भनूँ, नपुगेको भए फेरि मनमिटरलाई जता जता पर्छ उतैउतै छोड्नोस् - यसबेला यतिखेरै पोल्याण्ड जान लागेका पाँडे जी पालम एयरपोर्टमा पासपोर्ट जँचाएर पाइप पिउँदै प्लेन पर्खंदा हुन् । २.८.२. फर्सिजङ सुब्बा फैजावादको प्लेटफार्ममा फत्तेपुर जाने रेल पर्खंदा हुन् । २.८.३. बाटुली बराल्नी लाहुर गएको पोइ कहिले आइपुग्छ भनी पर्खंदी हो । २.८.४.भाटभटेनी बस्ने भुँडे काजी भद्रकालीनिर आफ्नी रखौटी पर्खंदो हो । २.८.५. मास्कोमा वैज्ञानिकहरू उडिरहेको स्पुतनिक मरुभूमिमा खस्ने भो भनी आँखा तानेर पर्खिरहेका होलान् ।

२.९.१. ओहो ‼ अब त मेरो एकोहोरो फतफताइ अति नै भयो । २.९.२. तपाईंलाई कति झर्को लाग्यो होला हकि ? तर साह्रै नै झर्को लागेको भए त एक सर्को चुरोट तान्नोस् । २.९.३. अनि तपाईं नै भन्नोस् को पर्खेको छैन ? कहाँ पर्खाइ चल्दैन ? २.९.४. त्यसैले दार्शनिकहरू जति घोत्लिइरहून्, वैज्ञानिकहरू जति घोट्टिइरहून्, मलाई त लाग्छ - बाँच्नुको

पर्याय नै पर्खनु हो । २.९.५. सोझै कुरा गरुँ भने पनि हेर्नोस्, दशौं महिना आमाको एकमाने भुँडीमा गुँडुल्किएर नपर्खी तपाईंले पृथिवीदर्शन पाउनुभएन । २.९.६ दशौं दिन कुनामा गुट्मुटिएर नपर्खी तपाईंले सूर्यदर्शनको साइत फेला पार्नुभएन । २.९.७. यसरी नजन्मेदेखि पर्खंदै आउनुभएको तपाईंले सायद किशोर भएपछि विद्यालयमा शिक्षकलाई कैयौं दिन पर्खनुभयो होला । २.९.८. वैश लागेपछि बाटाको छेडोमा, बारीको डिलमा, या बिग्रेको पाटीमा प्रतीक्षाका गीत गुन्गुनाई दिनको बाह्रौं घण्टा पर्खनुपर्‍यो होला - आफ्ना केटी साथीहरूको गुलियो भाकामा । २.९.९. यसरी पर्खाइबाटै सुरु भएको तपाईं-हाम्रो जिन्दगी यता र उता, यसलाई र उसलाई पर्खंदा आज कताबाट यहाँ आइपुगेको छ, तपाईं पर्खने र म पर्खाउने हुनुपरिरहेको छ । २.९.१०. मान्नोस्, मैले आज लेख दिएँ तर भोलिदेखि तपाईंको पत्रिका कहिले निस्कने हो भनी मैले पर्खनुपर्छ । २.९.११. एकमहिने भनेको चार महिनामा निस्कने नेपाली पत्रिकाको बानी नजान्ने को छैन ? २.९.१२. भनूँ, एक न एक दिन तपाईंको पत्रिका निस्किहाल्यो, तर भोलिपल्टदेखि पुरस्कार लिन आज आज भोलिभोलि भन्दाभन्दै कैयौं दिन तपाईंले झुलाउनुहुन्छ पर्खाउनुहुन्छ ।

२.१०.१. आफू जुम्रा जस्तो जुम्सो छ, अनि कामको सट्टा कुराले टार्न खोज्छ भनी तपाईं गिज्याउनुहोला । २.१०.२. मुखिन्जेल नसके पनि पछाडि पक्कै उडाउनुहुन्छ । २.१०.३. हुन पनि हो, म अचेल साह्रै जुम्सो भएको छु । २.१०.४. बरु के तपाईं पत्याउनुहुन्छ ? २.१०.५. यो जुम्स्याइँको जन्मदाता पनि यस्तै जङचल्दा पर्खाइहरू हुन् । २.१०.६. साँच्चै भनूँ भने मेरो दुनियाँ झन् लम्स्याङलुम्सुङको छ । २.१०.७. मेरो जमाना झन् जम्स्याङ्जुम्सुङको छ । २.१०.८. मैले थाहा पाएदेखि म पर्खंदो छु । २.१०.९. काममा गएकी आमालाई, चाकरीमा गएका बाबुलाई, पाठ दिने गुरुलाई, प्यार दिने आइमाईलाई, जागीर पाउने आश्वासनलाई, तलब पाइने दिनलाई, ओखती गर्ने उपचारकलाई, बिदा दिने निर्देशकलाई, पैसा दिने मालिकलाई, लुगा सिउने दमाईलाई ।

२.११.१. यी सबै पर्खाइको पछिल्तिर मेरा सयौं सपनाहरू पर्खिरहेछन्, इच्छा र आकांक्षाहरू पर्खिरहेछन् । २.११.२. म केही गरूँ, केही बनूँ, केही दिऊँ भन्छु तर यो असीमित इष्टसिद्धको लागि यतै पर्खनुपर्छ, उतै पर्खनुपर्छ, यतै झुल्नुपर्छ, उतै धाउनुपर्छ, दोष कसलाई ? २.११.३. जब जमाना नै यस्तो जुम्सो छ कि जर्मन एकीकरणको प्रश्न कुरा कुरैमा पर्खिरहेछ । २.११.४. पैंसट्ठी करोडको चीनलाई एउटा साधारण सदस्यताको लागि

राष्ट्र संघले पन्ध्रौं वर्षदेखि पर्खाइरहेछ । २.११.५. धेर कुरा किन ? सुरुदेखि सत्य, समता र शान्ति पर्खंदै आएको मानिस आज झन् विषमताको विषले बौलाहीरहेछ, झन् अशान्त भइरहेछ । २.११.६. बुझ्नै सकिंदैन - आणविक हतियारमा प्रतिबन्ध लगाउने कुरोमा किन सबैको लम्स्याङलुम्सुङ हो, भौतिक उन्नति यति तीव्र भैसक्यो तैपनि दुई गज र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्ने । २.११.७. यो कस्तो जम्स्याङजुम्सुङ हो ।

२.१२.१. अब तपाईं मात्रै पर्खनुपऱ्यो भनेर किन पट्टाउनुहुन्छ जब तपाईंलाई नपर्खी सुखै छैन । २.१२.२. त्यसैले मान्नोस् - पर्खाइदेखि डराउने पलायनवादी हो, पामर र पानीमरुवा हो । २.१२.३. जुन आदर्श आज म तपाईंका अगाडि छाँट्तै छु भोलि तपाईं मेरा अगाडि छाँट्नुहुन्छ । २.१२.४. वास्तवमा तपाईं पनि पर्खन चाहनुहुन्न, म पनि पर्खन चाहन्न । २.१२.५. हामी दुवै चाहन्छौं एउटा त्यस्तो दुनियाँको सिर्जना गरौं जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ! झुल्याएर फुल्याउने, लर्काएर पर्खाउने यस्तो जालेमाले परम्परा नहोस् । २.१२.६. तर समस्या त उनी नै हो - जतिसुकै बलियोसँग चाहे पनि हाम्रो चाहना चाहनेबित्तिकै पुरा हुँदैन, पर्खनुपर्छ । २.१२.७.त्यसैले त म लम्स्याङलुम्सुङ गरेर भए पनि घरी यता धाउँछु, घरी यता धाउँछु, घरी यता हुन्छु, घरी उता हुन्छु, जम्स्स्याङजुम्सुङ गरेर भए पनि पर्खिरहेछु र तपाईंलाई पनि भन्दैछु - पर्खनदेखि पट्टाउनु पलायनवादिता हो ।

२.१३.१. मेरो पर्खाइ-पुराण त अहिल्यै के सकिन्थ्यो र ! तर अब कति बेर पर्खाऊँ, तपाईंकी श्रीमती (सम्पादकनी) ज्यू घरमा तपाईंलाई पर्खिरहेकी होलिन् । २.१३.२. आउँदै गर्नुहोला, धाउँदै गर्नुहोला, पर्ख्नोस्, कुनै न कुनै दिन म पनि एउटा लेख लेख्ने प्रयास गरुँला, तपाईंको पत्रिकामा छाप्न दिउँला ।

२.१४.१. लौ त नमस्ते !

सिंहनाद, कार्तिक २०, गोकर्ण ।

## ३. 'उडाउनु' सित एकछिन उड्दा

३.१.१. एउटा देशले भूउपग्रह उडाएकै दिन मेरो घरमा बिरालाले दूध उडाइदिएछ । ३.१.२.सन्जोग पनि कहिलेकाहीं कस्तो पर्छ भने एउटा बिनसित्तिको कुराले पनि एकछन सित्तैं अल्मल्याइदिन्छ । ३.१.३. न त्यो देश र बिरालामा कुनै सम्बन्ध छ, न भूउपग्रह र दूधमा समानता । ३.१.४. तर क्रियाचाहिँ दुइटैले एउटै गरे - उडाइदिए । ३.१.५. भूउपग्रह उडाउन कैयौंको साधन र साधना लाग्यो, तर बिरालालाई दूध उडाउन न साधनको नाममा एउटा चम्चा चाहियो, न साधनाको नाममा केही चालचुल । ३.१.६. तर यी दुवै कामलाई उडाउनु नै भनिन्छ भने उडाउने क्रियालाई महत्त्वपूर्ण भन्ने कि मामुली ? ३.१.७. यो पनि एउटा प्रश्न हो । ३.१.८. तर कस्तो केटाकेटी प्रश्न ? यो त एउटा भाषाको चमत्कार मात्र हो । ३.१.९. हाम्रो देशमा एउटा मान्छेका दसोटा सिद्धान्त भएझैं हाम्रो भाषामा एक शब्दका अनेक अर्थ हुन्छन् । ३.१.१०. उदाहरणको लागि आफ्नो लभ परेको दिन आफ्नो नजिकको नातादारको जुठो परेको हुन्छ । ३.१.११. जीवनको असङ्गति भनेको यही न हो ? ३.१.१२. त्यसैले बिरालाको दूधउडान र त्यस देशको भूउपग्रहको उडानमा पक्क पर्नुसट्टा अर्को कुनै महत्त्वपूर्ण समस्यामा विचार गर्नु राम्रो । ३.१.१३. मन अर्को विचारणीय समस्या खोज्न थाल्छ, तर मगजको तन्तु हल्लाउँदै एउटाले प्वाक्क सुनाउन आउँछ - "रामबहादुरले त सीतादेवीलाई उडाएछ नि बुझिस् ?" ३.१.१४. रामबहादुरले सीतादेवीलाई क्यारेभलमा राखेर ब्याङ्कतिर उडाएको हो कि पछ्यौरामा तानेर भण्डारकोठातिर कुदाएको हो - त्यो दुबिधामा अलमलिँदै नअलमलिई म साथीसित सोध्छु - "उडाएछ ? कसरी थाहा पाइस् ?" ३.१.१५. ऊ थप्छ - "अहिले त्यहीँ रेस्टुराँमा सबै ठिटाहरू रामबहादुरलाई उडाउँदै थिए ।" ३.१.१६. अब भएन के ? ३.१.१७. एकै दिनमा सुन्नुपरेका यी चार उडानका समाचारहरूबाट बुझेको सानो क्षितिजमा कौतूहलको चारचोसे विमान फन्का मारीमारी उड्न थाल्छ -

३.२.१. अन्तरिक्ष जान संलग्न देशले भूउपग्रह उडायो ।

३.३.१. बिरालाले दूध उडायो ।

३.४.१. रामबहाउरले सीतादेवीलाई उडायो ।

३.५.१. ठिटाहरूले रामबहादुरलाई उडाए ।

३.६.१. उडाउनुको यसै फन्कोमा कान्छाले बेलुन उडाएको, ठाइँलाले चङ्गा उडाएको, काइँलाले गाँजा उडाएको, साहिँलाले परेवा उडाएको, माहिलाले तहविल उडाएको, जेठाले

सर्वस्व उडाएको सम्झना पनि फन्कामाथि फन्का थप्तै उड्न थाल्छन् । ३.६.२. अनि म फेरि छक्क पर्छु - कति विचित्र क्रिया छ यो उडाउनु !

३.७.१. तर छक्क पर्ने कुरा पो के छ र ? प्रकृतिले पक्षपात गरेर मान्छेलाई पखेटा दिएन । ३.७.२. त्यसै झोकमा होला, उसले उड्नु र उडाउनुमा आफ्नो पुरुषार्थ व्यक्त हुने देख्न थाल्यो । ३.७.३. अझ भनूँ भने प्रकृतिले त उडाउनलाई प्वाँख र पखेटा नभई नहुने गराएथ्यो, तर मान्छेले मान्छेलाई बिनापखेटा हावामा पनि उडाइदिन लाग्यो । ३.७.४. त्यसैले एपोलो र सोयुजका उडान सफल भएकै ताका आफ्नो घ्याम्पोउडान असफल भएर मध्यटुँडिखेलमा अग्निकाण्ड गरे तापनि नेपालीहरूसमेत उडाउने काममा पछि परेका छैनन् । ३.७.५. भनूँ भने उडाउने क्रियामा नेपालीहरू अरू दुई पाइला अगाडि नै छन् भन्ने मेरो धारणा छ, किनभने प्रकृति प्वाँख र पखेटा खोजिरहोस्, विज्ञान अक्सिजन र नाइट्रोजन जोडिरहोस्, हामी कुरैकुरामा कैयौं कुरा भुर्र उडाइदिन्छौं । ३.७.६. हाम्रो भाषा स्वयम् कति वैज्ञानिक छ भने उडाउने क्रियामै उसले सयौं प्वाँख र पखेटाहरू जोडिराखेको छ, त्यसैले कसैले चाहेमा यहाँ पच्चीस पैसामा जुँगादाह्री उडाउन सक्छ, सोह्रठाडीमा घरबारी उडाउन सक्छ, अलिकति भेटीघाटीले एउटा गजबको ठेकदारी उडाउन सक्छ, एक-दुई हजारको धर्मभकारी उडाउन सकिन्छ । ३.७.७. उडाउनुलाई यति व्यापक र बहुउद्देश्यीय गराई आफ्ना कैयौं क्रियाप्रतिक्रियासित सम्बद्ध राख्न नेपालीहरूले कम श्रम र समय खर्चेका छैनन् । ३.७.८. त्यसैले एउटा कागतको घ्याम्पो उडाउन असफल हुँदैमा हामीले आफूलाई उडाउन नजान्ने भनी आत्मग्लालि लिनु पर्दैन । ३.७.९. हावामा उडाउने प्रतियोगिता अमेरिका अमेरिका र रूसले गर्दै रहून्, हाहामा उडाउने विज्ञानको लागि विश्वले नेपालबाट धेरै कुरा सिक्न बाँकी नै छ ।

३.८.१. उडाउने काम गर्न वैज्ञानिकहरूलाई विमान र वेधशाला नभई हुँदैन, तर हाम्रा ऋषिमुनि मन्त्रैमन्त्रले पहाड उडाइदिन्थे रे, हाम्रा गुभाजूहरू तन्त्रमन्त्रले हाड उडाइदिन्थे रे । ३.८.२. त्यसैले मान्छे जाबालाई उडाउन विमान र वेधशालाको के खाँचो ? ३.८.३. आजको युगमा मन्त्रतन्त्रको खोजीनिति झन् कल्ले गरिरहोस् ? ३.८.४. हो, कसैलाई मेचैसमेत उडाइदिनु छ भने यसो चुक्लीसुक्ली लगाइदिए भइहाल्यो, होइन, सामान्यलाई सामान्यै किसिमबाट उडाउनचाहिँ त दुई चुच्चाको एक जमघट भए जत्ति भने पनि पुग्छ । ३.८.५. त्यसैले धारामा होस् वा चौतारामा होस्, सडकको पेटीमा होस् कि रेस्टुराँको

कुर्सीमा होस्, हामी चुच्चैचुच्चा मिलाएर एउटा विचित्र वेधशाला बनाउन सक्छौं र धमाधम मान्छे उडाउन सक्छौं ।

३.९.१. उडाइने मान्छे भोजपुरमा होस् कि भक्तपुरमा होस्, भोज खान लागेको होस् कि भोकै मर्न आँटेको होस्, उसको उपस्थितिबिना नै उसलाई भुर्र उडाइदिन सक्नु हाम्रो उडानको अद्वितीय विशेषता हो । ३.९.२. अर्को विशेषता के छ भने जुन बेला तपाईं अर्कालाई उडाइरहनुभएको हुन्छ, त्यसै बेला तपाईंलाई अर्कोले उडाइरहेको हुन्छ । ३.९.३. त्यसैले यो उडानमा जति आनन्द आउँछ उडाउनेले नै पाउँछ, उड्ने विचराले कहाँकहाँ कसकसले कसरीकसरी आफूलाई उडाउँदै छन् भन्ने कुराको सुइँको पाउँदैन । ३.९.४. उडाउने कलामा अशिक्षित र गाउँलेहरूभन्दा सभ्य र शिक्षितहरूले बढी सफलता पाउनु स्वाभाविकै हो, किनभने आजको शिक्षा र सभ्यता नै गराइदिनुमा भन्दा उडाउनुमा बढी लहसिएको छ । ३.९.५. त्यसैले तपाईं मलाई उडाउनुहुन्छ, म तपाईंलाई उडाउँछु । ३.९.६. हामी दुवै जनाको भेट भए फलानालाई उडाउँछौं । ३.९.७. उड्नु र उडाउनुको यस अभियानमा घरको तरकारी समस्यादेखि अफिसको सरकारी फाइलसम्म न केहीको पीर, न कसैको परवाह ! ३.९.८. अरूलाई उडाउँदा पाइने एउटा गुलियो रसमा रसना रसाउँदै एकैछिन हल्ल हाँस्न पाइन्छ, आफ्नो अहंमा एक थप्की लगाउँदै बाँच्नुको मजा चाख्न पाइन्छ ।

३.१०.१. यो त भयो अनुपस्थितिमा उडाउने कुरा । ३.१०.२. कोही मान्छे अघिल्तिरै उपस्थित छ र उसलाई उडाउनु छ भने थाल्नोस् तपाईं उसको तारिफ गर्न । ३.१०.३. उसको टोपीको टुप्पो सगरमाथाको जस्तो छ कि गौरीशङ्करको जस्तो छ ? ३.१०.४. त्यसको बयानबाट सुरु गरी अन्त्यमा भनिदिनुहोस् - “चाहेको भए तपाईं उहिल्यै केके भइसक्नुहुन्थ्यो !” ३.१०.५. यो दिव्य वचन सुन्नासाथ ऊ आफ्नो भित्रबाहिर हेर्दै नहेरी अहंका पखेटा फटफटाउन थाल्छ र एकैछिनमा भारहीन भएर स्वयम् उड्न थाल्छ - “प्रधानमन्त्रीसम्म पाएको भए सोच्नुहुन्थ्यो, मन्त्री जाबो को भइरहोस् !” ३.१०.६. तपाईं थपिदिनुहोस् - “यहाँजस्तो योग्य व्यक्तिले मन्त्री मात्र हुनु त नसुहाउने नै कुरा हो !” ३.१०.७. अनि ऊ झन् अकासिन्छ र आफूबाहेक सबैलाई लम्फूलम्फू देख्न थाल्छ । ३.१०.८. तर आफूलाई कति हाइलम्फू ठानेर उडाउँछन्, बिचराले पत्तै पाउँदैन । ३.१०.९. उडाउने योचाहिँ कलामा

उड्नेले आत्मतृप्तिको महँगो मेवा पाउँछ, उडाउनेले मनोरञ्जनको सितलस्वरूप सके दुई घुट्को जाँडै पाउला नसके एक तुर्को चिया कतै नजा !

३.११.१. त्यसैले मर्सिडिज कारले कसैका आँखासम्म धूलो उडाओस् वा शिक्षित बेकारले एक थाल भातबाट दुई थाल भिँगा उडाओस् - उडाउनु भनेको वास्तवमा उडाउनु नै हो । ३.११.२. यी सबै हेरिल्याएको खण्डमा बीसौं शताब्दी उडाउने युग हो । ३.११.३. राकेट उडाउनेदेखि पाकेट उडाउने कलासम्ममा आज जति प्रगति भएको छ, त्यति पहिले कहिल्यै थिएन । ३.११.४. हिरोशिमा उडाउनेदेखि लिएर साँधसीमा उडाउनेसम्मका सयौं उडान पृथिवीमा भएका छन् भने चन्द्रदेखि मङ्गलसम्मका कैयौं उडान अन्तरिक्षमा भएका छन् । ३.११.५. तर मलाई सोध्नुहुन्छ भनेचाहिँ, आधुनिक उडानको इतिहास हनुमानदेखि सुरु हुन्छ । ३.११.६. हुनमानले द्रोणाचल उडाए भने उनका वंशज वानरहरूले पशुपतिको पूजासामा उडाउनुमा के आश्चर्य, वानरले देवताको पूजासामा उडाउँछ भने वानरबाट विकसित नरले पृथिवी नै उडाउनुमा के दोष ?

रमझमबाट

## ४. केही राष्ट्रिय रोग : एक अनुसन्धान

४.१.१. कोही डाक्टरसाहेबहरू स्टेथोस्कोप फ्याँकेर झन्डा भिर्न कुद्नुभयो, केहीचाहिँ डाक्टरी गर्नुमा भन्दा फ्याक्टरी खोल्नुमा फाइदा देख्न थाल्नुभयो । ४.१.२. यस्तै कसैमा प्रशासनको आकर्षण थपियो, कसैमा प्रकाशनको धुन थपियो । ४.१.३. डाक्टर लेख्ने लाइसेन्स पाएका तर डाक्टरी गर्ने सेन्सचाहिँ नपुगेका डाक्टरसाहेबहरू भूतपूर्व मन्त्रीहरू बढेझैं जतिसुकै बढे पनि के लाग्यो र, बिरामीको संख्या बेकार स्नातकझैं दिन दोब्बर रात चौबर बढेको छ, छ । ४.१.४. नपत्याए निःशुल्क अस्पतालहरूमा हेर्न जानोस् कक्षमा मानौं एउटा भव्य प्रोसेसन नै चलेको हुन्छ । ४.१.५. तै हाम्रा कतिपय डाक्टरसाहेबहरू स्टेथोस्कोप सुँघाउनासाथ रोगको गन्ध पाइहाल्नुहुन्छ र मात्रै हो, नत्र गयाका पण्डाले श्राद्ध गराएझैं आएजति बिरामीलाई लस्करै राखी आफ्नोआफ्नो रोग सम्झेर मम भन्नोस् है भनी सामूहिक जाँच गर्नुपर्ला भनेजस्तो भइसकेको छ । ४.१.६. यसै त टेलिफोनको कल आयो कि दमकलझैं कुद्नुपर्ने डाक्टरी पेसा, त्यसमाथि टोलटोलमा क्लिनिकको साइनबोर्ड झुन्ड्याएर प्रतीक्षारत औषधिपसल । ४.१.७. यो असल कि ऊ असल ? ४.१.८. सबभन्दा राम्रो आफ्नै बिरामी - पसल । ४.१.९. अब तपाईं नै भन्नोस्, यस्तो बेफुर्सदीको अवस्थामा डाक्टरसाहेबहरूबाट नयाँनयाँ रोगको रिसर्च कसरी होला ?

४.२.१. त्यसैले त आजदेखि यो महत्त्वपूर्ण कार्यभार मैले लिँदै छु । ४.२.२. मैले नै नलिई नहुने कारण अर्को के पऱ्यो भन्नुहुन्छ भने मेडिकल साइन्स हाम्रो विद्या नै होइन । ४.२.३. समुद्रपारिको साइन्स पढेर टुकुचावारिपारिका रोगहरूको रिसर्च कसरी गर्ने ? ४.२.४. मेडिकल साइन्स मात्र पढेको डाक्टरसाहेब कसैलाई एक दिन बिहान विष्णुमतीको भ्रमण गराइदिनोस्, त्यहाँको पोजिसनबद्ध प्रोसेसन देख्ता उहाँ पक्कै सोच्नुहुनेछ काठमाडौंमा कलेरा बढेछ । ४.२.५. वास्तवमा त्यो कलेरा होइन, काठमाडौं सहरको टिपिकल रोग हो भन्ने कुरा उहाँलाई कसले बताइदेओस् । ४.२.६. त्यस्तै दिन बैंसैमा कुप्रिएका कतिपय तन्नेरीलाई देख्ता डाक्टरसाहेब आत्तिँदा हुन्, धनुष्टङ्कारले धेरैलाई खतम पार्न लागेछ, वास्तवमा उहाँलाई कसले बताइदेओस्, यो धनुष्टङ्कार होइन, पौने पेटको चमत्कार हो । ४.२.७. अधिकांश नेपालीहरू साँझबिहान घरमा पौने पेट पाने - रोटी, दिउँसो होटेलमा हाफ प्लेट आलुदम खान्छन् भन्ने रहस्य मेडिकल साइन्सका पुस्तकमा कहाँ लेखेको छ र ?

४.२.८. हामी भिम्डेखोर्सानीमा भिटामनि 'ए' पाउँछौं, भ्यान्टामा भिटामिन 'भी' देखि 'जेड' सम्म, टिनका भाँडाकुँडामा परेजति पदार्थ स्वतः प्रोटिन भैहाल्छन्, कालो भाँडामा पाकेजति सबै क्याल्सियम । ४.२.९. त्यसैले त म भन्दै छु, अब धन्वन्तरीको आयुर्वेद, हिप्पोक्रेटिसको एलोप्याथी र ह्यानिम्यानको होमियोप्याथी कुनैबाट पनि हाम्रो देशका खासखास रोगको पत्ता लाग्न सक्तैन । ४.२.१०. तर धन्दा नमान्नुहोस्, मैले शास्त्रै नयाँ आविष्कार गरेको छु – आधुनिक नेपालोप्याथी ।

४.३.१. यो नयाँ अनुसन्धान र आविष्कारमा लागेबापत मैले पनि कमसे-कम हाललाई कायममुकायम डाक्टरको दर्जा त पाउनै पर्ने हो, तर हाम्रो समाजको आधुनिक परम्परा अलि बेग्लै छ, मैले रोगहरूको अनुसन्धान गर्न लागेको सुइँको पाउनासाथ कतिपय डाक्टरहरू हाम्रो अधिकारमा हस्तक्षेप गऱ्यो भनी उजुर गर्न पाल्नुहुनेछ, कोही इष्टमित्रचाहिँ यो छुसीले चाहिँदो - नचाहिँदो आयक्टिभिटी देखाएर हामीभन्दा माथि पुग्ने दाउ ल्यायो भनी खुट्टो तान्न थाल्नुहुनेछ । ४.३.२. कोही बान्धव फलानाको मगज त सुइँकेछ नि भन्दै सम्भावित मेन्टल हस्पिटलको पेसेन्टलिस्टमा मेरो नाम दर्ता गराउन पुग्नुहुनेछ भने कुनै हितैषी साथीले चाहिँ फलानाको दृष्टिकोण अलि वक्र छ है भन्ने जनाउ ठाउँमा पुऱ्याएर भद्रगोल जेलको वेटिङ लिस्टमा मेरो नाम टिपाउन सहयोग गर्नुहुनेछ । ४.३.३. तर जोसुकैले जेसुकै भने पनि मेरो अनुसन्धानलाई भोलिको समाजको ठीक भन्नुपर्नेछ र मरणोपरान्त एउटा ठूलो पुरस्कार मेरो नाममा पन्छाइनेछ भन्ने चिश्चित छ ।

४.४.१. दिव्य बाह्र घण्टाको अनुसन्धानपछि नेपालोप्याथीअनुसार मैले केही नयाँ रोगहरू पत्ता लगाएको छु र यिनको भाव-प्रभाव बुझ्दा म के निष्कर्षमा पुगेको छु भने आधुनिक नेपालका यी राष्ट्रिय महारोग हुन् । ४.४.२. यी बिसेक नभएसम्म न देश स्वस्थ हुन्छ, न देशवासीकै इच्छा पुग्छ । ४.४.३. यो के झर्कोलाग्दो भूमिका भट्ट्याइरहन्छ, रोगै बताइदिए त भैहाल्यो नि भन्नुहोला, लौ टिप्तै जानोस् -

४.५.१. नं. १ - अहिलेसम्मका डाक्टरसाहेबहरूलाई जोन्डिस मात्र थाहा छ, उहाँहरू भन्नुहुन्छ - जोन्डिसमा रोगीहरूको आँखा पहेंलो हुन्छ र उसले सबै पहेंलै देख्न थाल्छ । ४.५.२. तर नेपालोप्याथीअनुसार जोन्डिसभन्दा खतरनाक महाजनेन्डिस भन्ने रोग हुन्छ । ४.५.३. यो लागेपछि रोगीका आँखा साह्रै विचित्र भई बदलिन्छन् र उनीहरूले आफूबाहेक अरू कसैलाई मान्छे नै देख्तैनन् । ४.५.४. धाकरबाफ र कटु जबाफ यस रोगका प्रारम्भिक

लक्षण हुन्; रोग बढ्दै गएपछि गोगीको हात लुलो तर जिभ्रो तीखो हुँदै जान्छ। ४.५.५. ऊ कसैसित मिलेर काम गर्न सक्तैन; त्यसैले एउटा आरामकुर्सीमा राखेर दिनभर आत्मपुराण फलाकिरहू भनी छाडिदिनुपर्छ। ४.५.६. महाजनेन्डिस पोज, मोज र भोजबाट फैलेने रोग हो। ४.५.७. बेलामा उपचार हुन नसके रोगीज्यूहरू सम्झेजतिलाई सराप्तै गल्लीगल्ली भुस्याहा कुकुर घुकाएर रल्लिन थाल्नुहुन्छ। ४.५.८. यो रोग प्रायः बुद्धिजीवीवर्गमा लाग्दछ।

४.६.१. गनेरियाजस्तै अर्को नयाँ रोग पत्ता लागेको छ - चमेरिया। तर यो जाँघबाट होइन, जिभ्राबाट पस्ने रोग हो। ४.६.२. यसले छुनासाथ मान्छेको जिभ्रो चिरिएर आउँछ र केही दिनपछि नै दुई फ्याक हुन्छ। ४.६.३. एक फ्याकले 'डाक्टरसाहेब नमस्ते' भन्छ, अर्कोले 'डाक्टरसाहेब मरेस्'। ४.६.४. चमेरियाका रोगीको आँखा चनाखा हुन्छन्। ४.६.५. हात लामो हुन्छ। ४.६.६. यो रोग लागेको पहिले कत्रि पनि चिनिँदैन, यसैले रोगीले सबैका ढोकामा सम्मानसाथ प्रवेश पाउँछ, तर धोका नदिई निस्कन सक्तैन। ४.६.७. चमेरिया अन्तिम स्थितिमा पुगेपछि रोगीको सर्वाङ्ग सिनोझैं गह्नाउन थाल्छ तर गह्नाउनुभन्दा अघि नै रोगीले धेरैलाई आफ्नो रोगको कुप्रभाव पारिदिइसकेको हुन्छ। ४.६.८. चमेरिया भन्ने रोग राजनीतिक रन्डीबाजीबाट उत्पन्न भएको हो भन्ने कुरा उहिल्यै पत्ता लागिसकेको छ।

४.७.१. नं. ३ – खास गरी जागिरदारहरूलाई बराबर दुःख दिने अर्को नयाँ रोग छ – पद प्रेसर। ४.७.२. ब्लड प्रेसर जस्तै यो पनि दुई किसिमको हुन्छ – हाईपद प्रेसर र लोपद प्रेसर। ४.७.३. हाईपद प्रेसर लागेको छ भने हरहमेसा जाँडको पुङ्गोमा डुब्ने मान्छेको खप्परबाट पनि अपुङ्गोको बास्ना आउँछ, आफ्नो नाम लेख्न जानेपछि जनुसुकै काम गर्न सकिन्छ। ४.७.४. लो प्रेसरले सताएको छ भने कानमा झ्याउँझ्याउँ गरेर हिँड्न-सुत्न दिँदैन। ४.७.५. जति माथि पुग्यो उति लो प्रेसरले सताउँछ। ४.७.६. यसलाई करकर पनि भन्छन्। ४.७.७. तर हाई वा लो जनुसुकै प्रेसर लागे पनि नियमकानुन मनी मुख बारिरहनु पर्दैन।

४.८.१. नं. ४ – नेपालोप्याथीअनुसार अर्को एउटा चर्को रोग पत्ता लागेको छ - कन्सुत्ले। ४.८.२. कहाँकहाँ कसकसले केके कुरा गरे, ती सब पहिले शान्त भएर आफ्ना कानभित्र पार्नु र जोजोसँग सम्बन्धित छ, उसउसका कानमा सुलुत्त पसालिदिनु कन्सुत्ले रोगको प्रमुख लक्षण हो। ४.८.३. कन्सुत्ले लागेका रोगीहरू जाँचताकाका ट्युसन मास्टरझैं अथवा सोरसरादका पुरेतबाजेझैं अथवा भनूँ दसैंका फौबन्जारझैं चौबीस घण्टामा पच्चीसतिर पुगेर कुराको लेनदेन गर्दछन्। ४.८.४. कतै केही पाइएन भने 'बुझ्नुभो

फलानाज्यू, तपाईंलाई फलानाले फलान्थोक भन्थ्यो है' भनी मनगढन्त कुरा सुनाएर पनि कन्सुत्लेहरू एकअर्काका बीच फाटो पारेर आफ्नो जिभ्रो कन्याउँछन् । ४.८.५. 'फलानाले फलानो दिन ठीक यति बजे यतिपल्ट डकार्‍यो,; त्यसैले त्यो दिन राति उसले कतैबाट एउटा बासी पेडा खाएको हुनुपर्छ' भने जस्ता अनुमान गरी त्यो पेडा ख्वाउने को होला र किन ख्वायो होला भनी गम्दागम्दै रातभर ननिदाउने कन्सुत्ले रोगीहरू पनि मैले धेरै पत्ता लगाएको छु ।

४.९.१. नं. ५ – बिफरजस्तै अर्को चर्को सङ्क्रामक रोग पत्ता लागेको छ – 'रे' मेनिया । ४.९.२. तिलजत्रो कारणबाट पहाडजत्रो सम्भावना सोची हल्ला गर्दै हल्लिनु 'रे' मेनियाको पहिलो लक्षण हो । ४.९.३. टाइमचोर र कामचोरलाई यस रोगले बढी आक्रमण गर्छ । ४.९.४. नेपालोप्याथीअनुसार 'रे' मेनियाका रोगीहरूमा सोच्ने शक्ति र तर्क गर्ने क्षमता केही हुँदैन; त्यसले उनीहरू फुटपाथमा उभिएर मन्त्रिमण्डलको सूची बनाउँछन्; साइकलमा गुडेर नवग्रहको निर्णय सुनाउँछन् । ४.९.५. अभ्र 'रे' मेनियाका रोगीलाई यसपालि तिम्रो पनि भाग्य खुल्ने सम्भावना छ रे भनिदिनू; उसले स्वास्नीको सारी बन्धकी राखेर एउटा आडभान्स पार्टी बोलाउन बेर छैन ।

४.१०.१. नं. ६ - नेपालोप्याथीले अर्को एउटा नयाँ रोग पत्ता लगाएको छ, जसको नाम हो नामाञ्ची । ४.१०.२. हुन त दुनियाँमा जति मान्छे जन्मन्छन् सबैलाई आफ्नो नाम राख्ने धोको हुन्छ । ४.१०.३. तर बज यो सामान्यबाट असामान्यमा परिणत हुन्छ, नामाञ्चीको रोगले छोएको बुझ्नुपर्छ । ४.१०.४.आलुबारीको उत्खननदेखि शौचालयको शिलान्याससम्म के गरेमा ठूला अक्षरमा नाम छापिएला भन्ने नामाञ्चीको ध्याउन्न हुन्छ । ४.१०.५. रेडियोमा दिनको पन्ध्रोटा फर्माइसी पठाएर हुन्छ कि, सागपात केलाउने समितिको अध्यक्ष भएर हुन्छ कि, दिनको चारोटा भाषण गरेर हुन्छ कि, साताको एउटा वक्तव्य प्रकाशित गरेर हुन्छ, नामाञ्चीका रोगीहरूलाई नामै चाहिन्छ । ४.१०.६. नेपालोप्याथीमा उल्लेख भए अनुसार दुनियाँको बजारमा नामको भाउ साह्रै महँगो छ; बिनाकाम नाम आउँदैन, तर नेपालका नामाञ्चीहरूलाई कामकुराको होइन, नामसुराको तिर्खा चाहिँ यस्तरी लाग्दछ कि कोठाको भित्ताभरि आफ्नो शुभकामना आफ्नै हस्ताक्षरमा लेखेर पनि उनीहरू तिर्खा मेट्न सर्माउँदैनन् ।

४.११.१. नं. ७ – नेपालोप्याथीले अन्त्यमा एउटा व्यापक रोगको चर्चा गरेको छ। ४.११.२. अधिकांश जनतालाई बराबर दुःख दिने यस महारोगको नाम हो – पकेटोक्यासिस। ४.११.३. भ्याउरे अनुहार, दाउरे जीउ र चाउरे गाला पकेटोक्यासिसका लक्षण हुन्। ४.११.४. यो बढ्दै गएपछि फेमेलियोसाइटिस पनि हुन सक्छ भनी एक अनुभवीले बताएका छन्। ४.११.५. खास गरेर यो शिक्षित बेकार र न्यूनवैतनिक कामदारहरूमा बराबर लागेको देखिन्छ।

४.१२.१. अहिले पत्ता लगाएका मुख्यमुख्य रोग यिनै हुन्। ४.१२.२. अनुसन्धान गर्दै जाँदा फेरिफेरि पत्ता लागेका जति फेरिफेरि बताउँदै जाउँला भन्ने उम्मेद छ; अब मलाई डाक्टरको दर्जा दिने कि नदिने त्यसबारे तपाईंहरू छलफल गर्दै गर्नुहोला।

यतिबन्धु

# परिशिष्ट दुई

# वक्रोक्तिजीवितम् ग्रन्थका वर्णविन्यास वक्रतासँग सम्बद्ध पाठ र त्यसको अनुवाद

यस परिशिष्टमा विश्लेषणको लागि छनोट गरिएको सैद्धान्तिक पर्याधार वर्णविन्यास वक्रतासँग सम्बद्ध कारिका वृत्ति र उदाहरणहरुलाई राखिएको छ । वक्रोक्तिजीवितम् उन्मेष १ को सम्बन्धित कारिका र त्यसको वृत्तिका साथै द्वितीय उन्मेषका सम्बद्ध कारिका, वृत्ति र उदाहरण तथा त्यसको नेपाली अनुवादसमेत यहाँ दिइएको छ । वृत्तिलाई पनि दशमलव प्रणालीमा राखी प्रत्येक वाक्यपछि कोष्ठमा नेपाली अर्थसमेत दिइएको छ ।

**प्रथम उन्मेष**

**वर्णविन्यासवक्रत्वं पदपूर्वार्द्धवक्रता ।**

**वक्रतायापरोऽयास्ति प्रकारः प्रत्ययाश्रयः १। १९**

*(वर्णहरूको विन्यास, वर्णविन्यास । अक्षरहरूलाई विशिष्ट ढङ्गले रचना गर्नु । त्यसको वक्रता/वक्रभाव प्रसिद्ध प्रस्थानभन्दा भिन्न वैचित्र्यद्वारा उपनिबद्ध सन्निवेश विशेषद्वारा रचित तद्विद आह्लादकारी शब्दशोभातिशयः ।)*

वृत्ति : एतदेव वर्णविन्यासवक्रत्वं चिरन्तनेष्वनुप्रास इति प्रसिद्धम् ।

*(यहाँ वर्णविन्यास वक्रता प्राचीन (आलङ्कारिक) हरूमा अनुप्रास नामले प्रसिद्ध छ) ।*

**द्वितीय उन्मेष**

२ वृत्ति : सर्वत्रैव सामान्यलक्षणे विहिते विशेषलक्षणं विधातव्यमिति काव्यस्य 'शब्दार्थौ सहितौ' इति (१, ७) सामान्यलक्षणं विधाय तदवयवभूतयोः शब्दार्थयोः साहित्यस्य प्रथमोन्मेष एव विशेषलक्षणं विहितम् । इदानीं प्रथमोद्दिष्टस्य वर्णविन्यासवक्रत्वस्य विशेषलक्षणमुपक्रमते –

*(सर्वत्र सामान्य लक्षण गरेपछि विशेष लक्षण गरिनु उचित हुन्छ । अतः 'शब्दार्थौ सहितौ काव्यम्' भनेर सामान्य लक्षण गरेपनि त्यसको अवयवका रूपमा यसको विशेष लक्षण प्रथम उन्मेषमा गरिसकियो । अब पहिले भनिएको वर्णविन्यास वक्रताको विशेष लक्षण प्रारम्भ गरिन्छ –)*

**एको द्वौ बहवो वर्णा बध्यमानाः पुनः पुनः ।**

**स्वल्पान्तरस्त्रिधा सोक्ता वर्णविन्यासवक्रता ॥१॥**

*(एक, दुई वा अधिक वर्ण स्वल्पान्तरका साथ बारम्बार ग्रथित हुने त्यो वर्णविन्यास वक्रता तिन प्रकारको हुन्छ ।)*

२.१.१ वर्णशब्दोऽत्र व्यञ्जनपर्यायः, तथा प्रसिद्धत्वात् ।

*(यहाँ वर्ण शब्द व्यञ्जनको पर्याय । यस प्रकार प्रसिद्ध हुनाले)*

२.१.२ तेन सा वर्णविन्यासवक्रता व्यञ्जनविन्यसनविच्छित्तिः त्रिधा त्रिभिः प्रकारैरुक्ता वर्णिता ।

*(त्यसैले यो वर्णविन्यास वक्रता व्यञ्जनविन्यास विच्छित्ति तिन प्रकारका भनिएको छ, वर्णन गरिएको छ ।)*

२.१.३ के पुनस्ते त्रयः प्रकारा इत्युच्यते – एकः केवल एव, कदाचिद् द्वौ बहवो वा वर्णाः पुनः पुनर्बध्यमाना योज्यमानाः ।

*(ती तिन प्रकारका फेरि कुनलाई भनिन्छ ? केवल एउटा, कहीँ दुई अथवा अधिक वर्ण बारम्बार ग्रथित अथवा उपनिबद्ध/प्रयुक्त गरिन्छ ।)*

२.१.४ कीदृशाः 'स्वल्पान्तराः' । *(कस्तो थोरै थोरै अन्तर ?)*

२.१.५ स्वल्पं स्तोकमन्तरं व्यवधानं येषां ते तथोक्ताः ।

*(स्वल्प अर्थात् ज्यादै थोरै अन्तर अर्थात् व्यवधान जसको छ ती त्यस प्रकारका (स्वल्पान्तर) ।)*

२.१.६ त एव त्रय प्रकारा इत्युच्यन्ते । *(ती नै तिन प्रकारका भनिन्छन् ।)*

२.१.७ अत्र वीप्सया पुनः पुनरित्ययोगव्यवच्छेदपरत्वेन नियमः नान्ययोगव्यवच्छेदपरत्वेन ।

*(यहाँ पुनः पुनः यस (द्विरुक्तिले) वीप्साले अयोग व्यवच्छेदपरक नियम छ अन्ययोग व्यवच्छेदपरक छैन ।)*

२.१.८ तस्मात् पुनः पुनर्वध्यमाना एव, न तु पुनः पुनरेव बध्यमाना इति ।

*(त्यसैले बारबार निबद्ध भएका, न कि बारबार नै निबद्ध भएका) (अर्थात् धेरै पटक आवृत्त वर्ण नै वर्णविन्यास वक्रताको प्रायोजक हुनुपर्छ एक दुई पटक आवृत्त वर्ण उसका प्रायोजक हुन हुँदैन यो नियम यहाँ अभिप्रेत छैन । यहाँ त एक दुई पटक पनि एकभन्दा बढी*

*वर्णहरूको आवृत्ति वर्णविन्यास वक्रताको जनक हुन्छ यो अभिप्रेत छ – आचार्य विश्वेश्वर । वजी, व्याख्या)*

२.१.९ तत्रैकव्यञ्जननिबद्धोदारहणं यथा –

*(एक व्यञ्जननिबद्धको उदाहरण जस्तै :)*

धम्मिल्लो विनिवेशिताल्पकुसुमः सौन्दर्यधुर्यं स्मितं
विन्यासो वचसां विदग्धमधुरः कण्ठे कलः पञ्चमः ।
लीलामन्थरतारके च नयने यातं विलासालसं
कोऽप्येवं हरिणीदृशः स्मरशरापातावदातः क्रमः ॥१॥

*(प्रथम पंक्ति – विनिवेशित - व्/सौन्दर्यधुर्यं – य्) (दोस्रो पंक्ति – कण्ठे कल – क्) (तेस्रो पंक्ति – लीलामन्थरतारके – ल् र्/नयने यातं - य्/विलासालसं - ल् स्) (चौथो पंक्ति – स्मरशरापातावदातः - त्)*

२.१.१० एकस्यद्वयोर्बहूनाञ्चोदारहणं यथा –

*(एक, दुई र बहुवर्णको उदाहरण यस प्रकार छ : )*

भग्नैरावल्लरीकास्तरलितकलदलीस्तम्बताम्बूलजम्बू-
जम्बीरास्तालतालीसरलतरलतालासिका यस्य जह्नु : ।
वेलत्कल्लोलहेला विसकलनजडाः कूलकच्छेषु सिन्धोः
सेनासीमन्तिनीनामनवरतरताभ्यासतान्ति समीराः ॥२॥

*(एक वर्णविन्यास – ल् को पाँच पटक आवृत्ति/दुई वर्णको आवृत्ति – तालतालि/धेरै वर्णको आवृत्ति – स्तम्ब, ताम्बूल, जम्बु, जम्बीर, ताल, तालि, सरल, तरल, तालासिका आदिमा अनेक वर्णको अनेक पटक आवृत्ति)*

२.१.११ एतामेव वक्रतां विच्छित्यन्तरेण विविनक्ति –

*(यसै वक्रतालाई अर्को प्रकारबाट देखाइन्छ)*

**वर्गान्तयोगिनः स्पर्शा द्विरुक्तास्त-ल-नादयः ।**
**शिष्टाश्च रादिसंयुक्ताः प्रस्तुतौचित्यशोभिनः ॥२॥**

*(स्पर्श वर्ण आफ्नो वर्गको अन्तिम वर्णसँग संयुक्त हुँदा, तकार, लकार र नकार द्विरुक्त हुँदा तथा प्रस्तुत (रसादि) को औचित्ययुक्त, रकारादिले संयुक्त शेष वर्ण पनि वर्णविन्या वक्रताका सूचक हुन्)*

२.२.१ इयमपरा वर्णविन्यासवक्रता त्रिधा त्रिभिः प्रकारैरुक्तेति 'च' शब्देनाभिसम्बन्धः ।

*(यो दोस्रो प्रकारको वर्णविन्यास वक्रता तिन प्रकारको भनिएको छ । यो 'च' शब्दको सम्बन्ध हो ।)*

२.२.२ के पुनरन्यस्यास्त्रयः प्रकारा इत्याह, 'वर्गान्तयोगिनः स्पर्शाः' ।

*(कुन फेरि अन्य तिन प्रकारका छन्, त्यो भन्दछन् : वर्गान्तले युक्त स्पर्श ।)*

२.२.३ स्पर्शाः कादयो मकारपर्यन्ता वर्गास्तदन्तैः ङकारादिभिर्योगः सम्बन्धो येषां ते तथोक्ताः पुनः पुनर्बध्यमानाः, प्रथमः प्रकारः ।

*(ककारदेखि लिएर मकारपर्यन्त वर्ग स्पर्श, उनका अन्त्यका ङकार आदिका साथ योग अर्थात् संयोग जसको हुन्छ त्यो उस प्रकारको छ । बारबार प्रयुक्त यो पहिलो प्रकार हो ।)*

२.२.४ त-ल-न आदयः तकार-लकार-नकार-प्रभृतयो द्विरुक्ता द्विरुच्चारिता द्विगुणा सन्तः पुनः पुनर्बध्यमानाः, द्वितीयः ।

*(त ल नादयः अर्थात् तकार, लकार नकार आदि द्विरुक्त अर्थात् द्वित्व रूपमा दुई पटक उच्चरित भएर बारबार निबद्ध होऊन् यो वर्णविन्यास वक्रताको दोस्रो प्रकार हो ।)*

२.२.५ तद्व्यतिरिक्ताः शिष्टाश्च व्यञ्जनसंज्ञा ये वर्णास्ते रेफप्रभृतिभिः संयुक्ताः, पुनः पुनर्बध्यमानाः, तृतीयः ।

*(तिनीहरूभन्दा भिन्न शेष वञ्जन संज्ञक जुन वर्ण छन् ती रेफ आदिद्वारा संयुक्त रूपमा बारबार निबद्ध होस् यो तृतीय प्रकार हो ।)*

२.२.६ स्वल्पान्तराः परिमितव्यवहिता इति सर्वेषामभिसम्बन्धः ।

*(थोरै अन्तरवाला अर्थात् परिमित व्यवधानवाला हुनुपर्छ यो सबका साथ सम्बन्ध छ ।)*

२.२.७ ते च कीदृशाः, प्रस्तुतौचित्यशोभिनः ।

*(र, कस्ता प्रकारका ? प्रस्तुत (रसादि) औचित्यद्वारा युक्त अथवा मनोहर ।)*

२.२.८ प्रस्तुतं वर्ण्यमानं वस्तु तस्य यदौचित्यमुचितभावः, तेन शोभन्ते ये ते तथोक्ताः ।

*(प्रस्तुत अर्थात् वर्ण्यमान वस्तु, त्यसको जो औचित्य अर्थात् उचितरूपता, त्यसद्वारा शोभित हुनेवाला जुन वर्ण ती त्यस प्रकार (प्रस्तुतौचित्यशोभिनः) का छन् ।)*

२.२.९ न पुनर्वर्णसावर्ण्यव्यवसनितामात्रेणोपनिबद्धाः, प्रस्तुतौचित्यम्लानकारिणः ।

*(वर्णहरूको समानताको प्रयोगको रोगको कारण उपनिबद्ध प्रस्तुतलाई मलिन गर्नेवाला हुनु हुँदैन ।)*

२.२.१० प्रस्तुतौचित्यशोभित्वात् कुत्रचित् परुषरसप्रस्तावे तादृशानेवाभ्यनुजानाति ।

*कहीँ कहीँ कठोर रसका प्रसङ्गमा प्रस्तुतको औचित्यद्वारा शोभित हुनाको कारण त्यसै प्रकारका ( अनुप्रासको आदतका कारण प्रयुक्त भएका) वर्णहरूको प्रयोगको अनुमति दिइएको छ ।*

२.२.११ तत्र प्रथमप्रकारोदाहरणं यथा *(प्रथम प्रकारको उदाहरण जस्तै :)*

उन्निद्रकोकनदरेणुपिशङ्गिताङ्गा

गुञ्जन्ति मञ्जु मधुपाः कमलाकरेषु ।

एतच्चकास्ति च रवेर्नववन्धुजीव-

पुष्पच्छदाभमृदयाचलचुम्बि बिम्बम् ॥३॥

*(यहाँ उन्निद्र, पिशङ्गिताङ्गा, गुञ्जन्ति, मञ्जु, बन्धु, चुम्बि, बिम्बम् मा स्पर्श वर्गान्त छ)*

२.२.१२ यथा च – *(त्यस्तै :)*

कदलीस्तम्बताम्बूलजम्बूजम्बीरा : । इति ॥४॥

*(कदलीस्तम्भ र ताम्बूलजम्बुजम्बीराः मा वकारको वर्गान्त स्पर्शी छ ।)*

२.२.१३ यथा वा – *(अथवा)*

सरस्वतीहृदयारविन्दमकरन्दबिन्दुसन्दोहसुन्दराणाम् । इति ॥५॥

(यहाँ 'न्द' को पाँच पटक आवृत्ति छ)

२.२.१४ द्वितीय प्रकारोदाहरणं – *(दोस्रो प्रकारको उदाहरण :)*

प्रथममरुणच्छायः ॥६॥ *(यहाँ 'च्छ' आदयः भनेकाले)*

२.२.१५ इत्यस्य द्वितीयचतुर्थौ पादौ :

*(विरहोत्ताम्यत्तन्वी : 'त' दुई पटक । च्छेदच्छवि 'च्छ' 'आदयः' भनेकाले)*

२.२.१६ तृतीयप्रकारोदारहणमस्यैव तृतीयः पादः ।

*(तेस्रो प्रकारको उदाहरण यसैको तेस्रो पाउ "प्रसरति ततो ध्वान्तक्षोदक्षमः क्षणदामुखे" हो, यसमा प्र, ध्व, क्ष आदि संयुक्त वर्णको प्रयोग छ)*

२.२.१७ यथा वा– *(अथवा जस्तै)*

सौन्दर्यधुर्यस्मितम् ॥७॥ *(र्य को आवृत्ति)*

२.२.१८ यथा च 'कल्हार' शब्दसाहचर्येण 'ह्लाद' शब्दप्रयोगः ।

*(जस्तै कल्हार शब्दको साहचर्यबाट 'ह्लाद' पनि यसकै उदाहरण हुन सक्छ)*

२.२.१९ परुषप्रस्तावे तथाविधसंयोगोदाहरणं यथा –

*(परुष/कठोर रसका प्रसङ्गमा त्यस प्रकारको संयोगको उदाहरण यस्तो हुनसक्छ : )*

उत्ताम्यत्तालवश्च प्रतपति तरणावांशवीं तापतन्द्री-

मद्रिद्रोणीकुटीरे कुहुरिणि हरिणारातयो यापयन्ति ॥८॥

*(यहाँ कठोर प्रसङ्ग आएकाले यस्तो कठोर संयोग उचित नै देखिन्छ)*

२.२.२० एतामेव वैचित्र्यान्तरेण व्याचष्टे -

*(यसै वर्णविन्यास वक्रतालाई अर्को प्रकारको वैचित्र्यद्वारा प्रतिपादन गरिन्छ – )*

**क्वचिदव्यवधानेऽपि मनोहारिनिबन्धना ।**

**सा स्वराणामसारूप्यात् परां पुष्णाति वक्रताम् ॥३॥**

*(कहीँ व्यवधान नभए पनि स्वरहरूको भेदले हृदयाकर्षक त्यो रचना (काव्यको) सौन्दर्यलाई अत्यन्त परिपुष्ट गर्दछ ।)*

२.३.१ क्वचिदनियतप्रायवाक्यैकदेशे कस्मिंश्चितव्यवधानेऽपि व्यवधानाभावेऽप्येकस्य द्वयोः समुदितयोश्च बहूनां वा पुनः पुनर्बध्यमानानामेषां मनोहारिनिबन्धना हृदयावर्जकविन्यासा भवति ।

*(कहीँ अर्थात् वाक्यको कुनै अनियत प्रायः एक देशमा अव्यवधान अर्थात् अन्तर नहुँदा पनि एक अथवा मिलेका दुई अथवा धेरैलाई बारबार ग्रथित गरिएका यी वर्णहरूको मनोहर अर्थात् हृदयाकर्षक विन्यासयुक्त रचना हुन्छ ।)*

२.३.२ काचिदेवं सम्पद्यत इत्यर्थः ।

*(कुनै (विशेष रचना) यस्तो हुन्छ भन्ने यसको अर्थ हो ।)*

२.३.३ यमकव्यवहारोऽत्र न प्रवर्तते तस्य नियतस्थानतया व्यवस्थानात् ।

*(त्यस (यमक) को नियत स्थान भएकाले यस ठाउँमा यमक व्यवहार गर्न सकिँदैन)*

२.३.४ स्वैरव्यवधानमत्र न विवक्षितं, तस्यानुपपत्तेः ।

*(स्वरहरूको अव्यवधान यहाँ त्यसको अनुपपन्न हुनाले विवक्षित छैन ।)*

२.३.५ तत्रैकस्याव्यवधानोदाहरणं यथा –

*(एकवर्णअव्यवधानको उदाहरण)*

वामं कज्जलबद्विलोचनमुरो रोहद्विसारिस्तनम् ॥९॥

*(यहाँ 'कज्जल' मा जकारको अव्यवधानले पुनरावृत्ति रहेको छ ।)*

२.३.६ द्वयोर्यथा – *(दुई वर्णको उदाहरण जस्तै :)*

ताम्बूलीनद्धमुग्धक्रमुकतरुतलस्रस्तरे सानुगाभिः ।

पायं पायं कलाचीकृतकदलददलं नारिकेलीफलाम्भः ।
सेव्यन्तां व्योमयात्राश्रमजलजयिनः सैन्यसीमन्तिनीभि-
र्दात्यूहव्यूहकेलीकलितकुहकुहारावकान्ता वनान्ताः ॥१०॥

*(यहाँ पायं पायं, कदलदलं, केलिकलित, कुहकुहाराव, कान्ता वनान्त जस्ता पद पदावलीमा दुई अक्षरको अव्यवधानद्वारा प्रयोग मानेर यस प्रकारको वक्रताको उदाहरण बताइएको छ ।)*

२.३.७ यथा वा – *(अथवा जस्तै :)*

अयि पिवत चकोराः कृत्स्नमुन्नाम्य कण्ठात्
क्रमुकबलनचञ्चच्चञ्चवश्यन्द्रिकायाम्भः ।
विरहविधुरितानां जीवितत्राणहेतो-
र्भवति हरिणलक्ष्मा येन तेजोदरिद्रः ॥११॥

*(यहाँ कृत्स्नं, उन्नाम्य, कण्ठान्, चञ्चच्चन्द्रवश्चन्द्रिकाभ्यः, त्राणहेतोः, लक्ष्मा आदिमा दुई दुई वर्णको अव्यवधानेन प्रयोग छ ।)*

२.३.८ बहूनां यथा – *(बहुवर्णको उदाहरण :*

सरलतरलतालासिका ॥ इति ॥१२॥

*(यहाँ 'रलतरलताला' मा अनेक वर्ण आवृत्ति छ ।)*

२.३.९ 'अपि' शब्दात् क्वचिद् व्यवधानेऽपि ।

*(कारिका २/३ मा आएको अपि शब्दले कहीँ व्यवधानमा पनि यस प्रकारको वक्रता हुन सक्छ भन्ने कुरा सूचित हुन्छ ।)*

२.३.१० द्वयोर्यथा – *(दुई वर्णको उदाहरण जस्तै :)*

स्वस्थाः सन्तु वसन्त ते रतिपतेरग्रसरा वासराः ॥१३॥

*(यहाँ सन्तु र सन्त मा दुई वर्णको व्यवधानयुक्त आवृत्ति छ ।)*

२.३.११ बहूनां व्यवधानेऽपि यथा – *(धेरै वर्णको व्यवधानयुक्तको उदाहरण जस्तै :)*

चकितचातकमेचकितवियति वर्षात्यये ॥१४॥

*(यहाँ 'चकित' को व्यवधानयुक्त आवृत्ति छ ।)*

२.३.१४ 'सा स्वराणामसारूप्यात्' सेयमनन्तरोक्ता स्वराणामकारादीनामसारूप्यादसादृश्यात् ।

*(त्यो स्वरको भेद हुनाले अर्थात् (भर्खरै भनेको) त्यो (वर्णविन्यासवक्रता) अकार आदि स्वरहरूको असादृश्यले)*

२.३.१५ क्वचित् कस्मिंश्चिदावर्तमानसमुयायैकदेशे परामन्यां वक्रतां कामपि पुष्णाति पुष्यतीत्यर्थ : । *(कहीँ अर्थात् आवर्तमान (वर्णहरूको) समुदायको एकदेशमा कुनै अन्य ( अपूर्व) वक्रतालाई पुष्ट गर्दछ अर्थात् बढाउँछ ।)*

२.३.१६ यथा – *(जस्तै :)*

राजीवजीवितेश्वरे ॥१५॥

*(यहाँ 'जीव र जीवि' मा वकारका साथ स्वरको असादृश्य छ ।)*

२.३.१७ यथा वा – *(अथवा जस्तै : )*

धूसरसरिति । इति ॥१६॥

*(यहाँ 'सर र सरि' मा रकारका साथ स्वरको असादृश्य छ ।)*

२.३.१८ यथा च – *(त्यस्तै यो पनि)*

स्वस्थाः सन्तु वसन्त । इति ॥१७॥

*(यहाँ 'सन्तु र सन्त' मा तकारका साथ स्वरको असादृश्य छ ।)*

२.३.१९ यथा वा – *(अथवा जस्तै :)*

तालताली । इति ॥१८॥

*(यहाँ 'ताल र तालि' मा लकारका साथ स्वरको असादृश्य छ ।)*

२.३.२० सोऽयमुभयप्रकारोऽपि वर्णविन्यासवक्रताविशिष्टवाक्यविन्यासो यमकाभासः सन्निवेशेविशेषो मुक्ताकलापमध्यप्रोतमणिमयपदकबन्धबन्धुरः सुतरां सहृदयहृदयहारितां प्रतिपद्यते ।

*(यो (व्यवधान अव्यवधानद्वारा विरचित) दुवै प्रकारको वर्णविन्यास वक्रताद्वारा युक्त वाक्यको रचना यमकाभासरूप सन्निवेश छ जो मुक्ताहारका बीच गुँथिएका मणिमय पदकहरूका समान सुन्दर स्वयम् नै सहृदयहरूलाई आह्लादित गर्दछ ।)*

२.३.२१ तदिदमुक्तम् – *(भनिएको पनि छ : )*

अलङ्कारस्य कवयो यत्रालङ्करणान्तरम् ।

असन्तुष्टा निबध्नन्ति हरादेर्मणिबन्धवत् । इति ॥१९॥

*(जहाँ कविहरू सन्तुष्ट भएर हार आदि मणिहरू जडान गरेसमान एक अलङ्कारको अलङ्करणका रूपमा दोस्रो अलङ्कारको रचना गर्दछन् ।)*

२.३.२२ एतामेव विविधप्रकारां वक्रतां विशिनष्टि, यदेवंविधवक्ष्यमाणविशेषणविशिष्टा विधातव्येति – *(यस नाना प्रकारको वक्रताको विशेषता भन्दछन् कि त्यसलाई यस प्रकारका विशेषणहरूबाट युक्त गर्नु पर्दछ ।)*

**नातिनिर्बन्धविहिता नाप्यपेशलभूषिता ।**

**पूर्वावृत्तपरित्यागनूतनावर्तनोज्ज्वला ॥४॥**

*(त्यो वर्णविन्यास अत्यन्त आग्रहपूर्वक रचित पनि नहोस् र असुन्दर वर्णले विभूषित पनि नहोस् । अनि पूर्वआवृत्तलाई छोडेर नयाँ वर्णको पुनरार्वनबाट मनोहर बनेको होस् ।)*

२.४.१ 'नातिनिर्बन्धविहिता', 'निर्बन्ध' शब्दोऽत्र व्यसनितायां वर्तते ।

*('अत्यन्त आग्रहपूर्वक विरचित नहोऊन्' यहाँ 'निर्बन्ध' शब्द व्यसनिताको बोधक छ ।)*

२.४.२ तेनातिनिर्बन्धेन पुनः पुनरावर्तनव्यसनितया न विहिता ।

*(अत्यन्त आग्रहद्वारा अर्थात् बारबार वर्णहरूलाई दोहोऱ्याउने आदतले नगरिएको होस् ।)*

२.४.३ अप्रयत्नविरचितेत्यर्थ : ।

*(विना प्रयत्नले विरचित होस् ।)*

२.४.५ व्यसनितया प्रयत्नविरचने हि प्रस्तुतौचित्यपरिहाणेर्वाच्यवाचकयोः परस्परस्पर्धित्वलक्षणसाहित्यविरहः पर्यवस्यति ।

*(आदतका कारण प्रयत्नपूर्वक रचना गर्नाले प्रस्तुत (रसादि) को औचित्यको हानि हुनाले शब्द र अर्थको (सौन्दर्यजननमा) परस्परधर्मित्वरूप साहित्यको अभाव हुन जान्छ ।)*

२.४.६ यथा – *(जस्तै :)*

भण तरुणि ॥ इति ॥ २० ॥

२.४.७ 'नाप्यपेशलभूषिता', न चाप्यपेशलैरसुकुमारैरलङ्कृता ।

*(अपेशल अर्थात् असुकुमार वर्णहरूबाट भूषित नहोऊन् )*

यथा – *(जस्तै )*

शीर्णघ्राणंघ्रि ॥ इति ॥२१॥

*(यस श्लोकमा सबै ठाउँमा कठोर वर्णहरूको प्रयोग गरिएको छ । त्यसैले यसलाई वर्णविन्यास वक्रताको सुन्दर उदाहरण भन्न सकिन्न ।)*

२.४.८ तदेवं कीदृशी तर्हि कर्तव्येत्याह – 'पूर्वावृत्तपरित्यागनूतनावर्तनोज्ज्वला' ।

*(यस प्रकार यो कसरी गर्नुपर्छ त्यो भनिन्छ – 'पहिले आवृत्त वर्णहरूलाई छोडेर नवीनको आवृत्तिले उज्ज्वल ।)*

२.४.९ पूर्वमावृत्तानामावर्तनेन पुनः पुनः परिग्रहेण च ।

*(पूर्व आवृत्त अर्थात् बारबार ग्रथितलाई परित्याग गरी नूतन नयाँ नयाँ वर्णहरूको आवृत्तिद्वारा अर्थात् बारबार ग्रहण या दोहोर्‍याउनाले ।)*

२.४.१० तदेवमुमाभ्यां प्रकाराभ्यामुज्ज्वला भ्राजिष्णु : ।

*(यस प्रकार दुवै प्रकारबाट उज्ज्वल अर्थात् शोभायमान ।)*

२.४.११ यथा– *(जस्तै)*

एतां पश्य पुरस्तटीमिह किल क्रीडाकिरातो हरः

कोदण्डेन किरीटिना सरमसं चूडान्तरे ताडितः ।

इत्याकर्ण्य कथाद्भुतं हिमनिधावद्रौ सुभद्रापते-

र्मन्दं मन्दमकारि येन निजयोर्दोर्दण्डयोर्मण्डनम् ॥२२॥

*(यहाँ सुरुमा ककारको आवृत्ति, पछि मकारको र अन्तमा दकारको आवृत्ति भएकोले यो पूर्ववृत्तपरित्याग र नूतनावर्तनोज्ज्वलको उदाहरण भयो)*

२.४.१२ यथा वा – *(अथवा जस्तै)*

हंसानां निनदेषु इति ॥२३॥

२.४.१३ यथा च – *(त्यस्तै)*

एतन्मदविपक्व इत्यादौ ॥२४॥

२.४.१४ यथा वा ॥२५॥

णमह दसाणणसरहसकरतुलिअबलन्तसेलभअविहलं ।

वेबंतयोरथणहरहरकअकंठग्गहं गौरि ॥

(नमत दशाननसरभसकरतुलितबलच्छैलभयविह्वलाम् ।

वेपमानस्थूलस्तनभरहरकृतकण्ठपदां गौरीम् ॥२५॥ इतिच्छाया) ॥४॥

*(यी सबै उदाहरणमा पूर्वार्द्ध र उत्तरार्द्ध भागमा अलग-अलग वर्णहरूको आवृत्ति छ । अतः यो पनि 'पूर्वावृत्तपरित्याग र नूतनावर्तनोज्ज्वला' कै उदाहरण हो ।)*

२.४.१५ एवमेतां वर्णविन्यासवक्रतां व्याख्याय तामेवोपसंहरति –

*(यसरी नाना प्रकारको वक्रताको व्याख्या गरेपछि अब त्यसैको उपसंहार गरिन्छ ।)*

**वर्णच्छायानुसारेण गुणमार्गानुवर्तिनी ।**

**वृत्तिवैचित्र्ययुक्तेति सैव प्रोक्ता चिरन्तनै : ॥५॥**

*(वर्णहरूको सुन्दरताका अनुसार गुण तथा मार्गको अनुसरण गर्ने त्यही (वर्णविन्यास वक्रता) लाई प्राचीन आचार्यहरूले वृत्तिहरूको वैचित्र्ययुक्त भनेका छन् ।)*

२.५.१ वर्णानामक्षराणां च छाया कान्तिः श्रव्यतादिगुणसम्पत्, तया हेतुभूतया यदनुसरणमनुसारः प्राप्यस्वरूपानुप्रवेशस्तेन ।

*(वर्णहरू वा अक्षरहरूको जो छाया अर्थात् कान्ति अथवा श्रव्यता आदि गुणहरूको सम्पत्ति, त्यसद्वारा जुन अनुसरण, अनुगमन अर्थात् वर्ण्य वस्तुका साथ अनुप्रवेश त्यसद्वारा ..।)*

२.५.२ गुणान् माधुर्यादीन् मार्गाश्च सुकुमारप्रभृतीननुवर्तते या सा तथोक्त ।

*(माधुर्य आदि गुणहरू तथा सुकुमारादि मार्गहरूको जो अनुगामिनी हुन्छ त्यो त्यस प्रकारको (गुणमार्गानुवर्तिनी भयो ।)*

२.५३ तत्र गुणानामन्तरस्यात् प्रथममुपन्यसनम् ।

*(ती (गुण अथवा मार्गमा) गुणहरू अन्तरतम हुनाले पहिले राखिएको छ ।)*

२.५.४ गुणद्वारेणैव मार्गानुसरणोपपत्तेः ।

*(गुणहरूद्वारा मार्गको अनुसरण युक्तिसङ्गत हुन सक्नाले गुणका पछि मार्ग (राखिएको छ) ।*

२.५.५ तदयमत्रार्थः – यद्यप्येषा वर्णविन्यासवक्रता व्यञ्जनच्छायानुसारेणैव, तथापि प्रतिनियतगुणविशिष्टानां मार्गाणामनुवर्तनद्वारेण यथा स्वरूपानुप्रवेशं विदधाति यथा विधातव्येति । *(त्यसैले यसको अर्थ भयो कि यद्यपि यो वर्णविन्यास वक्रता व्यञ्जन वर्णहरूको सौन्दर्य (श्रव्यता आदि) को कारण हुन्छ तर पनि निश्चित गुणहरूले युक्त मार्गहरूको अनुवर्तनद्वारा जस प्रकारको स्वरूपमा प्रवेश गरोस्, यस प्रकारको रचना गर्नुपर्छ ।)*

२.५.६ तत एव च तस्यास्तन्निबन्धना प्रवितताः प्रकाराः समुल्लसन्ति ।

*(र, त्यस (मार्गानुसरण) कैद्वारा त्यस (वक्रता) का मार्गानुसरण निमित्तक अनेक भेद हुन सक्छन् ।)*

२.५.७ चिरन्तनैः पुनः सैव स्वातन्त्र्येण वृत्तिवैचित्र्ययुक्तेति प्रोक्ता ।

*(चिरन्तन आचार्यहरूले नै स्वतन्त्र रूपले त्यसै वर्णविन्यास वक्रतालाई वृत्तिवैचित्र्ययुक्त भनेका छन् ।)*

२.५.८ वृत्तीनामुपनागरिकादीनां यद् वैचित्र्यं विचित्रभावः स्वनिष्ठसंख्याभेदभिन्नत्वं तेन युक्ता समन्वितेति चिरन्तनैः पूर्वसूरिभिरभिहिता ।

*(उपनागरिका आदि वृत्तिहरूको जुन वैचित्र्य वा विचित्रता अर्थात् स्वगत सङ्ख्या भेदद्वारा भिन्नता, त्यसले युक्त (वर्णविन्यास वक्रता) प्राचीन आचार्यहरूले नै भनेका छन् ।)*

२.५.९ तदिदमत्र तात्पर्यम्, यदस्याः सकलगुणस्वरूपानुसरणसमन्वयेन सुकुमारादिमार्गानुवर्तनायत्तवृत्तेः पारतन्त्र्यमपरिगणितप्रकारत्वं चैतदुभयमप्यवश्यम्भावि ।

*(यसको तात्पर्य यो भयो कि यस (वर्णविन्यास वक्रता) को समस्त गुणको स्वरूपको अनुसरणको समन्वयबाट र सुकुमार आदि मार्गहरूको पराधीन वृत्ति हुनाले परतन्त्रता र अपरिगणित प्रकार दुवै अवश्यम्भावी छन् ।)*

२.५.१० तस्मादपारतन्त्र्यं परिमितप्रकारकत्वञ्चेति नातिचतुरस्रम् ।

*(यसैले यसलाई स्वतन्त्र र परिमित प्रकार (तिन-चार भेद) युक्त भन्नु त्यति उचित हुँदैन ।)*

२.५.११ ननु च प्रथमं 'एको द्वौ' इत्यादिना प्रकारेण परिमितान् प्रकारान् स्वतन्त्रत्वं च स्वयमेव व्याख्याय किमेतदुक्तमिति चेत् ।

*(पहिले 'एको द्वौ' आदि प्रकारबाट परिमित (तिन) प्रकारलाई र स्वतन्त्रताको स्वयम् प्रतिपादन पनि गरेर अब के भन्न खोजिएको हो ? भन्ने शङ्का भएमा ..।)*

२.५.१२ नैष दोषः । *(यो दोष होइन ।)*

२.५.१३ यस्माल्लक्षणकारैर्यस्य कस्यचित् पदार्थस्य समुदायपरायत्तवृत्तेः परव्युत्पत्तये प्रथममपोद्धारबुद्ध्या स्वतन्त्रतया स्वरूपमुल्लिख्यते ।

*(किन भने शास्त्रकार अर्कालाई बुझाउनका लागि समुदायमा रहने कुनै पदार्थलाई पहिले छुट्याएर पनि त्यसको स्वरूपको निरूपण गर्ने गर्दछन् ।)*

२.५.१४ ततः समुदायान्तर्भावो भविष्यतीत्यलमतिप्रसङ्गेन ॥५॥

*(त्यसैले त्यसो गरेपछि समुदायमा अन्तर्भाव (स्वयम्) भइहाल्छ । त्यसैले यसबारे अरू बताउन आवश्यक छैन ।)*

२.५.१५ येयं वर्णविन्यासवक्रता नाम वाचकालंकृतिः स्थाननियमाभावात् सकलवाक्यस्य विषयत्वेन समाम्नाता सैव प्रकारान्तरविशिष्टा नियतस्थानतयोपनिबध्यमाना किमपि वैचित्र्यान्तरमाबध्नातीत्याह – *(यो जुन वर्णविन्यास वक्रता शब्दालङ्कार स्थान नियमविनै सारा वाक्यका विषय रूपले प्रतिपादन गरिएको छ त्यही (वक्रताले) नै स्थान नियत गरेर*

*प्रकारान्तरबाट विशिष्ट भएर कुनै अरू नै प्रकारको सौन्दर्य उत्पन्न गर्दछ । यस कुरालाई यो कारिकामा बताइन्छ – )*

**समानवर्णमन्यार्थं प्रसादि श्रुतिपेशलम्**

**औचित्ययुक्तमाद्यादिनियतस्थानशोभि यत् ॥६॥**

**यमकं नाम कोऽप्यस्याः प्रकारः परिदृश्यते**

**स तु शोभान्तराभावादिह नातिप्रतन्यते ॥७॥**

*(समान वर्ण भएका तर भिन्नार्थक, प्रसाद गुणयुक्त, श्रुतिमधुर, (रसादिको) औचित्यले युक्त, प्रारम्भादि स्थानहरूमा शोभित हुने जो (प्रकार छ त्यो) यस -वर्णविन्यास वक्रता) कै प्रकार ( कै रूपमा) भेटिन्छ । अरू कुनै शोभाको जनक न हुनाले यहाँ त्यसका बारेमा अधिक विवेचन गरिँदैन ।)*

२.७.१ 'कोऽयस्याः प्रकारः परिदृश्यते' ।

*(जो कुनै यस (वर्णविन्यासवक्रत) को (यमकरूप अर्को) प्रकार पाइन्छ ।)*

२.७.२ 'अस्याः' पूर्वोक्तायाः कोऽप्यपूर्वः प्रभेदो विभाव्यते ।

*(यस पूर्वोक्त (वर्णविन्यास वक्रता) को कुनै अपूर्व भेद देखिन्छ ।)*

२.७.३ कोऽसावित्याह, 'यमकं नाम', यमकमिति यस्य प्रसिद्धिः ।

*(त्यो भेद कुन हो ? 'यमक' जो यमक नामले प्रसिद्ध छ ।)*

२.७.४ तच्च कीदृशम् 'समानवर्णम्', समानाः सरूपाः सदृशश्रूतयो वर्णा यस्मिन् तत् तथोक्तम् ।

*(त्यो कस्तो छ ? समान वर्णवाला छ । समान भनेको उस्तै अर्थात् सुन्नमा एक समान प्रतीत हुनेवाला वर्ण जहाँ हुन्छन् ।)*

२.७.५ एवमेकस्य द्वयोर्बहूनां सदृशश्रतीनां व्यवहितमव्यवहितं वा यदुपनिबन्धनं तदेव यमकमित्युच्यते ।

*(यस प्रकार एक, दुई वा धेरै, सुन्नमा समान प्रतीत हुने, वर्णहरूको व्यवधानयुक्त अथवा विना व्यवधान नै जो उपनिबन्ध गरिन्छ त्यो नै 'यमक' नामले चिनिन्छ ।)*

२.७.६ तदेवमेकरूपे संस्थानद्वये सत्यपि अन्यार्थ, भिन्नाभिधेयम् ।

*(यसरी एक रूपका दुई समान समुदायको रचना भए पनि अन्यार्थ, (अर्थात्) भिन्न अर्थवाला हुनुपर्छ ।)*

२.७.७ अन्यच्च कीदृशम्, 'प्रसादि' प्रसादगुणयुक्तं झगिति समर्पकम्, अकदर्थनाबोध्यमिति यावत् ।

*(अनि कस्तो 'प्रसादी' प्रसाद गुणयुक्त ? तुरुन्त बोधक, अर्थात् विना क्लेश बुझिने ।)*

२.७.८ श्रुतिपेशलमित्येव विशिष्यते ।

*(श्रुतिपेशलम् पदले यसैलाई विशेषित गरेको छ ।)*

२.७.९ श्रुतिः श्रवणेन्द्रियं तत्र पेशलं रञ्जकं, अकठोरशब्दविरचितम् ।

२.७.१० कीदृशम्, 'औचित्ययुक्तम् ।

*(श्रुतिको अर्थ श्रवणेन्द्रिय हो, त्यसमा पेशल अर्थात सुन्दर लाग्ने खालको अर्थात् कोमल अकठोर शब्दद्वारा विरचित ।)*

२.७.११ औचित्यं वस्तुनः स्वभावोत्कर्षस्तेन युक्तं समन्वितम् ।

*(औचित्य अर्थात् वस्तुको स्वभावको उत्कर्षयुक्त वा समन्वित ।)*

२.७.१२ यत्र यमकोपनिबन्धनव्यसनित्वेनाप्यौचित्यमरिम्लानमित्यर्थः ।

*(अर्थात् जहाँ यमक रचनाको आदतले पनि औचित्यको न्यूनता नरहेको होस् ।)*

२.७.१३ तदेव विशेषणान्तरेण विशिनष्टि, 'आद्यादिनियतस्थानशोभि यत्' ।

*(त्यसैलाई अर्को विशेषणले विशिष्ट गरिन्छ, जो आदि मध्यादि नियत स्थानमा शोभा दिनेवाला हुन्छ ।)*

२.७.१४ आदिरादिर्येषां ते तथोक्ताः प्रथममध्यमान्तान्येव नियतानि स्थानानि विशिष्टाः सन्निवेशास्तैः शोभते भ्राजते यत्तथोक्तम् ।

*(आदि जसको प्रारम्भमा छ त्यस प्रकारको 'आद्यादि' अर्थात् प्रथम, मध्यम र अन्त्य भाग । यही नै नियत स्थान र विशेष स्थानमा सन्निवेश भयो, त्यसले शोभित हुनेवाला ।)*

२.७.१५ अत्राद्यादयः सम्बन्धिशब्दाः पदादिभिर्विशेषणीयाः ।

*(यहाँ आदि प्रभृति सम्बन्धबोधक शब्द छन् । तिनलाई पदादि (शब्द) ले नै विशिष्ट सम्झनुपर्छ ।)*

२.७.१६ स तु प्रकारः प्रोक्तलक्षणसम्पदुपेतोऽपि भवन् 'इह नातिप्रतनयते ग्रन्थेऽस्मिन्नाति विस्तार्यते ।

*(त्यो प्रकार पूर्वोक्त अर्थसम्पतियुक्त भएर पनि यस ग्रन्थमा अधिक विस्तारले वर्णित गरिएको छैन ।)*

२.७.१७ कुतः शोभान्तराभावात् । *(अन्य कुनै शोभा नहुनाले । )*

२.७.१८ स्थाननियमव्यतिरिक्तास्यान्यस्य शोभान्तरस्य छायान्तरस्यासम्भवादित्यर्थः ।

*(स्थान नियमका अतिरिक्त अन्य कुनै शोभा अर्थात् सौन्दर्यविशेष नहुनाले ।)*

२.७.१९ अस्य च वर्णविन्यासवैचित्र्यव्यतिकेणान्यत् किञ्चिदपि जीवतान्तरं न परिदृश्यते ।

*(यसको वर्णविन्यास वैचित्र्यका अतिरिक्त अन्य कुनै तत्त्व देखिँदैन ।)*

२.७.२० तेनान्तरोक्तालंकृतिप्रकारतैव युक्ता ।

*(यसर्थ (यमकलाई पनि) अहिले बताइएको (वर्णविन्यास वक्रता वा अनुप्रास) अलङ्कारकै भेद नै मान्नु उचित हुन्छ ।)*

२.७.२१ उदाहरणान्यत्र शिशुपालबधे चतुर्थे सर्गे समर्पकाणि कानिचिदेव यमकानि, रघुवंशे वा वसन्तवर्णने ॥७॥

*(यसको उदाहरण 'शिशुपालबध' को चौथो सर्गमा समर्पक केही यमक छन्, अथवा 'रघुवंश' मा वसन्त वर्णनमा छन् ।)* ॥६, ७॥

## सन्दर्भ सामग्रीसूची


अधिकारी, गंगाप्रसाद. २०६८.'देवासुर संग्राम महाकाव्यमा उत्पाद्य लावण्य वक्रता' **जुही.** ३१/१ पू. ६५. पृ. १८३-१९७।

----------. २०६९. **मुनामदन खण्डकाव्यमा पदवक्रता.** एम.फिल.शोध प्रबन्ध. त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

----------. **२०६९.**'मलाई हिजोसम्म क्या क्या छकाये गजलमा संवरण कला'. **प्राज्ञिक संसार.**वर्ष १ अङ्क ५, फागुन. पृ. १३ - १६ ।

----------. २०६९.**अन्वेषण र विश्लेषण.** भद्रपुर : गंगाप्रसाद अधिकारी ।

अधिकारी, हेमाङ्गराज. २०५०. **पूर्वीय समालोचना सिद्धान्त**. पाँचौं संस्क. काठमाडौं : साझा प्रकाशन ।

अर्याल, भैरव. २०६०. **भैरव अर्यालका हास्यव्यङ्ग्य.** काठमाडौं : भैरव पुरस्कार गुठी ।

अवस्थी, महादेव. २०५३.'वर्णविन्यासवक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग' **गरिमा.** १६/१२ पृ. ५०-५६ ।

आचार्य, विश्वेश्वर (व्या.). २०१२. **हिन्दी वक्रोक्तिजीवितम्** (मूल ले.कुन्तक). दिल्ली : रामलाल पुरी ।

आनन्दवर्धन. सन् १९९७. **ध्वन्यालोक**. वाराणसी : चौखम्बा संस्कृत सिरिज ।

आप्टे, शिवराम. सन् १९८९. **संस्कृत हिन्दी कोश.**वाराणसी : ज्ञानमण्डल लि. ।

उपाध्याय, केशवप्रसाद. २०४८. **पूर्वीय साहित्य सिद्धान्त**. दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

कुन्तक. २०१२. **वक्रोक्तिजीवितम्.** (व्याख्या : आचार्य विश्वेश्वर) दिल्ली : रामलाल पुरी ।

खनाल, श्यामप्रसाद. २०६७. 'नेपाली कवितामा वाक्यवक्रता : एक दिग्दर्शन' **ऋतम्भरा**.पू. १४. पृ. ११२-१२२ ।

----------. २०६८.'मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना'. अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, ने.सं.वि.।

गुप्त, राकेश र ऋषिकुमार चतुर्वेदी. सन् १९७२. **साहित्यानुशीलन.** इलाहावाद : सरस्वती प्रेस ।

गौतम, देवीप्रसाद. ई.२०११.'ध्वनिपद्धति र लयविधान'.**KMC Journal** vol 2.काठमाडौं : काठमाडौं मोडल कलेज. पृ.७-१४ ।

चतुर्वेदी, बरसानेलाल. सन् १९६३. **हिन्दी साहित्य में हास्य रस.** दिल्ली : हिन्दी साहित्य संसार ।

चौधरी, सत्यदेव. सन् १९८३. **भारतीय शैलीविज्ञान.** वाराणसी : अलङ्कार प्रकाशन ।

**---------**. सन् १९७३. **रस सिद्धान्त की मुख्य समस्याएँ.** दिल्ली : अलङ्कार प्रकाशन ।

दण्डी. सन् १९८५. **काव्यादर्श.** वाराणसी : चौखम्बा विद्याभवन ।

तिवारी, भोलानाथ. सन् १९७७. **शैलीविज्ञान.** दिल्ली : शब्दाकार ।

त्रिपाठी, वासुदेव. २०२८. 'अर्यालको इतिश्रीका सम्बन्धमा' (भूमिका) **इतिश्री** (ले. भैरव अर्याल). काठमाडौं : कौवा प्रकाशन ।

------. २०३९. 'भैरव अर्यालको साहित्यिक व्यक्तित्वको अन्तर्विकास र अन्तर्विघटनको प्रक्रिया' **रचना.** वर्ष १६ अङ्क २ ।

दाहाल, दुर्गाप्रसाद. २०५८. 'नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन'. स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

नगेन्द्र (सम्पा). २०१२. 'भूमिका' **हिन्दी वक्रोक्तिजीवितम्.** (ले.कुन्तक) दिल्ली : आत्माराम एन्ड सन्स।

------. ई.१९७६. **रीति-काव्य की भूमिका.** (संस्क.तेस्रो) दिल्ली : नेसनल पब्लिसिङ हाउस ।

------. १९८३. **भारतीय काव्यशास्त्र की भूमिका.**तेस्रो संस्क. दिल्ली : नेशनल पब्लिशिंग हाउस ।

नेपाल, घनश्याम. २०६७. **शैलीविज्ञान.** काठमाडौं : एकता प्रकाशन ।

------.सन् २००५. **आख्यानका कुरा.** दोस्रो संस्क. सिलगढी : एकता बुक्स हाउस प्रा.लि.।

पाण्डे, ज्योति. २०३६. 'भैरव अर्यालको जीवनी र व्यक्तित्वको अध्ययन' स्नातकोत्तर शोधपत्र, केन्द्रीय नेपाली विभाग, त्रि.वि. ।

पाण्डेय, शशिभूषण. सन् २९९६. **शैली और शैली विश्लेषण.** नई दिल्ली : वाणी प्रकाशन ।

पोखरेल, केशव. २०५८. 'ऋतुविचार खण्डकाव्यमा वर्णविन्यासवक्रताको प्रयोग' **प्रज्ञा.** पू. ९५.पृ. १६४-१७६ ।

–––––––. २०६२. 'राष्ट्रनिर्माता खण्डकाव्यमा वर्णविन्यासवक्रताको प्रयोग' **सम्प्रेषण.** २/२. पृ.१०८-११४ ।

पौडेल, विष्णुप्रसाद. २०५७. **संस्कृत काव्यशास्त्र.** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

बन्धु, चूडामणि. २०५२. **अनुसन्धान तथा प्रतिवेद लेखन.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दप्रसाद. २०३१. **पूर्वीय काव्यसिद्धान्त**. काठमाडौं : साझा प्रकाशन ।

भामह. २०१९. **काव्यालङ्कार**. पटना : विहार राष्ट्रभाषा परिषद ।

मम्मट. २०४२. **काव्यप्रकाश.** (संस्क.छैटौं). वाराणसी : ज्ञानमण्डल लि. ।

मिश्र, जयमन्त. सन् २००५. **काव्यात्ममीमांशा.** वाराणसी : चौखम्बा विद्याभवन ।

मिश्र, भगीरथ. २०५४. **काव्यशास्त्र**. (बाह्रौं संस्क.) वाराणसी : विश्वविद्यालय प्रकाशन ।

मिश्र, राधेश्याम (व्याख्या). ई.१९६७. **वक्रोक्तिजीवितम्** (मूल ले.कुन्तक). वाराणसी : चौखम्बा संस्कृत सिरिज ।

वाण भट्ट. सन् १९८३. **कादम्बरी.** वाराणसी : मोतीलाल बनारसीदास ।

वामन. सन् १९२७. **काव्यालङ्कार सूत्र.** पुना : ओरियन्टल बुक एजेन्सी ।

विश्वनाथ. २०५३. **साहित्यदर्पणम्.** (व्याख्या : शेषराज रेग्मी) वाराणसी : कृष्णदास अकादमी ।

विश्वेश्वर. (व्याख्या) २०१२. **हिन्दी वक्रोक्तिजीवितम्.** (ले. कुन्तक). दिल्ली : आत्माराम एन्ड सन्स ।

शर्मा, तारानाथ. २०२६. 'भूमिका'. **गलबन्दी.** (ले.भैरव अर्याल). काठमाडौं : कौवा प्रकाशन ।

शर्मा, पञ्चप्रसाद. २०४४. 'भैरव अर्यालका निबन्धमा हास्यव्यङ्ग्य' स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल. २०५२. **शोधविधि.** ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज. २०५५. **समकालीन समालोचना : सिद्धान्त र प्रयोग.** काठमाडौं : ने.रा.प्र.प्र. ।

–––––––––. २०५९. **शैलीविज्ञान.** काठमाडौं : ने.रा.प्र.प्र ।

----------. २०६३. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.** दोस्रो संस्क. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सिंह, विजेन्द्रनारायण. सन् १९७१. **वक्रोक्ति सिद्धान्त और छायावाद.** इलाहावाद : परिमल प्रकाशन ।

सिग्देल, सोमनाथ शर्म्मा. २०१५. **साहित्य प्रदीप.** काठमाडौं : नेपाल एकेडेमी ।

सुवेदी, राजेन्द्र. २०५७. 'पूर्वीय साहित्यका स्थापित सम्प्रदायहरू' **कुञ्जिनी** (वर्ष ८, अङ्क ५) २४-३० ।

------. २०४३. **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि.** काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, सागरमणि. २०५७. 'इतिश्री हास्यव्यङ्ग्य निबन्ध संग्रहको कृतिपरक अध्ययन'. स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।